सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू

वि.सं. २०७८



भाषा आयोग
शङ्खमूल, काठमाडौँ





सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू

प्रकाशक : भाषा आयोग
शङ्खमूल, काठमाडौं

सर्वाधिकार© : भाषा आयोग
शङ्खमूल, काठमाडौं

संस्करण : पहिलो

प्रकाशन वर्ष : २०७८ (सन् २०२२)

भाषा सम्पादन : प्रा.डा. जीवेन्द्रदेव गिरी
अम्बिकाप्रसाद रेग्मी

कम्प्युटर सेटिङ : भूपेन्द्र प्रसाद जोशी
कृष्णनन्दन महतो

भाषा आयोग

(नेपालको संविधानको धारा २८७ अनुसार गठित)

शङ्खमूल, काठमाडौं

प.सं. ०७८/७९
च.नं...

मिति : २०७८/०५/२१

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं ।

विषय :सरकारी कामकाजको भाषाका आधारहरुको निर्धारण तथा भाषाको सिफारिस सम्बन्धी पाँच वर्षको प्रतिवेदन

नेपालको संविधानको धारा २८७ को उपधारा (६) को खण्ड (क) एवं उपधारा (७) बमोजिम भाषा आयोगले तयार गरेको सरकारी कामकाजको भाषाका आधारहरुको निर्धारण तथा भाषाको सिफारिस सम्बन्धी पाँच वर्षको प्रतिवेदन यसैसाथ संलग्न गरी पेस गरेको छु ।

भवदीय,

डा. लवदेव अवस्थी
अध्यक्ष

फोन नं. ०१-५२४२२३३, ०१-५२४२५३४, ०१-५२४२०४६, अडियो नोटिसबोर्ड नं. १६१८०७०७२४२७२ फ्याक्स नं. ०१-५२४२२३१
इमेल: languagecommission2016@gmail.com वेबसाइट: www.languagecommission.gov.np



नेपालको राष्ट्रिय गान

सयौँ थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली ।

प्रकृतिका कोटिकोटि सम्पदाको आँचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति,भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।



धन्यवाद ज्ञापन

नेपालको संविधानको धारा २८७ मा भएको व्यवस्थाबमोजिम नेपाल सरकारबाट २०७३ साल भाद्र २३ गते भाषा आयोगको गठन भएको हो। संविधानको धारा २८७ को उपधारा (६) मा भाषा आयोगको काम, कर्तव्य र अधिकारअन्तर्गत खण्ड (क) मा "सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गरी नेपाल सरकारसमक्ष भाषाको सिफारिस गर्ने" कुरा उल्लेख भएको र सोही धाराको उपधारा (७) मा "भाषा आयोगले उपधारा (६) को खण्ड (क) बमोजिमको कार्य आयोग गठन भएको मितिले पाँच वर्षभित्र सम्पन्न गर्नेछ" भनी कार्यसीमासमेत निर्धारण भएको छ। संविधानको धारा ७ मा भएको व्यवस्थाअनुसार सरकारी कामकाजको भाषाअन्तर्गत उपधारा (१) मा "देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ" भन्ने कुरा उल्लेख छ भने सोही धाराको उपधारा (२) मा "नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ" भन्ने प्रावधान रहेको छ।

साथै धारा ७ को उपधारा (३) ले ''भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ'' भनी आयोगलाई थप अधिकार प्रदान गरेको छ। आयोगलाई संविधानले प्रदान गरेको कार्य पूरा गर्न विगत ५ वर्षदेखि सङ्घ, प्रदेश र स्थानीय तहमा सरकारी कामकाजको भाषाका सम्बन्धमा भाषिक समुदाय, भाषावैज्ञानिक एवम् सम्बद्ध सरोकारवालाहरूसितको सघन परामर्श, देशव्यापी अन्तरक्रिया र राष्ट्रिय, अन्तर्राष्ट्रिय अभ्यास एवम् अध्ययन, अनुसन्धानका आधारमा संविधानको धारा २८७ को उपधारा (६) को खण्ड (क) एवम् धारा ७ को उपधारा (३) बमोजिम सरकारी कामकाजको भाषाका सम्बन्धमा नेपाल सरकारसमक्ष आयोगले सिफारिसहरू पेस गरेको छ।

निकै नै चुनौतीपूर्ण अवस्थामा तयार गरिएको प्रस्तुत प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष पेस गर्न पाउँदा अत्यन्त खुसी लागेको छ। सम्माननीय प्रधानमन्त्रीज्यूबाट नेपालमा सरकारी कामकाजको भाषाका सम्बन्धमा प्रदान गर्नुभएको प्रेरणाका लागि हार्दिक आभार व्यक्त गर्दछु।

कोरोना महामारीका कारण सरकारी कामकाजको भाषा निर्धारणसम्बन्धी प्रतिवेदन तयारी गर्ने कार्य प्रभावित हुन पुग्यो। गत वर्ष हाम्रा पूर्वनिर्धारित स्थलगत कार्यक्रमहरूमा परिवर्तन गरी विद्युतीय माध्यमबाट सञ्चालन गर्नुपर्ने बाध्यता सिर्जना हुन गयो। आयोगले तय गरेका ७ ओटै प्रदेशका स्थानीय तहमा केन्द्रित विद्युतीय माध्यमबाट सञ्चालित कार्यक्रमहरूमा सरोकारवालाहरूको सहभागिता अत्यन्त उत्साहप्रद थियो। आयोगका सहकर्मी साथीहरूको मेहनत र लगनशीलताका कारण हामीले स्थानीय तहका सबै कार्यक्रम सञ्चालन गर्न सफल भयौं। स्थानीय तहको अन्तरक्रियापश्चात् प्रत्येक प्रदेशमा राजनीतिक पदाधिकारी एवम् सम्बद्ध निकायका प्रतिनिधिहरूसित छलफल गर्ने कार्यक्रम भने प्रतिकूल परिस्थितिले गर्दा सञ्चालन हुन सकेन।

आयोगले सञ्चालन गरेका कार्यक्रमहरूमा स्थानीय तहका पदाधिकारी, प्रतिनिधि, प्रदेशका सम्बद्ध कर्मचारी, स्थानीय भाषाका वक्ता, भाषिक समुदायका प्रतिनिधि, सङ्घसंस्था, अभियन्ता, शिक्षक, प्राध्यापक एवम् भाषावैज्ञानिक र सञ्चारकर्मीहरूको सहभागिता उल्लेख्य थियो। प्रदेशका भाषाहरूका बारेमा गहिरो जानकारी राख्ने नेपालका लब्ध प्रतिष्ठित प्राज्ञिक व्यक्तिहरूको नेतृत्वमा भाषावैज्ञानिक तथा सम्बन्धित प्रदेशको भाषाका विज्ञ वक्ता समावेश भएको प्रदेशगत कार्यसमूहबाट प्रतिवेदन लेखन कार्य सम्पन्न भयो। उपर्युक्त प्रतिवेदनहरूको आधारमा प्राज्ञिक संश्लेषणका लागि सरकारी कामकाजको भाषासम्बन्धी सात ओटै प्रदेशको कार्यपत्रसमेत तयार भएको थियो। भाषा आयोगका लागि यी कार्यहरू अति नै महत्त्वपूर्ण सिद्ध हुन गए।

यो प्रतिवेदन तयारीका क्रममा राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आयोगलाई प्रोत्साहन र सहयोग प्राप्त हुँदै आएको छ। माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यू, माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यू, माननीय अर्थ मन्त्रीज्यू एवम् मन्त्रालयका सचिवज्यूहरू तथा कर्मचारी साथीहरूबाट महत्त्वपूर्ण सहयोग प्राप्त भएको छ। आयोगका तर्फबाट उहाँहरूप्रति म हार्दिक आभार प्रकट गर्दछु। राष्ट्रिय योजना आयोग तथा महालेखा नियन्त्रक कार्यालयको सहयोगका लागि हार्दिक धन्यवाद दिन चाहन्छु। भाषा आयोगको काममा महालेखा परीक्षकको कार्यालय तथा संवैधानिक आयोगहरूले प्रदान गर्नुभएको पृष्ठपोषणका लागि म विशेष धन्यवाद दिन चाहन्छु।

माननीय मुख्य मन्त्रीज्यूहरू एवम् माननीय सामाजिक विकास मन्त्रीज्यूहरू तथा प्रदेशका कर्मचारी साथीहरूलाई धन्यवाद दिन चाहन्छु। नगरपालिका सङ्घ तथा गाउँपालिका राष्ट्रिय महासङ्घका पदाधिकारीज्यूहरू एवम् कर्मचारी साथीहरूले आयोगको काममा महत्त्वपूर्ण साझेदारी गर्नुभएको छ। म उहाँहरू सबैलाई धन्यवाद दिन चाहन्छु। नगरपालिका तथा गाउँपालिकाका प्रमुख, उपप्रमुख एवम् पदाधिकारी तथा कर्मचारी साथीहरूले आयोगको काममा उल्लेख्य योगदान गर्नुभएकोमा म हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु।

आयोगसितको सहकार्यका लागि नेपाल प्रज्ञा-प्रतिष्ठान, विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालयहरू, भाषाविज्ञान केन्द्रीय विभाग, शिक्षा विकास तथा अनुसन्धान केन्द्र तथा क्याम्पसहरू, नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, आदिवासी जनजाति महासङ्घ एवम् राष्ट्रिय बहिरा महासङ्घ, नेपालप्रति आभार व्यक्त गर्दछु। साथै युनेस्को, युनिसेफ, यूएनडिपी, भीएसओ नेपाल, ब्रिटिस काउन्सिल, वर्ल्ड एजुकेसन एवम् भाषासित सम्बन्धित सङ्घसंस्थाहरू, भाषावैज्ञानिकहरू, भाषाविज्ञहरू तथा अनुसन्धाताहरूले आयोगलाई प्रदान गर्नुभएको सहयोगका लागि आभार व्यक्त गर्दछु।

विशेष गरी भाषाका वक्ता, भाषाका अभियन्ता र भाषिक समुदायका क्रियाशील साथीहरूले भाषाका क्षेत्रमा पुऱ्याउनुभएको योगदान र प्रतिवेदन तयारीका क्रममा दिनुभएका सुझावका लागि म हृदयैदेखि नमन गर्न चाहन्छु।

भाषा आयोगका सल्लाहकार समूहका आदरणीय सदस्यज्यूहरूले आयोगको काममा पुऱ्याउनुभएको विशिष्ट योगदानको उच्च सम्मान गर्दै हार्दिक कृतज्ञता प्रकट गर्दछु। विशेष रूपमा मस्यौदा लेखन तथा सम्पादन समितिका आदरणीय विशिष्ट व्यक्तिहरू सर्वश्री बैरागी काइँला (तिलविक्रम नेम्वाङ), डा. जगमान गुरुङ, प्रा.डा. हृदयरत्न वज्राचार्य, प्रा.डा. अम्मराज जोशी, प्रा.डा. योगेन्द्रप्रसाद यादव, प्रा.डा. चूडामणि बन्धु, प्रा.डा. तेजरत्न कंसाकार, प्रा.डा. माधवप्रसाद पोखरेल, प्रा.डा. नोवलकिशोर राई, प्रा.डा. जीवेन्द्रदेव गिरी, प्रा.डा. दानराज रेग्मी, प्रा.डा. दुबिनन्द ढकाल, प्रा.डा. बलराम प्रसाईं तथा डा. रुद्रलक्ष्मी श्रेष्ठप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

प्रदेशगत प्रतिवेदन तयारी कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने प्रदेश नं. १ का संयोजक सर्वश्री बैरागी काइँला (तिलविक्रम नेम्वाङ) तथा सदस्यहरू प्रा.डा. नोवलकिशोर राई, डा. कर्णाखर खतिवडा र डा. तारामणि राई; प्रदेश नं. २ का संयोजक प्रा.डा. योगेन्द्रप्रसाद यादव तथा सदस्यहरू डा. गोपाल ठाकुर, श्री रामभरोस कापरी (भ्रमर), डा. रामस्वरूप सिन्हा एवम् डा. डिल्लीराम रिमालप्रति हार्दिक आभार प्रकट गर्दछु।

साथै बागमती प्रदेशका संयोजक प्रा. डा. तेजरत्न कंसाकार तथा सदस्यहरू प्रा.डा. माधवप्रसाद पोखरेल, प्रा.डा. दानराज रेग्मी, प्रा.डा. चुन्दा वज्राचार्य एवम् श्री अमृत योञ्जन; गण्डकी प्रदेशका संयोजक डा. जगमान गुरुङ तथा सदस्यहरू प्रा.डा. चूडामणि बन्धु एवम् प्रा.डा. दानराज रेग्मी; लुम्बिनी प्रदेशका संयोजक प्रा.डा. हृदयरत्न वज्राचार्य तथा सदस्यहरू प्रा.डा. दुबिनन्द ढकाल एवम् श्री अशोककुमार चौधरीलाई हृदयैदेखि धन्यवाद दिन चाहन्छु।

त्यस्तै, कर्णाली प्रदेशका संयोजक प्रा.डा. जीवेन्द्रदेव गिरी तथा सदस्यहरू श्री गोविन्द नेपाली एवम् श्री विमल आचार्य, सुदूरपश्चिम प्रदेशका संयोजक प्रा.डा. अम्मराज जोशी, तथा सदस्यहरू प्रा.डा. टेकराज पन्त एवम् श्री अभिलाल शाहप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु।

यो प्रतिवेदन लेखन कार्यमा विशिष्ट योगदान गर्नुहुने आयोगका सदस्य श्री उषा हमाललाई हृदयैदेखि धन्यवाद दिन चाहन्छु। आयोगका सचिव श्री लक्ष्मीप्रसाद भट्टराईले यस प्रतिवेदनको तयारी कार्यमा अहोरात्र खट्नुभई उल्लेखनीय भूमिका निर्वाह गर्नुभएकोमा म विशेष धन्यवाद दिन चाहन्छु। विगतमा आयोगको सचिवको भूमिका निर्वाह गर्नुहुने सहकर्मी साथीहरू एवम् आयोगका विभिन्न पदमा रही सेवा प्रदान गर्नुभएका सबै साथीहरूलाई विशेष रूपमा सम्झन चाहन्छु र उहाँहरूको योगदानका लागि धन्यवाद दिन चाहन्छु।

सरकारी कामकाजको भाषाका आधारहरूको निर्धारण गर्ने कार्यमा कुशलतापूर्वक समन्वयकारी भूमिका निर्वाह गर्नुभई सर्वाधिक खट्नुहुने भाषा आयोगका उपसचिव डा. लोकबहादुर लोप्चन र उपसचिव श्री कमला भण्डारी पाण्डेलाई विशेष धन्यवाद दिन चाहन्छु। साथै आआफ्नो क्षेत्रबाट यस कार्यमा विशिष्ट योगदान गर्नुहुने आयोगका उपसचिवहरू श्री गेहनाथ गौतम, श्री सुरेन्द्र आचार्य, श्री सरस्वती पोखरेल तथा श्री बलबहादुर अधिकारीलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

शाखा अधिकृतहरू श्री भक्तबहादुर पाण्डे, श्री रमेशकुमार भट्टराई, श्री विष्णुप्रसाद बेल्वासे, श्री दशरथ सुवेदी, श्री चेतनाथ आचार्य, श्री कुमारप्रसाद पौड्याल तथा श्री महेश पौडेललाई हार्दिक धन्यवाद दिन चाहन्छु।

प्रतिवेदनको तयारीका लागि अहोरात्र काम गर्नुहुने सहकर्मी साथीहरू श्री कृष्णनन्दन महतो, श्री भूपेन्द्रप्रसाद जोशी तथा श्री मधुपमङ्गल श्रेष्ठलाई विशेष धन्यवाद दिन चाहन्छु। साथै प्रतिवेदनको तयारी, लेखन तथा व्यवस्थापन कार्यमा योगदान पुऱ्याउनुहुने आयोगका सबै सहकर्मी कर्मचारी साथीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

अन्तमा प्रतिवेदनको भाषा सम्पादनमा विशेष सहयोग गर्नुहुने आयोगका सल्लाहकार प्रा.डा. जीवेन्द्रदेव गिरी र आयोगका पूर्वसचिव श्री अम्बिकाप्रसाद रेग्मीलाई हृदयैदेखि धन्यवाद दिन चाहन्छु।

धन्यवाद।

डा. लवदेव अवस्थी
अध्यक्ष

२०७८ साल भाद्र २० गते

विषय सूची

प्रतिवेदन सारांश क - ज

खण्ड क : प्रारम्भिक

अध्याय एक : परिचय

१.१ भाषा परिवार १
१.२ भाषा सूचीकरण ४
१.३ भाषिक विविधता ६
१.४ भाषा वितरण तथा सघनता ७
१.५ मातृभाषामा लेखन पद्धति र लिपि ८
१.६ बसाइँसराइ र भाषा ९
१.७ भाषा र जाति १०
१.८ बहुभाषिकता ११
१.९ भाषा सङ्कटापन्नता ११
१.१० भाषा अभिलेखीकरण १३
१.११ मातृभाषामा शिक्षा १५
१.१२ नेपालका प्रदेशहरूमा भाषा १५
१.१३ पालिकाको भाषिक स्थिति १६
१.१४ भाषिक मानव अधिकार १७
१.१५ अध्ययन विधि १८
१.१६ प्रतिवेदनको संरचना १९

अध्याय दुई : अन्तर्राष्ट्रिय अभ्यास, संवैधानिक र कानुनी व्यवस्था

२.१ केही अन्तर्राष्ट्रिय अभ्यास २०
२.२ संवैधानिक र कानुनी व्यवस्था २५
२.२.१ नेपालको संविधान २६
२.२.२ भाषा आयोगको गठन २६
२.२.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ २७
२.२.४ शिक्षा ऐन, २०२८ २८
२.३ नेपालले अन्तर्राष्ट्रिय मञ्चमा गरेका प्रतिबद्धता २८

अध्याय तीन : भाषा योजना, भाषानीति र कार्यान्वयन

३.१ भाषा योजना ३०
३.१.१ स्तरगत योजना ३०

३.१.२ संरचनागत योजना ३२
३.१.३ भाषा आर्जन (Acquisition Planning) ३३
३.२ सरकारी कामकाजका लागि भाषा छनोटका आधारहरू ३३
३.३ भाषानीति कार्यान्वयन ३५
३.३.१ संस्थागत संरचना ३६
३.३.२ पूर्वाधार विकास र प्रविधिको प्रयोग ३६

खण्ड ख: प्रदेशगत भाषिक अध्ययन

अध्याय चार : प्रदेश नं. १ को भाषिक अध्ययन

४.१ विषय प्रवेश ४०
४.२ प्रदेशको भाषिक अवस्था ४०
४.२.१ प्रदेशगत वितरण ४०
४.२.२ जिल्लागत वितरण ४४
४.२.३ स्थानीय तहहरूमा भाषाको वितरण ४६
४.३ भाषाहरूका सबल पक्ष, चुनौती र सम्भावना ४७
४.३.१ सबल पक्ष ४७
४.३.२ चुनौतीहरू ४७
४.३.३ सम्भावनाहरू ४७
४.४ सार्वजनिक सेवाका क्षेत्रमा भाषा प्रयोगको स्थिति ४७
४.५ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउनुपर्ने आधार ४७
४.६ प्रादेशिक भाषा सङ्गोष्ठीबाट प्राप्त सुझावहरू ४८
४.७ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस र कार्यान्वयनको स्थिति ५०
४.७.१ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसको स्थिति ५०
४.७.२ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी कार्यान्वयनको स्थिति ५१
४.७.२.१ सरकारी कार्यालयमा भाषा प्रयोगको स्थिति ५१
४.७.२.२ शिक्षामा भाषा प्रयोगको स्थिति ५१
४.७.२.३ सञ्चार क्षेत्रमा भाषा प्रयोगको स्थिति ५२
४.८ निष्कर्ष र सुझाव ५२

अध्याय पाँच : प्रदेश नं. २ को भाषिक अध्ययन

५.१ पृष्ठभूमि ५४
५.२ प्रदेशका भाषाहरू ५४
५.३ जिल्लागत वितरण ५५
५.४ स्थानीय तहमा भाषा वितरण ५९
५.५ भाषा अभिलेखीकरणको स्थिति ५९
५.६ विश्लेषण ६०
५.६.१ प्रदेशमा भाषा प्रयोग गर्ने जनसङ्ख्या ६०
५.६.२ प्रदेशमा प्रयोग हुने भाषाको पहिचान ६१
५.६.३ प्रदेशमा प्रयोग हुने भाषाको लेखन प्रणाली ६१
५.६.४ प्रदेशमा प्रयोग हुने भाषाको व्याकरण, शब्दकोश र प्रकाशित सामग्री ६२
५.६.५ प्रदेशमा प्रयोग हुने भाषाको स्वीकार्यता ६२
५.६.६ प्रदेशमा प्रयोग हुने भाषाको ऐतिहासिकता ६३
५.७ निष्कर्ष तथा सुझावहरू ६३

अध्याय छ : बागमती प्रदेशको भाषिक अध्ययन

६.१ पृष्ठभूमि ६८
६.२ प्रदेशको भाषिक स्थिति ६८
६.२.१ भाषिक परिवार ६८
६.२.२ वक्ताहरूको भाषागत अवस्था ६९
६.२.३ भूगोलका आधारमा भाषा ६९
६.२.४ भाषाहरूको लेख्य परम्परा र लिपिहरू ७३
६.२.५ मौखिक साहित्य र लोकवार्ता ७३
६.२.६ भाषाहरूको जीवन्तता, विकास र स्तरीकरण ७३
६.२.७ स्थानीय तह र जिल्लाहरूमा भाषाको वितरण र सघनता ७४
६.२.८ सार्वजनिक सेवाका क्षेत्रमा भाषा प्रयोगको स्थिति ७७
६.३ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी भएका कार्यहरू ७७
६.४ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउनुपर्ने आधार ७७
६.५ सङ्गोष्ठी र अन्तरक्रियाबाट प्राप्त सुझाव ७८
६.५.१ काभ्रेपलान्चोक धुलिखेलमा आयोजित सङ्गोष्ठीबाट प्राप्त मुख्य सुझावहरू ७८
६.५.२ दूरदृश्य (जुम) प्रविधिको सहयोगमा आयोजित सङ्गोष्ठीबाट प्राप्त मुख्य सुझावहरू ७९

६.६ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस र कार्यान्वयन स्थिति ७९
६.६.१ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसको स्थिति ७९
६.६.२ सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसको कार्यान्वयन स्थिति ८०
६.७ सरकारी कामकाजको भाषासम्बन्धी निष्कर्ष र भावी कार्य/रणनीति ८०
६.७.१ सरकारी कामकाजको भाषासम्बन्धी निष्कर्ष ८०
६.७.२ भावी कार्य वा रणनीति ८१
६.८ निष्कर्ष ८१

अध्याय सात : गण्डकी प्रदेशको भाषिक अध्ययन

७.१ पृष्ठभूमि ८४
७.२ प्रदेशको भाषिक स्थिति ८४
७.२.१ भाषा परिवार ८४
७.२.२ वक्ताहरूको भाषागत अवस्था ८५
७.२.३ भूगोलका आधारमा भाषा ८५
७.२.४ भाषाहरूको लेख्य परम्परा र लिपिहरू ८८
७.२.५ मौखिक साहित्य र लोकवार्ता ८८
७.२.६ भाषाहरूको जीवन्तता, विकास र स्तरीकरण ८८
७.२.७ स्थानीय तहमा भाषाको वितरण र सघनता ८९
७.२.८ जिल्लाहरूमा भाषाको वितरण र सघनता ९०
७.२.९ भाषाका सबल पक्ष, भाषागत चुनौतीहरू र सम्भावनाहरू ९१
७.२.९.१ भाषाका सबल पक्ष ९१
७.२.९.२ भाषागत चुनौती ९१
७.२.९.३ भाषागत सम्भावनाहरू ९१
७.३ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी भएका कार्यहरू ९२
७.३.१ प्रदेशमा सरकारी कामकाजको भाषासम्बन्धी भएका कार्यहरू ९२
७.३.२ स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी भएका कार्यहरू ९२
७.४ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउनुपर्ने आधार ९३
७.५ सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास ९४
७.६ सङ्गोष्ठी र अन्तर्क्रियाबाट प्राप्त सुझाव ९४
७.६.१ पहिलो सङ्गोष्ठीबाट प्राप्त मुख्य सुझावहरू ९४
७.६.२ दोस्रो सङ्गोष्ठीबाट प्राप्त मुख्य सुझावहरू ९५
७.६.३ तेस्रो सङ्गोष्ठीबाट प्राप्त मुख्य सुझावहरू ९५

७.७ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस र कार्यान्वयन स्थिति ९६
७.७.१ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसको स्थिति ९६
७.७.२ सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसको कार्यान्वयनको स्थिति ९६
७.८ निष्कर्ष र भावी कार्य/रणनीति ९७
७.८.१ निष्कर्ष ९७
७.८.२ भावी कार्य वा रणनीति ९८
७.८.२.१ दिगो साक्षरताको रणनीति ९८
७.८.२.२ प्रारम्भिक साक्षरता रणनीति ९८
७.८.२.३ दिगो मौखिकता रणनीति ९९
७.८.२.४ सामान्य मौखिकता रणनीति ९९

अध्याय आठ : लुम्बिनी प्रदेशको भाषिक अध्ययन

८.१ विषय प्रवेश १०२
८.२ प्रदेशमा बोलिने भाषाहरू १०२
८.३ भाषाहरूको जिल्लागत वितरण १०६
८.४ स्थानीय पालिकामा भाषा १०७
८.५ स्थानीय भाषाहरूको अभिलेखीकरणको स्थिति १०७
८.६ प्रादेशिक सङ्गोष्ठीका सुझावहरू १०८
८.६.१ पहिलो सङ्गोष्ठी १०८
८.६.२ दोस्रो सङ्गोष्ठी १०९
८.६.३ तेस्रो सङ्गोष्ठी १०९
८.६.४ चौथो सङ्गोष्ठी १०९
८.७ भाषा प्रयोगका क्षेत्र ११०
८.७.१ सरकारी कार्यालयमा भाषा प्रयोगको स्थिति ११०
८.७.२ शिक्षामा मातृभाषा प्रयोगको स्थिति ११०
८.७.३ सञ्चार माध्यममा भाषा प्रयोगको स्थिति १११
८.८ लुम्बिनी प्रदेशमा सरकारी कामकाजका भाषा निर्धारणका आधार १११
८.८.१ भाषाको वितरण तथा सघनता ११२
८.८.२ भाषाको संरचनागत स्थिति (भाषा विकास र लेखन पद्धति) ११२
८.९ प्रदेशमा भाषानीति ११३
८.१० भाषा ऐन ११३
८.११ निष्कर्ष ११४

अध्याय नौ : कर्णाली प्रदेशको भाषिक अध्ययन

९.१ विषय प्रवेश ११७
९.२ कर्णाली प्रदेशको भौगोलिक र भाषिक अवस्था ११७
९.२.१ भाषा परिवार ११८
९.२.१.१ भारोपेली परिवार ११८
९.२.१.२ चिनियाँ-तिब्बती परिवार ११८
९.३ वक्ताहरूको भाषागत अवस्था ११८
९.४ भाषाहरूको लेख्य परम्परा, अभिलेखीकरण र लिपिहरू १२१
९.५ मौखिक साहित्य र लोकवार्ता १२१
९.६ भाषाहरूको जीवन्तता, विकास र स्तरीकरण १२२
९.७ भाषाको वितरण तथा सघनता १२२
९.७.१ स्थानीय तहमा वितरण १२२
९.७.२ जिल्लागत वितरण १२३
९.७.३ सघनता १२४
९.८ भाषाहरूका सबल पक्ष, भाषागत चुनौती र सम्भावनाहरू १२४
९.९ सार्वजनिक सेवाका क्षेत्रमा भाषा प्रयोगको स्थिति १२४
९.९.१ सरकारी निकायमा भाषाको प्रयोग १२४
९.९.२ शिक्षामा मातृभाषाको प्रयोग स्थिति १२५
९.९.३ सञ्चार माध्यममा भाषाको प्रयोग १२५
९.१० तथ्य सङ्कलन र तथ्याङ्क सङ्कलन विधि १२६
९.११ प्रदेशमा सरकारी कामकाजको भाषासम्बन्धी भएका कार्यहरू १२६
९.११.१ स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी भएका कार्यहरू १२६
९.११.२ प्रदेशमा सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरू १२६
९.१२ सङ्गोष्ठी र अन्तर्क्रियाबाट प्राप्त सुझावहरू १२७
९.१२.१ पहिलो सङ्गोष्ठी १२७
९.१२.२ दोस्रो सङ्गोष्ठी १२८
९.१२.३ तेस्रो सङ्गोष्ठी १२८
९.१३ अन्य सुझाव र जानकारी १२९
९.१४ प्रदेशमा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस १२९
९.१५ स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस १३०
९.१६ सिफारिसहरूको कार्यान्वयन १३१
९.१७ निष्कर्ष १३१
९.१८ भावी कार्य १३२

अध्याय दश : सुदूरपश्चिम प्रदेशको भाषिक अध्ययन

१०.१ परिचय १३४
१०.२ प्रदेशका भाषाहरू १३४
१०.३ जिल्लागत वितरण १३८
१०.४ स्थानीय तहमा भाषा १३८
१०.५ भाषा अभिलेखीकरण १३९
१०.६ भाषा वितरण तथा सघनता १४०
१०.७ तथ्याङ्क तथा रायसुझाव सङ्कलन १४०
१०.७.१ प्रादेशिक सङ्गोष्ठी १४०
१०.७.१.१ पहिलो सङ्गोष्ठी १४०
१०.७.१.२ दोस्रो सङ्गोष्ठी १४१
१०.७.१.३ तेस्रो सङ्गोष्ठी १४२
१०.७.२ राय सङ्कलन फारामबाट प्राप्त सुझाव १४२
१०.७.३ अन्य सुझाव १४२
१०.८ निष्कर्ष १४३

खण्ड ग: सिफारिसहरू

अध्याय एघार : आयोगका सिफारिसहरू

११.१ पृष्ठभूमि १४७
११.२ सरकारी कामकाजको भाषाका आधारहरूको निर्धारण १४७
११.३ प्रदेशको सरकारी कामकाजको भाषाका आधारहरूको निर्धारण १४८
११.३.१ अधिक जनसङ्ख्याको आधार १४८
११.३.२ स्तरगत भाषा योजनाको सैद्धान्तिक आधार १४८
११.३.३ लेखन प्रणालीको आधार १४९
११.३.४ अभिलेखनको आधार १४९
११.३.५ आधारभूत सेवामा प्रयोगको आधार १४९
११.३.६ शिक्षाको माध्यम भाषाको आधार १४९
११.३.७ वक्ताहरूको सघनता र विस्तारको आधार १४९
११.३.८ भाषाको जीवन्तताको आधार १४९
११.३.९ सञ्चारमा प्रयोगको आधार १५०
११.३.१० प्रविधिउन्मुख भाषाको आधार १५०
११.३.११ भाषाका वक्ता र भाषिक समुदायको आधार १५०
११.४ प्रदेशको सरकारी कामकाजको भाषाको कार्यान्वयन १५०
११.४.१ कानुन निर्माण १५०

११.४.२ भाषाको पूर्ण वा निश्चित कार्य र क्षेत्रमा प्रयोग १५०
११.४.३ भाषाको चरणबद्ध विकास १५०
११.४.४ संस्थागत संरचना निर्माण तथा स्रोत, साधन र जनशक्ति १५१
११.४.५ पुनरावलोकन तथा संशोधन १५१
११.४.६ प्रदेशमा विशेष व्यवस्था १५१
११.५ स्थानीय तहको सरकारी कामकाजको भाषाका आधारहरूको निर्धारण १५१
११.५.१ अधिक जनसङ्ख्याको आधार १५१
११.५.२ स्तरगत भाषा योजनाको सैद्धान्तिक आधार १५२
११.५.३ लेखन प्रणालीको आधार १५२
११.५.४ अभिलेखनको आधार १५२
११.५.५ आधारभूत सेवामा प्रयोगको आधार १५२
११.५.६ शिक्षाको माध्यम भाषाको आधार १५२
११.५.७ वक्ताहरूको सघनता र विस्तारको आधार १५२
११.५.८ भाषाको जीवन्तताको आधार १५३
११.५.९ सञ्चारमा प्रयोगको आधार १५३
११.५.१० प्रविधिउन्मुख भाषाको आधार १५३
११.५.११ भाषाका वक्ता र भाषिक समुदायको आधार १५३
११.६ स्थानीय तहमा सरकारी कामकाजको भाषाको कार्यान्वयन १५३
११.६.१ कानुन निर्माण १५३
११.६.२ भाषाको पूर्ण वा निश्चित क्षेत्र र कार्यका लागि प्रयोग १५३
११.६.३ भाषाको चरणबद्ध विकास १५४
११.६.४ पूर्वआधारको रूपमा मातृभाषामा शिक्षाको कार्यान्चयन १५४
११.६.५ संस्थागत संरचना निर्माण तथा स्रोत, साधन र जनशक्ति १५४
११.६.६ पुनरावलोकन तथा संशोधन १५४
११.६.७ स्थानीय तहमा लोपोन्मुख भाषिक समुदायका लागि विशेष व्यवस्था १५४
११.७ सरकारी कामकाजको भाषाको परिभाषा र चरणबद्ध कार्यान्वयन १५५
११.८ सरकारी कामकाजको भाषा, बहुभाषिकता र अङ्ग्रेजी भाषा १५५
११.९ प्रदेशको सरकारी कामकाजको भाषा १५६
११.९.१ प्रदेश नं. १ को सरकारी कामकाजको भाषा १५७
११.९.२ प्रदेश नं. २ को सरकारी कामकाजको भाषा १५८
११.९.३ बागमती प्रदेशको सरकारी कामकाजको भाषा १५९
११.९.४ गण्डकी प्रदेशको सरकारी कामकाजको भाषा १६०
११.९.५ लुम्बिनी प्रदेशको सरकारी कामकाजको भाषा १६१
११.९.६ कर्णाली प्रदेशको सरकारी कामकाजको भाषा १६२

११.९.७ सुदूरपश्चिम प्रदेशको सरकारी कामकाजको भाषा १६२
११.१० स्थानीय तहको सरकारी कामकाजको भाषा १६४
११.१०.१ बहुसङ्ख्यक जनताले बोल्ने स्थानीय तहको सरकारी कामकाजको भाषा १६४
११.१०.२ स्थानीय तहको सरकारी कामकाजको भाषाको मान्यता १६४
११.१०.३ स्थानीय तहमा चरणबद्ध रूपमा सरकारी कामकाजको भाषाको विस्तार १६५
११.१०.४ मौखिक परम्परामा आधारित भाषालाई सरकारी कामकाजको भाषाको मान्यता १६५
११.१०.५ मातृभाषामा शिक्षा र सरकारी कामकाजको भाषा १६५
११.१०.६ नगरपालिका, गाउँपालिका र वडाकेन्द्रित भाषाको स्तरगत योजना १६६
११.१०.७ लोपोन्मुख आदिवासी समुदायका लागि भाषाको विशेष व्यवस्था १६६
११.११ आयोगको अपेक्षा १६६

सन्दर्भ सूची

सन्दर्भ सामग्री : प्रदेश नं. १ १६९
सन्दर्भ सामग्री : प्रदेश नं. २ १७०
सन्दर्भ सामग्री : बागमती प्रदेश १७१
सन्दर्भ सामग्री : गण्डकी प्रदेश १७३
सन्दर्भ सामग्री : लुम्बिनी प्रदेश १७४
सन्दर्भ सामग्री : कर्णाली प्रदेश १७६
सन्दर्भ सामग्री : सुदूरपश्चिम प्रदेश १७९
सन्दर्भ सामग्री : समग्र १८०

अनुसूची विवरण

अनुसूची-१ प्रदेशमा सरकारी कामकाजको भाषा निर्धारणका आधार र भाषा सिफारिससम्बन्धी प्रतिवेदन संयोजन र लेखन समिति १८३
अनुसूची-२ प्रदेश संयोजन तथा प्रादेशिक प्रतिवेदन तयारी विज्ञ समूह १८४
अनुसूची-३ सरकारी कामकाजको भाषा निर्धारणका आधार तयारी सम्बन्धमा आयोजना गरिएका प्रादेशिक भाषा सङ्गोष्ठीहरू १८५
अनुसूची-४ सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारसम्बन्धी अभिमत अभिलेखन फारम १८७
अनुसूची-५ भाषा आयोगले स्थापनाकालदेखि हालसम्म गरेका भाषासम्बन्धी कार्यहरू १८९
अनुसूची-६ २०६८ को जनगणनाअनुसार प्रदेशगत रूपमा बोलिने भाषा र वक्ता सङ्ख्या १९२
अनुसूची-७ पालिकगत रूपमा बोलिने प्रमुख दुई भाषाहरू र वक्ता सङ्ख्या २०४

तालिका सूची

तालिका १.१:	विभिन्न जनगणनाअनुसार भाषाको स्थिति	१
तालिका १.२:	नेपालका भाषाहरू (वि.सं. २०५८ र २०६८ को जनगणनाका आधारमा)	२
तालिका १.३:	मातृभाषाका रूपमा नेपालका १० भाषा	२
तालिका १.४:	दोस्रो भाषाका रूपमा नेपालका १० भाषा	३
तालिका १.५ :	नेपालमा प्रचलित लिपिहरू	८
तालिका १.६:	नेपालका प्रदेशहरूको सामाजिक-भाषिक विवरण	१६
तालिका १.७:	भाषाका वक्ताअनुसारको पालिका सङ्ख्या	१६
तालिका ४.१:	प्रदेश नं. १ का दसौं स्थानसम्म रहेका भाषाहरू	४३
तालिका ४.२:	प्रदेश नं. १ मा रहेका जिल्लागत आधारमा १० भाषाहरू	४५
तालिका ४.३:	प्रदेश नं. १ को स्थानीय तहमा पहिलो र दोस्रो ठुलो भाषा	४६
तालिका ४.४:	राई समूहका भाषाहरूमा पाठ्यक्रम विकासको अवस्था	५१
तालिका ५.१:	प्रदेश नं. २ का प्रमुख भाषाहरू	५४
तालिका ५.२:	प्रदेश नं. २ का जिल्लाहरूमा बोलिने भाषा	५५
तालिका ५.३:	स्थानीय तहमा पहिलो र दोस्रो स्थानमा रहेका भाषा (सङ्ख्याका आधारमा)	५९
तालिका ६.१:	भाषा परिवारको आधारमा बागमती प्रदेशका भाषाको वितरण	६८
तालिका ६.२:	बागमती प्रदेशका स्थानीय तहहरूमा वक्ताको सङ्ख्याका आधारमा क्रमागत रूपमा आठौं क्रमसम्म पर्ने भाषाहरूको वितरण	७४
तालिका ६.३:	विभिन्न जिल्लाहरूमा रहेका केही प्रमुख भाषाहरूको क्रमागत स्थिति	७६
तालिका ७.१:	भाषा परिवारको आधारमा गण्डकी प्रदेशका भाषाको वितरण	८४
तालिका ७.२:	गण्डकी प्रदेशका स्थानीय तहहरूमा वक्ताको सङ्ख्याका आधारमा क्रमागत रूपमा छैटौं क्रमसम्म पर्ने भाषाहरूको विवरण	८९
तालिका ७.३:	विभिन्न जिल्लाहरूमा रहेका केही प्रमुख भाषाहरूको वक्ता सङ्ख्याका आधारमा क्रमागत स्थिति	९०
तालिका ८.१:	लुम्बिनी प्रदेशका दश स्थानसम्म रहेका भाषा	१०२
तालिका ८.२:	लुम्बिनी प्रदेशका जिल्लाहरूमा बोलिने पहिलो र दोस्रो स्थानका भाषाहरू	१०६
तालिका ८.३:	लुम्बिनी प्रदेशका स्थानीय पालिकामा बोलिने पहिलो स्थानका भाषाहरू	१०७
तालिका ९.१:	कर्णाली प्रदेशका स्थानीय तहमा बोलिने पहिलो र दोस्रो स्थानमा रहेका भाषाहरू	१२३
तालिका ९.२:	कर्णाली प्रदेशमा वक्ता सङ्ख्याका आधारमा जिल्लागत रूपमा पहिलो र दोस्रो भाषा	१२३

तालिका १०.१: सुदूरपश्चिम प्रदेशका प्रमुख ६ भाषाहरू १३४
तालिका १०.२: सुदूरपश्चिम प्रदेशका जिल्लाहरूमा बोलिने पहिलो, दोस्रो र तेस्रो स्थानका भाषाहरू १३८
तालिका १०.३: सुदूरपश्चिम प्रदेशका स्थानीय तहमा बोलिने प्रमुख २ भाषाहरू १३९
तालिका ११.१: प्रदेश नं. १ मा १ प्रतिशत भन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरू १५७
तालिका ११.२: प्रदेश नं. २ मा १ प्रतिशत भन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरू १५८
तालिका ११.३: बागमती प्रदेशमा १ प्रतिशत भन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरू १५९
तालिका ११.४: गण्डकी प्रदेशमा १ प्रतिशत भन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरू १६०
तालिका ११.५: लुम्बिनी प्रदेशमा १ प्रतिशत भन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरू १६१
तालिका ११.६: कर्णाली प्रदेशमा १ प्रतिशत भन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरू १६२
तालिका ११.७: सुदूरपश्चिम प्रदेशमा १ प्रतिशत भन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरू १६३

सङ्केत सूची

आ.व.	आर्थिक वर्ष
क.अ.	कम्प्युटर अपरेटर
का.अ.	कानुन अधिकृत
का.स.	कार्यालय सहयोगी
क्र.स.	क्रम सङ्ख्या
ख.शी.नं.	खर्च शीर्षक नम्बर
गा.पा.	गाउँपालिका
त्रि.वि.	त्रिभुवन विश्वविद्यालय
न.पा.	नगरपालिका
ना.सु.	नायब सुब्बा
पु.स.	पुस्तकालय सहायक
प्रा.स.	प्राविधिक सहायक
ब.उ.शी.नं.	बजेट उपशीर्षक नम्बर
ब.शी.नं.	बजेट शीर्षक नम्बर
रा.प.अनं.प्र.	राजपत्र अनङ्कित प्रथम
रा.प.तृ.	राजपत्राङ्कित तृतीय
रा.प.द्वि.	राजपत्राङ्कित द्वितीय
रा.प.प्र.	राजपत्राङ्कित प्रथम
ले.अ.	लेखा अधिकृत
ले.पा.	लेखापाल
शा.अ.	शाखा अधिकृत
शि.प्र.	शिक्षा प्रशासन

प्रतिवेदनको सारांश

नेपालको संविधानको धारा २८७ मा भएको व्यवस्थाबमोजिम नेपाल सरकारबाट २०७३ साल भाद्र २३ गते भाषा आयोगको गठन गरिएको हो। आयोगले सोही धाराको उपधारा (६) को खण्ड (क) मा "सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गरी नेपाल सरकारसमक्ष भाषाको सिफारिस गर्ने" कुरा उल्लेख भएको र उपधारा (७) मा "भाषा आयोगले उपधारा (६) को खण्ड (क) बमोजिमको कार्य आयोग गठन भएको मितिले पाँच वर्षभित्र सम्पन्न गर्नेछ" भनी राखिएको प्रावधानअनुसार तोकिएको समय सीमाभित्र सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू समावेश गरी नेपाल सरकारसमक्ष आयोगले भाषाहरूको सिफारिस गरेको छ।

संविधानको धारा ७ मा भएको व्यवस्थाअनुसार सरकारी कामकाजको भाषाअन्तर्गत उपधारा (१) मा "देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ" भन्ने कुरा उल्लेख छ भने सोही धाराको उपधारा (२) मा "नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ" भन्ने प्रावधान रहेको छ। यसका साथै धारा ७ को उपधारा (३) ले "भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ" भनी आयोगलाई थप अधिकार प्रदान गरेको छ।

आयोगलाई संविधानले प्रदान गरेको कार्य पूरा गर्न विगत ५ वर्षदेखि सङ्घ, प्रदेश र स्थानीय तहमा सरकारी कामकाजको भाषाका सम्बन्धमा भाषिक समुदाय, भाषावैज्ञानिक एवम् सम्बद्ध सरोकारवालाहरूसितको सघन परामर्श, देशव्यापी अन्तरक्रिया र राष्ट्रिय अन्तर्राष्ट्रिय अभ्यास एवम् अध्ययन, अनुसन्धानका आधारमा संविधानको धारा २८७ को उपधारा (६) को खण्ड (क) एवम् धारा ७ को उपधारा (३) बमोजिम सरकारी कामकाजको भाषाका सम्बन्धमा नेपाल सरकारसमक्ष आयोगले यो प्रतिवेदन पेस गरेको हो।

प्रस्तुत प्रतिवेदनमा तीनवटा खण्डहरू समावेश छन्। खण्ड 'क' को **प्रारम्भिक** अन्तर्गत नेपालको भाषिक पृष्ठभूमि, केही अन्तर्राष्ट्रिय अभ्यास, संवैधानिक र कानुनी व्यवस्था तथा भाषा योजना र भाषा नीतिका विविध पक्षबारे चर्चा गरिएको छ। खण्ड 'ख'अन्तर्गत सातवटै प्रदेशको भाषिक विवरण र विश्लेषण समावेश छ र खण्ड 'ग'अन्तर्गत नेपालको संविधानको धारा २८७ (६) (क) तथा धारा ७ (३) का प्रावधानहरूका आधारमा सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गरी नेपाल सरकारसमक्ष भाषाहरूको सिफारिस गरिएको छ। प्रतिवेदनको अन्तमा सान्दर्भिक विवरण र सामग्रीहरूसहितका अनुसूचीहरू समावेश गरिएका छन्।

संविधानको धारा २८७ को उपधारा (६) (क) तथा धारा ७ (३) मा भएको व्यवस्थाअनुसार आयोगले सरकारी कामकाजको भाषा निर्धारणका आधारहरूसहित भाषाहरूको सिफारिस निम्नअनुसार गरेको छः

१ सरकारी कामकाजको भाषाका आधारहरूको निर्धारण

१.१ नेपालको सरकारी कामकाजको भाषाका सम्बन्धमा

सविधानको धारा ७ (१) ले " ... नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ" भनी नेपाली भाषालाई संवैधानिक मान्यता प्रदान गरिसकेको सन्दर्भमा नेपालको सरकारी कामकाजको भाषाका आधारहरूको निर्धारणका सम्बन्धमा आयोगले थप व्याख्या गरिरहनुपर्ने देखिएन। तर नेपालको संविधानको भाग-३ मा मौलिक हक र कर्तव्यअन्तर्गत धारा ३२ (१) ले प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हकको प्रत्याभूति गरेको र भाग-४ मा राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वअन्तर्गत धारा ५१ को (ग) (७) ले सामाजिक र सांस्कृतिक रूपान्तरणसम्बन्धी नीतिअन्तर्गत सङ्घ, प्रदेश र स्थानीय तहमा बहुभाषिक नीति अवलम्बन गर्ने कुरा सुनिश्चित गरेको सन्दर्भमा धारा ७ (१) मा उल्लेख भएको नेपालको सरकारी कामकाजको नेपाली भाषा र नेपालमा बोलिने अन्य राष्ट्रभाषाहरूलाई सङ्घ, प्रदेश र स्थानीय तहमा संविधानसम्मत स्थान प्रदान गरिनुपर्ने हुन्छ।

१.२ प्रदेशको सरकारी कामकाजको भाषाका सम्बन्धमा

नेपालको संविधानको धारा ७ (२) बमोजिम प्रदेशले नेपाली भाषाका अतिरिक्त आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने गरी संविधानमा भएको व्यवस्थाको कार्यान्वयनका लागि सम्बन्धित प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन धारा २८७ को उपधारा (६) को खण्ड (क) बमोजिम पूरा गर्नुपर्ने आधारहरू निर्धारण गरी आयोगले नेपाल सरकारसमक्ष निम्नानुसार सिफारिस गरेको छः

१) अधिक जनसङ्ख्याको आधार
२) स्तरगत भाषा योजनाको सैद्धान्तिक आधार
३) लेखन प्रणालीको आधार
४) अभिलेखनको आधार
५) आधारभूत सेवामा प्रयोगको आधार
६) शिक्षाको माध्यम भाषाको आधार
७) वक्ताहरूको सघनता र विस्तारको आधार
८) भाषाको जीवन्तताको आधार
९) सञ्चारमा प्रयोगको आधार

१०) प्रविधिउन्मुख भाषाको आधार
११) भाषाका वक्ता र भाषिक समुदायको आधार

१.३ प्रदेशको सरकारी कामकाजको भाषाको कार्यान्वयनका सम्बन्धमा

प्रदेशमा सरकारी कामकाजको भाषा कार्यान्वयनका निम्ति आयोगले निम्नानुसारका कार्य गर्न सिफारिस गरेको छः

१) कानुन निर्माण गर्ने।
२) भाषाको पूर्ण वा निश्चित कार्य र क्षेत्र निर्धारण गर्ने।
३) भाषाको चरणबद्ध विकासको प्रक्रिया अवलम्बन गर्ने।
४) संस्थागत संरचना निर्माण तथा स्रोत, साधन र जनशक्ति विकाससम्बन्धी कार्य गर्ने।
५) वि.सं. २०७८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्कका आधारमा सिफारिसहरूको पुनरावलोकन र संशोधन हुन सक्ने।
६) प्रदेशमा रहेको कुनै भाषालाई विशिष्ट पहिचान दिन विशेष व्यवस्था गर्न सक्ने।

१.४ स्थानीय तहको सरकारी कामकाजको भाषाका सम्बन्धमा

संविधानको धारा २८७ (६) को खण्ड (क) एवम् धारा ७ (३) बमोजिमको कार्यदिशका आधारमा स्थानीय तहमा सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गरी आयोगले नेपाल सरकारसमक्ष निम्नलिखित सिफारिसहरू गरेको छः

१) अधिक जनसङ्ख्याको आधार
२) स्तरगत भाषा योजनाको सैद्धान्तिक आधार
३) लेखन प्रणालीको आधार
४) अभिलेखनको आधार
५) आधारभूत सेवामा प्रयोगको आधार
६) शिक्षाको माध्यम भाषाको आधार
७) वक्ताहरूको सघनता र विस्तारको आधार
८) भाषाको जीवन्तताको आधार
९) सञ्चारमा प्रयोगको आधार
१०) प्रविधिउन्मुख भाषाको आधार
११) भाषाका वक्ता र भाषिक समुदायको आधार

१.५ स्थानीय तहमा सरकारी कामकाजको भाषाको कार्यान्वयनका सम्बन्धमा

स्थानीय तहमा सरकारी कामकाजको भाषा कार्यान्वयनका निम्ति निम्नानुसारका कार्य गर्न आयोगले सिफारिस गरेको छः

१) कानुन निर्माणसम्बन्धी कार्य गर्ने।

२) भाषाको पूर्ण वा निश्चित क्षेत्र र कार्यको निर्धारण गर्ने।
३) भाषाको चरणबद्ध विकासको प्रक्रिया अवलम्बन गर्ने।
४) सरकारी कामकाजको भाषाको पूर्व आधारको रूपमा मातृभाषामा शिक्षाको कार्यान्वयन गर्ने
५) संस्थागत संरचना निर्माण तथा स्रोत, साधन र जनशक्ति विकाससम्बन्धी कार्य गर्ने।
६) वि.सं. २०७८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्कका आधारमा सिफारिसहरूमा पुनरावलोकन र संशोधन हुन सक्ने।
७) स्थानीय तहमा लोपोन्मुख भाषाका लागि समुदायकेन्द्रित विशेष व्यवस्था गर्न सकिने।

१.६ सरकारी कामकाजको भाषाको परिभाषा र चरणबद्ध कार्यान्वयन

सरकारी कामकाजको भाषा भन्नाले राज्यले कानुनी मान्यता प्रदान गरेको र स्तरगत योजना भएको भाषा सम्झिनुपर्ने हुन्छ। सरकारी कामकाजको भाषा पूर्ण प्रयोगको स्थितिमा निम्नलिखित तीनवटै क्षेत्रमा लागू गरिनुपर्ने हुन्छः

(१) व्यवस्थापिकाको कामकारबाहीसित सम्बन्धित क्षेत्रमा।
(२) न्यायपालिकाको अदालती कामकारबाहीको क्षेत्रमा।
(३) कार्यपालिकाको प्रशासन सञ्चालन, अभिलेखन तथा सेवा सम्प्रेषणको क्षेत्रमा।

प्रदेश र स्थानीय तहमा सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन भाषाको छनोट, स्तरीकरण, कार्यान्वयन र प्रयोग विस्तारका सबै प्रक्रिया एकसाथ पूरा हुने स्थिति नरहेमा व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाको कामकारबाहीमा प्रयुक्त हुने भाषाको विकास र स्तरीकरणको अवस्था हेरी चरणबद्ध रूपमा सरकारी कामकाजको भाषा विस्तार गर्दै लैजाने नीति लिनुपर्ने हुन्छ। प्रारम्भिक चरणमा सरकारी कामकाजको भाषालाई निश्चित कार्य र क्षेत्रका लागि मान्यता प्रदान गर्न सकिने गरी व्यावहारिक समाधान खोज्न सकिने हुन्छ।

१.७ सरकारी कामकाजको भाषा, बहुभाषिकता र अङ्ग्रेजी भाषा

संविधानको धारा ७ को उपधारा (१) मा "...नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ" भनी उल्लेख भएका आधारमा नेपाली भाषा सङ्घ, प्रदेश र स्थानीय तहमा सरकारी कामकाजका लागि कानुनी मान्यता प्रदान गरिएको नेपालभरि प्रयोग हुने भाषाका रूपमा मान्नुपर्ने हुन्छ।

संविधानको धारा ३२ (१) ले प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हकको प्रत्याभूति गरेको र धारा ५१ को (ग) (७) ले सङ्घ, प्रदेश र स्थानीय तहमा बहुभाषिक नीति अवलम्बन गर्ने कुराको सुनिश्चितता प्रदान गरेको छ।

सङ्घ, प्रदेश र स्थानीय तहमा एकल भाषा नीति प्रयोगमा रहने अवस्था हुँदैन। सङ्घ, प्रदेश र स्थानीय तहका व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकासम्बन्धी कार्यमा अन्य राष्ट्रभाषाहरूको प्रयोगलाई संविधानको धारा ३२ (१) र धारा ५१ (ग) (७) ले आत्मसात् गरेको देखिन्छ।

सरकारी कामकाजको भाषाका रूपमा दृष्टिविहीन तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिका लागि नेपाली साङ्केतिक भाषा र ब्रेल एवम् स्पर्श सङ्केतका भाषालाई सङ्घ, प्रदेश र स्थानीय तहमा भाषिक मान्यता प्रदान गरी संविधानको धारा ३२ (१) को प्रावधानबमोजिम भाषामा समावेशिता सुनिश्चित गर्नुपर्ने हुन्छ।

नेपालको संविधानको धारा ७ (१) बमोजिमको नेपालको सरकारी कामकाजको नेपाली भाषा र धारा ७ (२) बमोजिम प्रदेशले निर्धारण गर्ने प्रदेशको सरकारी कामकाजको समकक्षी भाषाका रूपमा संविधानले नचिनाएको अङ्ग्रेजी भाषाको प्रयोग संविधानसम्मत हुने स्थिति देखिँदैन।

२ प्रदेशको सरकारी कामकाजको भाषा

संविधानको धारा ७ को उपधारा (२) मा "नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ" भनी उल्लेख भएको हुँदा केन्द्रीय तथ्याङ्क विभागको वि.सं. २०६८ को राष्ट्रिय जनगणनाअनुसारको भाषिक तथ्याङ्कका आधारमा प्रदेशभित्रको जनसङ्ख्याको १ प्रतिशतभन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरूको पहिचान गरी सरकारी कामकाजको भाषा निर्धारणका आधारहरूलाई समेत सन्दर्भमा लिई आयोगले प्रदेशगत भाषाहरूको विश्लेषण गरेको छ। संविधानको धारा ७ (२) ले प्रदेशको सरकारी कामकाजको भाषा निर्धारणका लागि भाषाका वक्ताहरूको सङ्ख्या अनिवार्य आधारका रूपमा अङ्गीकार गरेको हुँदा प्रदेशका भाषाहरूमध्ये प्रदेशको जनसङ्ख्याको १ प्रतिशतभन्दा बढी वक्ता सङ्ख्या भएका भाषालाई प्रदेशको सरकारी कामकाजको सम्भाव्य भाषाको परिधिभित्र समावेश गरिएको छ। आयोगले नेपाल सरकारसमक्ष नेपाली भाषाका अतिरिक्त प्रदेशको सरकारी कामकाजको भाषाको निम्नानुसार सिफारिस गरेको छः

२.१ प्रदेश नं. १ को सरकारी कामकाजको भाषा

प्रदेश नं. १ को भाषिक तथ्याङ्कको विश्लेषण गर्दा प्रदेशगत जनसङ्ख्याको १ प्रतिशतभन्दा अधिक वक्ता सङ्ख्या भएका भाषाहरूको शीर्ष क्रमका आधारमा प्रदेशको सरकारी कामकाजको सम्भाव्य भाषाको सूचीमा नेपाली भाषाबाहेक १३ वटा भाषाहरू परेका छन्। आयोगले स्थापित गरेको प्रदेशगत सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू पूरा गर्ने अवस्थामा रहेका मैथिली र लिम्बू भाषालाई प्रदेशका सरकारी कामकाजका भाषाका रूपमा कार्यान्वयनमा ल्याउन सिफारिस गरिएको छ।

यसका साथै प्रदेशमा भाषाको स्तरगत योजना निर्माणको क्रममा रहेका थारू, तामाङ, मगर, बान्तावा, उर्दू, राजवंशी, राई, नेवार, चाम्लिङ, शेर्पा र सन्थाली भाषालाई सरकारी कामकाजका भाषाका रूपमा कार्य विस्तार गर्न निश्चित कार्य र क्षेत्रका लागि सरकारी कामकाजको भाषाको मान्यता पाउने गरी सिफारिस गरिएको छ।

वि.सं. २०७८ सालको राष्ट्रिय जनगणनाबाट प्रदेशको भाषागत तथ्याङ्कमा तात्त्विक अन्तर आएमा आयोगले गरेका सिफारिसमा पुनरावलोकन र संशोधन हुन सक्नेछ।

२.२ प्रदेश नं. २ को सरकारी कामकाजको भाषा

प्रदेश नं. २ को भाषिक तथ्याङ्कको विश्लेषण गर्दा प्रदेशगत जनसङ्ख्याको १ प्रतिशतभन्दा अधिक वक्ता सङ्ख्या भएका भाषाहरूको शीर्ष क्रमका आधारमा प्रदेशको सरकारी कामकाजको भाषाको सम्भाव्य सूचीमा नेपालीबाहेक ६ वटा भाषाहरू परेका छन्। आयोगले स्थापित गरेको प्रदेशगत सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू पूरा गर्ने अवस्थामा रहेका मैथिली, भोजपुरी र बज्जिका भाषालाई प्रदेशको सरकारी कामकाजका भाषाका रूपमा कार्यान्वयनमा ल्याउन सिफारिस गरिएको छ।

यसका साथै प्रदेशमा भाषाको स्तरगत योजनाको निर्माणको क्रममा रहेका उर्दू, थारू र तामाङ भाषालाई सरकारी कामकाजका भाषाका रूपमा कार्य विस्तार गर्न निश्चित कार्य र क्षेत्रका लागि सरकारी कामकाजको भाषाको मान्यता पाउने गरी सिफारिस गरिएको छ।

२.३ बागमती प्रदेशको सरकारी कामकाजको भाषा

बागमती प्रदेशको भाषिक तथ्याङ्कको विश्लेषण गर्दा प्रदेशगत जनसङ्ख्याको १ प्रतिशतभन्दा अधिक वक्ता सङ्ख्या भएका भाषाहरूको शीर्ष क्रमका आधारमा प्रदेशको सरकारी कामकाजको भाषाको सम्भाव्य सूचीमा नेपालीबाहेक ५ वटा भाषाहरू परेका छन्। आयोगले स्थापित गरेको प्रदेशगत सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू पूरा गर्ने अवस्थामा रहेका तामाङ भाषा र नेवार भाषा (नेपाल भाषा) लाई प्रदेशका सरकारी कामकाजका भाषाका रूपमा कार्यान्वयनमा ल्याउन सिफारिस गरिएको छ।

यसका साथै प्रदेशमा भाषाको स्तरगत योजनाको निर्माणका क्रममा रहेका मगर, थारू र मैथिली भाषालाई सरकारी कामकाजका भाषाका रूपमा कार्य विस्तार गर्न निश्चित कार्य र क्षेत्रका लागि सरकारी कामकाजको भाषाको मान्यता पाउने गरी सिफारिस गरिएको छ ।

२.४ गण्डकी प्रदेशको सरकारी कामकाजको भाषा

गण्डकी प्रदेशको भाषिक तथ्याङ्कको विश्लेषण गर्दा प्रदेशगत जनसङ्ख्याको १ प्रतिशतभन्दा अधिक वक्ता सङ्ख्या भएका भाषाहरूको शीर्ष क्रमका आधारमा प्रदेशको सरकारी कामकाजको भाषाको सम्भाव्य सूचीमा नेपाली भाषाबाहेक ६ वटा भाषाहरू परेका छन्। आयोगले स्थापित गरेको प्रदेशगत सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू पूरा गर्ने अवस्थामा रहेका मगर, गुरुङ र भोजपुरी भाषालाई प्रदेशका सरकारी कामकाजका भाषाका रूपमा कार्यान्वयनमा ल्याउन सिफारिस गरिएको छ।

यसका साथै प्रदेशमा भाषाको स्तरगत योजनाको निर्माणको क्रममा रहेका थारू, नेवार (नेपाल

भाषा) र तामाङ भाषालाई सरकारी कामकाजका भाषाका रूपमा कार्य विस्तार गर्न निश्चित कार्य र क्षेत्रका लागि सरकारी कामकाजको भाषाको मान्यता पाउने गरी सिफारिस गरिएको छ।

वि.सं. २०७८ सालको राष्ट्रिय जनगणनाबाट प्रदेशको भाषागत तथ्याङ्कमा तात्त्विक अन्तर देखिएमा आयोगले गरेका सिफारिसमा पुनरावलोकन र संशोधन हुन सक्नेछ।

२.५ लुम्बिनी प्रदेशको सरकारी कामकाजको भाषा

लुम्बिनी प्रदेशको भाषिक तथ्याङ्कको विश्लेषण गर्दा प्रदेशगत जनसङ्ख्याको १ प्रतिशतभन्दा अधिक वक्ता सङ्ख्या भएका भाषाहरूको शीर्ष क्रमका आधारमा प्रदेशको सरकारी कामकाजको भाषाको सम्भाव्य सूचीमा नेपालीबाहेकका ६ वटा भाषाहरू परेका छन्। आयोगले स्थापित गरेको प्रदेशगत सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू पूरा गर्ने अवस्थामा रहेका थारू र अवधी भाषालाई प्रदेशका सरकारी कामकाजका भाषाका रूपमा कार्यान्वयनमा ल्याउन सिफारिस गरिएको छ।

यसका साथै प्रदेशमा भाषाको स्तरगत योजनाको निर्माणका क्रममा रहेका भोजपुरी, उर्दू, मगर र मैथिलीलाई सरकारी कामकाजका भाषाका रूपमा कार्य विस्तार गर्न निश्चित कार्य र क्षेत्रका लागि सरकारी कामकाजको भाषाको मान्यता पाउने गरी सिफारिस गरिएको छ।

वि.सं. २०७८ सालको राष्ट्रिय जनगणनाबाट प्रदेशको भाषागत तथ्याङ्कमा तात्त्विक अन्तर देखिएमा आयोगले गरेका सिफारिसमा पुनरावलोकन र संशोधन हुन सक्नेछ।

२.६ कर्णाली प्रदेशको सरकारी कामकाजको भाषा

कर्णाली प्रदेशको भाषिक तथ्याङ्कको विश्लेषण गर्दा प्रदेशगत जनसङ्ख्याको १ प्रतिशतभन्दा अधिक वक्ता सङ्ख्या भएका भाषाहरूको शीर्ष क्रमका आधारमा प्रदेशको सरकारी कामकाजको भाषाको सम्भाव्य सूचीमा नेपाली भाषाबाहेक एउटामात्र भाषा परेको छ। आयोगले स्थापित गरेको प्रदेशगत सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू पूरा गर्ने अवस्थामा रहेको मगर भाषा प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयनमा ल्याउन सिफारिस गरिएको छ।

प्रदेशले निर्धारण गरेको सरकारी कामकाजको भाषाका अतिरिक्त प्रदेशभित्र बोलिने राष्ट्रभाषाहरूमध्ये प्रदेशको भूगोल, इतिहास र संस्कृतिको मौलिक पहिचान बोकेको भाषाको सम्मान, संरक्षण र विकासका लागि प्रदेशको भाषिक सम्पदाका रूपमा प्रदेश कानुनबमोजिम प्रदेशले त्यस्तो भाषालाई विशिष्ट पहिचान दिन सक्नेछ।

२.७ सुदूरपश्चिम प्रदेशको सरकारी कामकाजको भाषा

सुदूरपश्चिम प्रदेशको भाषिक तथ्याङ्कको विश्लेषण गर्दा प्रदेशगत जनसङ्ख्याको १ प्रतिशतभन्दा अधिक वक्ता सङ्ख्या भएका भाषाहरूको शीर्ष क्रमका आधारमा प्रदेशको सरकारी कामकाजको भाषाको सम्भाव्य सूचीमा नेपाली भाषाबाहेक ५ वटा भाषाहरू परेको भए तापनि आयोगले स्थापित गरेको प्रदेशगत सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू पूरा गर्ने अवस्थामा

रहेका डोटयाली र थारू भाषालाई प्रदेशको सरकारी कामकाजका भाषाका रूपमा कार्यान्वयनमा ल्याउन सिफारिस गरिएको छ।

यसका साथै प्रदेशमा भाषाको स्तरगत योजनाको निर्माणका क्रममा रहेका बैतडेली, अछामी र बझाङी भाषालाई सरकारी कामकाजका भाषाका रूपमा कार्य विस्तार गर्न निश्चित कार्य र क्षेत्रका लागि सरकारी कामकाजको भाषाको मान्यता पाउने गरी सिफारिस गरिएको छ।

वि.सं. २०७८ सालको राष्ट्रिय जनगणनाबाट प्रदेशको भाषागत तथ्याङ्कमा तात्त्विक अन्तर देखिएमा आयोगले गरेका सिफारिसमा पुनरावलोकन र संशोधन हुन सक्नेछ।

(३) स्थानीय तहको सरकारी कामकाजको भाषा

संविधानको धारा ७ को उपधारा (१) ले नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने गरी निर्धारण गरेको छ भने सोही धाराको उपधारा (२) मा "नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ" भन्ने व्यवस्था गरेको छ। तर स्थानीय तहको भाषाका बारेमा संविधानमा स्पष्ट उल्लेख नभए पनि संविधानको धारा ७ को उपधारा (३) मा "भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ" भनी राखिएको प्रावधानको आशय स्थानीय तहको सरकारी कामकाजको भाषाका सम्बन्धमा संविधानले आयोगलाई सिफारिस गर्ने दायित्वसमेत दिएको अर्थमा आयोगले बुझेको छ। संविधानको धारा ७ (१) बमोजिमको नेपालको सरकारी कामकाजको नेपाली भाषा र धारा ७ (२) बमोजिमको प्रदेश कानुनबमोजिम प्रदेशले निर्धारण गरेको सरकारी कामकाजको भाषाका अतिरिक्त स्थानीय तहको सरकारी कामकाजको भाषाका सम्बन्धमा आयोगले नेपाल सरकारसमक्ष निम्नानुसार सिफारिस गरेको छः

१) बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषा हुनुपर्ने।
२) सरकारी कामकाजको भाषाको रूपमा नेपाल सरकारबाट मान्यता प्राप्त गर्न स्थानीय तहले सिफारिस गर्नुपर्ने। सिफारिस गरिएको भाषालाई मान्यता प्रदान गर्न नेपाल सरकारबाट अधिकार प्रत्यायोजन हुन सक्ने।
३) स्थानीय तहमा चरणबद्ध रूपमा सरकारी कामकाजको भाषाको विस्तार हुन सक्ने।
४) मौखिक परम्परामा आधारित भाषालाई सरकारी कामकाजको भाषाको मान्यता प्राप्त हुन सक्ने।
५) मातृभाषामा शिक्षालाई सरकारी कामकाजको भाषाको पूर्वआधारको रूपमा लिनुपर्ने।
६) सम्बन्धित वडाको सिफारिसमा नगरपालिका, गाउँपालिकाको व्यवस्थापिकाबाट सरकारी कामकाजको भाषाका रूपमा मातृभाषामा शिक्षा उपलब्ध गराउने व्यवस्था हुनुपर्ने।
७) नगरपालिका, गाउँपालिका र वडाकेन्द्रित भाषाको स्तरगत योजना निर्माण गरिनुपर्ने।
८) लोपोन्मुख भाषाको लागि समुदायस्तरमा विशेष व्यवस्था गर्नुपर्ने।

खण्ड क

प्रारम्भिक

अध्याय एक

परिचय

नेपाल बहुभाषिक मुलुक हो। वि.सं. २०६८ को जनगणनाअनुसार नेपालमा १२३ भन्दा बढी भाषाहरू बोलिन्छन्। तीमध्ये यहाँका ९६ प्रतिशत वक्ता सङ्ख्याले १९ वटा विभिन्न भाषा बोल्दछ भने बाँकी ४ प्रतिशत वक्ता सङ्ख्याले बाँकी १०४ वटा भाषा बोल्दछ। जनगणनामा सूचीकृत भाषाहरूका अतिरिक्त भाषा आयोगले नेपालमा बोलिने सेरके, नुब्री, चुम, नार्-फु, रानाथारू, मारेक याक्खा, नावा र पोइके भाषाहरूलाई नेपालका मातृभाषाका सूचीमा थप गर्न सिफारिस गरेको छ।

१.१ भाषा परिवार

नेपालमा भारोपेली, भोट-बर्मेली (चीन-तिब्बती), आग्नेय र द्रविड परिवारका मूलतः चार परिवारका भाषाहरू बोलिन्छन्। यसका अतिरिक्त कुसुन्डा भाषालाई अलग्गै भाषाको सूचीमा राखिएको छ भने नेपाली साङ्केतिक भाषा (शर्मा, २०६१) पनि छुट्टै भाषाका रूपका रहेको छ। वि.सं.२०६८ को जनगणनामा सेमिटिक भाषा परिवारको अरबिक भाषा पनि मातृभाषाका रूपमा सूचीकृत छ। नेपालमा भाषा सूचीकरण वि.सं. २००९-२०११ को जनगणनाबाट सुरु भएको हो। प्रत्येक दश वर्षमा हुने जनगणनामा भाषाहरूको सूचीकरण हुने र सूचीकृत भाषाहरूको सङ्ख्या फरकफरक पाइने गरेको छ। विगतका जनगणनामा नेपालमा बोलिने भाषाहरूको सूचीकृत सङ्ख्या यस प्रकार रहेको छः-

तालिका १.१: विभिन्न जनगणनाअनुसार भाषाको स्थिति

क्र.स.	जनगणना वर्ष (वि.सं.)	भाषा सङ्ख्या
१	२००९-२०११	४४
२	२०१८	३६
३	२०२८	१७
४	२०३८	१८
५	२०४८	३१
६	२०५८	९२
७	२०६८	१२३

स्रोतः जनगणनाका प्रतिवेदनहरू, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं।

विगत दुई जनगणनाका तथ्याङ्क (वि.सं. २०५८ र २०६८ को जनगणनाका आधारमा) यी भाषाहरूको समग्र स्थितिलाई तालिका १.१ मा प्रस्तुत गरिएको छ। पछिल्लो जनगणनाअनुसार भाषाका वक्ताका आधारमा नेपालमा भारोपेली परिवारका भाषा बोल्नेको सङ्ख्या ८२.१ प्रतिशत रहेको छ भने भोट-बर्मेली परिवारका भाषा बोल्नेको सङ्ख्या १७.३ प्रतिशत रहेको छ। आग्नेय र द्रविड परिवारका भाषा बोल्नेको सङ्ख्या १ प्रतिशतभन्दा पनि कम रहेको छः

तालिका १.२: नेपालका भाषाहरू (वि.सं. २०५८ र २०६८ को जनगणनाका आधारमा)

भाषा परिवार	जनगणना				
	२०५८ मा वक्ता	प्रतिशत	२०६८ मा वक्ता	प्रतिशत	भाषा सङ्ख्या
भारोपेली	१४,७,०१,२८३	७९.५	२,१७,५३,०००	८२.१	४९
भोट-बर्मेली	४१,८३,९९५	१८.४	४५,८४,५३२	१७.३	४९
आग्नेय	४०,२६०	०.२	४९,८५८	०.१९	२
द्रविड	२८,६१५	०.१	३३,६५१	०.१३	१
एकल भाषा (Language Isolate)	३८	-	-	-	१
अन्य (विदेशी भाषाहरूसहित)	-	-	२५,७४५	०.०९	
सूचना प्राप्त नभएको	५,०३,२९५	२.२	४७,७१८	०.१८	

(यादव २०१४: ५४ मा आधारित)

वि.सं. २०५८ को जनगणनाबाट प्राप्त सूचनाअनुसार जनसङ्ख्याका आधारमा प्रथम १० स्थानसम्म रहेका भाषाहरू तालिका (१.३) मा दिइएको छः

तालिका १.३: मातृभाषाका रूपमा नेपालका १० भाषा

क्र.स.	भाषा	वक्ता सङ्ख्या	प्रतिशत
१	नेपाली	११,८२६,९५३	४४.६४
२	मैथिली	३,०९०,५३०	११.६७
३	भोजपुरी	१,५८४,९५८	५.९८
४	थारू	१,५२९,८७५	५.७७
५	तामाङ	१,३५३,३११	५.११
६	नेवार/नेपाल भाषा	८,४६,५५७	३.२

क्र.स.	भाषा	वक्ता सङ्ख्या	प्रतिशत
७	बज्जिका	७,९३,४१६	२.९९
८	मगर	७,८८,५३०	२.९८
९	डोट्याली	७,८७,८२७	२.९७
१०	उर्दू	६,९१,५४६	२.६१

स्रोतः जनगणना प्रतिवेदन (२०६८), केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं।

२०६८ को जनगणनामा मातृभाषाका अतिरिक्त दोस्रो भाषाका बारेमा समेत सूचना सङ्कलन गरिएको थियो। त्यसका लागि जनगणनामा तपाईंले बोल्ने दोस्रो भाषा कुन हो भन्ने प्रश्न सोधिएको थियो। यसका आधारमा नेपालमा दोस्रो भाषाका रूपमा बोलिने प्रथम १० स्थानमा रहेका भाषाहरू तालिका १.४ मा दिइएका छन्ः-

तालिका १.४: दोस्रो भाषाका रूपमा नेपालका १० भाषा

क्र.स.	भाषा	वक्ता सङ्ख्या	प्रतिशत
१	नेपाली	८६,८२,४९९	३२.७७
२	हिन्दी	१२,२५,९५०	४.६२
३	मैथिली	१,९५,२८७	०.७३
४	भोजपुरी	१,५९,५१८	०.६
५	थारू	८४,७४८	०.३१
६	अङ्ग्रेजी	८१,४४७	०.३
७	बज्जिका	६०,८६३	०.२२
८	उर्दू	४५,७६६	०.१७
९	अवधी	४५,४२८	०.१७
१०	मगर	४२,९५२	०.१६

स्रोतः जनगणना प्रतिवेदन (२०६८), केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं।

माथिका तालिकाहरूमा प्रस्तुत गरिएका तथ्याङ्कबाट भाषा योजनाका सन्दर्भमा केही विषय विवेचना गर्न सकिन्छ। भाषाको सङ्ख्या र वितरण हेर्दा नेपालमा १२३ भाषा बोलिने कुरा उल्लेख गरिए पनि वक्ताका आधारमा उल्लेख्य जनसङ्ख्या भएका भाषाहरू सीमित रहेका छन्। सबैभन्दा ठुलो जनसङ्ख्याले बोल्ने नेपाली भाषाका वक्ता ४४.६४ प्रतिशत मात्र रहेको छ। दोस्रो भाषाका रूपमा नेपाली बोल्ने वक्ताहरूलाई समेत जोड्दा नेपाली बोल्ने वक्ताको कुल सङ्ख्या ७७.४१ प्रतिशत हुन जान्छ।

१.२ भाषा सूचीकरण

नेपालका भाषाहरूको सूचीकरणमा केही विद्वानहरूले गरेका स्वतन्त्र अध्ययनलाई समेत लिइने गरिन्छ। प्राध्यापक नुनन (२००५ इ.) ले मूलतः भोट-बर्मेली परिवार र भारोपेली परिवारका भाषाहरूको सूची प्रस्तुत गरेका छन्। नुननले (२००५ इ.) ले नेपालमा १४० भाषाहरू बोलिने र तिनमा ११५ जति नेपालमा मूल थातथलो भएका भाषाहरू रहेको उल्लेख गरेका छन्। उनको नेपालमा बोलिने भाषाहरूको सूचीकरण हेर्दा निम्नानुसारको सूचना पाइन्छः-

(क) भोट-बर्मेली परिवार : नुननले भोट-बर्मेली परिवारका १०९ भाषाहरू सूचीकृत गरेकोमा कैयन् भाषाहरू वि.सं.२०६८ को जनगणनामा परेका छैनन्। नुननको वर्गीकरणमा एउटै भाषाका भेदहरू पनि भाषाका रूपमा सूचीकृत छन्, जस्तै- (क) नुननले तामाङका ४, नेवार/नेपाल भाषाका ५ (पहरीसहित), मगरका २, खामका ५, याक्खाका २ र घलेका ३ भाषिक भेदहरूलाई अलग भाषाका रूपमा सूचीकृत गरेका छन्। (ख) नुननले सूचीकृत गरेका सोताङ, याम्फे, टोटोजस्ता पूर्वी नेपालमा बोलिने केही भाषाहरू जनगणनामा परेका छैनन्। (ग) नुननले सूचीकृत गरेका भोट (Tibetic) भाषा समूह, तामाङ उपसमूह (Tamangic) र हिमालयन (Himalayish) भाषा समूहका करिब २० वटा भाषाहरू पनि जनगणनामा परेका छैनन्।

(ख) भारोपेली परिवार : नुननले भारोपेली परिवारभित्रको (भारतीय-आर्य) भाषा परिवारका निम्नानुसारका २७ वटा भाषाहरू नेपालमा बोलिने कुरा उल्लेख गरेका छन्:-

१. अवधी	२. बाघदी	३. बङ्गाली
४. भोजपुरी	५. बोटे/कुसुवार	६. दनुवार
७. दरई	८. गनगाई	९. हिन्दी
१०. कायोर्त	११. कुमाल	१२. मैथिली
१३. माझी	१४. मारवाडी	१५. मुसासा
१६. नेपाली	१७. पाल्पा	१८. ताजपुरिया
१९. सोनाहा	२०. चितवन थारू	२१. डगौरा थारू
२२. देउखुरी थारू	२३. कठोरिया थारू	२४. कोचिला थारू
२५. महोत्तरी थारू	२६. उर्दू	

नुननले थारू उपसमूहका ७ वटा भेदलाई स्वतन्त्र भाषाका रूपमा सूचीकृत गरेका छन् भने जनगणनामा थारू एउटा मात्र भाषाका रूपमा समावेश गरिएको छ। नेपालभित्रका थारु समुदायबाट थारु भाषाको समग्र मानकीकरणको प्रयास भइरहेको छ। नुननले गनगाई, मुसासा, कायोर्त भाषा पनि यस समूहमा राखेका छन्। राजवंशी र ताजपुरियालाई यस सन्दर्भमा एउटै समूहमा समावेश गरिएको छ। बोटे भाषाको वैकल्पिक नाम कुसुवार दिइएको छ। उनले नेपालमा भर्खरै बसाइँसराइ

गरी आएका भाषाहरूलाई समावेश नगरिएको उल्लेख गरेका छन्। यसैगरी नुननले द्रविड परिवारको झाँगड (धाँगड, कुडुख) र आग्नेय परिवारका मुन्डारी एवम् सन्थाली (सतार, होर) का साथै एकल भाषा परिवारको कुसुन्डा भाषा सूचीकरण गरेका छन्।

अर्कातिर हान्सन (१९९१ इ.) ले सूचीकृत गरेका राई-किराती समूहका ३४ मध्ये अधिकांश भाषाहरू जनगणनामा समावेश भएका छन्। तल प्रस्तुत गरिएका अधिकांश भाषाको प्रारम्भिक अभिलेखीकरण कार्य सम्पन्न भएको छ।

१. आठपहरिया	२. बाहिङ	३. बान्तावा	
४. बेलहारिया	५. चाम्लिङ	६. छिन्ताङ	
७. छुलुङ	८. चुक्वा	९. दुमी	
१०. दुङ्माली	११. जेरुङ	१२. खालिङ	
१३. कोयी	१४. कुलुङ	१५. लिम्बू	
१६. लिङ्विम	१७. लोरुङ	१८. लुम्बा-याक्खा	
१९. मेवाहाङ	२०. मुगाली	२१. नाछेरिङ	
२२. फाङ्दुवाली	२३. पुमा	२४. साम	
२५. साम्पाङ	२६. सुनुवार	२७. थुलुङ	
२८. तिलुङ	२९. वाम्बुले	३०. वालिङ	
३१. वायु(हायु)	३२. याक्खा	३३. याम्फे	३४. याम्फु

माथि प्रस्तुत तथ्याङ्कले नेपालमा बोलिने भाषाको सङ्ख्याले मात्र नपुग्ने बरु भिन्नभिन्न स्रोतहरूमा सूचीकृत भएका भाषाहरूको विवरणसमेत विश्लेषण गरिनुपर्ने कुरासमेत महत्त्वपूर्ण भएको तथ्य पाउन सकिन्छ।

हान्सनले निम्नलिखित केही राई-किराती भाषाहरू लोप भइसकेको कुरा उल्लेख गरेका छन्-

१. बुङ्ला	२. चुक्वा	३. हेडान्गपा
४. खान्दुङ	५. लिङ्विम	६. मुगाली (लाम्बिछोङ)
७. पोङ्योङ	८. साम्ब्या	९. पूर्वी कुलुङ

माथि उल्लिखित भाषाहरूबारे हालसालैका वर्षहरूमा केही नयाँ प्रमाण जुटेका छन्। लुङ्विम भाषाका ३ जना वक्ताहरूबाट सङ्कलन गरिएको तथ्यका आधारमा यसको व्याकरणिक रूपरेखा तयार भएको छ (राई, २०७८)।

बिल्मियर (२००८ इ.) लाई आधार मानेर जेनेटी (२०१६ इ.) ले नेपालमा बोलिने १६ वटा भोट (Tibetan) भाषा तिब्बती भाषासँग निकटमा बोलिने भाषाहरू रहेको उल्लेख गरेकी छन्। यी भेदहरूलाई भोट भाषा समूहमा केन्द्रीय भोट भाषा र उत्तरी नेपालको सीमामा रहेका भाषाहरू भनेर उल्लेख गरेकी छन्।

(१) लिमिरोङ	(२) मुगु (म्)	(३) डोल्पो
(४) नुब्री	(५) दक्षिणी मुस्ताङ	(६) उत्तरी मुस्ताङ (लो)
(७) ल्होमी	(८) हालुङ वा वालुङ	(९) तोप्के गोला
(१०) चुम	(११) लाङ्टाङ	(१२) ह्योल्मो वा हेलम्बु शेर्पा
(१३) कागते	(१४) जिरेल	(१५) शेर्पा (१६) खुम्बु

१.३ भाषिक विविधता

नेटल (१९९९ इ.) ले भाषिक विविधतालाई तीन आधारमा मापन गर्न सकिने उल्लेख गरेका छन्। प्रथम, भाषिक विविधता कुनै देश वा क्षेत्रमा बोलिने कुल भाषाको सङ्ख्याको आधारमा मापन गर्न सकिन्छ। नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्गकिलोमिटरमा मूलतः ४ भाषा परिवारका १२३ भाषा बोलिन्छन्। यसका आधारमा नेपालको कुल क्षेत्रफललाई औसतमा बाँड्दा नेपालको प्रति १२०० वर्गकिलोमिटरमा एउटा भाषा बोलिन्छ।

दोस्रो, कुनै भाषा परिवारभित्रका भाषिक समूह तथा उपसमूहका आधारमा समेत भाषिक विविधता मापन गर्न सकिन्छ। नेपालमा बोलिने भोट-बर्मेली भाषा परिवारभित्र कैयन् समूह, उपसमूहहरू छन् र यिनीहरूका विशिष्ट विशेषता रहेका छन्। माटिसफ (१९९० इ. :११३) ले भोट-बर्मेली भाषाहरूलाई चिनियाँ भाषा निकटका भाषाहरू (Sinospheric languages) र भारोपेली भाषा निकटका भाषाहरू (Indospheric languages) गरी दुई समूहमा वर्गीकरण गरेका छन्। माटिसफको वर्गीकरणमा परेका चिनियाँ निकट भाषाहरूका मौलिक विशेषता रहेका छन्। जस्तै भोट (Tibetan) भाषा नजिकका भाषाहरूमा तान व्यवस्था रहेको हुन्छ भने पहाडमा बोल्ने केही भोट-बर्मेली भाषाहरूमा तान व्यवस्था रहे पनि अन्य भाषाहरूमा यो व्यवस्था अनुपस्थित छ। भोट भाषाहरूमा शब्दहरूको संरचना मूलतः एकाक्षरिक रहेको हुन्छ भने भारोपेली भाषाका सम्पर्कमा रहेका भाषाहरूमा यो विशेषता क्रमशः हराउँदै गएको जस्तो देखिन्छ। भोट-बर्मेली भाषा परिवारभित्र पनि भोटभाषा समूहका भाषा र राई-किराती समूहका भाषा बीचमा विशेषताहरू फरक छन्। त्यसैगरी भारोपेली भाषा परिवारभित्र समूह तथा उपसमूहहरू रहेका छन्। पूर्वीय भारतीय आर्य भाषामा क्रियाको सङ्गति कर्ता र कर्म दुवैसँग हुने गर्दछ भने नेपालको पश्चिममा बोलिने भारतीय आर्य भाषामा यो विशेषता अनुपस्थित हुन्छ। नेपालमा द्रविड र आग्नेय परिवारका सीमित भाषा मात्र बोलिने हुनाले यी भाषालाई समूह-उपसमूहमा वर्गीकरण गर्नु सान्दर्भिक हुँदैन।

तेस्रो, भाषाका विशेषताका आधारमा भाषिक विविधताको मापन गर्न सकिन्छ। नेपालमा बोलिने भाषाहरूमा कैयन् विशेषताहरू पाइन्छन्। एउटै भाषा परिवारभित्र पनि भाषिक विविधताहरू पाइन्छन्। क्रिया सङ्गति, वर्णहरूको सङ्ख्या, उच्चारण र व्याकरणका विविध पक्षमा एउटै भाषा परिवारभित्र र भाषाहरूमा भिन्नता पाइन्छ। माथि उल्लेख गरिएको नेटल (१९९९ इ.) को परिभाषालाई आधार मान्दा भाषा परिवारभित्रका समूह-उपसमूहका साथै भाषिक विशेषताका आधारमा समेत भाषिक विविधता रहेको पाउन सकिन्छ।

१.४ भाषा वितरण तथा सघनता

नेपालमा बोलिने अधिकांश भाषाहरू मूल रूपमा पहाडमा बोलिन्छन्। त्यसकारण पहाडबाट नजिकका तराईका जिल्लाहरूमा बसाइँसराइ गर्दा नयाँ भाषासँग सम्पर्कका कारणले भाषिक अपसरण हुन पुग्छ। हिमाली भेगमा मूलतः तिब्बती मूलका भाषाहरू बोलिन्छन्। तराई भेगमा मूल रूपमा भारोपेली परिवारका भाषाहरू बोलिन्छन्। जस्तै पूर्वी तराईमा मैथिली, राजवंशी, भोजपुरी, मध्य तराईमा थारू, अवधी र पश्चिम तराईमा थारू र थारू भाषाका भेदहरू बोलिन्छन्।

नेपालमा बोलिने भाषाहरूमध्ये धेरै जनसङ्ख्या भएका केही भाषाहरूको वितरण विभिन्न जिल्लामा रहेको छ भने अन्य केही भाषाहरू सीमित भूगोलमा मात्र फैलिएका छन्। नेपाली भाषा देशभरि फैलिएको छ। त्यसैगरी मैथिली भाषाका वक्ताहरू पूर्व झापादेखि पर्सासम्मका तराईका जिल्लाहरूमा रहेका छन् र यो भाषा मूलतः सिराहा, धनुषा, सप्तरी र महोत्तरी जिल्लाहरूमा बोलिन्छ। भोजपुरी भाषा प्रदेश नं. २ का बारा र पर्सा जिल्लामा मूल रूपमा बोलिन्छ। अवधी भाषाका वक्ताहरू मूलतः रूपन्देही र कपिलवस्तुमा बसोबास गर्दछन्। त्यसैगरी थारू भाषाका वक्ताहरू दाङ, बाँके र बर्दियामा मूल रूपमा बसोबास गर्दछन्।

नेपालमा बोलिने अधिकांश भाषाहरू पहाडी भेगमा बोलिन्छन्। पूर्वी पहाडमा लिम्बू, बान्तावाजस्ता भाषाहरू बोलिन्छन्। नेपालको बसाइँसराइ पहाडबाट तराईमा भएको हुनाले नजिकका तराईका जिल्लामा पहाडबाट बसाइँसराइ गरेर गएका भाषिक समुदायका वक्ताहरूको बसोबास रहेको छ। पूर्वी पहाडी जिल्लामा बोलिने राई तथा किराती भाषाहरूको वितरण तथा सघनता एक वा दुई पालिकाहरूमा सीमित मात्रामा रहेको पाइन्छ।

केही भाषाहरू एकभन्दा बढी प्रदेशहरूमा बोलिने गर्दछन्। तामाङ भाषा बोल्नेको ठुलो सङ्ख्या मूलतः बागमती प्रदेशमा रहेको भए पनि तामाङ भाषीहरू लुम्बिनी प्रदेशमा समेत भेटिन्छन्। त्यसैगरी गुरुङ भाषाका वक्ताहरू मूलतः गण्डकी प्रदेशमा रहेका छन्। मगर भाषा गण्डकी र लुम्बिनी प्रदेशमा बोलिने गर्दछ।

१.५ मातृभाषामा लेखन पद्धति र लिपि

नेपालमा नेपाली, मैथिली, नेवा (नेपाल भाषा), लिम्बूजस्ता लामो लेखन पद्धति भएका केही भाषा भए पनि अधिकांश मातृभाषाहरूको लेखन पद्धति प्रारम्भ हुने क्रममा छ। नेपालमा नेपाली, लिम्बू, मैथिलीजस्ता लामो लेख्य परम्परा भएका सीमित भाषाहरू छन्। अर्कातिर केही भाषाहरूमा हालसालै मात्र लेखन पद्धतिको विकास हुन थालेको छ। बढ्दो सहरीकरण, प्रविधिको द्रुत गतिमा भएका विकासका कारणले तराई र सहरहरूमा बस्ने विविध भाषा बोल्ने वक्ताहरू नेपाली तथा अङ्ग्रेजी भाषामा अपसरण हुने क्रममा छन्। नेपाली भाषा बोल्ने वक्ताहरूमा एकभाषिकता कायम रहे पनि नेपालीभाषीबाहेक अन्य भाषाभाषीहरूमा एकभाषिकता कम समुदायमा मात्र पाइन्छ। नेपालमा बसोबास गर्ने अधिकांश नेपालीहरू नेपाली भाषामा द्विभाषिक छन्। यसको प्रभाव लेखन पद्धतिमा समेत परेको देख्न सकिन्छ। भोट भाषासँग निकट साइनो राख्ने भाषिक समुदाय लाभान्वित हुने प्रकारका सामग्री निर्माण गर्दा समेत उनीहरूले परम्परागत लिपिको प्रयोग गर्ने वा त्यस समुदायका युवा पुस्ताका वक्ताहरूले समेत बुझ्ने लिपिको प्रयोग गर्ने भन्ने दुविधा रहेको पाइन्छ। विविध समाज भाषावैज्ञानिक कारणले कुनै भाषालाई कुन लिपिमा लेख्ने भन्ने विषयको निर्धारण गर्दछ। भोटभाषाहरू पनि विविध लिपिमा लेख्ने प्रयास गरिएका उदाहरणसमेत पाउन सकिन्छ (च्याम्बरलेन,२००८)।

बहुभाषिक समाजमा भाषाको प्रयोगमा छनोट गरेजस्तै लेखन पद्धति वा लिपि पनि समाजभाषावैज्ञानिक विषय हो। लिपिको छनोट गर्ने स्थिति पनि विविध समाजभाषावैज्ञानिक कारणले निर्धारण गर्दछ। कुनै भाषाको भाषिक विशेषता मूलतः वर्णवैज्ञानिक विशेषता कुन स्तरसम्म कुनै लिपिमा प्रस्ट रूपमा आउन सक्छ, त्यो भाषावैज्ञानिक विषय हो। लेखन पद्धति तथा लिपि छनोटका आफ्ना समाजवैज्ञानिक र राजनीतिक, धार्मिक र सामाजिक कारणहरू हुन्छन्।

मैथिली तथा नेवार/नेपाल भाषा भाषाले बहुलेखन पद्धति (Diagraphia) अवलम्बन गरेको पाइन्छ। केही नयाँ भाषाहरूले नयाँ लेखन पद्धति अँगाल्न थालेका छन्। नेपालका विभिन्न भाषाहरू र तिनीहरूले अँगालेको लेखन पद्धति निम्नानुसार रहेको छः-

तालिका १.५ : नेपालमा प्रचलित लिपिहरू

क्र.स.	लिपि	भाषा
१	देवनागरी	नेपाली, मैथिली, भोजपुरी, अवधी, नेवार/नेपाल भाषा, राजवंशी, मगर, तामाङ
२	सिरिजङ्गा	लिम्बू
३	सम्भोटा	तामाङ

क्र.स.	लिपि	भाषा
४	रञ्जना (भुजिमोल, पाचुमोल, गुम्मोल, गोलमोल, लितुमोल),	नेवार/नेपाल भाषा
५	ओलचिकि, ओल, ओल चेमेत	सन्थाल
६	खेमा	गुरुङ
७	मिथिलाक्षर, कैथी	मैथिली
८	अक्खा	मगर
९	कैथी	भोजपुरी, मैथिली
१०	रोङ	लेप्चा
११	गुरुमुखी	पन्जाबी
१२	तामहिग	तामाङ
१३	बाङ्ला	बङ्गाली

स्रोतः यादव र शाक्य, २०६५ इ.: ६२।

नेपालमा बोलिने अधिकांश भाषाहरू देवनागरीमा लेखिने नेपाली भाषाको लेखन पद्धति अँगाल्न अग्रसर भएको देखिन्छ तथापि तिनले परम्परागत लिपिहरूको प्रयोगसमेतलाई निरन्तरता दिइरहेका छन्। केही भाषिक समुदायमा लिपि मूलतः जातीय र धार्मिक पहिचानसँग जोडिएका कारणले पनि लेखन पद्धतिमा लिपिको छनोट वा प्रयोगमा जटिलता देखिन सक्छ। उदाहरणका लागि 'गोरखापत्र' दैनिकमा 'नयाँ नेपाल' पृष्ठमा अधिकांश भाषा लेखनमा देवनागरी प्रयोग भए पनि सिरिजङ्गा, सम्भोटा, तामहिग र उर्दू (पर्सियन) लेखन पद्धतिमा सामग्रीहरूको प्रकाशन गरिने गर्दछ। लेखन पद्धति मूलतः कुनै जातीय समूहको पहिचानसँग जोडिने गर्दछ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले मूलतः देवनागरी लिपिमा पाठ्यपुस्तकहरू तयार गरे पनि लिम्बू र भोट भाषाका पाठ्यपुस्तकमा सम्बन्धित लिपिको प्रयोग गरिएको छ।

१.६ बसाइँसराइ र भाषा

हामी दैनिकजसो विभिन्न सांस्कृतिक, राजनीतिक र भाषिक क्षेत्रहरू हुँदै जीवन निर्वाह गरिरहेका हुन्छौं। आधुनिक समयमा हामी विविध कारणले एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्नुपर्ने स्थिति हुन्छ। नेपालका सन्दर्भमा ग्रामीण क्षेत्रबाट तराई र तराईबाट राजधानीमा बसाइँसराइ गर्ने गरेको तथ्य तथ्याङ्कहरूले देखाउँछन्। यसरी बसाइँसराइ गर्दा विभिन्न भाषाका वक्ताहरूले भाषिक रूपमा नयाँ परिस्थितिमा भाषिक अनुकूलन गर्नुपर्ने हुन्छ। मैथिलीभाषी कुनै वक्ता नेपाली प्रयोग गरिने क्षेत्रमा बस्नुपर्दा मैथिलीको सट्टामा आम सम्पर्कको भाषाको सम्पर्कमा आइपुग्छ। कुनै एक भाषाको

वक्ताको आफ्नो मातृभाषाभन्दा आम सम्पर्कको भाषा 'शक्तिशाली' भएमा आफ्नो मातृभाषाको सट्टा आम सम्पर्कको भाषा सिक्न र प्रयोग गर्न तत्पर हुन्छ। नेपालजस्तो बहुभाषिक मुलुकमा अधिकांश मातृभाषा मूलतः ग्रामीण परिवेशमा बोलिने गर्दछन्। वि.सं.२०६८ को जनगणनाअनुसार नेपालको ग्रामीण इलाकामा १७.१ प्रतिशत मानिसहरूले बसोबास गर्छन् भने सहरी इलाकामा ८२.८ प्रतिशत मानिसहरू बसोबास गर्छन्। भौगोलिक क्षेत्रका आधारमा हेर्दा हिमाल र पहाडमा ४३ प्रतिशत र तराईमा ५७ प्रतिशत मानिसहरूको बसोबास रहेको पाइन्छ। बसाइँसराइ गर्ने वक्ताहरू मूलतः पहाडबाट तराईमा (६३ प्रतिशत) सर्ने तथ्याङ्कले पहाडमा बोलिने भाषाका वक्ता अन्य भाषाका वक्ताहरूको सम्पर्कमा पुग्ने कुरा देखाउँछ। यस तथ्याङ्कलाई आधार मान्दा नेपालमा बोलिने अधिकांश भाषा पहाडबाट ठुलो सङ्ख्यामा तराईमा बसाइँसराइ गरेको पाइन्छ (सुवाल, २०१४ इ.:२७३)।

बसाइँसराइ र भाषाको प्रयोगको प्रत्यक्ष सम्बन्ध हुन्छ। महानगरहरूमा बोलिने भाषाको सङ्ख्या तुलनात्मक रूपमा धेरै हुनुको मूल कारण आन्तरिक बसाइँसराइ हो। वि.सं.२०६८ को जनगणनाअनुसार काठमाडौं महानगरपालिकामा १०१ भन्दा बढी भाषा बोलिन्छन् र विराटनगर महानगरपालिकामा ६२ भाषाहरू बोलिन्छन्। यसको मूल कारण आन्तरिक बसाइँसराइ हो। आफ्नो मूल थातथलोबाट बसाइँसराइ गरेर नयाँ सहर वा तराईका जिल्लामा बसोबास गर्दा ती वक्ताहरू नयाँ भाषाको सम्पर्कमा आउँछन्। स्थायी आन्तरिक बसाइँसराइबाट यस्ता वक्ताहरू नया भाषाको सम्पर्कमा पुग्छन्। भाषाको समाजभाषावैज्ञानिक स्थिति आँकलन गर्नका लागि बसाइँ सरेर विदेशमा जाने तथा विदेशबाट नेपालमा आउने सङ्ख्या पनि सान्दर्भिक हुन सक्छ।

१.७ भाषा र जाति

कुनै जाति र उनीहरूले बोल्ने भाषाको सम्बन्ध अन्तर्सम्बन्धित विषय हो। भाषालाई कुनै पनि जातिको परिचयका रूपमा पनि लिइन्छ। जाति र भाषाबीचको सम्बन्ध निकै गाढा र लामो समयसम्म रहने हुन्छ। भारतलगायतका केही देशहरूमा जातीय भाषा (Tribal Language) लाई कानुनमा परिभाषित गरिएको हुन्छ तर नेपालको संविधानमा नेपालमा बोलिने कुनै भाषालाई 'जातीय भाषा' भनिएको छैन।

नेपाल सरकारले देशभित्र बसोबास गर्ने जातिहरूको पहिचान गर्नका लागि उनीहरूले बोल्ने भाषा पनि आवश्यक भएकाले यहाँ बसोबास गर्ने जातिहरूले 'जनजाति' समूहमा सूचीकृत हुनका लागि उनीहरूको भाषाको आवश्यकता पर्दछ। यसबाहेक नेपालमा अन्य कानुनी व्यवस्थामा जनजातीय भाषाहरू (Tribal Languages) का लागि आदिवासी जनजातिका भाषाहरू (Indigeneous Languages) का नाममा कानुनी दृष्टिकोणले कुनै व्यवस्था गरिएको छैन तथापि नेपाल सरकारले सूचीकृत गरेका भाषाहरू आदिवासी जनजातिका भाषाहरू हुन् भन्ने आम बुझाइ रहेको छ। नेपालमा बोलिने भाषाहरू

र जातिबीचको सम्बन्ध मूलतः दुई प्रकारको रहेको छ। गुरुङ, तामाङ, दरई, माझीजस्ता भाषाहरू त्यही भाषिक समुदायका वक्ताहरूले मात्र बोल्दछन्। यस्ता भाषाहरूमा एक जाति र एक भाषाको सम्बन्ध रहेको छ। यी जातिहरूको आफ्नो जातीय भाषा रहेको छ। बाहुन, छेत्री, ठकुरीजस्ता विभिन्न जातिका मानिसहरूले एउटै भाषा बोल्ने गर्दछन्। यी भाषाहरूको हकमा अनेक जाति एक भाषाको सम्बन्ध रहेको छ। त्यसैगरी एक जाति अनेक भाषा, अनेक जाति एक भाषा, एउटै जातजाति अनेक भाषाजस्तो सम्बन्ध पनि नेपालमा भाषा र जातिबिच रहेको छ (राष्ट्रिय भाषानीति सुझाव आयोगको प्रतिवेदन, २०५०:१०)।

१.८ बहुभाषिकता

वि.सं.२०६८ को जनगणनाअनुसार नेपालमा बसोबास गर्ने ४१ प्रतिशत जनताले मातृभाषाबाहेक दोस्रो भाषासमेत बोल्दछन्। भौगोलिक किसिमले हिमाली र दुर्गम गाउँका बासिन्दाहरू अन्य भाषिक समुदायसँग दैनिकजसो सम्पर्कमा आउँदैनन्। पहाडी र दुर्गम हिमाली जिल्लाका बासिन्दाहरू एकभाषी भएको पाउन सकिन्छ। त्यसकारण पनि ती भाषिक समुदायमा एकभाषिकता अहिलेसम्म पनि कायम रहेको छ। हिमाली तथा उच्च पहाडी भेगमा मूलतः भोट-बर्मेली परिवारका भाषाहरू बोलिन्छन्। अर्कातिर पूर्वी तराईदेखि पश्चिमी तराईसम्मका गाउँहरूमा एकभाषिकता रहेको पाउन सकिन्छ। पूर्वी तराईमा मैथिली, बज्जिका र भोजपुरी तथा पश्चिमी तराईमा अवधी तथा थारूभाषीहरू एकभाषी रहेको पाइन्छ। अर्कातिर नेपाली मातृभाषा बोल्नेहरूको ठुलो सङ्ख्या एकभाषी रहेको छ।

१.९ भाषा सङ्कटापन्नता

नेपालमा बोलिने वक्ता सङ्ख्या कम भएका भाषाहरूमा नेपाली भाषाको प्रयोग बढ्दो छ। एकल भाषा परिवारको कुसुन्डाजस्ता भाषाको एक जना वक्ता भएको अवस्था छ। भाषाहरू समयसँगै विस्तारै वा कहिलेकाहीं एक्कासी पनि लोप हुन सक्छन्। युद्ध वा प्राकृतिक प्रकोपले कुनै एउटा समुदायका सदस्यहरूको मृत्यु भएमा भाषाको एकै पटकमा (आकस्मिक) लोप हुन जान्छ। सामाजिक आर्थिक कारणले कुनै एउटा भाषिक समुदायमा बसोबास गर्ने व्यक्तिहरू अन्य भाषाको सम्पर्कमा रहँदा भाषाको प्रयोग खुम्चिँदै जान्छ। निश्चित क्षेत्रमा बसोबास गर्ने आदिवासी समूहका भाषाहरू कम सङ्ख्याले बोल्ने गर्दछन्। यसरी भाषाले आफ्नो शब्दभण्डार र व्याकरणसमेत गुमाउँदै जान्छ। नेपालका सन्दर्भमा भाषाको लोप एकैपटक (एक्कासी) भन्दा पनि क्रमशः भएको देखिन्छ।

समाज भाषाविज्ञानका क्षेत्रमा काम गर्ने विद्वान् तथा संस्थाहरूले भाषिक सशक्तता मापन गर्ने विधिहरूको प्रस्ताव गरेका छन्। युनेस्को (२००३ इ.) ले प्रस्ताव गरेका आधारलाई अन्तर्राष्ट्रिय रूपमा धेरै स्थानमा सन्दर्भ सामग्रीका रूपमा लिने गरेको पाइन्छ। युनेस्कोका सूचीमा निम्नानुसारका

आधार रहेका छन्- (क) भाषाको पुस्तान्तरण, (ख) वक्ताको सङ्ख्या, (ग) कुल जातीय सङ्ख्यामा भाषिक वक्ताको सङ्ख्या, (घ) भाषाका क्षेत्रमा प्रयोगको प्रवृत्ति, (ङ) आम सञ्चार र नवीन क्षेत्रमा प्रयोगको स्थिति, (च) भाषिक सामग्री, (छ) भाषानीति, (ज) समुदायको आफ्नो भाषाप्रतिको धारणा र (झ) अभिलेखीकरणको आकार र स्तर। यी आधारको प्रयोग गरेर युनेस्कोले नेपालका सङ्कटापन्न भाषाहरूलाई निम्नानुसारको सङ्कटापन्नताको स्तरमा वर्गीकरण गरेको छ। युनेस्कोले यस समूहमा नेपालमा बोलिने ७१ भाषाहरूलाई समावेश गरेको छ (मोसली, २०१० इ.)।

(क) असुरक्षित (Vulnerable)- अधिकांश बालबालिकाले यस्तो भाषा बोले पनि घरमा केही क्षेत्रमा मात्र भाषाको प्रयोग हुन्छ। यस समूहमा अङ्निका, बान्तावा, चेपाङ, घले, जेरो, कोयी, कुलुङ, कुमाउनी, कुडुख, साम्पाङ, सतार, सेके, तामाङ, शेर्पा, सिङ्साबा, सुनुवार, थकाली र वाम्बुले (१८ भाषा) लाई समावेश गरिएको छ।

(ख) निश्चित सङ्कटापन्न (Definitely Endangered)- बालबालिकाले निश्चित सङ्कटापन्न भाषा मातृभाषाका रूपमा सिकेका हुँदैनन्। यस समूहमा आठपहरिया, बाहिङ, ब्याँसी, चाम्लिङ, छन्त्याल, छिन्ताङ, छिलुङ, दार्मा, डोल्पो, दुङ्माली, गुरुङ, ग्याल्सुम्दो, हालुङ, भोट, जिरेल, कागते, काइके, खाचड भोटे, खालिङ, खाम, लाङटाङ तिब्बती, लेप्चा, लिम्बू, लिमिरोङ तिब्बती, लोके तिब्बती, मगर, नार्पा (नार-फु), नेवार/नेपाल भाषा, नुब्री, निस्याङ्बा (मनाङे), थामी, थुलुङ, चुम, याम्फु (३३ भाषा) लाई समावेश गरिएको छ।

(ग) अति सङ्कटापन्न (Severely Endangered)- अति सङ्कटापन्न भाषा 'हजुरबुबा र त्यसभन्दा माथिका उमेरका व्यक्तिले बोल्छन्। 'बाबुआमा' उमेरका (पुस्ताका) व्यक्तिले यस्तो भाषा बुझ्छन् तर उनीहरूले आफूहरूबिचमा र बालबालिकासँग भाषा बोल्दैनन्। यस समूहमा दनुवार, दरई, धिमाल, कुमाल, लोहोरुङ, माझी, मेवाहाङ, नाछिरिङ, पुमा, राजी, राउटे र साम (१२ भाषा) पर्दछन्।

(घ) नाजुक किसिमले सङ्कटापन्न- (Critically Endangered) यस समूहका भाषा बोल्ने वक्ता हजुरबुबा र त्यसमाथिको उमेरका हुन्छन् र उनीहरूले केही मात्रामा र कहिलेकाहीं आफ्ना भाषा बोल्छन्। बराम, कुसुन्डा, दुमी, हायु, सुरेल, तिलुङ, याक्खा (७ भाषा) यस समूहमा परेका छन्।

(ङ) लुप्त (Extinct)- यस समूहका भाषाका वक्ताहरू बाँकी नरहेको अवस्था हो। दुरा (१ भाषा) भाषा यस समूहमा रहेको छ।

भाषा लोप हुने कारणमध्येमा नेपालमा भाषाका वक्ताको सङ्ख्या मूल कारण रहे पनि तिनीहरूको वितरण (सघनता) नहुनु मुख्य रहेको देखिन्छ। उदाहरणका लागि मनाङको नार्-फु गाउँपालिकामा बोलिने नार्-फु भाषाका करिब ५०० वक्ता भए पनि यो भाषा सबल छ। त्यस गाउँका सबै उमेर

समूहका व्यक्तिले यो भाषा बोल्छन्। आधारभूत विद्यालयमा शिक्षण गर्ने शिक्षकले समेत बालबालिकालाई पढाउँदा त्यही भाषा सिकेर पढाउँछन्। यस गाउँमा एकभाषी नार्-फु बोल्ने वक्ताहरूसमेत रहेका छन्।

भाषा सङ्कटापन्नताका सम्बन्धमा तोबा र राई (२००५ इ. : २४) को निष्कर्ष अहिले पनि सान्दर्भिक छ। वक्ताको सङ्ख्या कम भएर भाषाको मृत्यु हुने कुरा कुसुन्डा भाषाले पुष्टि गर्दछ तथापि राई-किराती समूहका भाषाहरूका थोरै वक्ता भए पनि जीवन्त छन्। वासस्थान मासिएर राउटे भाषा सङ्कटमा परेको, पहिरोका कारणले कोयी भाषा सङ्कटमा परेको, बसाइँसराइका कारणले सिर्जित बहुभाषिकताको अवस्थामा भाषाको लोप भएको आदि कारण उल्लेख गरिएको छ। सरकारीस्तरबाट पुर्बिया राजी भाषिक समुदायको बस्ती स्थानान्तरण गरिएपछि यस समुदायको भाषा थप सङ्कटमा परेको पाइन्छ। बिइल्मियर (२००८ इ.) ले उल्लेख गरेका हिमाली भेगमा बोलिने करिब सोह्रवटा भोट मूलका भाषा प्रबल छन् तर पूर्वी पहाड र कम जनसङ्ख्या भएका भित्री मधेस तथा तराईमा बोलिने भाषाहरू सङ्कटापन्न अवस्थामा रहेका छन्।

वक्ताको सङ्ख्या कम हुने भाषा र भाषा पुस्तान्तरण नहुने भाषा सङ्कटमा पर्ने कुरा आफैंमा प्रस्ट छँदैछ। औद्योगिकीकरण, सहरीकरण, भूमण्डलीकरण र अर्थतन्त्रको बदलिँदो परिस्थितिले समेत भाषालाई मृत्युको नजिक पुऱ्याउँछ। राज्यको भाषाप्रतिको नीति भाषा लोप हुनुको अर्को मुख्यः कारण रहन्छ। राजनीतिक र धार्मिक कारणले त्यो भाषा मूल भाषाका रूपमा प्रयोग हुनबाट बञ्चित हुन जान्छ, त्यस भाषाको प्रयोगमा सीमितता आउँछ।

१.१० भाषा अभिलेखीकरण

भाषा अभिलेखीकणका केही आफ्ना चरणबद्ध प्रक्रिया छन्। प्रारम्भिक तथ्याङ्कको सङ्कलन गर्नु, यसलाई लेखन प्रणालीमा उतार्नु (Transcribing), अनुवाद र तथ्याङ्कको प्रारम्भिक तहको विश्लेषण गर्नु यसअन्तर्गत पर्दछन्। नेपालमा बोलिने भाषाहरूको अभिलेखीकरणको काम १९७० इ.को दशकपछि सुरु भए पनि खास अर्थमा २००० इ.पछि मात्र भएको देखिन्छ।

नेपालमा पनि संसारभरिका अभिलेखीकरणका लागि अनुदान दिने संस्थाहरूको आर्थिक सहयोगमा अभिलेखीकरणका कैयन् काम भएका छन्। जर्मनीमा रहेको डोबेसको भोल्स्वागेन फाउन्डेसनको लोपोन्मुख भाषाहरूको अभिलेखीकरण कार्यक्रमअन्तर्गत पूर्वी नेपालमा बोलिने पुमा र छिन्ताङ भाषाको अभिलेखीकरण कार्य सम्पन्न गरिएको छ। त्रिभुवन विश्वविद्यालय र जर्मनीको लेइप्जिक विश्वविद्यालयको सहकार्यमा भएको भाषा अभिलेखीकरणलाई नेपालमा पहिलो अभिलेखीकरण कार्य मान्न सकिन्छ। यस परियोजनाअन्तर्गत भाषा अभिलेखीकरण, भाषा सिकाइ तथा सम्बन्धित जातिहरूको संस्कृति अध्ययन भएको थियो। यस परियोजनाअन्तर्गत सङ्कलित सामग्रीहरू जर्मनीस्थित म्याङ्क्स प्लाङ्क इन्स्टिच्युट अफ साइकोलिङ्गुइस्टिक्समा सुरक्षित छ।

लन्डन विश्वद्यालयको लोपोन्मुख भाषाको अभिलेखीकरण कार्यक्रम (Endangered Language Documentation Programme) को सहयोगमा नेपालका करिब १५ भाषाको अभिलेखीकरण सम्पन्न भएको छ। त्रिभुवन विश्वविद्यालयले गोरखामा बोलिने बराम भाषाको अभिलेखीकरणअन्तर्गत ३२ घन्टाको विश्लेषणसहितको पाठ सङ्कलन गरिएको छ। यसबाट सङ्कलित सामग्री लोपोन्मुख भाषाको अभिलेखालय (Endangered Language Archive) मा संरक्षण गरिएको छ। लन्डन विश्वविद्यालयको यही कार्यक्रमअन्तर्गत विभिन्न विश्वविद्यालयमार्फत ग्याल्सुम्दो, कागते, काइके, कोयी (कोयु), मगर, मेवाहाङ, नार्-फु, पुमा, सेके, सुरेल, तामाङ, याक्खाजस्ता केही भाषामा भाषा अभिलेखीकरणका काम सम्पन्न गरिएका छन् र यसका सामग्री लोपोन्मुख भाषाको अभिलेखालयमा रहेका छन्। यी कामहरूमा श्रव्यदृश्य सामग्रीको सङ्कलन र विश्लेषणका साथै व्याकरण, शब्दकोश, पाठ्यसामग्री, जातीय परिचय, संस्कृतिको परिचयजस्ता सामग्री निर्माण भएका छन्।

संयुक्त राज्य अमेरिकास्थित नेसनल साइन्स फाउन्डेसनको लोपोन्मुख भाषाको अभिलेखीकरण (Endangered Language Documentation) को सहयोगमा गण्डकी प्रदेशअन्तर्गतको मनाङ जिल्लामा बोलिने मनाङ गुरुङ, नार्-फु, मनाङे र ग्याल्सुम्दो भाषाका सामग्रीको सङ्कलन र विश्लेषण गरिएको छ। त्यसैगरी नेपालमा २०७२ को विनाशकारी भूकम्पपश्चात् भूकम्पमा स्थानीय बासिन्दाले गरेको अनुभवको अभिलेखन गर्नका लागि यही संस्थासँग गरिएको अर्को अध्ययनमा उत्तरी गोरखामा बोलिने कुके (कुताङ घले), चुम र नुब्री, मनाङ जिल्लामा बोलिने ग्याल्सुम्दो, नार्-फु र गुरुङ तथा मुस्ताङ जिल्लामा बोलिने लोवा भाषाका सामग्रीहरूको सङ्कलन र प्रारम्भिक तहको विश्लेषण गरिएको छ। यी सामग्रीहरू भर्जिनिया विश्वविद्यालयको टिबेटन एन्ड हिमालयन पुस्तकालयको 'शान्ति' (Tibetan-Himalayan Library SHANTI (Sciences, Humanities and Arts Initiation of Technical Humanities, University of Virginia) मा सुरक्षित राखिएको छ।

इन्डेन्जर्ड ल्याङ्ग्वेज फन्ड (Endangered Language Fund) अन्तर्गत राजी (पुर्बिया), झाँगड र थामी भाषाको काम भए पनि राजी भाषाको मात्र डिजिटल सामग्री निर्माण गरिएको छ। यसैगरी मानवशास्त्रीय तथा भाषावैज्ञानिक अध्ययनका लागि फाइरबर्ड फाउन्डेसनको आबद्धतामा ल्होमी, नुब्री, लोवा, कुसुन्डा, बान्तावा, खाम्ची (राउटे), थामी, याम्फुजस्ता केही थप भाषाको काम भएको छ। भाषासञ्चार परियोजनाअन्तर्गत नेपाली भाषाको डिजिटल पाठ सङ्ग्रहलाई समेत यहाँनेर स्मरण गर्नुपर्ने हुन्छ। आधुनिक प्रविधिको प्रयोग गरेर नेपालमा ३० भन्दा बढी भाषाको विद्युतीय सामग्री सङ्कलन गरिएको छ। नेपालका केही भाषाहरूमा विद्युतीय सामग्रीहरू उपलब्ध छन्। भाषा सञ्चार विषयक परियोजना (२००४-२००७ इ.) अन्तर्गत बोलीचालीको र लिखित भाषा गरी करिब १ करोड ४० लाख शब्दसहितको पाठ सङ्ग्रह निर्माण गरिएको छ। यसका आधारमा नेपाली भाषाको नेपाली अनलाइन शब्दकोशको निर्माण गरिएको छ। भाषा आयोगबाट सम्पन्न भएका भाषा अभिलेखीकरणसम्बन्धी कार्यहरू अनुसूची ५ को (क) मा दिइएका छन्।

१.११ मातृभाषामा शिक्षा

बालबालिकाले स्पष्टसँग र सहज रूपमा बुझ्ने भाषामा पठनपाठन गर्दा सिकाइ प्रभावकारी हुने हुनाले कुन भाषामा पठनपाठन हुन्छ भन्ने विषय महत्त्वपूर्ण हुन्छ। भाषा आर्जन भाषा योजनाको अभिन्न अङ्ग मानिन्छ। त्यसकारण औपचारिक र अनौपचारिक सन्दर्भमा सञ्चालन गरिने भाषा शिक्षण महत्त्वपूर्ण मानिन्छ। भाषा आर्जनसँग सम्बन्धित भाषा योजना र मातृभाषामा शिक्षा प्रदान गर्ने विषय सामाजिक, आर्थिक, भाषिक र मनोवैज्ञानिक विषयसमेत हो। भाषा आर्जनको योजनासँग भाषाका प्रयोगकर्ताले भाषा कसरी आर्जन गर्छन् र समाजमा दिनानुदिन प्रयोगको अवसरसँग भाषा कसरी जोडिन्छ भन्ने कुरासमेत सम्बन्धित रहेको छ।

शिक्षामा बालबालिकाको पहुँच सुनिश्चित गर्न र उनीहरूको सिकाइ अभिवृद्धि गर्नका लागि मातृभाषामा गरिने पठनपाठनले मद्दत पुऱ्याउँछ। नेपालजस्तो बहुभाषिक मुलुकमा बालबालिकाले घरमा बोल्ने भाषा, विद्यालयमा पठनपाठन हुने भाषाको माध्यम र आम सम्पर्कको भाषा भिन्न हुन सक्ने भएकाले बालबालिकालाई कुन भाषामा पठनपाठन गर्ने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। नेपालको संविधानको धारा ३१ (५) मा मातृभाषामा शिक्षा दिन सकिने विषय यसरी उल्लेख गरिएको छ- "नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।" बालबालिकालाई सिकाउने उत्तम माध्यम उनीहरूको मातृभाषा भएको कुरा स्थापित भएको छ। नेपालमा मातृभाषाको माध्यममा शिक्षा आरम्भ गरेर विस्तारै व्यापक सञ्चारको माध्यम भाषा सिक्ने र अन्तमा अन्तर्राष्ट्रिय भाषा सिक्ने गरी मातृभाषामा पठनपाठनका लागि कार्यक्रम र प्रयत्नहरू भएका छन्। नेपालमा मातृभाषामा शिक्षा प्रदान गर्नका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले मूलतः प्राथमिक तहका लागि २६ भन्दा बढी मातृभाषामा विषयका रूपमा पठनपाठनका लागि पाठ्यपुस्तक तयार गरेको छ। भाषा आयोगबाट सम्पन्न भएका मातृभाषामा शिक्षाको प्रयोग सम्भाव्यता सम्बन्धमा भएका अध्ययनसम्बन्धी विवरण अनुसूची ५ (ख) मा दिइएको छ।

१.१२ नेपालका प्रदेशहरूमा भाषा

नेपालका प्रदेशहरूको प्रारम्भिक जानकारी तालिका (१.६) मा प्रस्तुत गरिएको छ। वक्ताको सङ्ख्याका दृष्टिकोणले बागमती प्रदेशमा उल्लेख्य भाषाहरूको उपस्थिति देखिए पनि प्रदेश नं. १ मा थातथलो भएका भाषाहरू धेरै रहेका छन्। भाषाहरूको सबैभन्दा कम सङ्ख्या कर्णाली प्रदेशमा रहेको छ। दोस्रो भाषाका रूपमा प्रयोग हुने भाषाहरूसमेत प्रदेश नं. १ मा नै धेरै रहेका छन्। पालिकाहरूको सङ्ख्या पनि प्रदेश नं. १ मा अन्य प्रदेशहरूभन्दा बढी रहेको छ।

तालिका १.६: नेपालका प्रदेशहरूको सामाजिक-भाषिक विवरण

प्रदेश	क्षेत्रफल (वर्ग कि.मि. मा)	जनसङ्ख्या	मातृभाषाको सङ्ख्या	दोस्रो भाषाका रूपमा बोलिने भाषाको सङ्ख्या	जिल्लाको सङ्ख्या	पालिकाको सङ्ख्या
प्रदेश नं. १	२५,९०५	४५,३४,९४३	१०६	१००	१४	१३७
प्रदेश नं. २	९,६६१	५४,०४,१४५	८९	८०	८	१३६
बागमती	२०,३००	५५,२९,४५२	११३	९२	१३	११९
गण्डकी	२१,५०४	२४,१३,९०७	८८	७२	११	८५
लुम्बिनी	२२,२८८	४८,९१,०२५	८५	७१	१२	१०९
कर्णाली	२७,९८४	११,६८,५१५	५५	३८	१०	७९
सुदूरपश्चिम	१९,५३९	२५,५२,५१७	८५	५३	९	८८
जम्मा	**१,४७,१८१**	**२६,४,९४,५०४**			**७७**	**७५३**

स्रोतः जनगणना प्रतिवेदन (२०६८), केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं।

नेपालमा भाषाको वितरण र सघनताको स्थिति माथिको तालिकामा प्रस्तुत गरिएको छ।

१.१३ पालिकाको भाषिक स्थिति

नेपालका स्थानीय पालिकाहरूमा भाषाहरूलाई औपचारिक प्रयोगमा ल्याउँदा अधिकांश भाषाहरूलाई सरकारी कामकाजमा प्रयोग गर्न सकिने स्थिति देखिन्छ। पालिकास्तरमा भाषाका वक्ताको सङ्ख्या निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छः

तालिका १.७: भाषाका वक्ताअनुसारको पालिका सङ्ख्या

प्रदेश	२९ प्रतिशतभन्दा कम	३० प्रतिशत-४९ प्रतिशत	५० प्रतिशत-६९ प्रतिशत	७० प्रतिशतभन्दा बढी
प्रदेश नं. १	६	५९	६५	७
प्रदेश नं. २	-	१७	२५	९४
बागमती	-	१२	७०	३७

प्रदेश	२९ प्रतिशतभन्दा कम	३० प्रतिशत-४९ प्रतिशत	५० प्रतिशत-६९ प्रतिशत	७० प्रतिशतभन्दा बढी
गण्डकी	-	६	२८	५१
लुम्बिनी	-	१३	२९	६७
कर्णाली	-	२	३	७४
सुदूरपश्चिम	१	९	१४	६४
जम्मा	७	११८	२२३	३९४

स्रोतः जनगणना प्रतिवेदन (२०६८), केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं।

तालिका १.७ मा पालिका तहमा पहिलो स्थानमा रहेका भाषाको बाहुल्यता प्रस्तुत गरेको छ। पालिका तहमा कुनै भाषा 'प्रथम स्थानमा रहे पनि केही पालिकामा प्रथम स्थान (वा पहिलो ठुलो भाषा) का वक्ताहरूको बाहुल्यता छैन। यस तालिकामा नेपालका सबै प्रदेशका पालिकाहरूमा रहेका भाषाका वक्ताहरूलाई ४ समूहमा विभाजन गरी प्रस्तुत गरिएको छ। प्रदेश १ मा प्रथम स्थानमा रहेका भाषाहरूमध्ये ६ वटा पालिकामा' प्रथम स्थानमा रहेका भाषाहरू त्यस पालिकामा २९% भन्दा कम वक्ता रहेका छन्। यस प्रदेशका ५९ पालिकामा प्रथम स्थानमा रहेका भाषाहरूको त्यस पालिकाको कूल वक्ताका ३० देखि ४९ प्रतिशत मात्र वक्ताहरू रहेका छन्। त्यसैगरी ६५ पालिकामा प्रथम स्थानमा रहेका भाषाका वक्ताको कूल सङ्ख्याको ५० देखि ६९ प्रतिशत रहेका छन्। यस प्रदेशका पालिकाहरूमध्ये ७ पालिकामा मात्र प्रथम स्थानमा रहेका भाषाका ७० प्रतिशतभन्दा माथि वक्ताहरू रहेका छन्। प्रदेश २ देखि सुदूरपश्चिम प्रदेशमा पालिका तहमा प्रथम स्थानमा रहेका भाषाको सङ्ख्या तालिका (१.७) मा प्रस्तुत गरिएको छ।

सरकारी कामकाजका लागि भाषा प्रयोग गर्दा कुनै पालिकामा कुनै भाषाका वक्ताहरूको सङ्ख्या कति रहेको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। पालिका तहमा २९ प्रतिशत भन्दा कम वक्ता रहेका भाषा, लगभग ५० प्रतिशत वक्ता भएको भाषा वा ७० प्रतिशत भन्दा बढी वक्ता भएको भाषालाई समान कार्य तोक्नु न्यायसङ्गत नहुन सक्छ। त्यसकारण कुनै पालिकामा प्रथम स्थानमा रहेको भाषाको त्यस पालिकामा कति प्रतिशत वक्ता छन् भन्ने विषय सान्दर्भिक हुन आउँछ।

१.१४ भाषिक मानव अधिकार

भाषाले भाषिक समुदायलाई जोड्ने छुट्याउने हुँदा यसको समन्वयकारी र विभाजनकारी दुवै भूमिका रहन्छ। भाषिक मानव अधिकारले कानुन र प्रशासनिक क्षेत्रमा कुनै व्यक्तिले जानेको भाषाको प्रयोग गर्न पाउने अधिकार जनाउँछ। बहुभाषिक मुलुकमा सरकारी कामकाजमा मूलतः एकदुई भाषाको प्रयोग गर्ने व्यवस्था मिलाइएको हुन्छ र अन्य भाषाका वक्ताहरू आफ्नो मातृभाषाको

प्रयोगबाट बञ्चित हुन पुग्छन्। भाषिक मानव अधिकारका आधारभूत कुराहरूमा सम्मानित जीवन बाँच्नका लागि भाषासँग सम्बन्धित पहिचान, मातृभाषा प्रयोगको पहुँच, सरकारी कामकाजमा भाषाको पहुँच, योजनाबद्ध किसिमले प्रेरित गरिने भाषा अपसरण, आधारभूत तहमा मातृभाषामा शिक्षाको अवसर, अल्पसङ्ख्यक भाषाहरूमा शिक्षाको अवसरजस्ता सम्मानित जीवन जिउनका लागि आवश्यक आधारभूत अधिकारहरू पर्दछन्(स्कुटन्याभ-कंगाज २००० इ.)। नेपालको संविधान र अन्य कानुनी व्यवस्थाहरूलाई के कसरी मूर्त रूप दिन सकिन्छ त्यसको प्रत्याभूति कार्यान्वयन पक्षमा निर्भर रहने गर्दछ। नेपालको संविधानले भाषिक मानव अधिकारको प्रत्याभूति गरेको छ तर यो अझै व्यवहारमा आउन सकेको देखिँदैन।

मातृभाषामा शिक्षा पाउने बालबालिकाको मौलिक अधिकार कार्यान्वयनमा आउन सकेको अवस्था देखिँदैन। त्यस्तै दृष्टिविहीन, बहिरा, स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकका लागि संविधानमा प्रत्याभूति गरिएको व्यवस्था कार्यान्वयनमा आउने क्रममा छ। भाषाको माध्यमबाट प्रकट हुने गरेका लैङ्गिक, जातीय वा सामाजिक विभेदहरूको अन्त्य हुनुपर्ने स्थिति छ। भाषिक मानव अधिकारको सुनिश्चितताका लागि नेपालको संविधानले प्रत्याभूति गरेअनुसार हाम्रो प्रवृत्ति र व्यवहारमा परिवर्तन आउनु जरुरी छ र तदनुरूप सङ्घ, प्रदेश र स्थानीय तहमा व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाबाट पूर्ण प्रतिबद्धताको अपेक्षा गरिएको छ। नेपालको संविधानमा भएको व्यवस्थाका अतिरिक्त नेपाल राज्यका तर्फबाट २१ वटा महासन्धिहरू अनुमोदन भइसकेको सन्दर्भमा भाषिक मानव अधिकारप्रतिको सम्मान र प्रतिबद्धता अपरिहार्य देखिन्छ।

१.१५ अध्ययन विधि

प्रदेश तहको तथ्याङ्क सङ्कलनका लागि उपलब्ध सामग्रीहरूको अध्ययन र समीक्षा, प्रश्नावलीको प्रयोग, छलफल, अन्तरक्रिया र अन्तर्वार्ता जस्ता साधनको प्रयोग गरिएको छ। भाषाका बारे सरोकार राख्ने स्थानीय सरकार प्रमुख, उपप्रमुख, भाषिक सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधि, भाषिक संस्थासँग सम्बद्ध विज्ञहरू, प्राध्यापक, पत्रकार र अन्य सरोकारवाला संस्थाका प्रतिनिधिको सहभागितामा विभिन्न समयमा आयोजना गरिएका सरकारी कामकाजको भाषा निर्धारणका आधार विषयक प्रादेशिक भाषा सङ्गोष्ठीबाट प्राप्त तथ्यलाई प्राथमिक तथ्याङ्कका रूपमा लिइएको छ भने पहिले भए-गरेका कार्यबाट प्राप्त जानकारीलाई द्वितीयक तथ्याङ्कका रूपमा लिइएको छ। प्रदेशलाई विभिन्न समूहमा विभाजन गरी कार्यक्रमहरू सञ्चालन गरेर अभिमत सङ्कलन गरिएको छ। वि. सं.२०७६ को अन्त्यतिर कोभिड-१९ का कारण समस्या उत्पन्न भएपछि भर्चुअल माध्यमबाट सङ्गोष्ठी सञ्चालन गरेर अभिमत सङ्कलन गरिएको छ।

प्रदेशमा सरकारी कामकाजको भाषा निर्धारणका सन्दर्भमा भाषा आयोगले आधार तयार गरी सङ्गोष्ठीहरूमा सूचना सङ्कलन गरिएको थियो। भाषा आयोगले अभिमत सङ्कलनका लागि तयारी

गरेको सूचनामा (क) कुनै एक भाषा एकभन्दा बढी भाषिक समूहले प्रयोग गर्ने अवस्था, (ख) कुनै एक भाषा एकभन्दा बढी स्थानीय तहमा प्रयोग भएको अवस्था, (ग) शब्दकोश विकास भएको अवस्था, (घ) व्याकरण विकास भएको अवस्था, (ङ) शिक्षामा प्रयोग भएको अवस्था, (च) सञ्चार (रेडियो , टिभी र पत्रपत्रिका) मा प्रयोग भएको अवस्था, (छ) प्रकाशित सामग्री भएको अवस्था र (ज) वक्ताको सङ्ख्या घटेको वा बढेको अवस्था (भाषाको जीवन्तता) जस्ता बुँदाहरू राखी प्रतिक्रिया लिइएको थियो। त्यसैगरी प्रत्येक प्रदेशको भाषिक स्थितिको विश्लेषण गर्नका लागि विज्ञ टोली गठन गरिएको थियो र त्यस विज्ञ टोलीको सुझावअनुसार दोस्रो खण्डमा सामग्रीहरू प्रस्तुत गरिएको छ।

१.१६ प्रतिवेदनको संरचना

यो प्रतिवेदन मूलतः तीन खण्डमा व्यवस्थित गरिएको छ। पहिलो खण्डमा नेपालको भाषिक स्थिति र अन्य अन्तर्सम्बन्धित विषयहरूका बारेमा चर्चा गरिएको छ। दोस्रो खण्डमा प्रत्येक प्रदेशको भाषिक स्थिति र त्यस प्रदेशमा अवलम्बन गर्न सकिने भाषानीति र त्यसको कार्यान्वयनका सन्दर्भमा प्रदेशगत स्थितिको विवरण प्रस्तुत गरिएको छ। अन्त्यमा खण्ड तीनमा नेपालको संवैधानिक व्यवस्थाअनुसार नेपाल सरकारले अँगाल्नुपर्ने भाषानीतिका सन्दर्भमा सिफारिस गरिएको छ। प्रतिवेदनको अन्तमा अनुसूचीहरू समाविष्ट गरिएका छन्।

अध्याय - दुई

अन्तर्राष्ट्रिय अभ्यास, संवैधानिक र कानुनी व्यवस्था

नेपालको भाषानीति र कार्यान्वयनमा अन्तर्राष्ट्रिय अनुभव उपयोगी हुने भएकाले केही देशहरूले अवलम्बन गरेको भाषासम्बन्धी संवैधानिक व्यवस्थाका साथै भाषानीतिको सङ्क्षेपमा चर्चा गरिएको छ। केही अन्तर्राष्ट्रिय अभ्यास र नेपालमा सरकारी कामकाजमा प्रयोग गर्ने गरी संविधान, कानुन र नियम-विनियममा भएको व्यवस्थाका बारेमा चर्चा गरिएको छ।

२.१ केही अन्तर्राष्ट्रिय अभ्यास

(क) स्विजरल्यान्ड

स्विजरल्यान्ड बहुभाषिकताको व्यवस्थापनमा नमुना मुलुक मानिन्छ। स्विजरल्यान्डमा जर्मनेली, फ्रान्सेली, इटालेली र रोमान्स (Romansh) भाषाहरू बोलिन्छन्। यी सबैलाई राष्ट्रिय भाषाका साथै सरकारी कामकाजको भाषा तोकिएको छ। यहाँ जर्मनेली बोल्नेको सङ्ख्या ६२ प्रतिशत, फ्रान्सेली बोल्नेको सङ्ख्या करिब २२ प्रतिशत, इटालेली बोल्नेको सङ्ख्या ८ प्रतिशत र रोमान्स बोल्नेको सङ्ख्या ५ प्रतिशत छ र बाँकी जनसङ्ख्याले अरू भाषा बोल्दछन्। यहाँ रहेका २२ क्यान्टोन (Cantons) (संविधानमा उल्लेख भएअनुसार र हाल २६) मध्येमा १९ क्यान्टोनमा मूलतः जर्मनेली, ४ क्यान्टोनमा फ्रान्सेली र १ क्यान्टोनमा इटालेली बोलिन्छ र ३ वटा बहुभाषिक क्यान्टोन छन्। कानुनतः उक्त ३ वटा भाषा समान हैसियतका छन्। यहाँ क्यानडामा जस्तो दुई भाषाबिचको प्रतिस्पर्धा भन्दा पनि भाषिक सौहार्दता कायम छ। जर्मन भाषीहरूको बाहुल्यता रहेको क्षेत्रमा उनीहरू अन्य भाषाप्रति सहिष्णु छन्।

संसद्मा यी ४ ओटै भाषाको प्रयोग गर्न पाइन्छ र सबै भाषाका पाठ आधिकारिक हुन्छन्। जर्मनेली, फ्रान्सेली र इटालेली भाषामा संसद्को अभिलेख राखिन्छ। अदालती कामकारवाही (Proceedings) लाई ३ ओटै भाषामा प्रकाशन गर्ने गरिन्छ। कूटनीतिक प्रयोजनका लागि मूलतः फ्रान्सेली भाषाको प्रयोग गरिन्छ। सेवाग्राहीले उल्लिखित ३ वटामध्ये आफूले चाहेको भाषा प्रयोग गर्न पाउँछन्। प्रत्येक क्यान्टोनमा त्यहाँका बहुसङ्ख्यक जनताले बोल्ने भाषा मूल भाषाका रूपमा प्रयोग गर्ने गरिन्छ। जुन भाषाको बहुलता छ त्यही भाषामा क्यान्टोनमा पठनपाठन हुन्छ(प्याप १९९० इ., खेर प्रतिवेदन १९५६ इ.)।

(ख) क्यानडा

२०१६ इ.को जनगणनाअनुसार ३,४७,६७,२५५ जनसङ्ख्या रहेको क्यानडाको जनसङ्ख्यामध्ये अङ्ग्रेजी भाषा बोल्ने जनसङ्ख्या ५८ प्रतिशत, फ्रान्सेली बोल्ने जनसङ्ख्या २१ प्रतिशत र बाँकी

२१ प्रतिशत अन्य भाषा बोल्ने जनसङ्ख्या रहेको छ। फ्रान्सेली भाषीहरू मूलतः क्युबेक क्षेत्रमा बसोबास गर्दछन्। अङ्ग्रेजी र फ्रान्सेली दुवै भाषाहरू सरकारी कामकाजका भाषाका रूपमा प्रयोग गर्न सकिने संवैधानिक व्यवस्था छ। क्युबेक संसद्मा दुवै भाषा प्रयोग गर्न पाइन्छ र यसको अभिलेख दुवै भाषामा राखिन्छ। अदालतमा यी दुवै भाषाको प्रयोग गरिन्छ। सङ्घीय संसदमा अङ्ग्रेजी भाषाको प्रयोग गरिन्छ र फ्रान्सेली भाषामा सोधिएको प्रश्नको जवाफ फ्रान्सेली भाषामा नै दिइन्छ। अनुवादको समन्वयात्मक कार्य सम्पादन गर्नका लागि अनुवाद विभागको व्यवस्था गरिएको छ। विश्वविद्यालयमा फ्रान्सेली वा अङ्ग्रेजी भाषाको प्रयोग गरिने भए पनि यी दुईबाहेक अन्य भाषाहरूको समेत प्रयोग गरिन्छ।

१९६९ इ.मा जारी गरिएको भाषा ऐनपश्चात् कानुनी किसिमले क्यानडा बहुभाषिक मुलुक हो। क्युबेक क्षेत्रमा फ्रान्सेली भाषालाई अङ्ग्रेजी भाषाको प्रयोगसरह कानुनी मान्यता दिइएको छ। अङ्ग्रेजी र फ्रान्सेली भाषालाई सहअस्तित्वमा रहन दिनु नै क्यानडाको बहुभाषिकताको विशेषता हो। यी दुई भाषाले क्यानडाको समावेशिता र भाषिक विविधता झल्काउँछन्। भाषासम्बन्धी यी व्यवस्थालाई भाषा ऐन र क्यानडियन चार्टर अफ राइट्स एन्ड फ्रिडम्स (Canadian Charter of Rights and Freedoms) मार्फत् लिपिबद्ध गरिएको छ (स्टाटिस्टिक्स क्यानडा, २०१७ इ.)।

(ग) बेल्जियम

सन् २०२० मा बेल्जियमको जनसङ्ख्या १,१५,००,००० रहेको छ। यहाँ मूलतः डच, फान्सेली र जर्मनेली भाषाका अतिरिक्त अन्य भाषाहरू पनि बोलिन्छन्। यहाँ भाषा बोल्ने क्षेत्रका आधारमा डच, फ्रान्सेली, जर्मनेली र ब्रसेल्सजस्तो बहुभाषिक क्षेत्रमा विभाजित गरिएको पाइन्छ। यहाँका उक्त तीन मूल भाषाहरू सरकारी कामकाजमा प्रयोग गर्न सकिने कानुनी व्यवस्था छ। उल्लिखित तीन भाषाहरू बोलिने क्षेत्रहरूमा सरकारी कामकाजका लागि अलगअलग भाषा प्रयोग गर्न सकिन्छ। राजधानी ब्रसेल्स बहुभाषिक छ र यस क्षेत्रमा डच तथा फ्रान्सेली भाषा प्रयोग गर्न पाइन्छ। त्यसैगरी सङ्घीय लोक सेवा आयोगमा आफूले रोजेको भाषा प्रयोग गर्न पाउने व्यवस्था गरिएको छ। बहुभाषिक नगरपालिकाहरूमा सेवाग्राहीले चाहेको भाषामा सेवा प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ। अदालतमा त्यसै क्षेत्रको भाषा प्रयोग गर्न पाइन्छ। ब्रसेल्समा बसोबास गर्ने सेवाग्राहीले आफू बसोबास गर्ने क्षेत्रको भाषा प्रयोग गर्न पाउँछन्। एकभाषी क्षेत्रमा त्यही क्षेत्रको भाषालाई विद्यालयको माध्यम भाषा बनाउन सकिन्छ। यहाँको नागरिकता प्राप्त गर्नका लागि भने माथि उल्लिखित भाषामध्ये कुनै एक भाषामा दोस्रो तहको (A2 तहको) भाषिक दक्षता हासिल गर्नुपर्ने हुन्छ (खेर प्रतिवेदन १९५६ इ., अउन्गेर १९९३ इ.)।

(घ) भारत

भारतको संविधानमा "सङ्घको सरकारी कामकाजको भाषा (Official Language of the Union) हिन्दी

हुनेछ" (३४३.१) भनिएको छ। त्यसैगरी संविधान लागु भएको पन्ध्र वर्षसम्म सरकारी कामकाजका लागि अङ्ग्रेजी भाषाको प्रयोग गर्न सकिने व्यवस्था गरिएको छ (३४३.२)। संसद्मा अङ्ग्रेजी अथवा हिन्दी प्रयोग गरिने व्यवस्था गरिएको छ (धारा-१२०) तथापि राज्यसभाका सभापति अथवा लोकसभाका अध्यक्षले हिन्दी अथवा अङ्ग्रेजीमा पर्याप्त अभिव्यक्ति गर्न नसक्ने स्थितिमा मातृभाषामा संसदमा सम्बोधन गर्न पाउने व्यवस्था गरिएको छ। राज्यहरूका हकमा सरकारी कामकाजको भाषा आफैंले व्यवस्था गर्न सक्ने व्यवस्था संविधानमा गरिएको छ। धारा ३४५ मा राज्यले हिन्दी अथवा एक वा एकभन्दा बढी भाषाको प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ तर अङ्ग्रेजी भाषा प्रयोग भइरहेको स्थितिमा यसको प्रयोगलाई निरन्तरता दिइने व्यवस्थासमेत गरिएको छ। त्यसैगरी संसदमा भाषासम्बन्धी समिति तथा आयोगको व्यवस्था गरिएको छ (३४४)। धारा ३४६ मा एक राज्यले अर्को राज्य वा सङ्घमा पत्राचार गर्दा प्रयोग गर्ने भाषा हिन्दी वा अङ्ग्रेजी सरकारी कामकाजको भाषा हुने व्यवस्था गरिएको छ। धारा ३४६-३४९ मा सर्वोच्च र उच्च अदालतमा अङ्ग्रेजी भाषाको प्रयोगको व्यवस्था गरिएको छ। त्यसैगरी धारा ३४८.३ मा भारतको संविधानअन्तर्गत संसदमा निर्माण गरिएका सबै आदेश, नियम तथा उपनियमको मूल पाठ (Authoritative Texts) अङ्ग्रेजीमा हुनेछ भनिएको छ। यसैगरी संविधानको धारा ३४४ ले भाषाका सम्बन्धमा व्यवस्था गर्न संसदीय समिति र आयोगको व्यवस्था गरेको देखिन्छ।

सन् १९५५ मा गठन गरिएको राज्य पुनःसंरचनासम्बन्धी प्रतिवेदनमा सरकारी कामकाजको भाषा छनोटका लागि गरिएका सिफारिसमा निम्नानुसारका बुँदाहरू उल्लिखित छन्: (क) कुनै भाषामा ७० प्रतिशत वक्ता भएका राज्यहरूलाई एकभाषिक राज्य मान्ने, (ख) ३० प्रतिशत वक्ता भएका एकाइलाई बहुभाषिक मान्ने, (ग) जिल्ला तहमा पनि बुँदा (क) र (ख) मा उल्लेख गरिएको व्यवस्था लागु गर्ने, (घ) १५ देखि २० प्रतिशत जनसङ्ख्या भएका बहुभाषिक क्षेत्रहरूमा सरकारी सूचना, चुनावमा प्रयोग गरिने नामावली एवम् रासन कार्ड स्थानीय भाषामा र त्यस प्रदेशको सरकारी कामकाजी भाषामा प्रकाशन गर्ने, यस्ता क्षेत्रहरूमा अदालतमा मुद्दा स्थानीय भाषामा दिने व्यवस्था गर्ने र (ङ) जुन स्थानीय तहमा चुनावमा उम्मेदवार हुने प्रयोजनका लागि कुनै भाषाको दक्षता हुनुपर्ने हुन्छ, ती स्थानीय भाषा (कम वक्ता भएका भाषा) लाई मान्यता दिने।

सरकारी निकायमा रोजगारीका लागि लिइने परीक्षामा अल्पसङ्ख्यक भाषाका वक्ताहरूले बेहोर्नुपर्ने विभेदबारे समेत यस प्रतिवेदनमा उल्लेख छ। भारतका प्रदेशमा लिइने परीक्षामा त्यस प्रदेशको सरकारी कामकाजी भाषा माध्यम भाषा हुने गर्दछ। अर्कातिर अधिकांश राज्यहरूमा यस प्रकारको परीक्षा अङ्ग्रेजी भाषामा हुने गर्दछ। कुनै राज्यमा प्रदेशको भाषाका अतिरिक्त आवेदकको मातृभाषामा परीक्षा लिने व्यवस्था गरिएको छ। राष्ट्रसेवक कर्मचारीमा स्थानीय भाषाको ज्ञान हुनुपर्ने भए पनि भाषाका कारणले यिनीहरूलाई प्रतिस्पर्धामा विभेद हुने स्थिति रहन्छ कि रहँदैन भन्ने विचारणीय विषय हो। यस्तो स्थितिमा भाषाको परीक्षा चाहिँ आवेदकको छनोट भएपछि र परीक्षण कालको अन्तिमतिर लिनु उपयुक्त हुन्छ।

भारतका सन्दर्भमा भाषानीति कार्यान्वयनका केही सन्दर्भहरूको समेत चर्चा गर्नु उपयुक्त हुन्छ। भारतको स्वतन्त्रतापछि हिन्दी भाषाको प्रयोग विस्तार भयो। हिन्दी भाषालाई सरकारी कामकाजको भाषाका रूपमा लागु गर्दा केही राज्यले प्रतिरोध बेहोरेका उदाहरण पाउन सकिन्छ। भारतको संविधान जारी हुँदा पन्ध्र वर्षसम्ममा अङ्ग्रेजी भाषाको सट्टामा सरकारी कामकाजका लागि हिन्दी भाषा प्रयोग गर्ने व्यवस्था गरिएको थियो। भाषा ऐन,१९६३ इ.मा जारी भए पनि भाषानीति कार्यान्वयनका लागि सम्पूर्ण तयारी नपुगेको देखिएकाले भारतका राज्यहरूमा हिन्दी, अङ्ग्रेजी र राज्यको भाषा (क्षेत्रीय भाषा) गरी मूलतः त्रैभाषिक भाषानीति लागु भएको देखिन्छ। अङ्ग्रेजी भाषाको सट्टामा हिन्दी भाषाको प्रयोगलाई बढावा दिने विषय संविधानमा उल्लेख गरिए पनि तोकिएको समयसीमामा हिन्दी भाषाले अङ्ग्रेजी भाषालाई प्रतिस्थापन गर्ने दिशामा पर्याप्त तयारी पुगेन। प्रदेश तहमा हिन्दी भाषाको प्रगतिशील प्रकारले प्रयोग क्षेत्र बढाउँदै जाने र अङ्ग्रेजीको सट्टामा हिन्दी भाषाको प्रयोग गर्ने विषयले अपेक्षित आकार ग्रहण गरेन।

हिन्दी भाषाको प्रयोग विस्तार गर्दा यसको अङ्ग्रेजी भाषाबाट मात्र नभएर क्षेत्रीय भाषाहरूबाट समेत विरोध भएको महसुस गरियो। शिक्षित वर्गमा यो विषय त्यति सहजै स्वीकारयोग्य भएन र राजनीतिकर्मीहरूले पनि यसलाई स्वीकार्न सकेको देखिएन। अङ्ग्रेजी भाषालाई प्रतिस्थापन गर्ने व्यवस्था भए पनि अङ्ग्रेजी भाषाको प्रयोग विस्तारित हुँदै बलियो भयो। संविधान र कानुनमा रहेको केही अस्पष्टताका साथै कार्यान्वयनमा रहेका अन्योलले हिन्दी भाषाले अङ्ग्रेजी भाषासँगको प्रयोगमा प्रतिस्पर्धा गर्न नसकेको देखिन्छ (खेर प्रतिवेदन १९५६ इ.)।

(ङ) पाकिस्तान

करिब २५ भाषाहरू बोलिने पाकिस्तानमा पन्जाबी ४४.१%, पाश्तो १५.४%, सिन्धी ४.१%, सिराइकी १०.१% र उर्दू ७.५७% बोल्ने जनसङ्ख्या रहेको छ। उर्दू भाषाको सङ्ख्या तुलनात्मक किसिमले कमी भए पनि पाकिस्तानमा सरकारी कामकाजको भाषाका रूपमा यसको प्रयोग हुन्छ। वक्ताको सङ्ख्याका आधारमा पाकिस्तानमा भाषालाई सरकारी कामकाजमा तोकिएको छैन। अन्य भाषाहरूको साङ्ख्यिक स्थितिलाई महत्त्व नदिईकन पाकिस्तानमा सरकारी कामकाजमा तथा शिक्षामा उर्दू र अङ्ग्रेजी भाषाको प्रयोग गरिएको छ। १९७३ इ.मा जारी भएको पाकिस्तानको संविधानमा मातृभाषाको संरक्षणका लागि विशेष व्यवस्था गरिएको छ (धारा २८)। संविधानमा उर्दूलाई राष्ट्रभाषा (National Language) हुने उल्लेख गरिएको छ र उर्दूलाई राष्ट्रभाषाका रूपमा प्रयोग गर्ने व्यवस्था नभइन्जेलका लागि (१५ वर्ष) अङ्ग्रेजी भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गरिने र यस अवधीपछि उर्दूले अङ्ग्रेजीलाई प्रतिस्थापन गर्ने व्यवस्था उल्लेख छ (२५१.१-२) तथापि क्षेत्रीय भाषाहरूलाई पठनपाठनको प्रयोजनका लागि प्रयोग गर्न सकिने विषयसमेत उल्लेख गरिएको छ (२८.३)। त्यहाँ संविधानअनुसार लिइने शपथ उर्दू भाषामा हुने वा शपथ लिने व्यक्तिले बुझ्ने भाषामा शपथ लिन सकिने उल्लेख छ (२५५) (मुनसुर, १९९६ इ.)।

(च) बङ्गलादेश

बङ्गलादेशको संविधानमा 'बङ्गलादेशको राष्ट्रभाषा बाङ्ला हुनेछ' भनिएको छ (३)। बङ्गाली भाषीको अत्यधिक सङ्ख्या रहेको बङ्गलादेशमा गरिएको यो व्यवस्था अपेक्षित छ। केही सन्दर्भ ग्रन्थमा बङ्गलादेशमा ४१ भाषाहरू बोलिने कुरा उल्लेख गरिएको पाइन्छ। यीमध्ये ३६ वटा भाषा स्थानीय हुन् भने ५ वटा भाषा आगन्तुक हुन्। यहाँका केही भाषा क्षेत्रीय रूपमा समेत बोलिन्छन्। यीमध्ये ४ वटा भाषालाई संस्थागत (Institutional) भाषा मानिएको छ।

(छ) श्रीलङ्का

श्रीलङ्का स्वतन्त्र भइसकेपछि पनि शिक्षित वर्गले अङ्ग्रेजी भाषाको प्रयोगलाई प्राथमिकता दिएको देखिन्छ। श्रीलङ्कामा सिङ्हाली जातिको करिब ७४ प्रतिशत र तामिलको १५ प्रतिशत जनसङ्ख्या रहेको छ। सिङ्हाली र तामिलका अतिरिक्त केही टापुहरूमा पोर्चुगाली, श्रीलङ्काली, मलयाली र रोडीजस्ता अल्पसङ्ख्यक क्रिओल भाषाहरू पनि बोलिन्छन्। यी अल्पसङ्ख्यक भाषाहरू लोपोन्मुख रहेका छन्। पालि, संस्कृत, अरबी, ल्याटिनजस्ता केही शास्त्रीय भाषाहरू पनि श्रीलङ्कामा प्रयोग हुने गर्दछन्। श्रीलङ्का स्वतन्त्र भएको ८ वर्षपछि १९५६ इ.मा अङ्ग्रेजी सरकारी कामकाजको भाषा विस्थापन गर्दै सिङ्हाली भाषा सरकारी कामकाजी भाषा हुने व्यवस्था गरियो। तामिल भाषीहरूबाट यसमा असन्तुष्टि व्यक्त भयो। त्यसै वर्ष सरकारी सेवाका राष्ट्रसेवकहरूका लागि भाषाका ज्ञानका सम्बन्धमा यस प्रकारको व्यवस्था गरियोः (क) सेवामा नवप्रवेशीहरूका लागि परीक्षण काल ३ वर्षको रहने, (ख) सेवामा नवप्रवेशीहरूले सिङ्हाली भाषा सिक्ने अवधी ३ वर्ष कायम गर्ने र (ग) अन्य योग्यताका साथै सेवाको निरन्तरताका लागि सिङ्हाली भाषाको परीक्षा उत्तीर्ण गर्नुपर्ने। यी विषयका अतिरिक्त राष्ट्रसेवकले भाषा सिक्ने प्रयासका बाबजुद सिक्न नसकेका खण्डमा निजको सेवालाई निरन्तरता दिइने व्यवस्था गरियो। यस भाषानीतिको कार्यान्वयनले श्रीलङ्कामा केही भाषिक समुदायमा साम्प्रदायिक असन्तुष्टि निम्त्याएको विश्लेषण गर्ने गरिन्छ। सिङ्हाली मात्र सरकारी कामकाजको भाषा हुने भाषानीतिले एकभाषी तामिलहरूमा विभेदको अनुभूति गरायो। श्रीलङ्कामा १९७२ इ.मा पहिलो गणतान्त्रिक संविधान जारी भयो। संविधान जारी हुँदा सिङ्हाली भाषा राष्ट्रिय भाषा हुने संवैधानिक व्यवस्था गरिएको देखिन्छ। श्रीलङ्कामा सिङ्हाली मात्र सरकारी कामकाजका लागि प्रयोग गर्ने कि सिङ्हालीका अतिरिक्त तामिल भाषालाई पनि सरकारी कामकाजमा प्रयोग गर्ने भन्ने कुरा राजनीतिक विषय बन्दै गयो। १९८८ इ.मा संविधानको तेह्रौं संशोधनबाट तामिलले राष्ट्रिय भाषाको मान्यता पाएको छ (कोपेराहेवा, २००९ इ.: ८०)। अहिले सिङ्हाली र तामिल भाषा दुवैलाई सरकारी कामकाजी भाषाका रूपमा मान्यता दिइएको छ। १९८० इ.को दशकमा सुरु भएको राजनीतिक परिस्थितिले श्रीलङ्कामा भाषानीति लागू गर्न कठिनाइ भएको देखिन्छ। १९८८ इ.मा गरिएको १६ औं संशोधनबाट ९ वटा सबै प्रदेशहरूमा बहुभाषिक कामकाजी स्वरूप हुने व्यवस्था गरियो।

बहुभाषिक मुलुकहरूमा भाषा सम्बन्धमा माथि गरिएका चर्चाहरूबाट सरकारी कामकाजमा भाषाहरूको प्रयोगको समुचित व्यवस्थापन गर्न लामो समय लाग्ने र पर्याप्त अभ्यास गर्नुपर्ने कुरा स्पष्ट हुन्छ। भारतको संविधान १९४८ इ.मा जारी भए पनि झन्डै १५ वर्षपछि मात्र सरकारी कामकाजको भाषासम्बन्धी ऐनको व्यवस्था गरिएको थियो। पाकिस्तानमा उर्दू भाषाको प्रयोग गर्ने व्यवस्था संविधान जारी गरेसँगै भए पनि उर्दू भाषाले अङ्ग्रेजी भाषालाई प्रतिस्थापन गर्नका लागि १५ वर्षको अवधी तोकिएको देखिन्छ। नेपालमा पनि भाषा योजनाका लागि वस्तुगत अध्ययन अनुसन्धान गरी त्यसका आधारमा निर्णय लिनुपर्ने आवश्यकता रहेको पाइन्छ।

बहुभाषिक मुलुकहरूमा विभिन्न भाषाहरूलाई सरकारी कामकाजमा दिइने स्थानका बारेमा केही देशका अनुभव माथि चर्चा गरियो। यी विभिन्न अनुभवहरूलाई मूल्याङ्कन गर्दा नेपालको भाषिक स्थिति विशिष्ट प्रकारको भएको देखिन्छ। नेपालका प्रदेशहरूमा भारतका प्रदेशहरूमा जस्तो नेपाली भाषाका अतिरिक्त कुनै प्रदेशमा कुनै भाषाका वक्ताहरूको बाहुल्यता भएको स्थिति पाइँदैन। क्यानडामा जस्तै अङ्ग्रेजी र फ्रान्सेली बोलिने क्षेत्र तोकेर भाषाहरूको प्रयोग गर्नुपर्ने जस्तो भाषिक स्थिति नेपालमा देखिँदैन। नेपालका अधिकांश भाषाहरूको वितरण स्थानीय पालिकाहरूमा भएका हुनाले पालिका स्तरमा भाषानीति योजनामा विशेष जोड दिनुपर्ने देखिन्छ।

२.२ संवैधानिक र कानुनी व्यवस्था

नेपालमा प्रजातन्त्रको पुनर्बहाली पश्चात् नेपालमा बोलिने मातृभाषाहरूको संरक्षण र विकासका लागि नेपाल अधिराज्यको संविधान २०४७ को धारा २६ (२) मा स्पष्ट उल्लेख भएको तलको उद्धरणबाट देखिन्छः

> *विभिन्न धर्म, जात, जाति, सम्प्रदाय र भाषाभाषीहरूका बिच स्वस्थ एवम् सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको विकासद्वारा देशको सांस्कृतिक विविधता कायमै राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।*

यस संविधानमा नेपालमा बोलिने सबै मातृभाषाहरूलाई राष्ट्रभाषाका रूपमा मान्यता दिइएको छ। बदलिँदो राजनीतिक परिस्थितिमा तत्कालीन श्री ५ को सरकारले भाषासम्बन्धी नीति तथा सुझावहरू दिनका लागि २०५० मा राष्ट्रिय भाषानीति सुझाव आयोगको गठन गरेको थियो र यसले केही सुझावहरू दिएको छ। नेपालको भाषिक सर्वेक्षण, शिक्षामा मातृभाषाको प्रयोग, त्रिभुवन विश्वविद्यालयमा भाषाविज्ञान केन्द्रीय विभागको स्थापनाजस्ता केही सुझाउहरूले मूर्त रूप लिएको पाइन्छ। नेपालको राजनीतिक परिवर्तनसँगै २०७२ मा जारी गरिएको संविधानमा नेपालका मातृभाषाका विकासका लागि महत्त्वपूर्ण व्यवस्था भएको छ। त्यसका केही प्रावधानबारे तल चर्चा गरिएको छः

२.२.१ नेपालको संविधान

२०७२ को नेपालको संविधानमा भाषासम्बन्धी विभिन्न व्यवस्था गरिएका छन्। संवैधानिक व्यवस्थालाई हेर्दा नेपाली भाषाको प्रयोगको क्षेत्रको संविधानमा स्पष्ट व्यवस्था गरिएको छ।

(१) 'नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुन्' (धारा ६)।

(२) देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ (धारा ७.१)।

(३) नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेशको कानुनबमोजिम सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ (धारा ७.२)।

(४) भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ (धारा ७.३)।

(५) संविधानमा भाषाका आधारमा कसैलाई विभेद नगरिने व्यवस्थासमेत गरिएको छ (धारा १८.३)।

(६) 'प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने' व्यवस्थासमेत गरिएको छ (धारा ३२)।

त्यसै गरी अनुसूची (६) मा 'भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग' लाई प्रदेशको अधिकारको सूचीमा समेत समावेश गरिएको छ।

यस संविधानमा लिपिबद्ध गरिएका संवैधानिक व्यवस्था हेर्दा राज्यले सैद्धान्तिक रूपमा सबै मातृभाषाको संरक्षणका लागि विशेष ध्यान दिएको देखिन्छ। यही आधारमा यहाँका मातृभाषाहरूलाई सरकारी कामकाजमा प्रयोग गर्ने आधारहरूको निर्माणका सम्बन्धमा बहस चलाउनुपर्ने हुन्छ।

२.२.२ भाषा आयोगको गठन

नेपालको संविधानको धारा २८७ (६) अनुसार भाषा आयोगको गठन भएको छ। नेपालको संविधानले यस आयोगलाई भाषासम्बन्धी महत्त्वपूर्ण र दीर्घकालीन जिम्मेवारी सुम्पिएको छ। भाषा आयोगलाई निम्नानुसारका कार्यहरू तोकिएको छ। संविधानको धारा २८७ (६) मा भाषा आयोगलाई तोकिएका कामहरू निम्नानुसार रहेका छन्:-

(१) सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गरी नेपाल सरकारसमक्ष भाषाको सिफारिस गर्ने।

(२) भाषाहरूको संरक्षण, संवर्धन र विकासका लागि अवलम्बन गर्नुपर्ने उपायहरू नेपाल सरकारसमक्ष सिफारिस गर्ने।

(३) मातृभाषाहरूको विकासको स्तर मापन गरी शिक्षामा प्रयोगको सम्भाव्यताका बारेमा नेपाल सरकारसमक्ष सुझाव पेस गर्ने।

(४) भाषाहरूको अध्ययन, अनुसन्धान र अनुगमन गर्ने आदि।

सरकारले भाषानीति सम्बन्धमा लिने निर्णयमा भाषा आयोगको सिफारिस महत्त्वपूर्ण हुन्छ। त्यसकारण नेपालको विशिष्ट समाजभाषावैज्ञानिक स्थितिको विश्लेषण गरी उल्लिखित कार्य सम्पादन गर्नुपर्ने जिम्मेवारी भाषा आयोगको रहेको छ। संविधानको अनुसूची (६) मा प्रदेशको अधिकारका सूचीको बुँदा (१८) मा "भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग" उल्लेख गरिएको छ। त्यसै गरी संविधानको अनुसूची (८) मा स्थानीय तहको अधिकारसम्बन्धी सूचीको बुँदा (२२) मा "भाषा, संस्कृति, ललिकतकलाको संरक्षण र विकास"समेत उल्लेख गरिएको छ। यी संवैधानिक प्रावधानहरूले भाषा संरक्षण र विकास गर्ने दायित्व सङ्घीय, प्रदेश सरकार र स्थानीय सरकारको समेत रहेको तथ्य प्रस्तुत गर्दछन्।

२.२.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ का विभिन्न खण्डमा पालिकाहरूमा बोलिने भाषाका सम्बन्धमा निम्नानुसारको व्यवस्था गरिएको छः

उक्त ऐनको दफा ११ (२) मा गा.पा./ न.पा. को काम कर्तव्य र अधिकारअन्तर्गत देहायको खण्डमा निम्नानुसारको व्यवस्था गरिएको छ :

खण्ड ज (४) "मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन"

खण्ड फ (१) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी स्थानीय स्तरको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन

खण्ड फ (५) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी अन्य कार्य।

त्यसैगरी सो ऐनको दफा १२ (२) मा वडा समितिको काम, कर्तव्य र अधिकारअन्तर्गत देहायको खण्डमा भाषासम्बन्धी निम्नानुसारको व्यवस्था गरिएको छ :

खण्ड (ग) (१७) "स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने",

खण्ड ङ (११) "वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अङ्ग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने",

साथै दफा ९९ (२) को खण्ड (ग) मा "स्वायत्त क्षेत्रका लागि "एकै भाषा वा संस्कृति भएका समुदायको सघन उपस्थिति र बाहुल्यता रहेको" हुनुपर्ने व्यवस्था गरिएको छ।

२.२.४ शिक्षा ऐन, २०२८

शिक्षा ऐन, २०२८ मा भाषासम्बन्धी विभिन्न व्यवस्था गरिएका छन्।

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुवै भाषा हुनेछ। (दफा ७.१. शिक्षाको माध्यम)

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाएको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछ (७.२):

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिने छ।

(ख) गैरनेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम भाषा सोही भाषा हुन सक्नेछ।

(घ) अनिवार्य अङ्ग्रेजी विषय अध्ययन गराउँदा अङ्ग्रेजी भाषामा नै गराउनु पर्नेछ।

२.३ नेपालले अन्तर्राष्ट्रिय मञ्चमा गरेका प्रतिबद्धता

माथि उल्लिखित कानुनी व्यवस्थाका अतिरिक्त नेपालले विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा गरेका प्रतिबद्धताहरूमा समेत भाषासम्बन्धी विषय समाविष्ट छन् (भाषा आयोग, २०७४)।

(१) मानव अधिकारको विश्वव्यापी घोषणापत्र (१९४८ इ.)

(२) जिउ मास्ने बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि (१९४९ इ.)

(३) युद्धको समयमा गैरसैनिक व्यक्तिहरूको संरक्षणसम्बन्धी (चौथो) महासन्धि, जेनेभा, १२ अगस्त, १९४९ इ.

(४) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (१९६६ इ.)

(५) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (१९६६ इ.)

(६) युद्धबन्दीहरूसँग गरिने व्यवहारसम्बन्धी (तेस्रो) महासन्धि जेनेभा, १२ अगस्त १९४९ इ. (७ फेब्रुअरी १९६४ इ.मा नेपालले अनुमोदन गरेको)

(७) सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५ इ. (नेपालले ३० जनवरी मे १९७१ इ. तदनुसार १७ माघ २०२७ मा सम्मिलन गरेको)

(८) रङ्गभेद अपराधको दमन र सजायसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७३ इ. (नेपालले १२

जुलाई १९७७ इ. तदनुसार २८ असार २०३४ मा सम्मिलन गरेको)

(९) खेलकुदमा रङ्गभेदविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि (१९८५ इ.)

(१०) बालअधिकारसम्बन्धी महासन्धि, १९८९ इ.मा भाषा तथा संस्कृतिसम्बन्धी व्यवस्था (नेपालले १४ सेप्टेम्बर १९९० इ. तदनुसार २९ भाद्र २०४७ मा अनुमोदन गरेको)

(११) आदिवासी जनजातिसम्बन्धी महासन्धि, १९८९ इ. (नेपालले अनुमोदन गरेको मिति १४ सेप्टेम्बर २००७)

(१२) अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ इ. (नेपालले अनुमोदन गरेको मितिः ७ मे २०१०)

नेपालको संविधान (२०७२) र नेपाल सरकारबाट जारी गरिएका विभिन्न ऐन तथा भाषासम्बन्धी व्यवस्थाद्वारा नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा गरेका प्रतिबद्धता कार्यान्वयनमा आएका छन्। नेपालको संविधानमा भाषासम्बन्धी विषय, विभिन्न ऐन तथा कानुनमा गरेका भाषासम्बन्धी व्यवस्था र नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा गरेका प्रतिबद्धताहरूले नेपालको आगामी भाषानीति र यसको कार्यान्वयनलाई मार्गनिर्देश गरेका छन्।

अध्याय - तीन

भाषा योजना, भाषानीति र कार्यान्वयन

भाषा योजनाको चर्चा गर्दा यस विषयमा फिसमन (१९७४ इ.), कुपर (१९८९ इ.) आदिका अवधारणालाई आत्मसात् गर्दै नेपालको वर्तमान स्थितिमा (क) स्तरगत योजना, (ख) संरचनागत योजना र (ग) भाषा आर्जनको चर्चा गरिएको छ। भाषा आयोगले सरकारी कामकाजमा भाषा छनोटका आधार र अन्य संरचनागत विकास र भाषा सिकाइका कुराहरूमा यी तीनओटै विषय पर्ने कारणले भाषा योजनासँग सम्बन्धित केही अवधारणाको चर्चा यहाँ गरिएको छ।

३.१ भाषा योजना

भाषा योजना भन्नाले राष्ट्रियस्तरमा कायम भाषाका समस्याहरूको समाधान गर्नका लागि गरिने प्रयत्न भन्ने बुझिन्छ (फिसमन, १९७४ इ.: ७९; कुपर १९८९ इ.)। यो उद्देश्यपूर्ण र संस्थागत किसिमले भाषिक र समाजभाषावैज्ञानिक स्तरलाई व्यवस्थित गर्ने हेतुले गरिने प्रयत्न हो। भाषा योजनाले उद्देश्यपूर्ण प्रकारले भाषामा परिवर्तन ल्याउन सक्छ। भाषा योजनामा संलग्न हुने स्वतन्त्र व्यक्ति वा संस्था, राज्य वा राज्यले तोकेका संस्था सहभागी हुन्छन्। स्तरगत योजना, संरचनागत योजना र भाषा आर्जनका विषयमा भाषिक योजना तर्जुमा गर्नु यी व्यक्ति तथा संस्थाहरूको मूल उद्देश्य हो।

३.१.१ स्तरगत योजना

नेपालको संविधानले भाषा आयोगलाई समग्र भाषा योजनाको महत्त्वपूर्ण जिम्मेवारी दिएको छ। भाषाहरूलाई सरकारी कामकाजमा र विद्यालयमा विषय वा माध्यमका रूपमा प्रयोग गर्नु तथा प्रदेशमा सरकारी कामकाजको भाषा निर्धारण गर्नुलाई स्तरगत योजना मान्न सकिन्छ। स्तरगत योजनाले कुनै भाषाको निश्चित भूगोलमा भाषा प्रयोगको विस्तार तथा सङ्कुचनलाई प्रश्रय दिन्छ। नेपालको संविधानमा उल्लिखित नेपाली भाषाका अतिरिक्त अन्य भाषाहरूलाई सरकारी कामकाजका भाषाका रूपमा प्रयोगको व्यवस्था मिलाउने प्रावधान स्तरगत योजनाको एउटा अभिन्न विषय हो। स्तरगत योजनामा भाषाहरूलाई विभिन्न कार्य प्रदान गर्ने भन्ने कुरासमेत पर्दछ। भाषा प्रयोगका निश्चित क्षेत्र र तिनीहरूसँग सम्बन्धित कार्यहरू हुन्छन्। नेपालको संविधानमा तोकिएजस्तै विभिन्न देशका संविधानमा भाषाका कार्य तोकिएका हुन्छन्। अर्कातिर संयुक्त राज्य अमेरिकामा जस्तै परम्परागत रूपमा भाषाको प्रयोगको प्रचलन स्थापना गरिएको हुन्छ र भाषाका विभिन्न कार्यहरूको चर्चा गर्ने गरिन्छ (स्टेवार्ट १९६८ इ., क्लोस १९६८ इ.)।

(क) सरकारी कामकाजको भाषा- कानुनी किसिमले राज्यका निकायमा प्रयोग हुने भाषालाई सरकारी कामकाजको भाषा भनिन्छ। सरकारी कामकाजको भाषा शैक्षिक प्रयोजनका लागि समेत आम रूपमा प्रयोग हुने गर्दछ।

(ख) प्रादेशिक सरकारी कामकाजको भाषा- प्रदेशमा सरकारी कामकाजमा प्रदेश तहमा प्रयोग गरिने भाषालाई प्रादेशिक सरकारी कामकाजको भाषा भनिन्छ। भारतका राज्यहरूमा भाषा ऐनमार्फत् प्रादेशिक सरकारी भाषाहरू तोकिएका छन्।

(ग) समूह (समुदाय) को भाषा- यसले कुनै जातीय समुदायले वा यसभित्रको समूह तथा उपसमूहले प्रयोग गर्ने र जातीय पहिचानसमेत जनाउने भाषा बुझाउँछ। नेपालका अधिकांश भाषाहरू निश्चित जातिहरूले मात्र प्रयोग गर्दछन्। जस्तै दरईले दरई, कुमालले कुमाल र राजीले राजी भाषाको प्रयोग गर्ने गर्दछन्।

(घ) व्यापक सञ्चारको भाषा- सरकारी कामकाजका अतिरिक्त व्यापार तथा आम सम्पर्कका रूपमा प्रयोग गरिने भाषा।

(ङ) शैक्षिक भाषा- शैक्षिक क्षेत्रका विभिन्न तहमा प्रयोग गरिने भाषा नै शैक्षिक भाषा हो।

(च) साहित्यिक भाषा- साहित्यिक सिर्जना तथा गतिविधिमा प्रयोग गरिने भाषा साहित्यिक भाषाका रूपमा परिचित छ।

(छ) धार्मिक भाषा- धार्मिक गतिविधि वा पर्व तथा सांस्कृतिक संस्कारहरूमा प्रयोग गरिने भाषा नै धार्मिक भाषा हो।

(ज) प्राविधिक भाषा- अन्तर्राष्ट्रिय प्राविधिक तथा वैज्ञानिक साहित्य तथा गतिविधिको पहुँचका लागि प्रयोग गरिने भाषालाई प्राविधिक भाषा भनिन्छ।

(झ) अन्तर्राष्ट्रिय भाषा- अन्तर्राष्ट्रिय समुदायसँग सम्पर्क गर्नका लागि प्रयोग गरिने भाषा नै अन्तर्राष्ट्रिय भाषा हो।

नेपालको संविधानमा सरकारी कामकाजको भाषाका बारेमा व्यवस्था गरिएको छ। यो विषय स्तरगत योजनाको एउटा भाग हो। कुपर (१९८९ इ. : ९९-१०३) ले सरकारी कामकाजको भाषा संवैधानिक (वा कानुनी), कार्यात्मक (working) र साङ्केतिक गरी मूलतः तीन अर्थमा परिभाषित गर्न सकिने प्रस्ताव गरेका छन्। प्रथम, कैयन् मुलुकमा संविधानमा वा कानुनमा सरकारी कामकाजमा प्रयोग हुने भाषा भनेर तोकिएको र संरक्षित गरिएको हुन्छ। सरकारी कामकाजका माध्यममा, नोट तथा सिक्का छपाइमा, टिकट प्रकाशनमा, सार्वजनिक स्थलहरूमा सङ्केतको प्रयोग आदि कार्यका लागि भाषा प्रयोग गरिन्छ। दोस्रो, आयरल्यान्डमा १९३७ इ.मा आइरिस भाषा सरकारी कामकाजको भाषा र अङ्ग्रेजी दोस्रो सरकारी कामकाजको भाषा तोकिएको थियो तथापि समय क्रमसँगै अङ्ग्रेजी मूल रूपमा प्रयोग हुन थाल्यो भने आइरिस भाषा कानुनी रूपमा मात्र सरकारी कामकाजको भाषाका रूपमा सीमित रह्यो। भाषा सरकारी कामकाजमा प्रयोग हुन्छ भन्ने विषय संवैधानिक र कानुनी व्यवस्थाले मात्र निर्धारण नगरेर व्यावहारिक तहमा के-कसरी र कहाँ प्रयोग गरिएको छ भन्ने कुराले समेत निर्धारण गर्दछ। व्यावहारिक रूपमा कामकाजी भाषा उद्देश्यपूर्ण किसिमले निर्धारण गर्ने गरिन्छ। कुनै भाषा सरकारी कार्यालयहरूमा दिनानुदिन प्रयोग गरिँदा त्यो भाषा व्यावहारिक रूपमा नै सरकारी कामकाजी भाषाका रूपमा प्रयोग गरिएको हुन्छ। तेस्रो, भाषाको औपचारिक प्रयोग कहिलेकाहीं

साङ्केतिक रूपमा र भाषिक समुदायको परिचयसँग जोडिएर समेत हुने गर्दछ। इजरायल स्वतन्त्र भएपछि हिब्रु भाषाको प्रतिष्ठा स्वतः राष्ट्रिय पहिचानसँग जोडिएर आयो र हिब्रु भाषाको प्रयोग राष्ट्रिय प्रतिष्ठाको विषय बन्यो। यस भाषाको प्रयोगले राष्ट्रिय स्तरमा साङ्केतिक रूपमा कार्य गर्यो। यसरी भाषाहरूले राष्ट्रिय सङ्केतका रूपमा काम गर्दछन्।

३.१.२ संरचनागत योजना

भाषाको संरचनागत योजनाअन्तर्गत भाषाको लेखन पद्धतिको विकास, मानकीकरण, आधुनिकीकरण जस्ता अवधारणा भाषा योजनाका रूपमा परम्परादेखि नै छलफल हुँदै आएका छन्। (क) परम्परागत रूपमा संरचनागत योजनामा भाषालाई लेखन प्रणालीमा ढाल्नुलाई **लेखन पद्धति (Graphization) को विकास** भनेर परिभाषित गर्ने गरिन्छ। कथ्य रूपको भाषाका क्षेत्रीय तथा सामाजिक भेदहरूको चयन गरेर त्यसमध्ये कुनै एक भेदलाई आधुनिकीकरण गर्ने गरिन्छ। लेखन पद्धतिको विकाससँगै भाषालाई अन्य भाषासँग तुलना गर्न सकिने स्थिति सिर्जना हुने गर्दछ। (ख) **कोडीकरण-** बोलीचालीको भाषालाई लेखन पद्धतिमा रूपान्तरण गर्नु कोडीकरण हो। कोडीकरणले भाषालाई मानकीकरण गर्ने दिशामा आवश्यक सहयोग पुऱ्याउँछ। कोडीकरणमा मानकको चयन, चयन गरिएको भेदलाई वक्ताले चाहेअनुसारको विकास गरी त्यस भेदलाई निश्चित भाषिक कार्यहरू दिने प्रक्रिया हो (कुपर, १९८९ : १४४)। मानकीकरणमा चयनमा परेका भाषाका रूपलाई समुदायले स्वीकार गरी प्रयोग गर्ने र अर्को भेदलाई विस्थापन गर्ने स्थितिसम्मका प्रक्रियाहरू पर्दछन्। लेखन पद्धति स्थापित नभइसकेका भाषाहरूका हकमा लेखन पद्धतिको प्रस्ताव गर्नु मात्र पनि मानकीकरणको दिशातर्फ उन्मुख भएको मानिन्छ। **(ग) आधुनिकीकरण-** भाषालाई नव प्रविधिका क्षेत्रमा र सङ्गठनका विषयसँग आबद्ध गर्नुपर्दछ। भाषामा विज्ञान प्रविधिका क्षेत्र र अन्वेषणका क्षेत्रमा विशिष्ट शब्दावलीको प्रयोग गरिन्छ। त्यसकारण भाषाका यी क्षेत्रहरूमा प्रयोगको विस्तार गर्नु नै आधुनिकीकरण हो। धेरै भाषाहरूले प्राविधिक शब्दावलीलाई आफ्नै भाषामा निर्माण गर्ने योजनाबद्ध कार्यक्रमहरू गरेको पाइन्छ। यस कारण लेखन पद्धतिको प्रयोग गर्नु, शब्दहरूको निर्माण र विस्तार गर्नु संरचनागत योजनाभित्र पर्ने क्रियाकलापहरू हुन्। माथि चर्चा गरिएको स्तरगत योजना मूलतः राजनीतिक प्रकृतिको हुने गर्दछ भने संरचनागत योजना मूलतः भाषावैज्ञानिक विषय हो। स्तरगत योजनाको निर्णय मूलतः राजनीतिक नेतृत्वबाट हुने गर्दछ भने संरचनागत योजना तथा क्रियाकलापमा मूलतः भाषावैज्ञानिक सहभागी हुन्छन्।

भाषाको प्रयोग विस्तार गर्ने कार्य (Elaboration) ले मूलतः भाषाका कार्यहरूको विस्तार गर्ने गर्दछ। भाषाको कोडीकरण गरेपश्चात् भाषाले 'आधुनिक संसारका कार्यहरूको आवश्यकता पूरा गर्नुपर्ने हुन्छ। भाषाको शब्दभण्डार र शैलीमा भाषाका सांस्कृतिक आवश्यकतालाई परिपूर्ति गर्नुपर्ने हुन्छ। यसैगरी प्रतिष्ठा योजना (Prestige Planning) ले भाषालाई प्रतिष्ठा दिने गर्दछ र यसमा अलग क्रियाकलापहरू संलग्न हुन्छन्।

३.१.३ भाषा आर्जन (Acquisition Planning)

भाषा सिकाइले वक्ता, लेखक, श्रोता अथवा पाठकहरूजस्ता वक्ताहरूको सङ्ख्या वृद्धि गर्ने लक्ष्य राखेको हुन्छ (कुपर, १९८९ इ. : ३३)। सिद्धान्ततः भाषा आर्जनको उद्देश्य भाषा सिकाइ र पठनपाठन प्रक्रियालाई प्रेरित गर्नु रहेको हुन्छ। औपचारिक र अनौपचारिक सन्दर्भमा भाषा सिकाइमा अपनाइने पद्धति योजना बनाउने विषयसँग सम्बन्धित रहेको हुन्छ। यसमा शैक्षिक संस्थामा माध्यम भाषाको छनोट, मातृभाषालाई माध्यम भाषाका रूपमा राख्ने व्यवस्थाका साथै दोस्रो भाषालाई शैक्षिक कार्यक्रमहरूमा समावेश गर्ने विषयसमेत पर्दछन्।

बालबालिकालाई सिकाउने सबभन्दा उत्तम माध्यम उनीहरूको मातृभाषा हो भन्ने कुरा स्वयंसिद्ध छ भन्ने युनेस्को (१९५३ इ.) को कथन उल्लेखनीय छ। त्यसकारण बालबालिकालाई मातृभाषामा शिक्षा दिँदा सिकाइ प्रक्रिया प्रभावकारी हुन्छ। मातृभाषामा शिक्षा प्रदान गर्दा मानिसको बसाइँसराइ, अन्तर्भाषिक समूहबिचको विवाहका साथै सामाजिक, आर्थिक तत्त्वहरूका व्यवस्थापकीय पक्षहरूमा समेत विचार गर्नुपर्ने हुन्छ। बालबालिकाले दोस्रो भाषामा पठनपाठन गर्नुपर्दा विद्यालय छोड्ने दर (Drop out Rate) बढी हुने गर्दछ र उनीहरू औपचारिक परीक्षामा कम सङ्ख्यामा उत्तीर्ण हुने गर्दछन्। युनेस्कोले मातृभाषामा शिक्षा प्रदान गर्दा सिकाइमा पर्ने सकारात्मक प्रभावका बारेमा उल्लेख गर्ने गरेको छ। मातृभाषामा शिक्षा दिँदा विद्यालय जाने बालकको सङ्ख्या बढी हुने, अभिभावकहरूले बालबालिकाको सिकाइमा अन्तरक्रिया गर्ने र सिकाइ प्रभावकारी हुने, दोस्रो भाषाको पहुँच नभएका बालबालिकाहरू विद्यालय शिक्षा प्रणालीमा लामो समयसम्म रहने साथै एकभाषी बालबालिकाभन्दा बहुभाषी बालबालिकाको प्रभावकारी प्रकारले सोच्ने तरिकाको विकास हुनेजस्ता तथ्य युनेस्को र अन्य अध्ययनहरूले देखाउँछन् (कुमिन्स, २००० इ.)।

३.२ सरकारी कामकाजका लागि भाषा छनोटका आधारहरू

भाषा योजनासम्बन्धी अध्येताहरूले कुनै कार्यका लागि भाषा छनोट गर्दा भाषाको कार्यक्षमता (Efficiency) र निष्पक्षता (Fairness) गरी दुई मूल तत्त्वलाई अङ्गीकार गर्नुपर्ने (पुल,१९९१: ४९६) उल्लेख गरेका छन्। भाषाको कार्यक्षमतालाई प्रमुख मानिने भाषानीतिले (Efficient Language Policy) राज्यले आफ्नो भूभागभित्र बोलिने सबै भाषालाई सरकारी कामकाजमा प्रयोग गर्ने मान्यता दिन नसक्ने हुनाले निष्पक्ष हुन सक्दैन। अर्कातिर निष्पक्ष भाषानीति (Fair Language Policy) ले सबै भाषालाई सरकारी कामकाजको मान्यता दिन सके पनि प्रभावकारी हुन सक्दैन। धेरैजसो मुलुकमा सरकारी कामकाजको भाषा संविधान वा कानुनमा नै तोकिएको हुन्छ भने कतै परम्परागत रूपमा कामकाजी भाषा स्वतः स्थापित हुन्छ। क्यानडामा अङ्ग्रेजी र फ्रान्सेली कानुनतः सरकारी कामकाजका भाषा तोकिएका छन् भने संयुक्त राज्य अमेरिकामा अङ्ग्रेजी भाषा परम्पराबाट मात्र स्थापित भएको हो (गार्भिन, १९९३ इ.:४०)। भाषा छनोट एउटा जटिल समाजभाषावैज्ञानिक विषय हो र भाषा छनोटका सामाजिक, राजनीतिक र आर्थिक पाटाहरूसमेत हुने गर्दछन्।

यस सम्बन्धमा क्लोस (१९६६ इ. : ७) ले भनेका छन्, "कुनै देशमा धेरै भाषाहरूलाई एकैपटकमा बराबर हैसियत दिन सकिन्छ तर यसो गर्दा त्यस देशको प्रशासन तथा यस सम्बन्धित काममा आर्थिक भार बढ्न जान्छ र तीनभन्दा बढी भाषा प्रयोग भएमा त्यस्तो नीति चुस्त र प्रभावकारी हुन सक्दैन।" त्यसकारण भाषा योजनामा सबै भाषालाई समान हैसियत प्रदान गर्न सकिन्छ कि सकिँदैन भन्ने र यसरी धेरै भाषालाई सरकारी कामकाजको हैसियत दिँदा आर्थिक तथा व्यवस्थापकीय चाँजोपाँजो कसरी मिलाउने भन्ने प्रश्नहरू विचारणीय छन्।

सरकारी कामकाजको भाषा छनोटका आधारहरूका सम्बन्धमा मतैक्य छैन। विद्वान्हरूले सरकारी कामकाजको भाषा छनोटका धेरै आधारहरू प्रस्ताव गरेका छन्। पुल (१९९१ इ.) ले विभिन्न विद्वान्हरूका विचारहरूलाई आत्मसात् गर्दै सरकारी कामकाजको भाषा छनोटमा निम्न लिखित आधारहरू हुन सक्ने बताएका छन्। (फिसम्यान, १९७३ इ. : ६३-७१, पुल १९७६ इ., थोर्नबर्न १९७१ इ., भाइलान्कोर्ट १९८३ इ., उलार्ड १९८९ इ., जेरुन्ड र दास गुप्ता १९७१ इ.:१९९):-

(क) आधिकारिकता (Authenticity)- देशभित्र मूल थातथलो भएका भाषा तथा आदिवासीका भाषाहरूलाई प्रोत्साहन गर्ने।

(ख) विविधता (Diversity)- एकभन्दा बढी भाषालाई प्रश्रय दिने।

(ग) विशिष्टता (Distinctiveness)- समुदायको मौलिकता झल्काउने भाषाको प्रयोगमा विशेष जोड दिने।

(घ) सर्वव्यापकता (Universality)- सम्बन्धित भाषिक समुदायभन्दा बाहिरका अन्य समुदायले समेत प्रयोग गर्ने भाषाहरूलाई प्राथमिकता दिई त्यस्ता भाषा छनोट गर्ने।

(ङ) स्थायित्व (Stability)- विद्यमान भाषिक अधिकार तथा प्रचलित नियम कानुनमा स्थापित भएका भाषिक अधिकार तथा व्यवस्थालाई स्वीकार्ने।

(च) आधुनिकीकरण (Modernization)- भाषिक तथा साहित्यिक दृष्टिले सम्पन्न भाषाको प्रयोगलाई प्राथमिकता दिने।

(छ) लोकप्रियता (Populism)- सम्भ्रान्त वर्गका सीमित मानिसहरूले प्रयोग गर्ने भाषालाई भन्दा आम जनसमुदायले बोल्ने भाषालाई प्राथमिकता दिने।

(ज) प्रतिष्ठा (Prestige)- विकसित भइसकेका (विशेष प्रतिष्ठा प्राप्त) भाषाहरूलाई प्राथमिकता दिने।

जेरुन्ड र दास गुप्ता (१९७१ इ.:२०१) ले भाषा छनोटमा मूलतः तीन आधार हुने बताएका छन्। ती हुन्:- (क) सक्षमता (Efficiency), (ख) पर्याप्तता (Adequacy) तथा (ग) स्वीकार्यता (Acceptability)। यसै सन्दर्भमा रिगन (१९८३ इ. : १५०-१५१) ले सरकारी कामकाजका लागि भाषा छनोटका निम्न लिखित आधारहरूको चर्चा गरेका छन्:-

(क) जनसङ्ख्या - कुनै देशमा बोलिने भाषा, भाषाका वक्ताहरूको सङ्ख्या र वितरण।

(ख) भाषाप्रतिको धारणा - कुनै भाषाका वक्ताहरूको अन्य भाषाप्रति (स्थानीय वा बाहिरी) को धारणा।

(ग) राजनीतिक स्थिति - कुनै भाषाप्रतिको स्थानीय, क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासो।

(घ) भाषा विकास - आम सम्पर्क भाषाको उपस्थिति, स्थानीय भाषाको स्थिति, स्थानीय भाषामा प्राविधिक सामग्रीहरूको उपलब्धता र स्थानीय भाषामा शिक्षकहरूको उपलब्धता।

हाम्रा सन्दर्भमा पनि सरकारी कामकाजका लागि भाषा छनोटका आधारहरूबारे केही चर्चा गरिएको पाइन्छ। त्यससम्बन्धी केही सुझावहरू रेग्मी (२०१८ इ.) तथा भाषा आयोग (२०७४, २०७५ख) मा हेर्न सकिन्छ। भाषाको सङ्ख्या, भाषाको मानकीकरणको स्थिति, सरकारी कामकाजमा प्रयोग गरिने भाषाप्रतिको धारणा, राजनीतिक निर्णय तथा चासोजस्ता आधारहरू निश्चय नै महत्त्वपूर्ण हुन्छ। भाषा आयोगले प्रदेशमा भाषा बोल्ने वक्ताको सङ्ख्या, भाषिक पहिचान, लेखन प्रणाली, भाषाको स्तरीकरण, भाषाको स्वीकार्यता र भाषाको ऐतिहासिकतालाई सरकारी कामकाजको भाषा छनोट गर्ने आधारहरू हुने सिफारिस गरेको छ (भाषा आयोग, २०७५ख:४४)।

३.३ भाषानीति कार्यान्वयन

भाषानीतिको सफल कार्यान्वयन कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिकाजस्ता सरकारका प्रमुख अङ्गहरूमा प्रयोगको स्थितिमा भर पर्दछ। भाषानीति प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट किटान गरिएका लक्ष्य र दीर्घकालीन योजना आवश्यक हुन्छन्। रुबिन (१९८३ इ. : ३३०) ले भाषानीति कार्यान्वयन 'निरन्तर एकीकृत क्रियाकलाप हो' भनेर उल्लेख गरेका छन्। यसकारण भाषानीति कार्यान्वयन तत्कालै सम्पन्न हुँदैन। फिसमन (१९७४ इ. : २६) ले अन्य योजनामा जस्तै विगतमा भन्दा पनि भविष्यमा प्रभावकारी किसिमले भाषानीति कार्यान्वयनका लागि पनि निरन्तर मूल्याङ्कन र सुझावको आवश्यकता पर्दछ भनेका छन्।

भाषा प्रयोगका सम्बन्धमा भिन्नभिन्न प्रकारका निर्णय गरेर तथा आदेश दिएर कार्यपालिकाका कार्यमा संलग्न व्यक्तिहरूले भाषानीति लागु गर्दछन्। तिनीहरू फरकफरक उद्देश्यका लागि प्रयोग हुने गर्दछन्। भाषालाई सरकारी कामकाजको भाषाका रूपमा लिनु भनेको यसलाई आर्थिक अवसरसँग जोड्नुसमेत हो। सरकारले जारी गर्ने सूचना र आदेशद्वारा सङ्घ, प्रदेश तथा स्थानीय तहमा प्रयोग गरिने भाषा निर्धारण गरिन्छ। सरकारी कार्यालयले टिप्पणी आदेश, पत्राचार, विज्ञापनका साथै सार्वजनिक सूचना जारी गर्ने, सरकारी सेवा प्रवेश परीक्षा लिनेजस्ता काम गर्दा प्रयोग गर्ने भाषाको छनोटले कुन भाषा सरकारी कामकाजमा प्रयोग गरिन्छ भन्ने विषय निर्धारण गर्दछ। कम वक्ता भएका भाषाहरूलाई समेत भाषा ऐनको व्यवस्थामार्फत् सरकारी कामकाजमा खास प्रयोजनका लागि लागु गर्ने गरिन्छ।

भाषानीति कार्यान्वयन गर्नका लागि राज्यको मूल भूमिका रहन्छ। यसमा प्रशासन, भाषाविद्, भाषाका सन्दर्भमा कार्यरत स्वतन्त्र संस्था तथा व्यक्तिको समेत भूमिका रहन्छ। नेपालका

सन्दर्भमा भाषानीति सङ्घ, प्रदेशमा र स्थानीय तहमा लागु हुने स्थिति रहेको छ। संविधान, कानुन तथा नियम-विनियमहरूमा व्यवस्था गरिएका भाषानीतिका कार्यान्वयनका लागि आवश्यक संयन्त्र, पूर्वाधार तथा जनशक्तिको उचित व्यवस्थापन आवश्यक हुन्छ। सानो प्रशासनिक एकाइमा कार्यान्वयन सहज हुन्छ भने ठुलो प्रशासनिक एकाइमा जटिल हुन सक्छ।

३.३.१ संस्थागत संरचना

संवैधानिक व्यवस्थालाई प्रदेश र स्थानीय तहसम्म पुऱ्याउनका लागि भाषासम्बन्धी संस्थागत संरचनाको निर्माण गर्नु अनिवार्य हुन्छ। भारतमा भारतीय भाषा संस्थान, अस्ट्रेलियामा अस्ट्रेलियाको राष्ट्रिय भाषा संस्थानको स्थापनालाई उदाहरणका रूपमा लिन सकिन्छ। यस्ता संस्थाहरूले निम्नानुसारका कार्यमा संयोजन गर्दछन्: (क) राष्ट्रिय भाषाहरूको मानकीकरण, (ख) यी भाषाहरूमा तालिम सञ्चालन, (ग) वैज्ञानिक तथा प्राविधिक शब्दावलीको निर्माण, (घ) भाषानीति कार्यान्वयनको समग्र अनुगमन, (ङ) अनुवाद र (च) कार्यान्वयनको समीक्षा आदि (जयराम र राज्यश्री २००० इ. : २९)। संस्थागत संरचनाले अनुसन्धानबाट प्राप्त सुझाव तथा निष्कर्षहरूको प्रयोग गर्नुपर्ने हुन्छ। नेपालमा भाषाका क्षेत्रमा कार्यरत संस्थाहरूले नेपालका भाषाहरूको उत्थान, अभिलेखीकरण तथा अध्ययनसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिरहेका छन्। यी संस्थाहरूबिचको समन्वयका लागि समेत संस्थागत संरचनाको आवश्यकता रहेको छ।

माथि उल्लिखित कानुनी र संवैधानिक व्यवस्थालाई स्थानीय तहसम्म पुऱ्याउन र सङ्घ, प्रदेश र पालिकाहरूले भाषा सम्बन्धमा निर्माण गर्ने नियम, विनियम र कानुनी व्यवस्था लागु गर्न भाषा संयन्त्रको आवश्यकता पर्दछ। यस्ता भाषासँग सम्बन्धित संयन्त्र सरकारी वा गैरसरकारी पनि हुन सक्छन्।

३.३.२ पूर्वाधार विकास र प्रविधिको प्रयोग

नेपालका भाषालाई विविध क्षेत्रमा विस्तार गर्नका लागि ती भाषाहरूको अधिकतम प्रयोग गर्नुपर्ने हुन्छ। भाषाको प्रयोग क्षेत्र विस्तारका लागि ती भाषाहरूको यथेष्ट विकास हुनुपर्दछ। भाषालाई व्यापार, शिक्षा, राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्पर्क र विज्ञान तथा प्रविधि जस्ता सामाजिक क्षेत्रहरूमा समेट्न सक्दा तिनीहरूको प्रयोग स्वाभाविक रूपमा वृद्धि हुने गर्दछ। यस उद्देश्यका लागि भाषाका सामग्रीहरूको निर्माण गरिनु पर्दछ। नेपालका विभिन्न क्षेत्रमा बोलिने भाषा प्रयोगको क्षेत्र विस्तारका लागि र यी भाषाहरूको प्रयोग वृद्धिका लागि अनुसन्धान, तालिम र अन्य विविध कार्यक्रमहरू गरिनु पर्दछ। यसले भाषानीतिको प्रभावकारी कार्यान्वयनमा समेत टेवा पुऱ्याउँछ।

खण्ड - ख

प्रदेशगत भाषिक अध्ययन

प्रदेश नं. १ को भाषिक अध्ययन

विज्ञ समूह

श्री तिलविक्रम नेम्वाङ (बैरागी काइँला) : संयोजक

प्रा.डा. नोवलकिशोर राई

डा. कर्णाखर खतिवडा

डा. तारामणि राई

अध्याय - चार

प्रदेश नं. १ को भाषिक अध्ययन

४.१ विषय प्रवेश

प्रदेश नं. १ मा १०६ वटा भाषाहरू बोलिन्छन्। यो प्रदेश हिमाल, पहाड र तराईसम्म फैलिएको छ। यस प्रदेशमा झापा, इलाम, पाँचथर, ताप्लेजुङ, सङ्खुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, खोटाङ, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङ्गा र उदयपुर गरी जम्मा १४ वटा जिल्ला पर्दछन्। यस प्रदेशको पूर्वतर्फ भारतको पश्चिम बङ्गाल राज्य र दक्षिणतर्फ बिहार राज्य पर्दछन्। यसैगरी उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत र पश्चिमतर्फ प्रदेश नं. २ र प्रदेश नं. ३ पर्दछन्। यो प्रदेश ८६ डिग्री १ मिनेट र ८८ डिग्री ३ मिनेट पूर्वी देशान्तर र २८ डिग्री २ मिनेट र २६ डिग्री ३ मिनेट उत्तरी देशान्तरको बिचमा रहेको छ। यस प्रदेशको कुल क्षेत्रफल २५,९०५ वर्गकिलोमिटर तथा कुल जनसङ्ख्या ४५,३४,९४३ रहेको छ।

४.२ प्रदेशको भाषिक अवस्था

४.२.१ प्रदेशगत वितरण

प्रदेश नं. १ मा एक लाखभन्दा बढी वक्ता सङ्ख्या भएका १० वटा भाषा बोलिन्छन् भने प्रदेशको कुल जनसङ्ख्यामध्ये १ प्रतिशत वा सोभन्दा माथि वक्ता सङ्ख्या रहेका भाषाहरू १४ वटा रहेका छन्। प्रदेशको जनसङ्ख्यामध्ये १९,५३,३९६ (४३.०७) ले पहिलो भाषाका रूपमा नेपाली बोल्दछन् भने ५,०७,२७५ (११.१९%) ले मैथिली भाषा बोल्दछन्। त्यसैगरी लिम्बू ३,३१,६८५ (७.३१%), थारू १,७७,७८९ (३.९२%), तामाङ १,७७,६१३ (३.९२%), मगर १,४६,२५२ (३.२३%), बान्तावा १,३०,९८५ (२.८९%), उर्दू १,२५,६२५ (२.७७%), राजवंशी १२,२१,२९१ (२.६७%), राई १,२०,७९१ (२.६६%), नेवार/नेपाल भाषा ७७,५५९ (१.७%), चाम्लिङ ७५,०६१ (१.६५%), शेर्पा ६७,३०५ (१.४८%) र सन्थाली ४८,९२१ (१.०७%) वक्ता रहेको देखिन्छ। यस प्रदेशमा मूल रूपमा बोलिने मातृभाषाहरूको अवस्थिति र यस प्रदेशमा नेपाली, लिम्बू, मैथिली, बान्तावा, राई र शेर्पा भाषाहरूको वितरण तहका नक्साहरूमा तालिकामा प्रस्तुत गरिएको छ।

प्रदेश २
मातृभाषाहरुको अवस्थिति
चीन
भारत
बागमती प्रदेश
प्रदेश २
अन्तर्राष्ट्रिय सीमा
प्रदेश
स्थानीय तह
भोट बर्मेली
भारोपेली
आग्नेय
द्रविड
किमी.

प्रदेश २
मातृभाषाहरूको सघनता
चीन
प्रदेश २
बागमती प्रदेश
प्रदेश २
भारत
लिम्बु
1 Dot = 100
मैथिली
1 Dot = 100
बान्तवा
1 Dot = 100
राई
1 Dot = 100
शेर्पा
1 Dot = 100
नेपाली
1 Dot = 100
अन्तर्राष्ट्रिय सीमा
प्रदेश
स्थानीय तह
20 10 0 20 40 60 80
कि. मी.
86°5'40"E
87°16'0"E
88°26'20"E
27°13'20"N

प्रदेश नं. १ मा बोलिने माथि उल्लेख गरिएका भाषा तथा १% भन्दा कम वक्ता भएका अन्य भाषाहरूको विवरण अनुसूची (१) मा दिइएको छ।

राष्ट्रिय जनगणना २०६८ ले राई भाषालाई पनि अलग्गै सूचीकृत गरेको छ। प्रदेश नं. १ मा सबभन्दा बढी वक्ता सङ्ख्या भएको क्रम हेर्दा राई १० औँ स्थानमा आउँछ तर राई भाषा नभई जाति भएकाले यस भाषाको वक्ता कुन भाषिक समूहको हो भनेर जिज्ञासा उठ्नु अस्वाभाविक होइन। यस कुरालाई बुझ्न नेपाली समाजको बनोट र विशिष्ट किसिमको संरचनालाई नियाल्नुपर्छ। यादव जाति एउटा जाति भए पनि भूगोलअनुसार मैथिली, भोजपुरी र फरकफरक भाषा बोल्छन् (यादव, २०१४ इ.)। त्यस्तै गरी राई जाति एउटा भए पनि यसभित्र २५ वटा छुट्टाछुट्टै भाषाका रूपमा २०६८ सालको जनगणनामा सूचीकृत छन्। 'राई भाषा' भनेर सूचीकृत गरिएको भाषा बान्तावा हुन सक्ने देखिन्छ। वक्ताका आधारमा प्रदेश नं. १ मा १ देखि १० स्थानसम्म रहेका भाषाहरू तालिका ४.१ मा प्रस्तुत गरिएको छ।

तालिका ४.१: प्रदेश नं. १ का दसौँ स्थानसम्म रहेका भाषाहरू

क्र.स.	भाषा	वक्ता सङ्ख्या	प्रतिशत
१	नेपाली	१९,५३,३९६	४३.०७
२	मैथिली	५,०७,२७५	११.८
३	लिम्बू	३,३१,६८५	७.३१
४	थारू	१,७७,७८९	३.९२
५	तामाङ	१,७७,६१३	३.९१
६	मगर	१,४६,२५२	३.२२
७	बान्तावा	१,३०,९५८	२.८८
८	उर्दू	१,२५,६२५	२.७७
९	राजवंशी	१,२१,२९१	२.६७
१०	राई	१,२०,७९१	२.६६

(स्रोतः जनसङ्ख्या केन्द्रीय विभाग २०१३ इ. यादव २०१४ इ.)

(क) लिपि र लेख्य परम्परा

प्रदेश नं. १ का अधिकांश भाषाहरू कथ्य परम्परामा सीमित रहेका पाइन्छन्। यी भाषाहरूमा भाषाको पुस्तान्तरण मौखिक परम्पराबाटै हुँदै आएका कारण लेख्य परम्पराको लामो इतिहास देखिँदैन। लेख्य परम्परामा आएका भाषाहरूमध्ये अधिकांश भाषाहरू देवनागरी लिपिमा लेखिए पनि

केही भाषाहरू भने अन्य लिपिमा लेखिएका छन्। लिम्बू भाषाका लागि किरात अर्थात् सिरिजङ्गा लिपि, मैथिलीका लागि मिथिला, तिरहुता वा कैथी, शेर्पाका लागि सम्भोटा, लेप्चाका लागि रोङ, उर्दूका लागि अरबी, सन्थाल-सतारका लागि ओलचिकी वा ओल (ओल चेमेत) आदि प्रयोग भएको देखिन्छ। राई समूहभित्रका भाषाहरूमा अधिकांशले देवनागरी लिपिलाई अनुकूलन गरी प्रयोग गर्दै आएको पाइन्छ। केहीले भने किरात लिपिलाई नै प्रयोग गर्ने गरेको देखिन्छ।

(ख) मौखिक साहित्य र लोकवार्ता

यस प्रदेशमा बोलिने भाषाहरूका मौखिक साहित्य र लोकवार्ताहरू प्रशस्त छन्। पहाडी जिल्लाहरूमा बसोबास गर्ने राई जाति, लिम्बू, कोइँच-सुनुवार र याक्खा जातिमा मुन्दुम पाइन्छ। मुन्दुम एक किसिमको महाकाव्य हो। यो समग्रमा किरातीहरूको सृष्टि, प्रकृति, मानव समाज विकास, इतिहास, संस्कृति आदिसम्बन्धी दार्शनिक दृष्टिकोणको समुच्च रूप हो तर यो मूलतः मौखिक वाङ्मयका रूपमा रहेको पाइन्छ।

अन्य जातीय समूहहरूमा लोकगीत, लोकसाहित्य, लोककथा, मिथक, उखान-टुक्काहरू मौखिक साहित्यका रूपमा रहेका छन्। यिनीहरूको अभिलेखन गर्ने कार्य सरकारी एवम् गैरसरकारी सङ्घसंस्थाहरूले गर्दै आएको पाइन्छ। मौखिक परम्परामा रहेको मुन्दुमलाई सङ्कलन गरी प्रकाशन गर्ने कार्य पनि हुँदै आएको छ।

(ग) भाषाहरूको अभिलेखन, विकास र स्तरीकरण

भाषा योजनाअन्तर्गत संरचनागत योजना (Corpus Planning) पनि पर्दछ। भाषाको प्रयोग क्षेत्रमा विस्तार गर्नका लागि पाठयोजना निकै महत्त्वपूर्ण मानिन्छ। सरकारी कामकाजको भाषा छनोट गर्दा भाषामा भएका वा उपलब्ध सामग्रीहरूलाई समेत आधार मान्ने गरिन्छ।

संवत् २०६८ सालदेखि २०७४ सालसम्म भाषाविज्ञान केन्द्रीय विभागअन्तर्गत नेपालको भाषिक सर्वेक्षण सम्पन्न भएको थियो। यस क्रममा प्रदेश नं. १ का भाषाहरूको समाजभाषिक सर्वेक्षणहरू भएका थिए। त्यसपछि बाँकी केही भाषाहरूको सर्वेक्षण कार्यलाई भाषा आयोगले पुनः निरन्तरता दिएको छ भने अब लगभग प्रदेश नं. १ मा बोलिने र रैथाने मानिएका करिब ७३ भाषाहरूको समाज भाषावैज्ञानिक सर्वेक्षण सम्पन्न गरिएको छ। यस प्रदेशमा बोलिने करिब ४७ वटा भाषामा विद्यावारिधि तहको अनुसन्धान पूरा गर्दा र अन्य सन्दर्भमा गरेर व्याकरणहरू लेखिएका छन्। त्यसैगरी ४९ वटा भाषामा शब्दकोश निर्माण भएको देखिन्छ। भाषा आयोगका पहलमा हालसालै लुङखिम र वाम्बुले भाषाका व्याकरण लेखिएका छन्।

४.२.२ जिल्लागत वितरण

प्रदेश नं. १ मा १४ वटा जिल्लाहरूमध्ये १० वटा जिल्लामा नेपाली भाषा पहिलो स्थानमा रहेको

छ भने २ स्थान (ताप्लेजुङ र पाँचथर) मा लिम्बू भाषा पहिलो स्थानमा रहेका छन्। ताप्लेजुङ र पाँचथरमा नेपाली दोस्रो ठुलो भाषाका रूपमा रहेको छ भने इलाम, धनकुटा र तेह्रथुममा लिम्बू दोस्रो स्थानमा रहेको छ। मोरङ र सुनसरी जिल्लामा दोस्रो स्थानमा मैथिली भाषा रहेको छ। सङ्खुवासभा र ओखलढुङ्गामा तामाङ दोस्रो स्थानमा रहेको छ। अन्य बाँकी जिल्लाहरूमा क्रमशः भोजपुरमा बान्तावा, खोटाङमा चाम्लिङ, झापामा राजवंशी, उदयपुरमा मगर र सोलुखुम्बुमा शेर्पा दोस्रो स्थानमा रहेका छन्।

तेस्रो स्थानमा तामाङ सबभन्दा धेरै ४ वटा जिल्ला (पाँचथर, तेह्रथुम, भोजपुर र सोलुखुम्बु) मा देखिन्छ भने थारूले सुनसरी, मोरङ र उदयपुर गरी ३ जिल्लामा तेस्रो स्थान ओगटेको देखिन्छ। त्यसै गरी इलाम र धनकुटा जिल्लामा तेस्रो भाषाका रूपमा बान्तावा, ओखलढुङ्गा र खोटाङमा मगर, ताप्लेजुङ र सङ्खुवासभामा शेर्पा रहेका छन्।

तालिका ४.२: प्रदेश नं. १ मा रहेका जिल्लागत आधारमा १० भाषाहरू

क्र.स.	जिल्ला	पहिलो स्थानको भाषा र वक्ता सङ्ख्या	दोस्रो स्थानको भाषा र वक्ता सङ्ख्या	तेस्रो स्थानको भाषा र वक्ता सङ्ख्या
१	ताप्लेजुङ	लिम्बू (४८,१७५)	नेपाली (४७,६६४)	शेर्पा (१३,५७८)
२	पाँचथर	लिम्बू (९६,९६१)	नेपाली (६५,४०६)	तामाङ (१२,५१५)
३	इलाम	नेपाली (१,२४,३३८)	लिम्बू (४१,६३८)	बान्तावा (२४,२००)
४	झापा	नेपाली (४,५३,५३६)	राजवंशी (८३,३०३)	लिम्बू (४५,४८४)
५	मोरङ	नेपाली (३,६२,८९२)	मैथिली २,२८,२१५)	थारू (५७,४३९)
६	सुनसरी	नेपाली (२,२२,३९५)	मैथिली (२,२८,२१५)	थारू (५७,४३९)
७	धनकुटा	नेपाली (७१,०३४)	लिम्बू (२०,३१५)	बान्तावा (१५,६७७)
८	तेह्रथुम	नेपाली (५०,६३०)	लिम्बू (३४,९०९)	तामाङ (६,०८६)
९	सङ्खुवासभा	नेपाली (७३,३१२)	तामाङ (१३,९९८)	शेर्पा (१२,६२६)
१०	भोजपुर	नेपाली (८९,५४७)	बान्तावा (३५,८१४)	तामाङ (१३,६७७)
११	सोलुखुम्बु	नेपाली (३८,९३९)	शेर्पा (१७,८२६)	तामाङ (९,८९४)
१२	ओखलढुङ्गा	नेपाली (८५,६५०)	तामाङ (१३,५८५)	मगर (१३,१८९)
१३	खोटाङ	नेपाली (१०३,४१६)	चाम्लिङ (३४,१०५)	मगर (९,०९०)
१४	उदयपुर	नेपाली (१,६४,६३७)	मगर (३६,८७५)	थारू (२३,५५६)

स्रोतः राष्ट्रिय जनगणना (२०६८)

४.२.३ स्थानीय तहहरूमा भाषाको वितरण

१३७ स्थानीय तहहरूमध्ये पहिलो भाषाका रूपमा ९७ स्थानीय तहमा नेपाली भाषा बोलिन्छ भने १३ स्थानीय तहमा मैथिली र ११ वटा स्थानीय तहमा लिम्बू भाषा बोलिन्छ। दोस्रो भाषाका रूपमा हेर्दा ३३ वटा स्थानीय तहमा लिम्बू, २२ वटा स्थानीय तहमा नेपाली र १०/१० वटा स्थानीय तहमा मगर र थारू भाषा बोलिन्छन्। त्यसैगरी बान्तावा, तामाङ र शेर्पा ८/८ वटा स्थानीय तहमा तथा चाम्लिङ, राजवंशी र मैथिली ५/५ वटा स्थानीय तहमा बोलिन्छन् भने ४ वटा स्थानीय तहमा दोस्रो भाषाका रूपमा उर्दू भाषा बोलिन्छ। नाछिरिङ र सन्थाली २/२ स्थानमा ठुला भाषाका रूपमा रहेका देखिन्छन् भने बाँकी गुरुङ, राजस्थानी, राई, नेवार/नेपाल भाषा, बाहिङ (वायुङ), साम्पाङ, आठपहरिया, कुलुङ, दुङमाली, अङ्गिका, थुलुङ, लोहोरुङ, मेवाहाङ, याक्खा १/१ स्थानमा रहेका देखिन्छन्। प्रदेश नं. १ को स्थानीय तहमा पहिलो र दोस्रो स्थानमा रहेका भाषाको वितरण र सघनतालाई तालिका ४.३ मा हेरौँः

तालिका ४.३: प्रदेश नं. १ को स्थानीय तहमा पहिलो र दोस्रो ठुलो भाषा

क्र.स.	पालिका तहमा पहिलो स्थानको भाषा	स्थानीय तहमा सङ्ख्या	क्र.स.	पालिका तहमा दोस्रो स्थानको भाषा	स्थानीय तहमा सङ्ख्या
१	नेपाली	९७	१	लिम्बू	३३
२	मैथिली	१३	२	नेपाली	२२
३	लिम्बू	११	३	थारू, मगर	१०
४	बान्तावा	३	४	बान्तावा, तामाङ, शेर्पा	८
५	थारू, शेर्पा, राजवंशी, कुलुङ	२	५	चाम्लिङ, राजवंशी, मैथिली	५
६	चाम्लिङ, वाम्बुले, याम्फु, खालिङ, उर्दू	१-१	६	उर्दू	४
			७	नाछिरिङ, सन्थाली	२
				गुरुङ, राजस्थानी, राई, नेवार/नेपाल भाषा, बाहिङ (वायुङ), सम्पाङ, आठपहरिया, कुलुङ, दुङ्माली, अङ्गिका, थुलुङ, लोहोरुङ, मेवाहाङ, याक्खा	१-१

स्रोतः भाषा आयोग (२०७५)

४.३ भाषाहरूका सबल पक्ष, चुनौती र सम्भावना

४.३.१ सबल पक्ष

कुनै भाषाको सबल पक्ष भनेको त्यस भाषाको वक्ताको स्थितिगत विश्लेषणको समुच्च रूप हो। वक्ता सङ्ख्या एवम् तीन पुस्ताले तत्तत भाषा बोल्छन् कि बोल्दैनन्, पुस्तान्तरणको स्थिति के छ, भाषा प्रयोगको क्षेत्र विस्तार कुन रूपमा भइरहेको छ भन्ने कुरा हेरिन्छ। यस हिसाबले प्रदेश नं. १ का भाषाहरूमध्ये कम्तीमा आधा दर्जन भाषाहरू सबल देखिन्छन्। ती भाषाहरूको अभिलेखीकरण (शब्दकोश, व्याकरण) भएको पाइन्छ। तिनको समाजभाषावैज्ञानिक स्थितिको समेत अध्ययन र पहिचान भएको छ। साथै तिनको मातृभाषामा पठनपाठनसमेत भएको देखिन्छ।

४.३.२ चुनौतीहरू

भाषा पुस्तान्तरणको स्थितिले चुनौती मापन गर्न सहयोग गर्छ। नेपालीबाहेक प्रदेश नं. १ का अधिकांश भाषाहरूमा पुस्तान्तरण कमजोर हुँदै गइरहेको छ। भाषाका प्रयोग क्षेत्रहरू खुम्चिँदै गएका छन्। भाषालाई पहिचानको मुद्दाका रूपमा उठाइए पनि यसको सबलीकरणका लागि समुदायगत तहमा आवश्यक पहलकदमी लिने काम भएको देखिँदैन। मातृभाषी समुदायहरूले कार्यान्वयनमा चुनौती देखेका छन्।

४.३.३ सम्भावनाहरू

मौजुदा संविधानद्वारा प्रदत्त अधिकारलाई स्थानीय र प्रदेश सरकारले कार्यान्वयन गरे मात्र पनि मातृभाषाको संरक्षण, संवर्धन र विकासमा ठुलो टेवा पुग्ने देखिन्छ। यसका निम्ति संविधानले मार्गप्रशस्त गरेअनुरूप बहुभाषिक नीति तय गरी लागु गर्नुपर्छ।

४.४ सार्वजनिक सेवाका क्षेत्रमा भाषा प्रयोगको स्थिति

यस प्रदेशमा सार्वजनिक सेवाका क्षेत्रमा नेपालीबाहेक अन्य भाषाको प्रयोग भएको पाइँदैन तर मुलुक सङ्घीय संरचनाको अभ्यासमा गइसकेपछि लिम्बू भाषाको स्थानीय तहको वडास्तरमा सरकारी कामकाजको भाषाका रूपमा प्रयोगको आरम्भ भएको देखिन्छ।

४.५ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउनुपर्ने आधार

संविधानको जगमा टेकेर भाषा आयोगले प्रदेशमा सरकारी कामकाजको भाषा निर्धारणका लागि ३ वटा प्रमुख आधारहरू अगाडि सारेको छः- (१) वक्ताको सङ्ख्या, (२) भाषा प्रयोगको व्यापकता र (३) वक्ताको सङ्ख्याको सङ्कुचन वा विस्तार (रेग्मी, २०१८ इ.)।

(क) वक्ताको सङ्ख्या

नेपालको संविधानले पनि बहुसङ्ख्यकतालाई सरकारी कामकाजको भाषा निर्धारणको प्रमुख आधार मानेको छ। वि.सं.२०६८ को जनगणनाअनुसार नेपाली भाषाका अतिरिक्त प्रदेशभित्र बहुसङ्ख्यकले

बोल्ने मातृभाषाहरूको क्रमागत सूची बनाउन त सकिन्छ तर माथि उल्लेख गरिएको राईहरूको भाषासम्बन्धी अन्योल टुङ्ग्याउनु जरुरी देखिन्छ।

(ख) भाषा प्रयोगको व्यापकता

भाषाको छनोटको अर्को आधार भनेको भाषा प्रयोगको व्यापकता कस्तो छ भनेर हेरिनुपर्छ। यसभित्र कुनै भाषा एक वा एकभन्दा बढी भाषिक समूहले प्रयोग गर्ने वा नगर्ने, एकपालिका, एकभन्दा बढी पालिका वा प्रदेशभर प्रयोग भएको वा नभएको (घनत्वसमेत), शब्दकोश, लेख्य व्याकरण भए-नभएको र शिक्षा (आधारभूत/माध्यमिक/उच्च) मा प्रयोग भए-नभएको, सञ्चारमा प्रयोग भए-नभएको, भाषामा सामग्री प्रकाशित भए-नभएको, नेपालको जनगणना र भाषाको ऐतिहासिक अवस्थाजस्ता अन्य आधारहरू पनि हेर्नुपर्छ।

(ग) वक्ता सङ्ख्याको सङ्कुचन वा विस्तार

विभिन्न जनगणनामा प्रदेशगत भाषाहरूका वक्ताहरूको सङ्ख्याको विश्लेषण गरेर सङ्कुचन वा विस्तारको अवस्था निर्धारण गर्न सकिन्छ। साथै रैथाने हो या होइन भन्ने कुरालाई समेत ख्याल गरेर आधार मान्नुपर्ने हुन सक्छ। त्यसैगरी (ढकाल र खतिवडा, २०७५) मा पनि केही आधारहरू प्रस्ताव गरिएका छन्।

४.६ प्रादेशिक भाषा सङ्गोष्ठीबाट प्राप्त सुझावहरू

संविधानतः भाषा आयोगले गर्नुपर्ने कामहरूमध्ये सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारको पहिचान पनि हो। त्यसै क्रममा सरकारी कामकाजको भाषा निर्धारणका आधार विषयक सङ्गोष्ठीको आयोजना गर्नका लागि स्थानीय तहलाई भौगोलिक दृष्टिले सहज हुने र भाषिक रूपमा उपयुक्त हुने गरी तीन समूहमा विभाजन गरिएको थियो। यसअनुसार २०७५ बैशाख १९ गते इलाममा पहिलो सङ्गोष्ठी आयोजना गरियो। इलाममा आयोजित सङ्गोष्ठीमा झापा, इलाम, पाँचथर, ताप्लेजुङ तथा तेह्रथुम गरी पाँचवटा जिल्लाका विभिन्न स्थानीय तहका प्रमुख, उपप्रमुखहरूका साथै सरोकारवाला तथा विज्ञहरू गरी ५१ जनाको सहभागिता थियो। त्यसैगरी २०७६ बैशाख २२ गते मोरङ जिल्लाको विराटनगरमा सङ्गोष्ठीको आयोजना गरियो। उक्त सङ्गोष्ठीमा मोरङ, सुनसरी, धनकुटा, सङ्खुवासभा तथा उदयपुर गरी पाँचवटा जिल्लाका विभिन्न स्थानीय तहका प्रमुख, उपप्रमुखहरूका साथै सरोकारवाला तथा विज्ञहरू गरी ४० जनाको सहभागिता थियो। प्रदेश नं. १ को तेस्रो प्रादेशिक सङ्गोष्ठी २०७६ ज्येष्ठ ७ गते दिक्तेल (खोटाङ) मा आयोजना गरिएको थियो। यस सङ्गोष्ठीमा खोटाङ, सोलुखुम्बु, भोजपुर तथा ओखलढुङ्गा जिल्लाका १४ स्थानीय तहका प्रमुख, उपप्रमुख र अन्य सरोकारवालासहित जम्मा ३६ जना व्यक्तिहरूको सहभागिता रहेको थियो।

(अ) पहिलो सङ्गोष्ठी

पहिलो प्रादेशिक सङ्गोष्ठी इलाममा झापा, इलाम, पाँचथर, ताप्लेजुङ र तेह्रथुम जिल्लाका सहभागीहरूको

उपस्थितिमा २०७५ बैशाख १९ गते सम्पन्न भएको थियो। सो सङ्गोष्ठीमा विभिन्न सहभागीहरूबाट आफ्नो जिल्लाको भाषागत अवस्थाका बारेमा जानकारी गराउने कार्य भयो। पाँचथरमा फाल्गुनन्द गाउँपालिकामा मातृभाषा विषय अध्ययन अध्यापन भइरहेको, इलामको माङ्सेबुङ गाउँपालिकाको एउटा वडामा लिम्बू भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न थालिएको अर्थात् माङ्सेबुङको एउटा वडामा लिम्बू भाषा सरकारी कामकाजमा प्रयोग भइरहेको र यसका लागि कानुनी व्यवस्थासमेत गरिसकिएको जानकारी गराइयो। साथै यस गोष्ठीमा सातौं स्थानमा बान्तावा र दसौं स्थानमा राई उल्लेख भएकाले जनगणनामा त्रुटि रहेको उल्लेख गरियो। सोही क्रममा राई भाषाका अधिकांश वक्ताहरू बान्तावा नै भएकाले उक्त राईको तथ्याङ्क बान्तावाकै हुन सक्ने दाबीसमेत प्रस्तुत रह्यो।

(आ) दोस्रो सङ्गोष्ठी

दोस्रो प्रादेशिक सङ्गोष्ठी विराटनगरमा मोरङ, सुनसरी, धनकुटा, सङ्खुवासभा र उदयपुर जिल्लाका सहभागीहरूको उपस्थितिमा २०७६ बैशाख १२ गते सम्पन्न भएको थियो। यस सङ्गोष्ठीमा सहभागीहरूबाट भाषाको स्थानीय प्रयोगको स्थितिका साथै सरकारी कामकाजको भाषा छनोट गर्दा अत्यन्तै संयमित तथा बुद्धिमत्तापूर्ण निर्णय गर्न सकिए मात्र विभिन्न मातृभाषी वक्ताहरूको आत्मसम्मान बढ्नेजस्ता विचार र जानकारी प्राप्त भए। राजवंशी भाषाको वक्ता सङ्ख्या ४५०० हुँदा पनि राष्ट्रिय जनगणनामा समावेश नहुनु, केहीमा जाति र भाषिक समुदायका बिच अन्तर नछुट्याई भाषिक तथ्याङ्क लिइएको जानकारी त्यहाँ गराइयो। यस्ता सङ्गोष्ठीबाट मात्र सम्पूर्ण वस्तुस्थिति अवगत गर्न नसकिने भएकाले भाषा आयोगले प्रत्येक स्थानीय तहमा गएर अध्ययन गरी सुझावसमेत सङ्कलन गर्नुपर्ने राय दिने कार्य पनि भयो। त्यसैगरी मैथिली भाषामा पठनपाठन भइरहेको समेत जानकारी दिइयो।

(इ) तेस्रो सङ्गोष्ठी

तेस्रो प्रादेशिक सङ्गोष्ठी खोटाङमा खोटाङ, सोलुखुम्बु, भोजपुर र ओखलढुङ्गा जिल्लाका सहभागीहरूको उपस्थितिमा २०७६ जेठ ७ गते सम्पन्न भएको थियो। यस सङ्गोष्ठीमा मूलतः सरकारी कामकाजको भाषाका लागि बढी भाषाको स्थानीय प्रयोगको स्थितिका बारेमा जानकारी पाइयो। छलफलका क्रममा स्थानीय तहका प्रतिनिधिहरूबाट के-कस्ता अवस्थामा यी जिल्लाहरूमा कुन भाषाको प्रयोग गर्न सकिएला भन्ने केही सुझाव प्राप्त भए। सरकारी कामकाजको भाषाका लागि स्थानीय जनघनत्वलाई पहिलो प्राथमिकता दिनुपर्ने धारणा सङ्गोष्ठीमा व्यक्त भयो। केही संस्थाको पहलमा पठनपाठनका लागि पाठ्यसामग्री निर्माण गरेको रिपोर्टिङ भयो।

समग्रमा प्रदेशमा गरिएको सङ्गोष्ठीबाट यस प्रदेशका सन्दर्भमा सरकारी भाषा निर्धारणका निम्नानुसारका आधारहरू लिन सकिने सुझावहरू प्राप्त भएका छन्:

(क) अल्पसङ्ख्यक मातृभाषाका वक्ताहरू अन्यायमा पर्ने हुँदा स्थानीय तहको वडास्तरमा समेत सरकारी कामकाजको भाषा प्रयोग गरिनुपर्ने सुझाव दिइयो।

(ख) सिद्धिचरण नगरपालिकाका सबै वडाहरूमा बाहिङ भाषा सरकारी कामकाजमा प्रयोग गर्न र विद्यालयमा पढाउन सकिने अवस्था रहेको सहभागीहरूले बताउनुभयो।

(ग) तराईका केही जिल्लामा मात्र बोलिने भएकाले सङ्ख्याको मात्र आधार लिएर मैथिलीलाई प्रदेश नं. १ को सरकारी कामकाजको भाषा मैथिली तोकिएमा सबैले नबुझ्ने हुँदा जनसङ्ख्याका हिसाबले मात्र भाषा निर्धारण नगरियोस्; क्षेत्रगत र स्थानगत हिसाबले पनि सोचियोस् भन्नेसमेत सुझाव प्राप्त भयो।

(घ) महाकुलुङ क्षेत्रमा दलित, कार्की, क्षेत्रीलगायत सबैले कुलुङ बोल्ने भएकाले त्यस गाउँपालिकाको हकमा कुलुङ भाषालाई सरकारी कामकाजको भाषा तोकिनुपर्ने जानकारी गराइयो। साथै कुलुङ भाषामा कक्षा ५ सम्म पढाइ हुने कुराको समेत सहभागीबाट जानकारी गराइयो।

(ङ) भौगोलिक विकटतालाई हेर्ने कि नहेर्ने भनी प्रश्न गर्दै मैथिली तराईका ३ जिल्लामा मात्र बोलिने भएकाले सरकारी कामकाजको भाषाका लागि वक्ता सङ्ख्यालाई मात्र आधार मान्न नहुने र यस कुराको निर्क्योल गर्न व्यापक छलफल गर्नुपर्ने सुझाव दिइयो।

४.७ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस र कार्यान्वयनको स्थिति

४.७.१ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसको स्थिति

भाषा आयोगले अहिलेसम्म ४ वटा वार्षिक प्रतिवेदन (२०७४; २०७५; २०७६; २०७७) नेपाल सरकारलाई बुझाइसकेको छ। ती प्रतिवेदनहरूमा संविधानले दिएको दायित्वअनुसार भाषा आयोगले प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी निम्नलिखित सिफारिसहरू गरेको छ (भाषा आयोग, २०७७):

(क) प्रदेश र स्थानीय तहमा नेपालको सरकारी कामकाजको भाषा नेपाली भाषा र प्रदेश कानुनबमोजिम प्रदेशले निर्धारण गरेको सरकारी कामकाजको भाषाको संविधानसम्मत कार्यान्वयन हुनुपर्ने।

(ख) नेपाली भाषाका अतिरिक्त प्रदेश कानुनबमोजिम प्रदेशले सरकारी कामकाजको भाषा निर्धारण गर्नुपर्ने।

(ग) प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन प्रदेशमा बोल्ने वक्ताको सङ्ख्या, भाषिक पहिचान, भाषाको लेखन प्रणाली, भाषाको व्याकरण, शब्दकोश, प्रकाशित सामग्री, भाषाको स्वीकार्यता र भाषाको ऐतिहासिकताजस्ता सम्भाव्य सक्षमताका आधारहरू जानकारीमा लिनुपर्ने।

(घ) प्रदेशभित्रका अन्य भाषाहरूलाई संविधानका प्रावधानबमोजिम प्रदेश र स्थानीय तहमा सम्मानजनक स्थान दिनुपर्ने र प्रादेशिक भाषा प्रतिष्ठान गठन हुनुपर्ने।

(ङ) बहुभाषिक समाजको निर्माण र नेपाली भाषाका अतिरिक्त व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हकको प्रत्याभूति हुनुपर्ने।

(च) प्रदेश र स्थानीय तहमा भाषानीति एवम् भाषा ऐनको निर्माण गरिनुपर्ने।

४.७.२ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी कार्यान्वयनको स्थिति

४.७.२.१ सरकारी कार्यालयमा भाषा प्रयोगको स्थिति

नेपालको संविधानमा गरिएको व्यवस्थालाई प्रयोग गर्दै केही स्थानीय तहमा नेपाली भाषाबाहेकका भाषाहरूको प्रयोगको अभ्यास गरिएको छ तर सरकारका विभिन्न निकायका रूपमा स्थापित अड्डा,अदालत, पर्यटन र स्वास्थ्यलगायतका क्षेत्रहरूमा भने सो अभ्यास भएको पाइँदैन। हलेसी-तुवाचुङ नगरपालिकामा चाम्लिङ, वाम्बुले र तिलुङ भाषा प्रयोगका लागि डेस्क तयार गरिएको छ। कार्यालयको नामपाटी र लेटर हेडमा भाषाको प्रयोग गरी प्रचलनमा ल्याइएको छ।

४.७.२.२ शिक्षामा भाषा प्रयोगको स्थिति

प्रदेश नं. १ मा माध्यमका रूपमा अहिले पठनपाठनको स्थिति नभए पनि विषयका रूपमा भने केही भाषाहरूको पठनपाठन भइरहेको छ। सबैभन्दा व्यापक र धेरै ठाउँमा लिम्बू भाषाको पठनपाठन भएको पाइन्छ र यस भाषामा पाठ्यक्रम विकास केन्द्रबाट कक्षा ६-८ सम्मको पाठ्यपुस्तक निर्माण हुँदैछ।

(क) पाँचथर, इलाम, तेह्रथुम, धनकुटा, ताप्लेजुङलगायत पाँचथर जिल्लाको फाल्गुनन्द गाउँपालिकामा मातृभाषा विषय अध्ययन अध्यापन भइरहेको छ।

(ख) पाँचथरमा फाल्गुनन्द गाउँपालिकामा मातृभाषा विषय अध्ययन अध्यापन भइरहेको र इलामको माङ्सेबुङ गाउँपालिकाको एउटा वडामा लिम्बू भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गरिएको पाइन्छ।

(ग) किरात-राई समूहका भाषाहरूको हकमा पनि विषयका रूपमा आआफ्ना भाषिक भूगोलमा पठनपाठन भइरहेको छ, जसको विवरण निम्नानुसार दिइएको छः-

तालिका ४.४: राई समूहका भाषाहरूमा पाठ्यक्रम विकासको अवस्था

क्र.स.	भाषा	तह	मार्फत्
१	बान्तावा	१ देखि ५ कक्षासम्म	पाठ्यक्रम विकास केन्द्र
२	चाम्लिङ	१ देखि ५ कक्षासम्म	पाठ्यक्रम विकास केन्द्र
३	कुलुङ	१ देखि ५ कक्षासम्म	पाठ्यक्रम विकास केन्द्र
४	खालिङ	१ देखि ५ कक्षासम्म	पाठ्यक्रम विकास केन्द्र
५	लोहोरुङ	१ कक्षा	समुदाय र स्थानीय सरकार

क्र.स.	भाषा	तह	मार्फत्
६	थुलुङ	१ देखि ३ कक्षासम्म	समुदाय र स्थानीय सरकार
७	नाछिरिङ	१ देखि २ कक्षासम्म	समुदाय र स्थानीय सरकार
८	पुमा	१ कक्षा	समुदाय र स्थानीय सरकार
९	दुङमाली	१ कक्षा	समुदाय र स्थानीय सरकार
१०	मेवाहाङ	१ कक्षा	समुदाय र स्थानीय सरकार
११	कोयी	१ कक्षा	समुदाय र स्थानीय सरकार
१२	दुमी	१ कक्षा	समुदाय र स्थानीय सरकार
१३	साम्पाङ	१ कक्षा	समुदाय र स्थानीय सरकार

स्रोतः (राई, २०७६)

४.७.२.३ सञ्चार क्षेत्रमा भाषा प्रयोगको स्थिति

भाषा प्रयोगको महत्त्वपूर्ण क्षेत्र सञ्चार हो। प्रदेश नं. १ मा बोलिने भाषाहरूले सरकारी सञ्चार माध्यमहरूमा 'गोरखापत्र'को बहुभाषिक पृष्ठ, रेडियो नेपालको क्षेत्रीय प्रसारण र नेपाल टेलिभिजन इटहरीबाट केही अवसर पाएको देखिन्छ। सामुदायिक वा निजी क्षेत्रबाट सञ्चालित रेडियो एफएमहरूमा समेत केही भाषाहरूको कार्यक्रम प्रसारण भएको देखिन्छ।

४.८ निष्कर्ष र सुझाव

यस प्रदेशमा नेपालीबाहेकका सरकारी कामकाजमा प्रयोग गर्नका लागि केही भाषाहरूको छनोट गर्न सकिन्छ। सरकारी कामकाजमा भाषा छनोटको अर्को आधार चाहिँ भाषाको वितरण र सघनता हुन सक्छ। मैथिली भाषा तराईका जिल्लाहरूमा बोलिने हुनाले तिनीहरूलाई सरकारी कामकाजका केही क्षेत्रमा प्रयोग गर्न सकिने देखिन्छ। त्यसैगरी लिम्बू भाषालाई पहाडी जिल्लाहरूमा बोलिने हुनाले तिनीहरूको सघनता भएका जिल्ला तथा पालिकामा सरकारी कामकाजका केही कार्य दिन सकिन्छ। प्रकार्यअनुसार अल्पसङ्ख्यक र लोपोन्मुख भाषाहरूको पहिचान गरी भाषा अभिलेखनका कार्यहरूलाई अगाडि बढाउनुपर्ने देखिन्छ। त्यसैगरी जिल्ला तथा पालिकाहरूमा भाषाका वक्ताको स्थिति हेरेर सम्पर्क भाषा नेपालीसहित जिल्लागत, स्थानीय नगर वा गाउँपालिकामा अर्को कार्यालयीय भाषाका रूपमा प्रयोग हुन सक्ने गरी बहुभाषिक नीतिको अवलम्बन गर्नुपर्ने देखिन्छ। प्रदेशस्तरमा भाषा वितरणको भूगोल र सघनतालाई मध्यनजर गरेर नेपाली भाषाका अतिरिक्त मैथिली, लिम्बू, थारू, तामाङ, मगर, बान्तावा, उर्दू, राजवंशी र राई भाषालाई सरकारी कामकाजमा क्रमशः प्रयोग गर्ने गरी सिफारिस गरिन्छ।

प्रदेश नं. २ को भाषिक अध्ययन

विज्ञ समूह

प्रा. डा. योगेन्द्रप्रसाद यादवः संयोजक

डा. गोपाल ठाकुर

डा. रामस्वरूप सिन्हा

डा. डिल्लीराम रिमाल

श्री रामभरोस कापडी

अध्याय - पाँच

प्रदेश नं. २ को भाषिक अध्ययन

५.१ पृष्ठभूमि

प्रदेश नं. २ अन्तर्गत सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी ८ जिल्लाहरू पर्दछन्। यसको कुल क्षेत्रफल ९,६६१ वर्गकिलोमिटर रहेको छ। प्रदेशको पूर्वमा प्रदेश नं. १ तथा उत्तर र पश्चिममा बागमती प्रदेश रहेको छ। दक्षिणतर्फ भने भारतको बिहार प्रदेशअन्तर्गतका विभिन्न जिल्लाहरू पर्दछन्। प्रदेशको कुल जनसङ्ख्या ५४,०४,१४५ रहेको छ। यो प्रदेश जातीय, भाषिक, सांस्कृतिक र सामाजिक प्रचलन आदिका दृष्टिले विविधता भएको प्रदेश हो।

५.२ प्रदेशका भाषाहरू

नेपालको जनगणना २०६८ अनुसार प्रदेश नं. २ मा ८९ भाषाहरू बोलिन्छन् (भाषा आयोग, २०७५)। हालसालै बसाइँसराइ गरेका भाषाहरूलाई छाड्दा र अन्य प्रदेशमा मूल रूपमा बोल्ने भाषाहरूलाई समावेश नगर्दा यस प्रदेशमा मूलतः मैथिली, थारू (पुर्बिया), मगही, बज्जिका र भोजपुरी भाषा बोल्ने गरिन्छ। भारोपेली भाषा परिवारका यी पाँच भाषाहरूलाई यस प्रदेशमा बढी जनसङ्ख्या भएका भाषा मान्न सकिन्छ। यसका अतिरिक्त उर्दू भाषाका समेत यस प्रदेशमा उल्लेख्य वक्ता रहेका छन्।

यस प्रदेशमा मैथिली भाषाका वक्ताको सङ्ख्या ४५.२९ प्रतिशत रहेको छ। दोस्रो भाषाका रूपमा मैथिली भाषा बोल्नेको सङ्ख्या करिब ३५ प्रतिशत रहेको छ। यसरी मातृभाषा र दोस्रो भाषाका रूपमा करिब ८० प्रतिशत वक्ताहरूले मैथिली भाषा बोल्ने गर्दछन्। यस प्रदेशमा मगही भाषाका वक्ताको सङ्ख्या ३१,०४९ रहेको भए पनि नेपालमा मगही बोल्ने वक्ताहरूको मूल बसोबाससमेत यही प्रदेशमा रहेको छ।

तालिका ५.१ प्रदेश नं. २ का प्रमुख भाषाहरू

		मातृभाषा		दोस्रो भाषा	
क्र.स.	भाषा	वक्ता सङ्ख्या	प्रतिशत	वक्ता सङ्ख्या	प्रतिशत
१	मैथिली	२४४७९७८	४५.३०	१२७२६०	४.२१
२	भोजपुरी	१००३८७३	१८.५८	१३५०४५	४.४६
३	बज्जिका	७९१६४२	१४.६५	६०२४०	१.९९
४	नेपाली	३६०२७६	६.६७	१६०१६६४	५२.९३

		मातृभाषा		दोस्रो भाषा	
क्र.स.	भाषा	वक्ता सङ्ख्या	प्रतिशत	वक्ता सङ्ख्या	प्रतिशत
५	उर्दू	३१७०६०	५.८७	५२२०७	१.७३
६	थारू	२०३५७५	३.७७	२१७९६	०.७२
७	तामाङ	१०४९८४	१.९४	३३३९	०.११

स्रोतः जनगणना प्रतिवेदन (२०६८), केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं।

यस प्रदेशमा मूलतः भारोपेली भाषा परिवारका भाषाहरू बोलिन्छन्।

५.३ जिल्लागत वितरण

प्रदेश नं. २ मा मूलतः ३ वटा भाषा अधिक रूपमा बोलिन्छन्। प्रदेश नं. २ का जिल्लाहरूमा बोलिने पहिलो, दोस्रो र तेस्रो भाषाको विवरण तालिका २ मा दिइएको छः

तालिका ५.२: प्रदेश नं. २ का जिल्लाहरूमा बोलिने भाषा

क्र.स.	जिल्ला	पहिलो भाषा	दोस्रो भाषा	तेस्रो भाषा
१	सिराहा	मैथिली	नेपाली	उर्दू
२	धनुषा	मैथिली	नेपाली	मगही
३	सप्तरी	मैथिली	थारू	नेपाली
४	महोत्तरी	मैथिली	उर्दू	नेपाली
५	सर्लाही	बज्जिका	मैथिली	नेपाली
६	रौतहट	बज्जिका	उर्दू	नेपाली
७	बारा	भोजपुरी	नेपाली	थारू
८	पर्सा	भोजपुरी	नेपाली	मैथिली

स्रोतः जनगणना प्रतिवेदन (२०६८), केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं।

प्रदेश नं. २ को भाषिक भूगोल मूलतः ३ वटा क्षेत्रमा विभाजित छ। यस प्रदेशका पूर्वी ४ जिल्लामा मैथिलीको बाहुल्यता रहेको छ, सर्लाही र रौतहट जिल्लामा बज्जिकाको बाहुल्यता छ भने बारा र पर्सामा चाहिँ भोजपुरीको बाहुल्यता रहेको छ।

यस प्रदेशको पूर्वी भागबाट महोत्तरीसम्म मैथिली भाषाको बाहुल्यता रहेको छ। ४ जिल्लाको कुल जनसङ्ख्या २६,५८,९६९ मा मैथिली भाषाका वक्ताहरू २२,०६,९५१ रहेका छन्। यी ४ जिल्लामा मैथिली भाषाका ८० प्रतिशत वक्ताहरू रहेका छन्। सर्लाही र रौतहटमा रहेको

१४,५६,४५१ जनसङ्ख्यामा बज्जिका भाषाका ७,९१,२१९ (५४.३२%) वक्ताहरू रहेका छन्। त्यसै गरी बारा र पर्सा जिल्लामा रहेको कुल १२,८८,७२६ जनसङ्ख्यामा भोजपुरी भाषाका ९,६४,९२६ (७४.८७%) वक्ताहरू रहेका छन्। यस प्रदेशमा मूल रूपमा बोलिने मातृभाषाहरूको अवस्थिति र यस प्रदेशमा नेपाली, मैथिली, भोजपुरी र बज्जिका भाषाहरूको वितरण तलका नक्साहरूमा प्रस्तुत गरिएको छ।


प्रदेश २
मातृभाषाहरूको अवस्थिति
उ
बागमती प्रदेश
भोजपुरी
बिरगंज
गरुडा
बज्जिका
मगही
औरही
धनुषाधाम
मैथली
प्रदेश १
प्रदेश २
भारत
अन्तराष्ट्रिय सीमा
स्थानीय तह
भारोपेली
भोट बर्मेली
10 5 0 10 20 30 40
कि.मी.

प्रदेश २
मातृभाषाहरूको सघनता
बागमती प्रदेश
प्रदेश २
प्रदेश १
भारत
अन्तर्राष्ट्रिय सीमा
प्रदेश
स्थानीय तह
नेपाली 1 Dot = 500
भोजपुरी 1 Dot = 500
बज्जिका 1 Dot = 500
मैथिली 1 Dot = 500
20 10 0 20 40 60 80 कि. मी.
84°55'20"E
86°5'40"E
27°13'20"N
26°3'0"N

५.४ स्थानीय तहमा भाषा वितरण

प्रदेश नं. २ का स्थानीय तहमा बोलिने वक्ताका आधारमा ठुला भाषाहरूलाई तालिका ५.३ मा दिइएको छ। जिल्लागत तहमा नेपाली कुनै जिल्लामा पनि बहुसङ्ख्यक भाषा छैन तथापि ८ स्थानीय तहमा नेपाली भाषाका बहुसङ्ख्यक वक्ता रहेका छन्। स्थानीय तहमा मैथिली भाषा ७१ स्थानमा, भोजपुरी २७ स्थानमा र बज्जिका १६ स्थानमा प्रथम स्थानमा रहेका छन्। दोस्रो भाषाका रूपमा उर्दू ४५ वटा स्थानीय तहमा बोलिन्छ भने त्यसपछि मैथिली २३ वटा स्थानीय तहमा, नेपाली २१ वटा स्थानीय तहमा, थारू १९ वटामा, मगही ९ वटामा र बज्जिका ७ वटा स्थानीय तहमा बोलिन्छ।

तालिका ५.३ : प्रदेश नं २ का स्थानीय तहमा पहिलो र दोस्रो स्थानमा रहेका भाषा (सङ्ख्याका आधारमा)

क्र.स.	पालिकामा पहिलो स्थानमा रहेका भाषा	क्र.स.	पालिकामा दोस्रो स्थानमा रहेका भाषा
१	मैथिली- ७१	१	मैथिली- २३
२	भोजपुरी- २७	२	भोजपुरी- ३
३	बज्जिका- २७	३	थारू- १९
४	नेपाली- ८	४	नेपाली- २१
५	उर्दू- २	५	तामाङ- ५
६	थारू- १	६	उर्दू- ४५
		७	मगही- ९
		८	बज्जिका- ७
		९	भाषा नखुलेको- ३
		१०	सुनुवार- १

स्रोतः जनगणना प्रतिवेदन (२०६८), केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं।

५.५. भाषा अभिलेखीकरणको स्थिति

यस प्रदेशमा बोलिने भाषाहरूमध्ये मैथिली भाषाका वक्ताहरूले बोल्ने मैथिली भाषाको लामो लेख्य परम्परा रहेको छ। मैथिली भाषामा विश्वविद्यालयको स्नातकोत्तर तहसम्मको पठनपाठन हुन्छ। यस भाषाको समाज भाषावैज्ञानिक अध्ययन भएको छ (यादव, २०२१ इ.)। त्यसैगरी यस भाषाका विभिन्न पक्षमा अध्ययन भएका छन् (झा २००१ इ., यादव १९७९ इ., १९९६ इ., यादव २०७३)। भोजपुरी भाषामा पनि हालैका वर्षहरूमा सामग्रीहरू निर्माण हुँदै गएका छन् (लोहार, ठाकुर २०२१ इ.)। बज्जिका भाषामा नेपालमा तुलनात्मक रूपमा अध्ययन अनुसन्धानका काम

कम भएका भए पनि यस भाषाका केही सन्दर्भ ग्रन्थहरूसमेत पाइन्छन् (कश्यप २०१२ इ., कश्यप २०१४ इ.)। सप्तरिया थारूको व्याकरणको रूपरेखा तयार गरिएको छ मगही भाषामा नेपालमा काम कम भए पनि यसको लामो अध्ययन-अनुसन्धानको परम्परा रहेको छ। वक्ताको सङ्ख्याका आधारमा चौथो स्थानमा रहेको थारू भाषामा तुलनात्मक रूपमा कम अध्ययन भएका छन्। भाषा आयोगको पहलमा यस प्रदेशमा बोलिने मगही र बज्जिका भाषाको शब्द सङ्कलन कार्य सम्पन्न भएको छ भने मगही, भोजपुरी र बोटे भाषाको पाठ सङ्कलन कार्य भएका छन्।

५.६ विश्लेषण

यस प्रदेशमा सरकारी भाषासम्बन्धी तथ्याङ्क सङ्कलन गर्नका लागि सप्तरी, सिराहा, धनुषा र महोत्तरीमा, सर्लाही र रौतहटमा तथा बारा र पर्सामा गरी ५ समूहमा छलफल तथा अन्तरक्रिया सञ्चालन गरिएको थियो। सरकारी कामकाजमा भाषा छनोटका लागि छलफलबाट प्राप्त रायहरूलाई निम्नानुसारका बुँदामा समावेश गरिएको छः

५.६.१ प्रदेशमा भाषा प्रयोग गर्ने जनसङ्ख्या

(क) बहुसङ्ख्यक समुदायले बोल्ने र बुझ्ने भाषालाई सरकारी कामकाजको भाषा तोकिनु पर्दछ। ग्रामीण भेगका सेवाग्राहीलाई सेवा लिन र सेवा प्रवाहमा सजिलो बनाउन सहज हुने भाषालाई सरकारी कामकाजको भाषा तोकिनु पर्दछ।

(ख) भाषाभाषीको बहुलता र सञ्चारण क्षमतासमेतका आधारमा भाषालाई सरकारी कामकाजी भाषाका रूपमा सिफारिस गर्नु उपयुक्त हुन्छ। भाषाका वक्ता, भाषा प्रयोगको भौगोलिक अवस्था तथा क्षेत्रीय व्यापकता र त्यस भाषाको हालको प्रयोजनका आधारमा भाषालाई सरकारी कामकाजी भाषा तोकिनु पर्दछ।

(ग) यो प्रदेश बहुभाषिक प्रदेश भएका कारण एउटा मात्र भाषालाई सरकारी कामकाजको भाषा नबनाई प्राथमिकताका आधारमा एकभन्दा बढी भाषाको उपयोग गर्ने नीति लिनु उपयुक्त हुन्छ।

(घ) मैथिली भाषाको साहित्य र संस्कृति समृद्ध रहेको, यसमा शब्दकोश र व्याकरण भएको र सार्वजनिक सञ्चारका माध्यमहरूमा समेत यसको उपयोग भइरहेको हुनाले यस भाषालाई सरकारी कामकाजको भाषा बनाइनु पर्दछ। यस प्रदेशका अरू मातृभाषी समुदायले पनि यसै मैथिली भाषामा आफ्ना नियमित गतिविधि, व्यावसायिक तथा पेसागत कार्यहरू सञ्चालन गरिरहेको हुनाले यो भाषा सरकारी कामकाजको भाषा हुन हकदार छ।

(ङ) प्रदेशका प्रमुख अन्य भाषाहरूमा नेपाली भाषा, मगही भाषा, थारू भाषा, उर्दू भाषा, तामाङ भाषा, मगर भाषा र सम्पर्क भाषाका रूपमा प्रयोग भइरहेको हिन्दी भाषा समेतलाई कामकाजको भाषा तोक्दा सम्बोधन गर्नुपर्ने रायलाई सङ्गोष्ठीमा अघि सारिएको छ। यी भाषाहरू पनि ऐतिहासिकता, भाषिक पहिचान, लेखन प्रणाली, शब्दकोश तथा व्याकरणको

प्रयोग र स्वीकार्यताका दृष्टिले कामकाजी भाषा बनाउन सकिने धारणा प्राप्त भएका छन्। उल्लिखित भाषाहरूमा नेपाली भाषा संविधानतः प्रयोगमा रहेको छ र अरू भाषालाई उपयोग गर्ने रणनीति बनाइनुपर्दछ।

५.६.२ प्रदेशमा प्रयोग हुने भाषाको पहिचान

सरकारी कामकाजको भाषा निर्धारण गर्दा प्रयोग र भौगोलिकतालाई आधार बनाइनु पर्दछ। भाषिक समुदायको आवश्यकतासमेत हेरी भाषा निर्धारण गर्न आवश्यक छ। यस सन्दर्भमा यस प्रदेशमा पहिचान कायम गरिसकेका धेरै भाषाहरू रहेको पाइएको छ।

(क) अदालत र जनसम्पर्कका कार्यालयहरूमा मातृभाषाको प्रयोगमा प्राथमिकता दिइनु पर्दछ।

(ख) प्रदेशमा मैथिली भाषाको स्पष्ट पहिचान छ। यो भाषा लोक साहित्य र भाषिक प्रयोगका साथै सांस्कृतिक परम्पराका दृष्टिले लामो परम्परा भएको भाषा मानिन्छ। यस आधारमा सरकारी कामकाजको भाषा तोक्दा मैथिली भाषाले प्राथमिकता पाउनु पर्दछ। त्यस्तैगरी पहिचान कायम भएको दोस्रो भाषा भोजपुरी हो। यस भाषाको ऐतिहासिक पहिचान त्यत्तिकै लामो छ र लेखाइ पद्धतिका दृष्टिले थप अध्ययन तथा विकास आवश्यक छ। यस प्रदेशमा तेस्रो अधिक जनसङ्ख्याले प्रयोग गर्ने बज्जिका भाषाको ऐतिहासिकता पनि त्यत्तिकै लामो छ। सरकारी कामकाजी भाषा तोक्दा यी विषयहरू मनन गर्नुपर्दछ। पहिचान, इतिहास, साहित्य र लोक परम्परामा भाषाको उपयोग जस्ता पक्षहरूसमेतको विश्लेषण गरी अन्य बाँकी भाषाहरूको विकासका कार्यक्रम तयार गरी काम थालनी गर्नुपर्दछ।

५.६.३ प्रदेशमा प्रयोग हुने भाषाको लेखन प्रणाली

यहाँ सरकारी कामकाजको भाषा निर्धारणका आधारसम्बन्धी सङ्गोष्ठीमा प्राप्त भएका सुझावका आधारमा प्रदेशमा प्रयोग हुने भाषाको लेखन प्रणाली र त्यस भाषामा प्रयोग हुने लिपिसम्बन्धी विवरण समावेश गरिएको छ।

(क) यस प्रदेशमा बोलिने मैथिली भाषा मिथिलाक्षर, तिरहुता र कैथी लिपिमा लेखिन्छ। त्यसैगरी भोजपुरी भाषा कैथी लिपिमा लेखिन्छ। त्यसका अतिरिक्त अन्य भाषाहरू देवनागरी लिपिमा लेखिने प्रचलन रहेको छ।

(ख) प्रदेशमा मातृभाषाका रूपमा उपयोग हुने सबै भाषाको लेखन प्रणालीको विकास, आधुनिकीकरण, संरक्षण र संवर्धन गरिनु पर्दछ। प्रदेशमा सरकारी कामकाजको भाषा, शिक्षामा प्रयोग गर्ने भाषा, संरक्षणको भाषाजस्ता पक्षलाई सरकारका तीन तहले आवश्यक नीति तथा कानुन तयार गरी कार्यान्वयनमा लैजानु पर्दछ।

५.६.४ प्रदेशमा प्रयोग हुने भाषाको व्याकरण, शब्दकोश र प्रकाशित सामग्री

सरकारी कामकाजको भाषा निर्धारण गर्दा त्यस भाषाका उपलब्ध व्याकरण, शब्दकोश, प्रकाशित साहित्यिक सामग्रीहरू, सञ्चारमा भाषाको प्रयोग र स्थानीय समुदायको भाषा उपयोगको अवस्थासँग सम्बन्धित सुझावहरूलाई समावेश गरिएको छ।

(क) भाषिक सघनता, लिपि, शब्दकोश र व्याकरणको विकासको अवस्थालाई आधार बनाएर भाषा निर्धारण गर्नुपर्दछ। सरकारी कामकाजी बनाउँदा त्यस भाषाको समग्र स्थितिको जानकारी हुनु आवश्यक देखिन्छ। सरकारी कामकाज सञ्चालन गर्दा विभिन्न प्रकृतिका अभिलेख पनि सँगसँगै राख्दै जानुपर्दछ।

(ख) सरकारी कामकाजको भाषा लेख्न पढ्न मिल्ने र बोधगम्यता भएको हुनुपर्दछ। भाषामा बोलाइ र लेखाइमा फरक भएको देखिन्छ। त्यसैले यस्ता भाषाको व्याकरण सरल प्रकृतिको हुनुपर्दछ। व्याकरण निर्माणमा प्रयोगमा रहेका भाषाको कथ्य रूपलाई प्राथमिकता दिनुपर्दछ।

(ग) प्रदेशका बहुसङ्ख्यक जनताले बोल्ने र बुझ्ने भाषाको साहित्य, व्याकरण, शब्दकोश आदिका आधारमा सबल देखिएका भाषालाई सरकारी कामकाजको भाषा बनाइनु पर्दछ।

५.६.५ प्रदेशमा प्रयोग हुने भाषाको स्वीकार्यता

सरकारी कामकाजको भाषा निर्धारण गर्दा निर्धारण गरिएको भाषाको अधिकतम स्वीकार्यता हुने विषयमा सहभागीहरूबाट व्यक्त भएका सुझावहरू निम्नानुसार समावेश गरिएका छन्:

(क) बोधगम्यता र भाषिक सघनता अर्को पक्ष हो। यस आधारमा जुन भाषालाई प्रदेशका अधिकांश जनताले बुझ्दछन् र सञ्चारमा समेत बढी प्रयोग हुन्छ, त्यसैका आधारमा प्रदेश तथा स्थानीय तहका लागि सरकारी कामकाजको भाषा निर्धारण गरिनुपर्दछ।

(ख) प्रदेशमा बोलिने प्रमुख भाषाहरूलाई सर्वस्वीकार्य बनाउने रणनीति तयार गरी जनभाषाका रूपमा विकास गर्ने कार्यक्रम चाहिन्छ। पहिलो चरणमा विभिन्न कारण र आधारले सरकारी कामकाजी भाषाका रूपमा छनोट हुन नसक्ने भाषाहरूलाई दोस्रो भाषाका रूपमा प्रयोग गर्नेतर्फ प्रोत्साहन गर्नुपर्दछ। सिकाइमा प्रयोग गर्ने, व्यवहारमा प्रयोग गर्ने र अन्य क्षेत्रमा भाषा उपयोग गर्ने रणनीति बन्नुपर्दछ।

(ग) जुन भाषाले रोजगारीको अवसर प्रदान गर्दछ त्यसैलाई सरकारी कामकाजी भाषा बनाइनु पर्दछ।

(घ) भाषानीति तथा प्रतिष्ठान र भाषाकोशको व्यवस्था गरी थोरै वक्ता भएका भाषाको विकास र संरक्षणको काम गर्नुपर्दछ। सबै मातृभाषाको अवस्थाको विश्लेषण गरी संरक्षण तथा जीवन्ततासम्बन्धी कार्य गर्नुपर्दछ।

(ङ) सरकारी कामकाजी भाषा निर्धारण गर्दा त्यस भाषाको शिक्षामा प्रयोग, मानव स्रोत विकास, भौगोलिक क्षेत्रअनुसार भाषा वा भाषिकाका रूपमा प्रयोग भएको अवस्था आदिको सही जानकारी एवम् तथ्याङ्क स्थानीय तहले तयार गर्नुपर्दछ। भाषाको लिपि, शब्दकोश, व्याकरण, शिक्षामा प्रयोग र जनशक्तिसमेत सरकारी कामकाजको भाषा निर्धारणका आधार बन्न सक्छन् यसका लागि भाषाको अभिलेखीकरण पनि अर्को आधार हो।

(च) सङ्गोष्ठीहरूमा व्यक्त भएका विचार पक्षको अध्ययन गर्दा सरकारी कामकाजी भाषाको निर्धारण गर्दा चरणबद्ध रूपमा गर्नुपर्ने विचार आएका छन्। यस आधारमा पहिलो चरणमा मैथिली, भोजपुरी र बज्जिका भाषालाई कामकाजी भाषा तोक्नुपर्ने देखिएको छ। अन्य भाषाहरूको पनि त्यत्तिकै सम्भावना रहेका कारण सर्वसाधारण सबैले उपयोग गर्न सक्ने बनाउन तयारी थाल्नुपर्ने देखिएको छ।

५.६.६ प्रदेशमा प्रयोग हुने भाषाको ऐतिहासिकता

सरकारी कामकाजको भाषा निर्धारण गर्दा अपनाइएका विधि, प्रक्रिया र सङ्गोष्ठीहरूका विचारसमेतका आधारमा ऐतिहासिक पक्षलाई मुख्य आधार बनाएर भाषा निर्धारण गर्नुपर्ने भनी आएका सुझावहरू तल समावेश गरिएका छन्:

(क) भाषाको इतिहास, भाषाको वैज्ञानिक पक्ष र सांस्कृतिक पक्षका आधारमा सबल भाषालाई सरकारी कामकाजी भाषाका रूपमा तोकिनु पर्दछ।

(ख) भाषाको सांस्कृतिक पक्षसँग आर्थिक पक्ष जोडेर भाषाको विकासको काम गर्नुपर्दछ। यस कार्यले नै भाषाको शक्ति बढ्दछ।

(ग) मैथिली यस प्रदेशको सबैभन्दा पूरानो इतिहास भएको भाषा हो। यस भाषाको इतिहास ६ सय वर्ष पूरानो छ। यस्तै अवस्था अरू भाषामा छैन। यस आधारमा मैथिली भाषालाई सरकारी कामकाजमा उपयोग गर्नुपर्दछ।

(घ) मगहीभाषी समुदायले यो भाषा प्राचीन भाषाका रूपमा उल्लेख गरेको पाइएको छ। यस भाषाले ऐतिहासिक एवम् सांस्कृतिक महत्त्व पाएको छ।

(ङ) बज्जिका भाषा ऐतिहासिक रूपमा सम्पन्न भाषा हो। यस भाषाको साहित्य, व्याकरण र शब्दकोश लेखनको परम्परा लामो छ।

(च) प्राचीन सिम्रौनगढ राज्यको स्थापनापूर्व नै यस क्षेत्रमा भोजपुरी भाषाको प्रयोग थियो। राज्य भाषाका रूपमा यस भाषाले प्रयोग हुने अवसरसमेत पाएको थियो।

५.७ निष्कर्ष तथा सुझावहरू

उपर्युक्त आधारमा प्रदेश नं. २ को भाषा प्रयोग गर्ने जनसङ्ख्या, यहाँ प्रयोगमा रहेका भाषाहरूको ऐतिहासिकता, ती भाषाहरूको पहिचान, भाषासँग सम्बन्धित साहित्यिक सिर्जना, भाषामा विकास

गरिएको लेखन प्रणाली, व्याकरण र त्यसको उपयोगको अवस्था, शब्दकोश, लोक प्रचलनहरू, सांस्कृतिक रूपमा भाषाको उपयोग, भाषाको समकालीन उपयोग, भाषाबाट सिर्जित आर्थिक गतिविधि तथा रोजीरोटीको प्राप्तिमा भाषाले खेलेको र खेल्न सक्ने भूमिका एवम् अधिकांश समुदायले स्वीकार गर्न सक्ने अवस्थासमेतको विश्लेषणबाट देहायअनुसारका कार्य गर्नुपर्ने उपयुक्त भएकाले निम्नलिखित सुझावहरू समावेश गरिएको छः

(क) भाषाको अवस्था, उपयोगको सम्भावना र भाषाको ऐतिहासिकतासमेतका आधारमा भाषावैज्ञानिक पद्धतिको अनुसरण गरी सबै भाषाको यथार्थ पहिचान हुने किसिमको भाषिक सर्वेक्षण गर्नुपर्ने देखियो। सरकारी कामकाजको भाषाको छनोट गर्दा अबको जनगणनाको नतिजामा प्राप्त हुने तथ्यको ख्याल गरी सम्बन्धित भाषाको इतिहास, स्वीकार्यता, भाषिक सघनता, साहित्यिक अवस्था र सञ्चार गर्ने सक्षमतालाई आधार बनाइनु पर्दछ। सर्वेक्षणकर्ताहरू निष्पक्ष एवम् प्रभावरहित हुनुपर्दछ र सर्वेक्षणपछि पुनः सत्यापन आवश्यक छ।

(ख) प्रदेशले सरकारी कामकाजी भनेर छनोट गरेका भाषाहरू र यस प्रदेशमा प्रयोग भइरहेका अरू भाषाहरूलाई भविष्यमा प्रदेश र स्थानीय पालिकाहरूमा सरकारी कामकाजमा उपयोग गर्ने रणनीति र कार्यक्रम चाहिन्छ। तत्कालै सबै भाषालाई यथोचित सम्बोधन गर्न भाषानीति बनाई तीनओटै तहका सरकारहरूले सोअनुसार कार्यान्वयनको थालनी गर्नुपर्दछ।

(ग) प्रदेशमा भाषाको संरक्षण, संवर्धन र विकासको काम गर्न भाषा, साहित्य र संस्कृति प्रतिष्ठान गठन गरी भाषाको विकासमा लगाउनु पर्दछ। भाषाको जगेर्ना आजको आवश्यकता हो। यसलाई सफलीभूत गर्न थप प्रयत्न आवश्यक देखिएको छ। माथि विभिन्न कारणवश केही खास भाषाहरूलाई मात्र सरकारी कामकाज र शिक्षाका लागि छनोट गर्ने अवस्था आयो भने बाँकी रहेका भाषाहरूको विकासका लागि के गर्ने भनी निश्चित रूपमा मातृभाषीहरूबिच आशङ्काले जन्म लिइसकेको छ र यसको समाधान खोज्न प्रतिष्ठानले सहयोग गर्नेछ। प्रतिष्ठानले प्रदेशका भाषाहरूको तथ्यात्मक लगत राख्नेछ, त्यसको साहित्य, भाषा, संस्कृति, इतिहास र लोकसाहित्यको अध्ययन अनुसन्धान गराउनेछ।

(घ) सरकारले पनि प्राथमिकदेखि उच्च अध्ययनसम्म मातृभाषा शिक्षा नीति लिएर काम अगाडि बढाएको छ। अब त्यस शिक्षालाई प्रदेश सरकारले अनिवार्य सम्पादन गर्ने समय आएको छ। पाठ्यपुस्तक निर्माणमा प्रदेश सरकारले स्थानीय प्रभावलाई समेत समेटेर नयाँ पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्तक लेखन गराउनु पर्दछ। सरकारी कामकाज र शिक्षामा मातृभाषाको प्रयोगले मातृभाषा पढेर रोजगारी पाइँदैन कि भन्ने आशङ्का केही हदसम्म कम हुन जानेछ। सरकारी कामकाजका लागि स्वीकृत भाषा कार्यालयहरूमा प्रयोग हुन थालेपछि त्यसका विशेषज्ञ र ज्ञाताहरूलाई दोभासे, अनुवादक, शिक्षक र सरकारी सेवामा अवसरका लागि सहायक हुन सक्तछ।

(ङ) संविधानले यसरी स्पष्ट व्याख्या गरिसकेपछि प्रदेशमा सरकारी कामकाजको भाषा निर्धारण गर्ने बाटो खुलेको छ तर पनि प्रदेशबाट यो कार्य हुन सकेको छैन। प्रदेश नं. २ मा सबैभन्दा बढी बोलिने मैथिली र भोजपुरी भाषाहरू क्रमशः पहिलो र दोस्रो स्थानमा छन्। यदि सरकारी कामकाजमा एकभन्दा बढी भाषालाई लिने हो भने भोजपुरी भाषालाई छुटाउन सकिँदैन। वक्ता सङ्ख्याका साथै व्यावहारिकता समेतलाई ख्याल गरी उचित कारण र तथ्यका आधारमा अन्य भाषालाई पनि सरकारी कामकाजको भाषा बनाउन सकिन्छ।

(च) माथिका विभिन्न प्रकरणहरूमा उल्लेख गरेका आधार, तथ्य र स्वीकार्य धारणासमेतका आधारमा प्रदेशभित्र प्रयोगमा रहेका भाषाहरूमध्ये नेपाली भाषा प्रयोगमा रहेकाले समुदायको प्रयोगमा रहेका अन्य भाषाहरू मध्येबाट सरकारी कामकाजी भाषाका रूपमा एक वा एकभन्दा बढी भाषाको छनोट गर्नुपर्दा तत्काल प्रयोगको सम्भावनाका दृष्टिले माथि चर्चा गरिएका मैथिली, भोजपुरी र बज्जिका भाषाहरूलाई प्राथमिकताका क्रममा तीनओटै भाषालाई आवश्यक पूर्वाधार निर्माण गर्दै समानान्तर रूपमा प्रयोग गर्ने रणनीति तयार गरी सरकारी कामकाजमा उपयोग गरिने भाषाका रूपमा निर्धारण गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

(छ) प्रदेशमा अधिक जनसङ्ख्याले मैथिली भाषाको प्रयोग गरेको देखिए पनि यसको मानक तथा अभिलेखनमा प्रयोग हुने भाषाको रूप निश्चित गर्नु आवश्यक छ। त्यसैगरी भोजपुरी र बज्जिका भाषामा मौखिक परम्परा राम्रो छ र समुदायले रुचाएको पाइएको छ। यी भाषाको लेख्य रूप र अन्य आम प्रयोगमा लैजान आवश्यक पर्ने अन्य पूर्वाधारको विकासपछि कामकाजी भाषाका रूपमा उपयोग गर्न उपयुक्त हुने देखिन्छ।

(ज) स्थानीय समुदायको दैनिक व्यवहारमा प्रयोग भइरहेका भाषाहरूमा पहिचान, इतिहास, सामाजिक व्यवहार, सांस्कृतिक एवम् धार्मिक गतिविधिमा उपयोग हुने, आर्थिक गतिविधिमा समेत भूमिका निर्वाह गर्ने र भाषा प्रयोग गर्ने उल्लेख्य जनसङ्ख्या भएका आधारमा बज्जिका, मगही, उर्दू, थारू र तामाङ भाषाहरूलाई भविष्यमा सरकारी कामकाजी भाषा बनाउन तयारी थाल्नुपर्ने देखिएको छ।

(झ) हाल समुदायमा उपयोग भइरहेका भाषाहरूलाई सरकारी कामकाजको भाषा, सिकाइको माध्यमका रूपमा मातृभाषा, प्रदेशभित्र प्रयोगमा रहेका भाषाहरूलाई उपयोग गर्न दोस्रो भाषा प्रयोगसम्बन्धी नीति, ऐच्छिक विषयका रूपमा मातृभाषाहरूलाई माथिल्लो कक्षा तथा तहका लागि प्रोत्साहन गर्ने कार्यक्रमको तत्काल आवश्यक छ। बहुभाषिक नीति तथा कार्यक्रम र प्रयोग गर्न केन्द्रमा सङ्घीय भाषा उपयोगसम्बन्धी ऐन तथा सोसम्बन्धी कानुन र प्रदेश तथा स्थानीय पालिकाहरूमा पनि भाषाको उपयोगसम्बन्धी कानुन बनाई कार्यान्वयनमा ल्याउनुपर्ने देखिएको छ।

(ञ) माथि उल्लिखित सन्दर्भमा भाषा आयोगले सालबसाली रूपमा भाषाको प्रयोग, विकास, संरक्षण र संवर्धनका क्षेत्रमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई सुझावहरू दिइरहेको छ। उल्लिखित सुझावहरूको तत्कालै कार्यान्वयनको थालनी हुनु जरुरी देखिएको छ। यस प्रदेशमा नेपाली भाषाका अतिरिक्त मैथिली, भोजपुरी, बज्जिका, उर्दू र थारू भाषालाई क्रमशः सरकारी कामकाजमा प्रयोग गर्नका लागि सिफारिस गर्नु उपयुक्त हुन्छ।

बागमती प्रदेशको भाषिक अध्ययन

विज्ञ समूह

प्रा.डा. तेजरत्न कंसाकार - संयोजक

प्रा.डा. माधवप्रसाद पोखरेल

प्रा.डा. दानराज रेग्मी

प्रा.डा. चुन्दा वज्राचार्य

श्री अमृत योञ्जन तामाङ

अध्याय - छ

बागमती प्रदेशको भाषिक अध्ययन

६.१ पृष्ठभूमि

बागमती प्रदेश २०६८ सालको जनगणनाअनुसार प्रदेशगत रूपमा सबैभन्दा बढी मातृभाषाहरू सूचीकृत भएको प्रदेश हो। यस प्रदेशमा भारोपेली, चिनियाँ-तिब्बती, आग्नेय, द्रविड र अफ्रो-एसियाली भाषा-परिवारका भाषाहरू बोलिन्छन्। बागमती प्रदेश नेपालका अरू छवटा प्रदेश जस्तै एउटा बहुभाषिक प्रदेश हो।

करिब २०,३०० वर्गकिलोमिटर क्षेत्रमा फैलिएको र ५५,२९,४५२ कुल जनसङ्ख्या भएको बाग्मती प्रदेश नेपालको राजधानीसमेत भएको प्रदेश हो। वि.सं. २०६८ सालको जनगणनाअनुसार बागमती प्रदेशमा पहिलो भाषाका रूपमा ११३ वटा र दोस्रो भाषाका रूपमा ९९ वटा भाषाहरू बोलिन्छन् (भाषा आयोग, २०७५:२८०-८५) तापनि यसै प्रदेशमा खास थातथलो भएका भाषाको सङ्ख्या भने एक चौथाइभन्दा पनि कम छ। नेपालीबाहेक नेवार/नेपाल भाषाको लामो लेख्य परम्परा पनि यहाँ रहेको छ। तामाङ भाषा पनि लेखन पद्धतिमा अगाडि बढिरहेको छ। यी भाषाबाहेक अन्य भाषाहरू घरायसी बोलचालमा बाहेक शिक्षा र आम सञ्चारजस्ता भाषा प्रयोगका क्षेत्रमा खासै प्रयोग हुन सकेका छैनन्।

६.२ प्रदेशको भाषिक स्थिति

६.२.१ भाषिक परिवार

बागमती प्रदेशमा भारोपेली, चिनियाँ-तिब्बती, आग्नेय, द्रविड र अफ्रो-एसियाली जस्ता पाँच भाषा परिवारका भाषाहरू पाइन्छन्। एकल भाषा परिवारको कुसुन्डा भाषा पनि यस प्रदेशमा सूचीकृत भएको पाइन्छ। तालिका ६.१ मा भाषा परिवारको आधारमा बागमती प्रदेशका भाषाको वितरणलाई देखाइएको छ।

तालिका ६.१: भाषा परिवारको आधारमा बागमती प्रदेशका भाषाको वितरण

क्र.स.	भाषा-परिवार	भाषाको सङ्ख्या र प्रतिशत	वक्ता सङ्ख्या	वक्ता प्रतिशत
१	भारोपेली	४३ (३८.०५%)	३४,६७,६९६	६२.७%
२	चिनियाँ-तिब्बती	६४ (५६.६%)	२०,५०,५९१	३७.०८%
३	आग्नेय	१ (०.८%)	१८१	०.०%
४	द्रविड	१ (०.८%)	१५६	०.०%

क्र.स.	भाषा-परिवार	भाषाको सङ्ख्या र प्रतिशत	वक्ता सङ्ख्या	वक्ता प्रतिशत
५	अफ्रो-एसियाली	१ (०.८%)	१	०.०%
६	एकल भाषा	१ (०.८%)	८	०.०%
७	नाम नखुलेको	१ (०.८%)	५,७५४	०.१%
८	अन्य	१ (०.८%)	५,०६६	०.०९%
	जम्मा	११३ (१००%)	५५,२९,४५३	१००%

स्रोतः रेग्मी (२०२१ इ. क र ख) र पछिल्लो जनगणना)

तालिकाअनुसार सङ्ख्याका हिसाबले बागमती प्रदेशमा सबैभन्दा बढी चिनियाँ-तिब्बती भाषा परिवारका भाषा (५६.६%) रहेका छन्। दोस्रोमा भारोपेली परिवारका भाषा (३८.०५%) पर्दछन्। यस प्रदेशमा आग्नेय, द्रविड र एकल भाषा परिवारका एकएक वटा भाषामात्र बोलिन्छन्। नाम नखुलेको १ (०.०१%) र अन्य लेखिएका १ (०.०९%) भाषा रहेका छन्। यस प्रदेशमा अफ्रो-एसियाली भाषा परिवारको अरबी भाषा पनि सूचीकृत भएको पाइन्छ। भाषाको सङ्ख्याका हिसाबले भोट-बर्मेली भाषाहरू सबैभन्दा धेरै भए पनि वक्ताको सङ्ख्यामा भने भारोपेली भाषाको वर्चस्व रहेको छ। यस प्रदेशमा करिब दुईतिहाइ वक्ताले भारोपेली भाषाहरू बोल्दछन्।

६.२.२ वक्ताहरूको भाषागत अवस्था

यस प्रदेशमा नेपालीबाहेक सबैभन्दा बढी वक्ता सङ्ख्या भएको भाषामा तामाङ भाषा रहेको छ भने दोस्रो र तेस्रोमा क्रमशः नेवार/नेपाल भाषा र मगर रहेका छन्। १५ वटा भाषामा वक्ता सङ्ख्या १० भन्दा पनि कम रहेको पाइन्छ। यस प्रदेशमा १ देखि ९९ जनासम्म वक्ता सङ्ख्या भएका भाषाको सङ्ख्या ४५ (३९.८%) रहेको छ। यो नगण्य वक्ता सङ्ख्या हो। त्यस्तै गरी १०० भन्दा माथि र १००० भन्दा कम वक्ता सङ्ख्या भएका भाषाको सङ्ख्या "अन्य"सहित १८ रहेको छ। त्यस्तै गरी १००० भन्दा माथि ५००० भन्दा कम वक्ता सङ्ख्या भएका भाषा "नाम नखुलेको"सहित १५(१३.३%) रहेको छ। त्यस्तै गरी ५००० भन्दा माथि र १०,००० भन्दा कम वक्ता सङ्ख्या भएका भाषाको सङ्ख्या ६ रहेको छ। त्यस्तै १०,००० भन्दा माथि र १००,००० भन्दा कम वक्ता सङ्ख्या भएका भाषाको सङ्ख्या १२(१०.६%) रहेको छ। नेपालीको वक्ता सङ्ख्या ३१,७५,२४६ रहेको छ। सबै भाषामा गरी यस प्रदेशमा जम्मा वक्ता सङ्ख्या ५५,२९,४५२ रहेको छ।

६.२.३ भूगोलका आधारमा भाषा

यस प्रदेशमा मातृभाषाका रूपमा अन्य र नाम नखुलेकोसहित ११३ वटा भाषाहरू सूचीकृत भए पनि केही भाषाहरूको मूल थातथलो चाहिँ अन्य प्रदेशमा रहेको देखिन्छ। करिब एकचौथाइ

भाषाहरूलाई मात्र यस प्रदेशमा मूल थातथलो भएका भाषाका रूपमा लिन सकिन्छ। यी भाषाहरूमा तामाङ, नेवार/नेपाल भाषा, मगर, थारू, मैथिली, गुरुङ, चेपाङ, भोजपुरी, शेर्पा, दनुवार, थामी, सुनुवार, माझी, उर्दू, ह्योल्मो, दरई, राजस्थानी (मारवाडी), पहरी, कुमाल, बोटे, हायु, जिरेल र भोटभाषा जस्ता भाषाहरू पर्दछन्। काठमाडौं उपत्यकामा राई-किराती भाषीहरू धेरै लामो समयदेखि बसिआएका छन्। थारू, मैथिली र भोजपुरी जस्ता भाषाहरू मूल रूपमा तराईमा र शेर्पा, ह्योल्मो र तिब्बती मूलतः हिमाली क्षेत्रमा बोलिन्छन् भने तामाङ, नेवार/नेपाल भाषा, मगर, गुरुङ, चेपाङ, दनुवार, थामी, सुनुवार, माझीजस्ता भाषाहरू मध्य-पहाडी क्षेत्रमा बोलिन्छन्। यस प्रदेशमा मूल रूपमा बोलिने मातृभाषाहरूको अवस्थिति र यस प्रदेशमा नेपाली, नेवार/नेपाल भाषा, तामाङ भाषाहरूको वितरण तलका नक्साहरूमा प्रस्तुत गरिएको छ।


बागमती प्रदेश
मातृभाषाहरूको अवस्थिति
चीन
उ
गण्डकी प्रदेश
ह्योल्मो
हेलम्बु
तामाङ
दुप्चेश्वर
विगु
थामी
गौरीशङ्कर
सुरेल
बागमती प्रदेश
नेवारी
दनुवार
काठमाण्डौं
पहारी
पाँचखाल
खैरहनी
राक्सिराङ
दैरे
चेपाङ
गोदावरी
जिरी
जिरेल
नामे
गोकुलगङ्गा
कागते
भारत
प्रदेश १
माझी
मरिण
गोलन्जेर
हायु
प्रदेश २
अन्तराष्ट्रिय सीमा
प्रदेश
स्थानीय तह
भोट बर्मेली
भारोपेली
10 5 0 10 20 30 40
कि.मी.

बागमती प्रदेश
मातृभाषाहरूको सघनता
चीन
काठमाण्डौ उपत्यका
काठमाण्डौ
भक्तपुर
ललितपुर
गण्डकी प्रदेश
बागमती प्रदेश
प्रदेश २
भारत
अन्तर्राष्ट्रिय सीमा
प्रदेश
स्थानीय तह
नेवारी/नेपाल भाषा
1 Dot = 100
नेपाली
1 Dot = 100
तामाङ
0 5 10 20 30 40 कि. मी.
86°5'40"E
84°55'20"E
28°23'40"N
27°13'20"N

६.२.४ भाषाहरूको लेख्य परम्परा र लिपिहरू

नेपाली, अङ्ग्रेजी, बङ्गला, भोटभाषा र हिन्दीबाहेक यस प्रदेशमा मातृभाषाका रूपमा सूचीकृत भएका नेवार/नेपाल भाषा र मैथिली लामो लेख्य परम्परा भएका भाषा हुन्। नेवार/नेपाल भाषा देवनागरी र रञ्जना लिपिमा लेखिँदै आएको छ। नेवार/नेपाल भाषा र मैथिली भाषा लिखित साहित्यमा पनि निकै धनी छन्। नेपालीपछि सङ्ख्यामा दोस्रो रहेको तामाङ देवनागरी, तामहिग र सम्भोटा लिपि प्रयोग गरी लेखिएको पाइन्छ। मगर भाषा आक्खा, गुरुङ भाषा खेमा र रोमन, भोजपुरी र थारू देवनागरी, भोटभाषा सम्भोटा, लाप्चा-रोङ र लिम्बू-सिरिजङ्गा र देवनागरी लिपिमा लेखिएको पाइन्छ। गुरुङ भाषिक समुदायले २०६८ सालमा खे प्ह्री नाम गरेको लिपि विकास गरेको पाइएको छ (गुरुङ, २०६८)। खाम, घले, थकाली, छन्त्याल र भुजेलजस्ता भाषाहरू देवनागरी लिपिमा लेख्ने प्रयास गरिएको छ। ल्होवालाई सम्भोटा र देवनागरी लिपिमा लेखिँदै आएको पाइन्छ। मगर भाषा देवनागरी र आक्खा दुवै लिपिमा लेख्ने प्रयास गरिएको छ। मातृभाषामा पाठ्यपुस्तकहरू निर्माण गर्ने प्रयोजनका लागि भने सबै भाषामा देवनागरी लिपिलाई आवश्यकताअनुसार अनुकूलन गरी प्रयोग गरिएको छ। मगरले आक्खा लिपिको विकास गरिरहेका छन्। यस प्रदेशका धेरै भाषाहरू कथ्य रूपमा मात्र रहेका छन्।

६.२.५ मौखिक साहित्य र लोकवार्ता

यस प्रदेशमा प्रमुख भाषाका रूपमा रहेका तामाङ र नेवार/नेपाल भाषाहरू लोकगीत, लोककथा, उखान र टुक्काजस्ता मौखिक साहित्यमा धनी देखिएका छन्। संस्कृति, चालचलन, रीतिथिति र जीवनोपयोगी प्राविधिक ज्ञानसँग गाँसिएका गाथाहरू सबै भाषामा रहेका छन्। यिनीहरूको अभिलेखीकरण गर्ने कार्यमा सरकारी र गैरसरकारी सङ्गसंस्थाहरू लागेको पाइन्छ। हायु भाषाको पाठसङ्कलन गरिएको छ। मगर, थकाली, ल्होवा र भुजेलजस्ता भाषामा मौखिक साहित्यको सङ्कलन गरी प्रकाशित गरिएको छ। भाषा आयोगले पनि विभिन्न भाषाको पाठसङ्कलन गरिरहेको छ।

६.२.६ भाषाहरूको जीवन्तता, विकास र स्तरीकरण

यस प्रदेशमा नेपालीसहित सूचीकृत भएका केही भाषाहरूमा मात्र भाषा विकास र स्तरीकरणका लागि समाजभाषिक सर्वेक्षण, व्याकरण लेखन, शब्दकोश निर्माण, शब्दसङ्कलन, पाठसङ्कलन, आधारभूत तहका पाठ्यपुस्तक निर्माण र मातृभाषामा साक्षरता सामग्री निर्माणजस्ता कामहरू भएका पाइन्छन्।

वि.सं.२०६८ देखि २०७४ सालसम्म भाषाविज्ञान केन्द्रीय विभागअन्तर्गत सञ्चालित नेपालको भाषिक सर्वेक्षणले यस प्रदेशमा सूचीकृत भएका नेपालीलगायत तामाङ, नेवार/नेपाल भाषा, मगर, थारू, मैथिली, गुरुङ, चेपाङ, भोजपुरी, शेर्पा, दनुवार, थामी, सुनुवार, माझी, लिम्बू, उर्दू, दरई, जिरेल, लाप्चा, घले, कुमाल, डोट्याली, बोटे, चाम्लिङ, थकाली, हायु/वायु, बान्तावा, वाम्बुले, अवधी, राजवंशी, खाम, थुलुङ, धिमाल, कुलुङ, बज्जिका, भुजेल, छन्त्याल, याक्खा, खालिङ,

साम्पाङ, बैतडेली, सन्थाली, उराव, नाछिरिङ, ताजपुरिया, दुमी, अछामी, सुरेल, बझाङ्गी, खस, जेरुङ, लोहोरुङ, ल्होपा, बेलहारे, दुङ्माली, पुमा, मेचे, कोयी, आठपहरिया, काइके, दार्चुलेली, ब्याँसी, मेवाहाङ, छिलिङ, गनगाईं, राजी, तिलुङ, बाजुरेली, गढवाली, खाम्ची, कोचे, अङ्गिका र किसानजस्ता भाषामा समाजभाषावैज्ञानिक सर्वेक्षण पूरा गरी सङ्क्षिप्त प्रतिवेदन प्रकाशित भइसकेको छ (रेग्मी, २०२१ इ. क र ख)। मनाङे, राजस्थानी (मारवाडी) जस्ता भाषामा आयोगले समाजभाषिक सर्वेक्षण गराएको छ। स्वदेशी तथा विदेशी विद्वानद्वारा मगर, गुरुङ, भोजपुरी, थारू, नेवार/नेपाल भाषा, तामाङ, मैथिली, कुमाल, दरई, खाम, घले, थकाली, ल्होवा, भुजेल, बोटे, बराम र चेपाङजस्ता भाषामा व्याकरण लेखनको कार्य भइसकेको छ। त्यस्तै मगर, गुरुङ, भोजपुरी, नेवार/नेपाल भाषा, तामाङ, मैथिली, खाम, थकाली, ल्होवा, भुजेल, कुमाल, बराम र चेपाङजस्ता भाषामा शब्दकोशको निर्माण भएको पाइन्छ। त्यसैगरी मगर, गुरुङ, भोजपुरी, नेवार/नेपाल भाषा, मैथिली, थकाली, ल्होवा र भुजेलजस्ता भाषामा पाठसङ्कलन भएको पाइन्छ। मगर, भोजपुरी, थारू, नेवार/नेपाल भाषा, तामाङ, मैथिली, खाम, थकाली, ल्होवा, भुजेल, बोटे र बरामजस्ता भाषामा आधारभूत तहका लागि पाठ्यपुस्तक निर्माण भएका छन्। मगर, गुरुङ, भोजपुरी, थारू, नेवार/नेपाल भाषा, तामाङ, मैथिली, खाम, थकाली, ल्होवा जस्ता भाषामा साक्षरता सामग्री तयार भएका छन्। त्यसैगरी भाषा आयोगको पहलमा हालसालै डोने (दनुवार) भाषाको व्याकरण तयार गरिएको छ। पहरी भाषाको शब्दकोश निर्माण गरिएको छ भने कुमाल, डोने (दनुवार), सुरेल, हायु र थामी भाषाका शब्द सङ्कलनका कार्य सम्पन्न भएका छन्। त्यसैगरी सुरेल, हायु र थामी भाषाका पाठहरू सङ्कलन गरिएका छन्।

६.२.७ स्थानीय तह र जिल्लाहरूमा भाषाको वितरण र सघनता

नेपाली भाषाबाहेक वक्ताको सङ्ख्याका आधारमा क्रमागत रूपमा रहेका तामाङ, नेवार/नेपाल भाषा, मगर, थारू, मैथिली, गुरुङ, चेपाङ, भोजपुरीलगायतका भाषाहरू विभिन्न स्थानीय तहहरूमा सघनताका हिसाबले विभिन्न प्रकारले वितरित भएका छन्। तालिका २ मा बागमती प्रदेशका स्थानीय तहहरूमा वक्ताको सङ्ख्याका आधारमा क्रमागत रूपमा आठौं क्रमसम्म पर्ने भाषाहरूको वितरण दिइएको छः-

तालिका ६.२: बागमती प्रदेशका स्थानीय तहहरूमा वक्ताको सङ्ख्याका आधारमा क्रमागत रूपमा आठौँ क्रमसम्म पर्ने भाषाहरूको वितरण

क्र.स.	भाषा	क्रमागत रूपमा सबैभन्दा बढी वक्ता सङ्ख्या भएका भाषा र स्थानीय तहहरू				
१	तामाङ	काठमाडौं म.न.पा. (५६,४८१)	हेटौंडा उप म.न.पा. (४०,५०५)	बकैया गाउँपालिका (२८,९७३)	गोकर्णेश्वर नगरपालिका (२८,५४९)	बागमती गाउँपालिका (१८,४२३)

क्र.स.	भाषा	क्रमागत रूपमा सबैभन्दा बढी वक्ता सङ्ख्या भएका भाषा र स्थानीय तहहरू				
२	नेवार/ नेपाल भाषा	काठमाडौं म.न.पा. (१,८६,५७४)	ललितपुर म.न.पा. (१,००,७०५)	भक्तपुर नगरपालिका (६३,२८७)	मध्यपुर थिमी नगरपालिका (३०,३२७)	कीर्तिपुर नगरपालिका (२३,२०८)
३	मगर	तीनपाटन गाउँपालिका (११,८६१)	काठमाडौं म.न.पा. (११, ८०५)	दुधौली नगरपालिका (६०२५)	ललितपुर म.न.पा. (४,९५८)	रामेछाप नगरपालिका (४,७८५)
४	थारू	भरतपुर म.न.पा. (१४,७५६)	खैरहनी नगरपालिका (१४,४६४)	रत्ननगर नगरपालिका (११,६४२)	माडी नगरपालिका (९,२२८)	कालिका नगरपालिका (५,२४४)
५	मैथिली	काठमाडौं म.न.पा. (२८,३२६)	ललितपुर म.न.पा. (९,९३४)	हेटौंडा उप म.न.पा. (२,३५५)	भरतपुर म.न.पा. (२,१३२)	मध्यपुर थिमी नगरपालिका (१,६२७)
६	गुरुङ	काठमाडौं म.न.पा. (१२,७५१)	भरतपुर म.न.पा. (१२,०११)	नीलकण्ठ नगरपालिका (३,६१७)	टोखा नगरपालिका (२,६२७)	ललितपुर म.न.पा. (२,६१४)
७	चेपाङ	राक्सिराङ गाउँपालिका (९,४२३)	रासी नगरपालिका (८,९७५)	कैलास गाउँपालिका (३,४५१)	मनहरी गाउँपालिका (२,२३७)	हेटौंडा उप म.न.पा. (५९७)
८	भोजपुरी	काठमाडौं म.न.पा. (१५,९५२)	भरतपुर म.न.पा. (४,७३७)	ललितपुर म.न.पा. (४,२४०)	हेटौंडा उप म.न.पा. (३,७८१)	रत्न नगर नगरपालिका (१,८६३)

स्रोतः भाषा आयोग (२०७५) र केन्द्रीय तथ्याङ्क विभाग (२०१२ इ.)

तालिकामा दिइएअनुसार तामाङ, नेवार/नेपाल भाषा, मैथिली, गुरुङ र भोजपुरी भाषाका सबैभन्दा बढी वक्ता काठमाडौं महानगरपालिका रहेको पाइन्छ भने मगर भाषाका तीनपाटन गाउँपालिका, थारू भाषाका भरतपुर महानगरपालिका र चेपाङ भाषाका राक्सिराङ गाउँपालिकामा सबैभन्दा बढी वक्ता रहेको पाइन्छ। त्यस्तै गरी तामाङभाषीको हेटौंडा उपमहानगरपालिका सङ्ख्यात्मक हिसाबले दोस्रो, बकैया गाउँपालिका तेस्रो र गोकर्णेश्वर नगरपालिका चौथो र बागमती गाउँपालिका पाँचौंमा पर्दछन्।

यस प्रदेशमा निश्चित भाषाहरूका वक्ताहरू निश्चित जिल्लाहरूमा मात्र सघन रूपमा रहेका पाइन्छन्। धादिङ, दोलखा, काभ्रेपलान्चोक, नुवाकोट, रामेछाप, सिन्धुली र सिन्धुपाल्चोक जिल्लामा नेपाली भाषापछि तामाङ पहिलो स्थानमा रहेको छ। मकवानपुर र रसुवा जिल्लामा त नेपाली भाषा नै दोस्रो स्थानमा रहेको छ। त्यस्तै गरी भक्तपुर र चितवनमा तामाङ दोस्रो स्थानमा रहेको छ। काठमाडौं र ललितपुरमा नेपालीपछि नेवार/नेपाल भाषा पहिलो स्थानमा रहेको छ भने काभ्रेपलान्चोक, रामेछाप र सिन्धुपाल्चोकमा नेवार/नेपाल भाषा दोस्रो स्थानमा रहेको छ। तलको तालिकामा यस प्रदेशअन्तर्गतका विभिन्न जिल्लाहरूमा रहेका केही प्रमुख भाषाहरूको क्रमागत स्थिति दिइएको छः

तालिका ६.३: बागमती प्रदेशका जिल्लाहरूमा रहेका केही प्रमुख भाषाहरूको क्रमागत स्थिति

क्र.स.	जिल्ला	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं
१	भक्तपुर	नेवार/नेपाल भाषा (१,२६,५९२)	तामाङ (२३,८३४)	मैथिली (३,३४०)	मगर (१,५०२)	भोजपुरी (१,४३९)
२	चितवन	थारू (५८,९१३)	तामाङ (२८,५४१)	चेपाङ (२१,५३६)	गुरुङ (१६,३८९)	भोजपुरी (९,६६८)
३	धादिङ	तामाङ (६७,१७०)	चेपाङ (८,४४९)	गुरुङ (७,०५९)	मगर (६,४६१)	नेवार/नेपाल भाषा (३,१०४)
४	दोलखा	तामाङ (२९,५५८)	थामी (१४,८६८)	शेर्पा (८,४९९)	जिरेल (४,२५८)	नेवार/नेपाल भाषा (३,६५०)
५	काठमाडौं	नेवार/नेपाल भाषा (२९५,४३९)	तामाङ (१४४,४९१)	मैथिली (३६,९२९)	गुरुङ (२१,६१५)	मगर (२१,४८६)
६	काभ्रेपलान्चोक	तामाङ (१,२७,९२७)	नेवार/नेपाल भाषा (४२,५४२)	दनुवार (६,१५६)	मगर (५,३७७)	माझी (१,३७४)
७	ललितपुर	नेवार/नेपाल भाषा (१,३८,९३८)	तामाङ (५३,०८८)	मैथिली (११,९०५)	मगर (६,८३३)	राई (४,९८८)
८	मकवानपुर	तामाङ (१,९०,४७२)	नेपाली (१७६,०५९)	नेवार/नेपाल भाषा (१६,८८३)	चेपाङ (१६,०३६)	मगर (५,६७०)
९	नुवाकोट	तामाङ (१,१०,८४०)	नेवार/नेपाल भाषा (५,५१९)	लाप्चा (२,४८९)	कुमाल (१,१९०)	राई (१,०९९)
१०	रामेछाप	तामाङ (३६,९०१)	नेवार/नेपाल भाषा (१३,८८९)	मगर (१०,४१४)	सुनुवार (७,४९४)	माझी (४,२५२)
११	रसुवा	तामाङ (२९,१६८)	नेपाली (११,६५९)	भोटभाषा (७४३)	गुरुङ (६६९)	नेवार/नेपाल भाषा (३१९)
१२	सिन्धुली	तामाङ (७७,०६३)	मगर (३२,१००)	दनुवार (१६,९४१)	नेवार/नेपाल भाषा (६,९६१)	माझी (४,८८७)
१३	सिन्धुपाल्चोक	तामाङ (९३,८०९)	नेवार/नेपाल भाषा (१७,०१७)	शेर्पा (७,६९४)	ह्योल्मो (४,७७८)	दनुवार (३,४७८)

स्रोतः भाषा आयोग (२०७५) र केन्द्रीय तथ्याङ्क विभाग (२०१२ इ.)

तालिकाअनुसार धादिङमा चेपाङ दोस्रो स्थानमा छ भने सिन्धुलीमा मगर दोस्रो स्थानमा रहेको छ। भक्तपुरमा मैथिली तेस्रो, चितवनमा चेपाङ तेस्रो र धादिङमा गुरुङ, दोलखा र सिन्धुपाल्चोकमा शेर्पा तेस्रो स्थानमा रहेका छन्। काभ्रेपलान्चोक र सिन्धुलीमा दनुवार तेस्रो स्थानमा रहेको पाइन्छ। रसुवा, चितवन र काठमाडौंमा गुरुङ चौथोमा रहेको पाइन्छ। नुवाकोटमा कुमाल, धादिङ, काभ्रेपलान्चोक, भक्तपुर र ललितपुरमा मगर चौथो स्थानमा रहेका छन्। रामेछापमा सुनुवार र सिन्धुपाल्चोकमा ह्योल्मोभाषीको सघन बसोबास रहेको छ।

६.२.८ सार्वजनिक सेवाका क्षेत्रमा भाषा प्रयोगको स्थिति

यस प्रदेशमा प्रदेश सभा, पालिका (स्थानीय) सभा, प्रदेश अदालत, जिल्ला अदालत, प्रदेश प्रशासन, सुरक्षा निकाय, स्थानीय तहको प्रशासन, प्रहरी प्रशासन र शिक्षासम्बन्धी कार्यालयहरूमा सरकारी कामकाजको भाषाका रूपमा नेपाली भाषाको प्रयोग भएको पाइन्छ। निजी आवासीय विद्यालयमा शिक्षणको माध्यम भाषाका रूपमा नेपाली र अङ्ग्रेजी प्रयोग भएको पाइन्छ भने उच्च शिक्षा र प्राविधिक शिक्षामा शिक्षणको माध्यम भाषाका रूपमा अङ्ग्रेजी प्रयोग भएको पाइन्छ। अनौपचारिक शिक्षामा भने मातृभाषा र नेपाली दुवै प्रयोग भएको पाइन्छ। स्वास्थ्य संस्थाहरू (स्वास्थ्य केन्द्र, अस्पताल र अन्य), कृषि, पशुसेवा केन्द्र र यातायात सेवामा नेपाली र अङ्ग्रेजी प्रयोग भएको पाइन्छ। पर्यटनमा मूलतः विदेशी भाषाहरू (अङ्ग्रेजी, जर्मनेली, फ्रान्सेली, चिनियाँ, जापानी, कोरियाली, रसियाली) प्रयोग हुन्छन्। परम्परागत धर्म, संस्कृतिसम्बन्धी क्रियाकलापमा मातृभाषीले आफ्नै मातृभाषा प्रयोग गरेको पाइन्छ। देशभित्र गरिने व्यापार, व्यवसायमा नेपाली र बाह्य मुलुकसँग गरिने व्यापार, व्यवसायमा मूलतः अङ्ग्रेजी प्रयोग हुन्छ। सञ्चार माध्यम (छापा, विद्युतीय, श्रव्य-दृश्य र दूरसञ्चार) मा नेपाली र अङ्ग्रेजी प्रयोग भएको पाइन्छ। सार्वजनिक सूचना सम्प्रेषण गर्दा नेपालीमा गरिन्छ भने अन्तर्समुदाय सम्पर्क पनि नेपालीमा गरिन्छ। विज्ञान प्रविधिको क्षेत्रमा मूलतः अङ्ग्रेजी प्रयोग गरेको पाइन्छ। निजी क्षेत्रले आवश्यकताअनुसार नेपाली, अङ्ग्रेजी र मातृभाषा पनि प्रयोग गरेको पाइन्छ। सामान्य रूपमा सरकारी कार्यालयमा नेपालीबाहेक अन्य भाषा प्रयोग भएको पाईँदैन।

६.३ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी भएका कार्यहरू

बागमती प्रदेशका १३ जिल्लाका स्थानीय तहलाई भौगोलिक रूपमा पायक पर्ने गरी तीनवटा समूहमा विभाजन गरी यस प्रदेशमा सरकारी कामकाजको भाषा निर्धारणका आधार विषयक तीनवटा सङ्गोष्ठी भाषा आयोगले आयोजना गरिसकेको छ। दोलखा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक र काभ्रेपलान्चोक जिल्लाका सहभागीहरूसँग २०७६ जेठ २३ मा धुलिखेलमा सङ्गोष्ठी सम्पन्न गरियो। त्यसैगरी काठमाडौं, भक्तपुर, ललितपुर र चितवनका सहभागीहरूसँग जुममार्फत् २०७७ माघ २७ गते दोस्रो सङ्गोष्ठी सम्पन्न गरियो। रसुवा, नुवाकोट, धादिङ र मकवानपुर जिल्लाका सहभागीहरूसँग जुममार्फत् मिति २०७७ फाल्गुण १२ मा कार्यशाला सम्पन्न गरियो।

६.४ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउनुपर्ने आधार

भाषा आयोगद्वारा प्रदेशमा सरकारी कामकाजको भाषा निर्धारणका लागि मूलतः ३ वटा आधारहरू प्रस्तुत गरिएका छन्। ती हुन्:- वक्ताको सङ्ख्या, भाषा प्रयोगको व्यापकता र वक्ताको सङ्ख्याको सङ्कुचन वा विस्तार।

(क) वक्ताको सङ्ख्या

भाषाको चयनमा वक्ताको सङ्ख्या महत्त्वपूर्ण आधार हो। नेपालको संविधानले पनि बहुसङ्ख्यकतालाई सरकारी कामकाजको भाषा निर्धारणको प्रमुख आधार मानेको छ। वि. सं.२०६८ को जनगणनाअनुसार नेपाली भाषाका अतिरिक्त प्रदेशभित्र बहुसङ्ख्यकले बोल्ने मातृभाषाहरूको क्रमागत सूची बनाउन सकिन्छ। यसमा क्रमागत भाषाबाहेक अन्य भाषाको सङ्ख्या जोडिन्छ र सम्बन्धित भाषालाई उक्त सङ्ख्याले भाग गरी १०० ले गुणा गरी प्रतिफल निकालिन्छ (भट्टराई, २०७५)।

(ख) भाषा प्रयोगको व्यापकता

भाषाको चयनमा दोस्रो महत्त्वपूर्ण आधार भनेको भाषा प्रयोगको व्यापकता हो। यसभित्र कुनै भाषा एक वा एकभन्दा बढी भाषिक समूहले प्रयोग गर्ने वा नगर्ने, एक पालिका, एकभन्दा बढी पालिका वा प्रदेशभर प्रयोग भएको वा नभएको (घनत्व समेत), शब्दकोश, लेख्य व्याकरण भए-नभएको, शिक्षा (आधारभूत/माध्यमिक/उच्च) मा प्रयोग भए-नभएको, सञ्चारमा प्रयोग भए-नभएको, भाषामा सामग्री प्रकाशित भए-नभएको, नेपालको जनगणना र भाषाको ऐतिहासिक अवस्था जस्ता उपआधारहरू समावेश भएका हुन्छन्।

(ग) वक्ता सङ्ख्याको सङ्कुचन वा विस्तार

विभिन्न जनगणनामा प्रदेशगत भाषाहरूका वक्ताहरूको सङ्ख्याको विश्लेषण गरेर सङ्कुचन वा विस्तारको अवस्था निर्धारण गर्न सकिन्छ।

६.५ सङ्गोष्ठी र अन्तरक्रियाबाट प्राप्त सुझाव

६.५.१ काभ्रेपलान्चोक धुलिखेलमा आयोजित सङ्गोष्ठीबाट प्राप्त मुख्य सुझावहरू

(क) प्रदेशमा सरकारी कामकाजको भाषा छनोट गर्न भाषाको वक्ता सङ्ख्या र वितरण, शब्दकोश, व्याकरण र भाषिक सामग्रीको प्रकाशन, सञ्चार र शिक्षामा भाषाको प्रयोग विस्तारलाई ध्यान दिनुपर्ने।

(ख) नेपालको संविधानमा व्यवस्था गरिएअनुसार वक्ताको सङ्ख्याका साथै प्रदेशका रैथाने भाषा र भाषाले बोकेका संस्कृति, सभ्यताका साथै उत्पत्ति, इतिहास र भौगोलिकतालाई पनि आधार मान्नुपर्ने।

(ग) शिक्षामा प्रयोग भएको अवस्थालाई कठोर आधारका रूपमा लिनु नहुने।

(घ) प्रदेशमा बहुसङ्ख्यक समुदायले बोल्ने तामाङ भाषा र नेवार/नेपाल भाषालाई प्रदेश सरकारको कामकाजी भाषा छान्नुपर्ने।

(ङ) प्रदेशमा बोलिने अन्य रैथाने भाषालाई पनि भाषा आयोगले प्रदेशका साथै

नगरपालिका, गाउँपालिका र वडामा सरकारी कामकाजका लागि सिफारिस गर्नका लागि सोच्नुपर्ने।

(च) सरकारी कामकाजको भाषा निर्धारण गर्न प्रदेश सरकारले कुनै ठोस कार्य गरिरहेको नदेखिएकाले यसतर्फ भाषा आयोगको ध्यान जानुपर्ने।

६.५.२ दूरदृश्य (जुम) प्रविधिको सहयोगमा आयोजित सङ्गोष्ठीबाट प्राप्त मुख्य सुझावहरू

(क) प्रदेशमा सरकारी कामकाजको भाषा छनोट गर्दा वक्ता सङ्ख्या, प्रयोग विस्तार र व्यापकतालाई समेत महत्त्व दिनुपर्ने र भाषाको शिक्षामा प्रयोगलाई अनिवार्य आधार मान्न नहुने।

(ख) भाषाको व्यापकता, शिक्षामा प्रयोग, ऐतिहासिकता र कम्तीमा ५० प्रतिशतभन्दा बहुसङ्ख्यकले प्रयोग गर्ने अवस्थालाई ख्याल गरी भाषालाई सरकारी कामकाजको भाषाका रूपमा छनोट गर्नुपर्ने।

(ग) प्रदेशमा तामाङ र नेवार/नेपाल भाषालाई प्रदेश कामकाजको भाषाका रूपमा निर्धारण गर्ने।

(घ) मगर भाषालाई पनि प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजका भाषाका रूपमा छनोट गर्न सकिने।

(ङ) जिल्लाका निश्चित स्थान र भूगोलमा प्रयोग गरिने भाषाहरू जस्तैः चेपाङ, हायु, सुरेल, सुनुवार, थारू, शेर्पा, जिरेल, दनुवार, थामी, माझी, ह्योल्मोजस्ता स्थानीय तहमा सघनता भएका स्थानीय भाषाहरूलाई पनि स्थानीय तहको प्रयोजनको लागि छनोट गर्नुपर्ने।

(च) भाषा वास्तवमा जटिल र अमूर्त रूप भएकाले सावधान र संवेदनशील भएर काम गर्नुपर्ने।

(छ) भाषाको विकास र संरक्षणमा सबै पक्षले समान भूमिका खेल्नुपर्ने।

६.६ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस र कार्यान्वयन स्थिति

६.६.१ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसको स्थिति

संविधानले दिएको दायित्वअनुसार भाषा आयोगले प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी निम्नअनुसारका सिफारिसहरू गरेको छ (भाषा आयोग, २०७७):

(क) प्रदेश र स्थानीय तहमा नेपालको सरकारी कामकाजको नेपाली भाषा र प्रदेश कानुनबमोजिम प्रदेशले निर्धारण गरेको सरकारी कामकाजको भाषाको संविधानसम्मत कार्यान्वयन हुनुपर्ने।

(ख) नेपाली भाषाका अतिरिक्त प्रदेश कानुनबमोजिम प्रदेशले सरकारी कामकाजको भाषा निर्धारण गर्नुपर्ने।

(ग) प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन प्रदेशमा बोल्ने वक्ताको सङ्ख्या, भाषिक पहिचान, भाषाको लेखन प्रणाली, भाषाको व्याकरण, शब्दकोश, प्रकाशित सामग्री, भाषाको स्वीकार्यता र भाषाको ऐतिहासिकता सम्भाव्य सक्षमताका आधारहरू जानकारीमा लिनुपर्ने।

(घ) प्रदेशभित्रका अन्य भाषाहरूलाई संविधानका प्रावधानबमोजिम प्रदेश र स्थानीय तहमा सम्मानजनक स्थान दिनुपर्ने र प्रादेशिक भाषा प्रतिष्ठान गठन हुनुपर्ने।

(ङ) बहुभाषिक समाजको निर्माण र नेपाली भाषाका अतिरिक्त व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हकको प्रत्याभूति हुनुपर्ने।

(च) प्रदेश र स्थानीय तहमा भाषानीति एवम् भाषा ऐनको निर्माण गरिनुपर्ने।

६.६.२ सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसको कार्यान्वयन स्थिति

बागमती प्रदेशले अन्य प्रदेशले जस्तै नेपाली भाषाका अतिरिक्त प्रदेश कानुनबमोजिम सरकारी कामकाजको भाषा निर्धारण गरिसकेको छैन। प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन प्रदेशमा बोल्ने वक्ताको सङ्ख्या, भाषिक पहिचान, भाषाको लेखन प्रणाली, भाषाको व्याकरण, शब्दकोश, प्रकाशित सामग्री, भाषाको स्वीकार्यता र भाषाको ऐतिहासिकताजस्ता सम्भाव्य सक्षमताका आधारहरू जानकारीमा लिनुपर्ने कुरामा भने यस प्रदेशले तदारुकता देखाएको छ। प्रदेशभित्रका अन्य भाषाहरूलाई संविधानका प्रावधानबमोजिम प्रदेश र स्थानीय तहमा सम्मानजनक स्थान दिनुपर्ने कुरामा प्रदेश लागि परेको पाइन्छ तर प्रादेशिक भाषा प्रतिष्ठान गठन गर्नुपर्ने कुरामा प्रदेश सरकार लागेको देखिँदैन।

६.७ सरकारी कामकाजको भाषासम्बन्धी निष्कर्ष र भावी कार्य/रणनीति

६.७.१ सरकारी कामकाजको भाषासम्बन्धी निष्कर्ष

प्रदेश तहमा वक्ताको बहुसङ्ख्यकताका आधारमा नेपाली भाषाको अतिरिक्त तामाङ र नेवार/नेपाल भाषा सरकारी कामकाजका भाषाका रूपमा प्रयोग गर्न सकिन्छ। यस प्रदेशका लेख्य परम्परा वा साक्षरताका तहमा आइनसकेका र विद्यालय शिक्षामा पनि आइनसकेका तर स्थानीय तहमा सघन वक्ता भएका भाषाहरूलाई भने सरकारी कामकाजमा मौखिक रूपमा भए पनि प्रयोग गर्नुपर्दछ। ती भाषाहरूलाई लिखित रूपमा नै प्रयोगयोग्य बनाउनका लागि सबैभन्दा पहिले यी भाषाहरूलाई साक्षरताको तहमा स्तरोन्नति गर्नुपर्दछ।

६.७.२ भावी कार्य वा रणनीति

प्रदेश तथा स्थानीय तहमा मातृभाषालाई सरकारी कामकाजमा प्रयोग गर्नका लागि व्याकरण लेखन, शब्दकोश निर्माण, पाठ्यसामग्री निर्माण जस्ता कुराका साथसाथै दिगो भाषा प्रयोगका निम्नलिखित रणनीति तय गरी कार्यान्वयन गर्नुपर्दछ (रेरमी, २०२१ क र ख)।

(क) सामान्य साक्षरताका तहमा पुगेका तामाङसहित मगर, गुरुङ, शेर्पा र थारूजस्ता भाषामा पढ्न र लेख्न प्रोत्साहन गरेर दिगो साक्षरताको स्तरमा स्तरोन्नति गर्न विद्यालयमा बहुभाषिक शिक्षा लागु गर्नुपर्दछ र मातृभाषामा साक्षरता अभिवृद्धि गर्नका लागि स्थानीय शिक्षकहरूलाई मातृभाषामा साक्षरताका शिक्षण विधिका बारेमा प्रशिक्षण दिनुपर्दछ। यसका साथै मातृभाषाको पक्षपोषण (Advocacy) का लागि मातृभाषा प्रतिष्ठानको स्थापना गर्नुपर्दछ।

(ख) दनुवार, सुनुवार, थामी, माझी, ह्योल्मो/ह्योल्मो, दरई, जिरेल, घले, पहरी, कुमाल र बोटेजस्ता घरायसी बोलीचालीमा मात्र सीमित रहेका भाषालाई प्रारम्भिक साक्षरता (लिखित कार्य) को तहमा स्तरोन्नति गर्नका लागि साक्षरता पहिलो पुस्तक (Primer) का साथसाथै व्यावहारिक वर्णविन्यासको विकास गर्नुपर्दछ। शिक्षकलाई प्रशिक्षण दिनुपर्दछ र समुदायलाई मातृभाषामा लेख्न प्रोत्साहित गर्नुपर्दछ।

(ग) थकाली, हायु/वायु, भुजेल, छन्त्याल, सुरेल र वनकरियाजस्ता नेपाली भाषातिर अपसरित भइरहेका भाषालाई स्तरोन्नति गरी दिगो मौखिकताको तहमा स्तरोन्नति गर्नका लागि बालबालिकालाई मातृभाषा सिकाउनु पर्दछ। घर र समुदायमा स्थानीय भाषा र विद्यालयमा नेपाली भाषा प्रयोग गर्नका लागि विद्यालयले स्थानीय सरकारको सहयोगमा गुरुयोजना बनाउनु पर्दछ।

(घ) तिलुङ, दुरा, बराम, लुङखिम, कुसुन्डाजस्ता भाषालाई सामान्य बोलीचालीमा ल्याउन भाषा प्रयोगको इतिहासको पुनर्निर्माण गरी समुदायलाई भाषा कायम वा पुनर्जीवित गर्न उत्प्रेरित गर्नुपर्दछ। समुदायमा जागरुक समूह गठन गरेर युवा पुस्तालाई भाषा सिक्न जागरुक बनाउनु पर्दछ। स्थानीय रेडियो कार्यक्रममार्फत् आफ्नै विरासतको भाषा बोल्न प्रोत्साहित गर्नुपर्दछ।

६.८ निष्कर्ष

बागमती प्रदेशमा बोलिने भाषाका अवस्थाको पूर्ण सत्यपरक र सर्वमान्य विश्लेषण हुन सकेको छैन। शब्दकोश निर्माण, व्याकरण लेखन, पाठ्यपुस्तक लेखन, भाषाका पाठसङ्कलन र इतिहास लेखनजस्ता अभिलेखीकरणीय कार्यबाहेक भाषा विकास र संरक्षणका कामहरू हुन सकेका छैनन्। समुदायमा आधारित भाषाको स्तरोन्नति गर्ने काम कम भएका छन्। त्यसैले बागमती प्रदेशमा प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू तय गर्ने

काम सजिलो छैन तापनि समावेशिता र समानताका दृष्टिकोणबाट प्रदेश तथा स्थानीय तहले भाषा विकास तथा संरक्षण नीति बनाई भाषा प्रयोगको व्यापकताको आधारमा सम्भव भएका क्षेत्रमा मातृभाषा प्रयोग हुन सक्ने वातावरण सिर्जना गर्ने कार्यमा प्रदेश तथा स्थानीय तह लाग्नु पर्दछ। बढी जनसङ्ख्या भएका र साक्षरताको तह वा लेखन तहमा अगाडि बढेको तामाङ र जनसङ्ख्यासहित लेखन परम्पराको लामो इतिहास भएको नेवार/नेपाल भाषालाई प्रदेश तहमा सरकारी कामकाजका भाषाका रूपमा प्रयोग गर्न सकिन्छ। यस प्रदेशका स्थानीय तहमा सघन वक्ता भएका भाषाहरूको लेख्य परम्परा स्थापना गरेर सरकारी कामकाजमा प्रयोगयोग्य बनाउन सकिन्छ। यसरी प्रदेश, जिल्ला, पालिका, वडा तथा गाउँ विशेषमा नेपाली भाषाका अतिरिक्त निश्चित मातृभाषाको प्रयोगलाई सुनिश्चितता प्रदान गर्नु आजको आवश्यकता हो। यस प्रदेशमा नेपाली भाषाका अतिरिक्त तामाङ र नेवार/नेपाल भाषालाई सरकारी कामकाजको भाषाका लागि सिफारिस गर्नु उपयुक्त देखिन्छ।

गण्डकी प्रदेशको भाषिक अध्ययन

विज्ञ समूह

डा. जगमान गुरुङ - संयोजक

प्रा.डा. चूडामणि बन्धु

प्रा.डा. दानराज रेग्मी

अध्याय - सात

गण्डकी प्रदेशको भाषिक अध्ययन

७.१ पृष्ठभूमि

करिब २१,७२३ वर्गकिलोमिटर क्षेत्रमा फैलिएको, नेपालको कुल जनसङ्ख्याको ९.०६ प्रतिशत जनसङ्ख्या भएको र मुलुकको १४.७ प्रतिशत क्षेत्र ओगटेको गण्डकी प्रदेश अन्य प्रदेशजस्तै एउटा बहुभाषिक प्रदेश हो। यस प्रदेशमा मनाङ, गोरखा, लमजुङ, तनहुँ, नवलपरासी (बर्दघाट सुस्तापूर्व), कास्की, स्याङ्जा, पर्वत, बाग्लुङ र मुस्ताङ गरी ११ वटा जिल्लाहरू रहेका छन्। यसमा एउटा महानगरपालिका, २६ वटा नगरपालिका र ५८ वटा गाउँपालिकाहरू छन्। वि. सं.२०६८ सालको जनगणनाअनुसार गण्डकी प्रदेशमा पहिलो भाषाका रूपमा ८८ वटा र दोस्रो भाषाका रूपमा ७२ वटा भाषाहरू बोलिन्छन् (भाषा आयोग, २०७५:२८०-८५) तैपनि प्रयोगका दृष्टिकोणबाट नेपालीबाहेक अन्य भाषाको अवस्था सन्तोषजनक छैन। अन्य भाषाहरू घरायसी बोलचालमा बाहेक शिक्षा र आम सञ्चारजस्ता भाषा प्रयोगका क्षेत्रमा खासै प्रयोग हुन सकेका छैनन्। यस खण्डमा गण्डकी प्रदेशको वर्तमान भाषिक स्थितिको चर्चा गर्दै यस क्षेत्रमा मातृभाषाका रूपमा प्रयोग हुने भाषाहरूको प्रयोगको क्षेत्र विस्तारका लागि लिनुपर्ने भावी कार्य वा रणनीतिका बारेमा समीक्षात्मक विश्लेषण गर्ने प्रयास गरिएको छ।

७.२ प्रदेशको भाषिक स्थिति

७.२.१ भाषा परिवार

गण्डकी प्रदेशमा भारोपेली, चिनियाँ-तिब्बती, आग्नेय, द्रविडजस्ता चार भाषा परिवारका भाषाहरू पाइन्छन्। एकल भाषा परिवारको कुसुन्डा भाषा पनि यसै प्रदेशमा पाइन्छ। तालिकामा भाषा परिवारका आधारमा गण्डकी प्रदेशका भाषाको वितरणलाई देखाइएको छ (रेग्मी, २०७८ ख)।

तालिका ७.१: भाषा परिवारको आधारमा गण्डकी प्रदेशका भाषाको वितरण

क्र.स.	भाषा परिवार	भाषाको सङ्ख्या र प्रतिशत	वक्ता सङ्ख्या	वक्ता प्रतिशत
१	भारोपेली	३४(३८.६%)	२१,६३,२७०	७९.१%
२	चिनियाँ-तिब्बती	३९(४५.४%)	५,६९,०१३	२०.८%
३	आग्नेय	१(१.१%)	२०३	०.०%
४	द्रविड	१(१.१%)	७८	०.०%
५	एकल भाषा	१(१.१%)	११	०.०%
६	नाम नखुलेको र अन्य	२(२.३%)	२८८६	०.१%
		८८(१००%)	२७,३५,४६१	१००%

स्रोतः जनगणना प्रतिवेदन (२०६८), केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं।

तालिकाअनुसार सङ्ख्याका हिसाबले यस प्रदेशमा सबैभन्दा बढी चिनियाँ-तिब्बती भाषा परिवारका भाषा (४५.४%) रहेका छन्। दोस्रोमा भारोपेली परिवारका भाषा (३८.६%) पर्दछन्। यस प्रदेशमा आग्नेय, द्रविड र एकल भाषा परिवारका एकएक वटा भाषा मात्र बोलिन्छन्। नाम नखुलेको र अन्य लेखिएका भाषाको सङ्ख्या जम्मा २(२.३%) रहेको छ। भाषाको सङ्ख्याका हिसाबले चिनियाँ-तिब्बती भाषाहरू सबैभन्दा धेरै भए पनि वक्ताको सङ्ख्यामा भने भारोपेली भाषाको वर्चस्व रहेको छ। यस प्रदेशमा करिब ७९.१% वक्ताले भारोपेली परिवारका भाषाहरू बोल्दछन् भने करिब २०.८% वक्ताले चिनियाँ-तिब्बती परिवारका भाषा बोलेको पाइन्छ।

७.२.२ वक्ताहरूको भाषागत अवस्था

यस प्रदेशमा नेपालीबाहेक सबैभन्दा बढी वक्ता सङ्ख्या भएको भाषामा मगर भाषा रहेको छ भने दोस्रो र तेस्रोमा क्रमशः गुरुङ र भोजपुरी रहेका छन्। २६ वटा भाषामा वक्ता सङ्ख्या १० भन्दा पनि कम रहेको पाइन्छ। गण्डकी प्रदेशमा १ देखि ९९ जनासम्म वक्ता सङ्ख्या भएका भाषाको सङ्ख्या ४८ (५४.५%) रहेको छ। यो नगण्य वक्ता सङ्ख्या हो। १०० भन्दा माथि र १००० भन्दा कम वक्ता सङ्ख्या भएका भाषाको सङ्ख्या "अन्य"सहित १५ (१७.४%) रहेको छ। १००० को सङ्ख्याभन्दा माथि ५,००० भन्दा कम वक्ता सङ्ख्या भएका भाषा "नाम नखुलेको"सहित १५(१७.४%) रहेको छ। ५,००० भन्दा माथि र १०,००० भन्दा कम वक्तासङ्ख्या भएका भाषाको सङ्ख्या ६(६.९%) रहेको छ। त्यस्तै गरी नेपालीबाहेक १०,००० भन्दा माथि र २५,००० भन्दा कम वक्ता सङ्ख्या भएका भाषाको सङ्ख्या ३(३.४%) रहेको छ। नेपालीको वक्ता सङ्ख्या १८,५६,९६१ रहेको छ। सबै भाषामा गरी यस प्रदेशमा जम्मा वक्ता सङ्ख्या २७,३५,४६१ रहेको छ। त्यसमध्ये ६७.९% ले यस प्रदेशमा नेपाली भाषालाई पहिलो भाषाका रूपमा प्रयोग गरेको पाइन्छ।

७.२.३ भूगोलका आधारमा भाषा

यस प्रदेशमा मूल थातथलो पहिचान भएका करिब २७ वटा भाषाहरू रहेका छन्। यिनीहरू तराई, पहाड र हिमालीजस्ता भौगोलिक क्षेत्रमा बोलिन्छन्। गण्डकी प्रदेशमा मूल थातथलो भएका थकाली, ल्होवा, खाम, घले, छन्त्याल, शेर्पा, य्होल्मो, भोटजस्ता ८ (०.७%) वटा भाषाहरू हिमाली क्षेत्रमा बोलिन्छन्। त्यस्तै नेपाली, मगर, गुरुङ, नेवार, तामाङ, उर्दू, कुमाल, दरई, भुजेल, बोटे, दुरा, चेपाङ, साङ्केतिक, माझी, बराम, मुसलमान र कुसुन्डाजस्ता १७ (८९.८%) वटा भाषाहरू मध्य-पहाडी क्षेत्रमा बोलिन्छन् भने भोजपुरी, थारूजस्ता २ (९.५%) वटा भाषाहरू तराईमा बोलिन्छन्। यसरी हेर्दा गण्डकी प्रदेशमा मध्य-पहाडी क्षेत्रमा बोलिने भाषाको वितरण सघन रहेको पाइन्छ। साङ्केतिक भाषा सबै जातिका बहिराहरूका बिच प्रयोग गरिने भाषा हो। यस प्रदेशमा मूल रूपमा बोलिने मातृभाषाहरूको अवस्थिति र यस प्रदेशमा नेपाली, गुरुङ, मगर भाषाहरूको वितरण तलका नक्सामा प्रस्तुत गरिएको छ।

गण्डकी प्रदेश
मातृभाषाहरूको अवस्थिति
कर्णाली प्रदेश
लुम्बिनी प्रदेश
बागमती प्रदेश
गण्डकी प्रदेश
चीन
भारत
लोमन्थाङ
ल्होपा
नार्पा भूमे
नाप्फु
मनाङ डिस्याङ
मनाङे
थकाली
घरपझोङ
म्याग्दे
पोखरा
गुरुङ
मुस्ताङ
पुरा
चुम
नुब्री
चुमनुब्री
घले
वारागाक मुरिक्वो
क्रम
कुमाल
गोरखा
धुजुङ
आबुखैरेनी
मगर
ऋषिङ
भरत
मध्यविन्दु
बोटे
छेत्रास
ढोरपाटन
10 5 0 10 20 30 40
कि.मी.
अन्तर्राष्ट्रिय सीमा
प्रदेश
स्थानीय तह
भोट बर्मेली
भारोपेली

गण्डकी प्रदेश
मातृभाषाहरूको सघनता
चीन
कर्णाली प्रदेश
गण्डकी प्रदेश
लुम्बिनी प्रदेश
बागमती प्रदेश
अन्तर्राष्ट्रिय सीमा
प्रदेश
स्थानीय तह
नेपाली
1 Dot = 50
गुरुङ
1 Dot = 50
मगर
1 Dot = 50
84°55'20"E
83°45'0"E
82°34'40"E
28°23'40"N
20 10 0 20 40 60 80
कि. मी.

७.२.४ भाषाहरूको लेख्य परम्परा र लिपिहरू

यस प्रदेशका धेरै भाषाहरू कथ्य रूपमा मात्र रहेका छन्। मगर भाषा आक्खा, गुरुङ भाषा खेमा र रोमन, भोजपुरी र थारू देवनागरी, नेवार देवनागरी र रञ्जना, तामाङ देवनागरी, तामहिग र सम्भोटा, मैथिली मिथिलाक्षर/तिरहुता, कैथी र देवनागरी लिपिमा लेख्ने गरिएको पाइन्छ। गुरुङ भाषिक समुदायले २०६८ सालमा खे प्ही नाम गरेको लिपि विकास गरेको पाइएको छ (गुरुङ, २०६८)। खाम, घले, थकाली, छन्त्याल र भुजेलजस्ता भाषाहरू देवनागरी लिपिमा लेख्ने प्रयास गरिएको छ। ल्होवालाई तिब्बती र देवनागरी लिपिमा लेखिँदै आएको पाइन्छ। मगर भाषा देवनागरी र आक्खा दुवै लिपिमा लेख्ने प्रयास गरिएको छ। मातृभाषामा पाठ्यपुस्तकहरू निर्माण गर्ने प्रयोजनका लागि भने सबै भाषामा देवनागरी लिपिलाई आवश्यकताअनुसार अनुकूलन गरी प्रयोग गरिएको छ। मगरले आक्खा लिपिको विकास गरिरहेका छन्।

७.२.५ मौखिक साहित्य र लोकवार्ता

यस प्रदेशमा प्रमुख भाषाका रूपमा रहेका मगर र गुरुङ भाषाहरू लोकगीत, लोककथा, उखान-टुक्का जस्ता मौखिक साहित्यमा धनी देखिएका छन्। संस्कृति, चालचलन, रीतिथिति र जीवनोपयोगी प्राविधिक ज्ञानसँग गाँसिएका गाथाहरू सबै भाषामा रहेका छन्। यिनीहरूको अभिलेखीकरण गर्ने कार्यमा सरकारी र गैरसरकारी सङ्घसंस्थाहरू लागेको पाइन्छ। मगर, थकाली, ल्होवा र भुजेलजस्ता भाषामा मौखिक साहित्यको सङ्कलन गरी प्रकाशित गरिएको छ। भाषा आयोगले पनि विभिन्न भाषाको पाठसङ्कलन गरिरहेको छ।

७.२.६ भाषाहरूको जीवन्तता, विकास र स्तरीकरण

जागिर र अन्य व्यवसायहेतु भएको बसाइँसराइका कारणले अन्य प्रदेशमा विशेष रूपमा बोलिने भाषाहरू पनि यस प्रदेशका मातृभाषाका रूपमा सूचीकृत हुन पुगेका छन्। यसै प्रदेशका विभिन्न स्थानमा मूल रूपमा बोलिने केही भाषाहरूमा मात्र भाषा विकास र स्तरीकरणका लागि समाजभाषिक सर्वेक्षण, व्याकरण लेखन, शब्दकोश निर्माण, शब्दसङ्कलन, पाठसङ्कलन, आधारभूत तहका पाठ्यपुस्तक निर्माण र मातृभाषामा साक्षरता सामग्री निर्माणजस्ता कामहरू भएका पाइन्छन्।

भाषाविज्ञान केन्द्रीय विभागअन्तर्गत सञ्चालित नेपालको भाषिक सर्वेक्षण (२०६८-२०७४) ले यस प्रदेशमा वक्ताको सङ्ख्याका आधारमा क्रमागत रूपमा सूचीकृत भएका मगर, गुरुङ, भोजपुरी, थारू, नेवार, तामाङ, मैथिली, कुमाल, दरई, खाम, घले, थकाली, ल्होवा, भुजेल, बोटे, चेपाङजस्ता १६ वटा भाषामा समाजभाषिक सर्वेक्षण गरिसकेको छ। मनाङे, सेरके, चुम-नुब्रीजस्ता यस प्रदेशमा सूचीकृत नभएका भाषामा भाषा आयोगले समाजभाषिक सर्वेक्षण गराएको छ। स्वदेशी तथा विदेशी विद्वानद्वारा मगर, गुरुङ, भोजपुरी, थारू, नेवार, तामाङ, मैथिली, कुमाल, दरई, खाम, घले, थकाली, ल्होवा, भुजेल, बोटे, बराम र चेपाङजस्ता १७ वटा भाषामा व्याकरण लेखनको कार्य भइसकेको छ। त्यस्तै मगर, गुरुङ, भोजपुरी, नेवार, तामाङ, मैथिली, खाम, थकाली, ल्होवा, भुजेल, कुमाल, बराम र

चेपाङजस्ता १३ वटा भाषामा शब्दकोशको निर्माण भएको पाइन्छ। त्यसैगरी मगर, गुरुङ, भोजपुरी, नेवार, मैथिली, थकाली, ल्होवा र भुजेलजस्ता ८ वटा भाषामा पाठसङ्कलन भएको पाइन्छ। मगर, भोजपुरी, थारू, नेवार, तामाङ, मैथिली, खाम, थकाली, ल्होवा, भुजेल, बोट र बरामजस्ता १६ वटा भाषामा आधारभूत तहका लागि पाठ्यपुस्तक निर्माण भएका छन्। मगर, गुरुङ, भोजपुरी, थारू, नेवार, तामाङ, मैथिली, खाम, थकाली, ल्होवा जस्ता १० वटा भाषामा साक्षरता सामग्री तयार भएका छन्।

७.२.७ स्थानीय तहमा भाषाको वितरण र सघनता

नेपाली भाषाबाहेक वक्ताको सङ्ख्याका आधारमा क्रमागत रूपमा रहेका मगर, गुरुङ, भोजपुरी, थारू, नेवार र तामाङ भाषाहरू विभिन्न स्थानीय तहहरूमा सघनताका हिसाबले विभिन्न प्रकारले वितरित भएका छन्। तालिका ७.२ मा गण्डकी प्रदेशका स्थानीय तहहरूमा वक्ताको सङ्ख्याका आधारमा क्रमागत रूपमा छैटौँ क्रमसम्म पर्ने भाषाहरूको विवरण दिइएको छ।

तालिका ७.२: गण्डकी प्रदेशका स्थानीय तहहरूमा वक्ताको सङ्ख्याका आधारमा क्रमागत रूपमा छैटौँ क्रमसम्म पर्ने भाषाहरूको विवरण

क्र.स.	भाषा	क्रमागत रूपमा सबैभन्दा बढी वक्ता सङ्ख्या भएका भाषा र स्थानीय तहहरू				
१	मगर	रिसिङ (१६,५०४)	हुप्सेकोट (१४,८२७)	बुङ्लिङ्टार (१२,२८४)	भिमाद (११,९०४)	विनयी-त्रिवेणी (११,३०५)
२	गुरुङ	पोखरा लेखनाथ (४४,६४१)	धार्चे (११,३०२)	बेँसीसहर (९,५३०)	दोर्दी (८,५३९)	वालिङ (६,७७८)
३	भोजपुरी	पोखरा लेखनाथ (३,५९९	विनयी-त्रिवेणी (२,२१२)	व्यास (४४२)	गैँडाकोट (४४०)	कावासोती (४१३)
४	थारू	मध्यविन्दु (१३,१३१)	देवचुली (२,६५३)	गैँडाकोट (२,२३८)	पोखरा लेखनाथ (१,१६५)	विनयी-त्रिवेणी (८२२)
५	नेवार	पोखरा लेखनाथ (९,९३५)	व्यास (३३०४)	भिमाद (१६७७)	भानु (१६७३)	म्याग्दे (१६३०)
६	तामाङ	पोखरा लेखनाथ (५,८५०)	दोर्दी (२७३३)	बेँसीसहर (२५७८)	मर्स्याङ्दी (२१८८)	पालुङ्टार (१८२३)

स्रोतः भाषा आयोग (२०७५ क) र केन्द्रीय तथ्याङ्क विभाग (२०१२ इ.)

तालिकाअनुसार मगर भाषाका सबैभन्दा बढी वक्ता रिसिङ गाउँपालिकामा रहेको पाइन्छ भने गुरुङ भाषाका सबैभन्दा बढी वक्ता पोखरा महानगरपालिकामा रहेको पाइन्छ। त्यसैगरी भोजपुरी, नेवार र तामाङको पनि सबैभन्दा बढी वक्ता पोखरा महानगरपालिकामा रहेको पाइन्छ भने थारू भाषाको सबैभन्दा बढी वक्ता मध्यविन्दु नगरपालिकामा रहेको पाइन्छ।

७.२.८ जिल्लाहरूमा भाषाको वितरण र सघनता

यस प्रदेशमा निश्चित भाषाहरूका वक्ताहरू निश्चित जिल्लाहरूमा मात्र सघन रूपमा रहेका पाइन्छन्। तालिका ७.३ मा यस प्रदेशअन्तर्गतका विभिन्न जिल्लाहरूमा रहेका केही प्रमुख भाषाहरूको क्रमागत स्थिति दिइएको छः

तालिका ७.३: गण्डकी प्रदेशका जिल्लाहरूमा रहेका केही प्रमुख भाषाहरूको वक्ता सङ्ख्याका आधारमा क्रमागत स्थिति

क्र.स.	जिल्ला	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं
१	बाग्लुङ	मगर (१४,६३३)	खाम (१,३०२)	छन्त्याल (१,२९२)	नेवार (१,२७४)	तामाङ (४९४)
२	म्याग्दी	मगर (२,५१६)	खाम (१,११७)	छन्त्याल (१,०६९)	नेवार (७०६)	भोजपुरी (१५७)
३	पर्वत	मगर (६,००४)	गुरुङ (४,३६१)	नेवार (९४७)	मैथिली (२४५)	भोजपुरी (१७१)
४	मुस्ताङ	ल्होवा (२,९२१)	गुरुङ (२,६०६)	थकाली (१,६३३)	मगर (३१५)	तामाङ (१३७)
५	कास्की	गुरुङ (५८,५८९)	मगर (१०,७८२)	नेवार (१०,६५९)	तामाङ (७,१७५)	भोजपुरी (३,६४७)
६	लमजुङ	गुरुङ (४९,९३९)	तामाङ (११,०४५)	नेवार (३,०९५)	दुरा (१,६२१)	मगर (१,४३५)
७	स्याङ्जा	मगर (४३,६५४)	गुरुङ (२२,४२१)	नेवार (४८३१)	उर्दू (९९९)	भुजेल (६४६)
८	तनहुँ	मगर (६७,२५२)	गुरुङ (२८,८२९)	नेवार (१३,१२७)	दरई (३,७१३)	उर्दू (२,५१७)
९	मनाङ	गुरुङ (३,७१)	तामाङ (५५४)	शेर्पा (४७५)	मगर (१०८)	नेवार (७१)
१०	गोरखा	गुरुङ (३६,०२३)	मगर (१२,६५६)	तामाङ (१०,६२८)	घले (३,०७८)	उर्दू (२,३४८)
११	नवलपरासी	मगर (७८,१९०)	थारू ३४,०४०	गुरुङ (५,८०३)	नेवार (५,०४२)	भोजपुरी ३,७७९

स्रोतः भाषा आयोग (२०७५ क) र केन्द्रीय तथ्याङ्क विभाग (२०१२ इ.)

तालिकाअनुसार बाग्लुङ, म्याग्दी, पर्वत, स्याङ्जा, तनहुँ, नवलपरासी जस्ता जिल्लामा मगर पहिलो

स्थानमा र कास्की, लमजुङ र मनाङमा गुरुङ पहिलो स्थानमा रहेका छन्। मुस्ताङमा ल्होवा पहिलो, गोरखा र कास्कीमा मगर दोस्रो, बाग्लुङ र म्याग्दीमा खाम दोस्रो स्थानमा रहेको पाइन्छ। त्यसैगरी लमजुङमा तामाङ र नवलपरासीमा थारू दोस्रो स्थानमा रहेका छन्। घलेभाषीको सघनता गोरखामा मात्र रहेको पाइन्छ। उर्दूभाषीको सघनता गोरखा र तनहुँमा रहेको पाइन्छ।

७.२.९ भाषाका सबल पक्ष, भाषागत चुनौतीहरू र सम्भावनाहरू

७.२.९.१ भाषाका सबल पक्ष

प्रदेशमा बोल्ने वक्ताको सङ्ख्याले भाषाको सबलता देखाउँछ। वक्ताको सङ्ख्याका हिसाबले यस प्रदेशमा मगर र गुरुङ सबल भाषाका रूपमा रहेका छन्। सरकारी जनगणना, आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान र भाषा आयोगजस्ता संस्थाबाट पहिचान भएका भाषा पनि सबल मानिन्छन्। लेखन प्रणालीको विकास हुनु पनि भाषिक सबलताको परिचायक हो। भाषामा समाजभाषिक स्थितिको अध्ययन, व्याकरण लेखन, शब्दकोशको निर्माण, मातृभाषामा प्राथमिक शिक्षाजस्ता कुराले पनि भाषाको सबलतालाई मापन गर्दछन्। वक्ताले गर्ने भाषाको स्वीकार्यता र भाषाको ऐतिहासिकता पनि भाषाको सबलता परीक्षण गर्ने निर्धारक तत्त्व हुन्।

७.२.९.२ भाषागत चुनौती

नेपाली भाषाबाहेक गण्डकी प्रदेशका प्रमुख भाषाका रूपमा रहेका मगर, गुरुङ, भोजपुरी, थारू, नेवार, तामाङ, कुमाल, घले, ल्होवा, छन्त्याल र भुजेलजस्ता भाषाहरूमा पुस्तान्तरण कमजोर हुँदै गइरहेको छ। अर्को शब्दमा भन्ने हो भने बालबालिकाले क्रमशः यस्ता मातृभाषाहरू बोल्न छाडिरहेका छन्। अर्को कुरा कुमाल, दरई, खाम, घले, थकाली, ल्होवा, छन्त्याल र भुजेलजस्ता भाषामा वक्ताको सङ्ख्या कम रहेको छ। नेपालीबाहेक कुनै पनि भाषा सरकारी कार्यालयमा प्रयोग भएको छैन। मगर भाषामा बाहेक अरू मातृभाषामा शिक्षा पनि उपलब्ध हुन सकेको छैन। भाषालाई पहिचानको केन्द्रबिन्दु बनाए पनि भाषिक समुदायमा भाषाप्रति सकारात्मक साधनात्मक अभिवृत्ति (Instrumental Attitude) को विकास हुन सकेको छैन। दैनिक जीवनमा सामान्य बोलीचालीमा बाहेक भाषा प्रयोगका अन्य क्षेत्रमा नेपालीबाहेक अन्य भाषाहरू प्रयोग हुन सकेका छैनन्।

७.२.९.३ भाषागत सम्भावनाहरू

स्थानीय तह र प्रदेश सरकारले बहुभाषिक भाषा विकास र संरक्षण नीति तय गरी लागु गरेमा संस्कृतिका धरोहर र जीवनोपयोगी ज्ञानका सागरको संवाहकका रूपमा रहेको यस प्रदेशमा मातृभाषाहरूको प्रयोगमा समुदायमा जागरण ल्याउन सकिन्छ। भाषिक समुदायको सहमति र सहभागितामा समाज अनुकूलका कार्यक्रमहरू लागु गरी नेपाली भाषातिर अपसरित हुँदै गएका भाषाहरूलाई दिगो बोलाइमा स्तरोन्नति गर्न सकिन्छ। त्यसपछि लेखन पद्धतिको विकास गरी प्रारम्भिक साक्षरतातिर भाषालाई लैजान सकिन्छ। अनि समुदायका मानिसहरूलाई लेखाइमा

प्रोत्साहन गरी मातृभाषामा प्राथमिक शिक्षा दिन पनि सकिन्छ। यस्ता भाषाहरूमा व्याकरण लेखन र शब्दकोश निर्माण, आधारभूत पाठ्यसामग्रीको निर्माण र साक्षरता सामग्रीको निर्माण गर्न सकिन्छ। मगर र गुरुङजस्ता वक्ताको सङ्ख्याका हिसाबले सबल भाषालाई दिगो साक्षरताका तहमा स्तरोन्नति गरेमा यी भाषाहरू प्रदेशमा सरकारी कामकाजको भाषाका रूपमा प्रयुक्त हुन सक्ने सम्भावना छ। स्थानीय तहमा पनि वक्ता सङ्ख्याका हिसाबले सबल रहेका भाषालाई साक्षरताका तहमा स्तरोन्नति गरी सरकारी कामकाजमा प्रयोग गर्न सकिन्छ।

यस प्रदेशमा सामान्य रूपमा सरकारी कार्यालयमा नेपालीबाहेक अन्य भाषा प्रयोग भएको पाइँदैन। अस्पताल, शिक्षण संस्था र सञ्चारका क्षेत्रमा पनि नेपाली भाषाको नै प्रयोग भएको पाइन्छ।

७.३ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी भएका कार्यहरू

७.३.१ प्रदेशमा सरकारी कामकाजको भाषासम्बन्धी भएका कार्यहरू

गण्डकी प्रदेशका ११ जिल्लाका स्थानीय तहलाई भौगोलिक रूपमा पायक पर्ने गरी तीनवटा क्लस्टर (समूहमा) विभाजन गरी यस प्रदेशमा सरकारी कामकाजको भाषा निर्धारणका आधार विषयक तीनवटा सङ्गोष्ठी भाषा आयोगले आयोजना गरिसकेको छ।

(क) गण्डकी प्रदेशमा बोलिने भाषिक स्थितिको विवरण तयार भएको छ।

(ख) गण्डकी प्रदेशमा बोलिने गुरुङ, मगर, भुजेल, चेपाङ, थकाली, छन्त्याल, ल्होवा, भोजपुरी, मैथिली, थारू, दरई, बोटे, नेवार, कुमाल, तामाङ, शेर्पाजस्ता भाषाहरूका समाजभाषिक सर्वेक्षणका प्रतिवेदन प्रकाशित भइसकेका छन् (रेग्मी, २०२१ क र ख)। सेर्के र चुन-नुब्री जस्ता भाषाका प्रतिवेदन प्रकाशोन्मुख अवस्थामा रहेका छन्।

(ग) प्रादेशिक भाषानीति तय गर्ने बारेमा प्रक्रिया अगाडि बढाइएको छ।

(घ) भाषिक जागरण र प्रशिक्षणको काम अगाडि बढाइएको छ।

(ङ) विद्यालयमा मातृभाषा विषयको पठनपाठनका लागि पाठ्यक्रम निर्माणको प्रक्रिया अगाडि बढाइएको छ।

७.३.२ स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी भएका कार्यहरू

स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी प्रत्यक्ष रूपमा सहयोग पुग्ने खासै काम भने भएका छैनन्। तर यस सम्बन्धमा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने निम्नलिखित केही कामहरू भने भएका छन्:

(क) भाषासम्बन्धी सङ्गोष्ठी, सेमिनार गरी भाषा निर्धारण गर्न पहल भएको,

(ख) नेपाल भाषाको सिकाइ सुरु गरिएको,

(ग) बाग्लुङमा मगर भाषा प्रशिक्षण कार्यक्रम सञ्चालन भएको,

(घ) स्याङ्जा जिल्लाको बिरुवा गाउँपालिका-२ आर्कोट, कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकाको रिधान गाउँमा विषयका रूपमा मगर मातृभाषा विद्यालयमा पठनपाठन गर्ने कामको थालनी भएको,

(ङ) नवलपरासी जिल्लाका विभिन्न स्थानमा गैरसरकारी संस्थाद्वारा मगर मातृभाषामा साक्षरताका कार्यक्रम सञ्चालन गरेको,

(च) मगर भाषामा कविता, कथा र निबन्धजस्ता साहित्यको सिर्जना भइसकेको,

(छ) गुरुङ भाषामा खेप्ही लिपिको प्रयोग गरी पोखरा-लेखनाथ महानगरपालिकाको वडा नं. २९ भण्डारढिकमा तीन वर्षदेखि लगातार प्रशिक्षण चलिरहेको, माछापुच्छ्रे गाउँपालिकामा तीनदिने गुरुङ भाषा प्रशिक्षण चलाइएको र त्यस्तै मादी गाउँपालिकामा दुईपटक गुरुङ भाषा प्रशिक्षण चलाइएको,

(ज) विभिन्न गाउँपालिका र नगरपालिकास्तरमा भाषिक सर्वेक्षण भएको,

(झ) भाषाअनुसारको पाठ्यपुस्तक स्थानीय तहले बनाएर पठनपाठन सुरु भएको,

(ञ) भाषिक जागरण र प्रशिक्षणका काम अगाडि बढाइएको।

७.४ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउनुपर्ने आधार

भाषा आयोगद्वारा प्रदेशमा सरकारी कामकाजको भाषा निर्धारणका लागि मूलतः ३ वटा आधारहरू प्रस्तुत गरिएका छन्। ती हुन्: वक्ताको सङ्ख्या, भाषा प्रयोगको व्यापकता र वक्ताको सङ्ख्याको सङ्कुचन वा विस्तार आदि।

(क) वक्ताको सङ्ख्या

भाषाको चयनमा वक्ताको सङ्ख्या महत्त्वपूर्ण आधार हो। नेपालको संविधानले पनि बहुसङ्ख्याकतालाई सरकारी कामकाजको भाषा निर्धारणको प्रमुख आधार मानेको छ। वि.सं.२०६८ को जनगणनाअनुसार नेपाली भाषाका अतिरिक्त प्रदेशभित्र बहुसङ्ख्यकले बोल्ने मातृभाषाहरूको क्रमागत सूची बनाउन सकिन्छ।

(ख) भाषा प्रयोगको व्यापकता

भाषाको चयनमा दोस्रो महत्त्वपूर्ण आधार भनेको भाषा प्रयोगको व्यापकता हो। यसभित्र कुनै भाषा एक वा एकभन्दा बढी भाषिक समूहले प्रयोग गर्ने वा नगर्ने, एक पालिका, एकभन्दा बढी पालिका वा प्रदेशभर प्रयोग भएको वा नभएको (घनत्वसमेत), शब्दकोश, लेख्य व्याकरण भए-नभएको, शिक्षा (आधारभूत/ माध्यमिक/उच्च) मा प्रयोग भए-नभएको, सञ्चारमा प्रयोग भए-नभएको, भाषामा सामग्री प्रकाशित भए-नभएको, नेपालको जनगणना र भाषाको ऐतिहासिक अवस्था जस्ता उप-आधारहरू समावेश भएका हुन्छन्।

(ग) वक्ता सङ्ख्याको सङ्कुचन वा विस्तार

विभिन्न जनगणनामा प्रदेशगत भाषाहरूका वक्ताहरूको सङ्ख्याको विश्लेषण गरेर सङ्कुचन वा विस्तारको अवस्था निर्धारण गर्न सकिन्छ।

७.५ सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास

छिमेकी देश भारतले बहुसङ्ख्याकता, पहिचान र राष्ट्रिय अखण्डता जस्ता कुरालाई मूल आधार मानी केन्द्रस्तरमा १४.५ देखि २४.५ प्रतिशत जनताले मातृभाषाका रूपमा बोल्ने र देवनागरी लिपिमा लेखिने हिन्दी र अङ्ग्रेजीलाई सरकारी कामकाजका भाषाका रूपमा संवैधानिक मान्यता दिएको पाइन्छ। पाकिस्तानले मातृभाषीको बहुसङ्ख्यकता भन्दा पनि पहिचान र बृहत् सञ्चारको भाषा सिद्धान्तलाई नै अङ्गीकार गरी ७.५९% (सन् २००८ को अनुमान) ले मातृभाषाको रूपमा प्रयोग गर्ने उर्दूलाई सरकारी कामकाजको भाषा बनाएको छ। चीनले स्तरीय चिनियाँ (मन्डारिन चिनियाँको एउटा स्वरूप) लाई सरकारी कामकाजको भाषा मानेको छ। त्यसैगरी रुसले राष्ट्रिय तहमा रसियालीलाई एक मात्र सरकारी कामकाजको भाषा मानेको छ तर क्षेत्रीयस्तरमा भने रसियालीसहित ३५ वटा भाषाहरूलाई सरकारी कामकाजको भाषाका रूपमा लिएको पाइन्छ। ८५० भन्दा बढी भाषाहरू बोलिने देश पपुवा न्युगिनीले तोक पिजिन, हिरि मोतो, अङ्ग्रेजी र साङ्केतिक भाषा गरी चारवटा भाषालाई सरकारी कामकाजको भाषाको रूपमा मान्यता दिएको छ। ल्याटभियामा त्यहाँको संविधानले ल्याटभियालीलाई सरकारी राज्य भाषा मानेको छ। उल्लेखनीय कुरा के छ भने ल्याटभियाले करिब एक चौथाइले बोल्ने रसियाली भाषालाई पनि विदेशी भाषाको संज्ञा दिएको छ। अमेरिकाजस्ता केही देशले अल्पसङ्ख्यक आदिवासीका भाषालाई पनि समावेशी सिद्धान्तका आधारमा सरकारी कामकाजको भाषा बनाएको पाइन्छ। अमेरिकाको हवाई राज्यमा अङ्ग्रेजी र हवाई दुवै भाषालाई सरकारी कामकाजको भाषाका रूपमा मान्यता दिइएको छ भने अलस्कामा अङ्ग्रेजीसहित करिब २० वटा मातृभाषालाई सरकारी कामकाजको भाषाका रूपमा मान्यता दिइएको पाइन्छ (बन्धु र अरू २०७४; रेग्मी २०१८ इ.)।

७.६ सङ्गोष्ठी र अन्तर्क्रियाबाट प्राप्त सुझाव

७.६.१ पहिलो सङ्गोष्ठीबाट प्राप्त मुख्य सुझावहरू

गोरखा, मनाङ, लमजुङ र नवलपरासी (बर्दघाट-सुस्तापूर्व) जिल्लाका सहभागीहरूको सहभागितामा २०७६ जेठ १० गते बेंसीसहरमा आयोजना गरिएको सङ्गोष्ठीबाट प्राप्त सुझावहरू निम्नानुसार रहेका छन्:

(क) नेपालीबाहेक अन्य भाषालाई प्रदेश तहको सरकारी कामकाजको भाषा निर्धारण गर्दा उपयुक्त भाषिक गणनाका आधारमा बहुसङ्ख्यकतालाई प्रमुख आधार मान्दै भाषा आयोगले तय गरेका भाषाको व्यापकताका आधारमा प्रदेशका सबै भाषाको क्रमागत सूची तयार गर्नुपर्ने।

(ख) यस्तो क्रमागत सूचीका आधारमा कुनकुन भाषा सबै सरकारी कार्यालय, शिक्षा, सञ्चार र यातायातमा लिखित र मौखिक दुवै रूपमा प्रयोग हुने, सरकारी कार्यालयमा मौखिक प्रयोग गर्ने तथा माथिल्लो प्राथमिकतामा परेका भाषामा अभिलेख राख्ने, शिक्षा, सञ्चार र यातायातमा केवल मौखिक प्रयोग हुने जस्ता कुराका आधारमा भाषाको वर्गीकरण गर्नुपर्ने।

(ग) सबै भाषालाई केही न केही क्षेत्र (स्थानीय तह) मा प्रयोग हुन सक्ने अवस्थाको सिर्जना गर्ने नीति बनाउनुपर्ने र प्रयोग गर्नुपर्ने।

(घ) सबै मातृभाषाको संरक्षण र विकास गर्नुपर्ने।

७.६.२ दोस्रो सङ्गोष्ठीबाट प्राप्त मुख्य सुझावहरू

मुस्ताङ, बाग्लुङ, म्याग्दी र पर्वत जिल्लाका सहभागीहरूको सहभागितामा २०७६ माघ १७ गते बेनीबजारमा आयोजना गरिएको सङ्गोष्ठीबाट प्राप्त सुझावहरू निम्नानुसार रहेका छन्:-

(क) यस प्रदेशमा नेपालीबाहेक वक्ताको सङ्ख्या बढी भएका मगर र गुरुङजस्ता भाषामा आधारभूत तहका भाषा विकासका काम गरी सरकारी कामकाजका लागि प्रयोगयोग्य बनाउनेतर्फ प्रदेश सरकार लाग्नुपर्ने।

(ख) सबै मातृभाषाको संरक्षण र विकास गर्नुपर्ने।

(ग) यस प्रदेशको समाजभाषिक परिस्थितिलाई मध्यनजर गरी सरकारी कामकाजका लागि नेपाली नै प्रयोग गर्नु उचित हुने तर सरकारी कार्यालयमा दोभासेको व्यवस्था गर्नुपर्ने।

७.६.३ तेस्रो सङ्गोष्ठीबाट प्राप्त मुख्य सुझावहरू

तनहुँ, स्याङ्जा र कास्की जिल्लाका सहभागीहरूको सहभागितामा वि.सं. २०७७ फागुन ५ गते दूरदृश्यका माध्यमबाट आयोजना गरिएको सङ्गोष्ठीबाट प्राप्त सुझावहरू निम्नानुसार रहेका छन्:-

(क) गण्डकी प्रदेशमा मूलतः तमूहरूको इतिहास र संस्कृतिको विकास भएको र सङ्ख्यात्मक रूपमा पनि तमूहरू अग्रपङ्क्तिमा रहेकाले समाज मनोवैज्ञानिक र मानवशास्त्रीय आधारमा पनि गुरुङ भाषा यस प्रदेशको सरकारी कामकाजको भाषा हुनुपर्ने र नेपालीका अतिरिक्त दुईवटा भाषालाई सरकारी कामकाजको भाषा बनाउने भए मगर भाषालाई पनि चयन गर्नुपर्ने।

(ख) सघन बस्ती र वक्ता सङ्ख्या भएका कारणले गुरुङपछि मगरलाई पनि यस प्रदेशको सरकारी कामकाजको भाषा बनाउनुपर्ने।

(ग) कुनै भाषा विशेषलाई प्रदेशको सरकारी कामकाजको भाषा सिफारिस गर्नुपूर्व भाषा प्रयोग र विस्तारको बारेमा समीक्षा गर्नुपर्ने।

(घ) शब्दकोश र व्याकरण निर्माण गरी सोहीअनुरूपको पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी विद्यालयमा मातृभाषामा पढाइ गर्नुपर्ने र भाषालाई समृद्ध गराउनुपर्ने।

७.७ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस र कार्यान्वयन स्थिति

७.७.१ प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसको स्थिति

भाषा आयोगले नेपाल सरकारलाई संवत् २०७४ सालदेखि चारवटा वार्षिक प्रतिवेदन बुझाइसकेको छ (भाषा आयोग, २०७४; २०७५; २०७६; २०७७)। संविधानले दिएको दायित्वअनुसार भाषा आयोगले प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी निम्नअनुसारका सिफारिसहरू गरेको छ (भाषा आयोग, २०७७):

(क) प्रदेश र स्थानीय तहमा नेपालको सरकारी कामकाजको नेपाली भाषा र प्रदेश कानुनबमोजिम प्रदेशले निर्धारण गरेको सरकारी कामकाजको भाषाको संविधानसम्मत कार्यान्वयन हुनुपर्ने।

(ख) नेपाली भाषाका अतिरिक्त प्रदेश कानुनबमोजिम प्रदेशले सरकारी कामकाजको भाषा निर्धारण गर्नुपर्ने।

(ग) प्रदेशको सरकारी कामकाजको भाषाको रूपमा मान्यता पाउन प्रदेशमा बोल्ने वक्ताको सङ्ख्या, भाषिक पहिचान, भाषाको लेखन प्रणाली, भाषाको व्याकरण, शब्दकोश, प्रकाशित सामग्री, भाषाको स्वीकार्यता र भाषाको ऐतिहासिकता सम्भाव्य सक्षमताका आधारहरू जानकारीमा लिनुपर्ने।

(घ) प्रदेशभित्रका अन्य भाषाहरूलाई संविधानका प्रावधानबमोजिम प्रदेश र स्थानीय तहमा सम्मानजनक स्थान दिनुपर्ने र प्रादेशिक भाषा प्रतिष्ठान गठन हुनुपर्ने।

(ङ) बहुभाषिक समाजको निर्माण र नेपाली भाषाका अतिरिक्त व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हकको प्रत्याभूति हुनुपर्ने।

(च) प्रदेश र स्थानीय तहमा भाषानीति एवम् भाषा ऐनको निर्माण गरिनुपर्ने।

७.७.२ सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसको कार्यान्वयनको स्थिति

भाषा आयोगले सङ्घीय सरकारलाई प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी महत्त्वपूर्ण सिफारिस गरे पनि प्रदेश तथा स्थानीय तहलाई सो सिफारिस कार्यान्वयन गराउनेतर्फ सङ्घीय सरकार क्रियाशील रहेको पाइँदैन। यस प्रदेशमा प्रदेश र स्थानीय तहमा सरकारी कामकाजमा नेपाली भाषा संविधानसम्मत नै प्रयोग भएको पाइन्छ। प्रदेशले कानुनबमोजिम नेपाली भाषाका अतिरिक्त अन्य मातृभाषालाई सरकारी कामकाजको भाषा निर्धारण गर्नुपर्ने हो तर गण्डकी प्रदेशले नेपाली भाषाका अतिरिक्त प्रदेश कानुनबमोजिम सरकारी कामकाजको भाषा निर्धारण

गरिसकेको छैन। प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन प्रदेशमा बोल्ने वक्ताको सङ्ख्या, भाषिक पहिचान, भाषाको लेखन प्रणाली, भाषाको व्याकरण, शब्दकोश, प्रकाशित सामग्री, भाषाको स्वीकार्यता र भाषाको ऐतिहासिकताजस्ता सम्भाव्य सक्षमताका आधारहरू जानकारीमा लिनुपर्ने कुरामा भने यस प्रदेशले तदारुकता देखाएको छ। प्रदेशभित्रका अन्य भाषाहरूलाई संविधानका प्रावधानबमोजिम प्रदेश र स्थानीय तहमा सम्मानजनक स्थान दिनुपर्ने कुरामा प्रदेश लागी परेको पाइन्छ। त्यसैका लागि प्रदेशले भाषाको प्रोफाइल पनि तयार गरेको हो। प्रदेशमा बोलिने मातृभाषाहरूको स्थितिको बारेमा मूल्याङ्कन तथा समुदायलाई जानकारी गराउने उद्देश्यले सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा प्रदेशमा सङ्गोष्ठीहरूको आयोजना गरिनुका साथै बहुभाषिक समाजको निर्माण र नेपाली भाषाका अतिरिक्त व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हकको प्रत्याभूति गर्नुपर्ने कुरामा भने प्रदेश सरकार अगाडि बढेको छ। प्रदेश र स्थानीय तहमा भाषानीति एवम् भाषा ऐनको निर्माण गर्नुपर्ने कुरामा स्थानीय र प्रदेश सरकार गम्भीर रूपमा लागेको देखिँदैन।

७.८ निष्कर्ष र भावी कार्य/रणनीति

७.८.१ निष्कर्ष

प्रत्यक्ष अवलोकन, अभिलेखको अध्ययन, समीक्षा, प्रश्नावलीको प्रयोग, छलफल, अन्तरक्रिया र अन्तर्वार्ताजस्ता साधनको प्रयोग गरी गरिएको अध्ययनअनुसार गण्डकी प्रदेश र यसअन्तर्गतका स्थानीय तहहरूमा नेपाली भाषाका अतिरिक्त यस प्रदेश र स्थानीय तहमा बोलिने मातृभाषाहरूलाई पनि सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न सकिने अवस्था रहेको छ। प्रदेश तहमा वक्ताको बहुसङ्ख्यकताका आधारमा नेपाली भाषाका अतिरिक्त गुरुङ र मगर भाषा सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न सकिन्छ। भाषिक समुदायको पहलमा विषयका रूपमा मगर भाषामा आधारभूत तहमा शिक्षा, अभिलेखीय कार्य तथा साहित्य लेखनजस्ता काम भइरहेका छन्। त्यस्तै गुरुङमा पनि साक्षरताका प्रयासहरू भइरहेका छन् तर पाठ्यक्रमको विकास भइनसकेकाले गुरुङ भाषाको विद्यालय शिक्षामा प्रयोगमा आइसकेको छैन। साक्षरता, मातृभाषामा शिक्षा र साहित्य सिर्जना गरी भाषालाई दिगो साक्षरताका तहमा स्तरोन्नति गर्न सकिन्छ। यसरी हेर्दा मगर लेख्य परम्परा वा साक्षरताको तहमा केही अगाडि बढेको देखिन्छ। खे प्ही लिपिसहित भाषा प्रशिक्षणमा अगाडि बढेको र अन्य अभिलेखीय कार्य पनि भइसकेकाले गुरुङ भाषालाई पनि साक्षरताको तहमा लैजान गाह्रो छैन। यस दृष्टिकोणबाट यी दुईवटा भाषाहरू प्रदेशमा सरकारी कामकाजका लागि उपयुक्त देखिन्छन्। यस प्रदेशका लेख्य परम्परा वा साक्षरताको तहमा आइनसकेका र विद्यालय शिक्षामा पनि आइनसकेका तर स्थानीय तहमा सघन वक्ता भएका भाषाहरूलाई भने सरकारी कामकाजमा मौखिक रूपमा बाहेक लिखित रूपमा तत्कालै प्रयोग गर्न सकिन्न। त्यस्ता भाषाहरूलाई लिखित रूपमा नै प्रयोगयोग्य बनाउनका लागि सबैभन्दा पहिले यी भाषाहरूलाई साक्षरताका तहमा स्तरोन्नति गर्नुपर्ने देखिएको छ। प्रदेश तथा स्थानीय तहमा सरकारी

कामकाजको भाषा निर्धारण गर्दा वक्ताको सङ्ख्याका साथसाथै भाषा प्रयोगको व्यापकताको समीक्षा गर्ने र प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषा हुन सक्ने यथेष्ट आधारहरू भाषा विशेषमा नदेखिएसम्म वा साक्षरताको तहमा स्तरोन्नति नगरिएसम्म सरकारी कार्यालयमा दोभासेको व्यवस्था गर्नुपर्ने देखिन्छ। प्रदेश, जिल्ला, पालिका, वडा तथा गाउँ विशेषमा नेपाली भाषाका अतिरिक्त निश्चित मातृभाषाको प्रयोगलाई सुनिश्चितता प्रदान गरी भाषिक समुदायलाई भाषिक समानताको अनुभूति प्राप्त गर्न सक्ने अवस्थाको सिर्जना गर्नेतर्फ सबै तह प्रभावकारी रूपमा लाग्नुपर्ने देखिएको छ।

७.८.२ भावी कार्य वा रणनीति

पक्षपोषण (Advocacy)र भाषा अभिलेखीकरण (व्याकरण र शब्दकोशलगायत पाठ्यसामग्री निर्माण) जस्ता कार्यले मात्र मातृभाषाहरूलाई दिन प्रतिदिन सङ्कटापन्न अवस्थातिर जानबाट रोक्न सकिन्न। नेपालीबाहेक यस प्रदेशमा बोलिने मातृभाषालाई उचित विकास नगरिएसम्म यसअन्तर्गतका स्थानीय तहमा सरकारी कामकाजको भाषाका रूपमा प्रभावकारी रूपमा प्रयोग हुन गाह्रो हुने देखिन्छ। त्यसैले प्रदेश तथा स्थानीय तहले दिगो भाषाप्रयोगका निम्नलिखित रणनीति तय गरी कार्यान्वयन गर्नुपर्दछ (रेग्मी, २०७८ ख):

७.८.२.१ दिगो साक्षरताको रणनीति

गण्डकी प्रदेशका मगर, गुरुङ, शेर्पा, तामाङ र थारूजस्ता भाषामा पढ्न र लेख्न प्रोत्साहन गरेर दिगो साक्षरताको स्तरमा स्तरोन्नति गर्न सकिन्छ। यसका लागि सर्वप्रथम विद्यालयमा बहुभाषिक शिक्षा लागु गर्नुपर्दछ। त्यसले स्थानीय भाषामा साहित्यको विकास गर्न प्रोत्साहन गर्दछ। मातृभाषामा साक्षरता अभिवृद्धि गर्नका लागि स्थानीय शिक्षकहरूलाई मातृभाषामा साक्षरताका शिक्षण विधिका बारेमा प्रशिक्षण दिनुपर्दछ। अल्पसङ्ख्यक भाषाहरूको संरक्षण कार्यक्रमको समीक्षा आवधिक रूपमा गर्नुपर्दछ। यस्ता समीक्षामा सामुदायका नेताहरू/भाषा कार्यकर्ताहरू, स्थानीय शिक्षकहरू र स्थानीय सरकारका प्रतिनिधिहरूलाई समावेश गर्नुपर्दछ। मातृभाषाको पक्षपोषण (Advocacy)का लागि मातृभाषा प्रतिष्ठानको स्थापना गर्नुपर्दछ। स्थानीय लेखकका लागि प्रशिक्षण, कार्यशाला र नेटवर्किङको व्यवस्था स्थानीय सरकारले गराउनु पर्दछ। यसबाहेक मातृभाषामा लेख्न थालेका स्थानीय लेखकहरूलाई सञ्चार र सूचना प्रविधिको प्रयोगमा सहयोग पुऱ्याउनु पर्छ।

७.८.२.२ प्रारम्भिक साक्षरता रणनीति

ल्होवा, भुजेल, दरई र कुमालजस्ता घरायसी बोलीचालीमा मात्र सीमित रहेका भाषालाई प्रारम्भिक साक्षरता (लिखित कार्य) को तहमा स्तरोन्नति गर्नुपर्दछ। यसका लागि समुदायको सामाजिक-सांस्कृतिक परिस्थितिसँग उपयुक्त रणनीतिहरू तय गर्नुपर्दछ। समुदायको सहमतिमा साक्षरता पहिलो पुस्तक (Primer) का साथसाथै व्यावहारिक वर्णविन्यासको विकास गर्नुपर्दछ। शिक्षकलाई प्रशिक्षण दिनुपर्दछ र समुदायलाई मातृभाषामा लेख्न प्रोत्साहित गर्नुपर्दछ। स्थानीय सरकारले

वर्णविन्यास र पहिलो पुस्तक विकास गर्न समुदायलाई आर्थिक र प्राविधिक सहयोग गर्नुपर्दछ। परम्परागत कथाहरू र नयाँ सामग्री समावेश गरेर स्थानीय साहित्यको विकास गर्नुपर्दछ। मातृभाषामा साहित्यको विकास गर्न र प्रकाशन गर्न समुदायभित्र र बाहिरका मानिसलाई स्थानीय सरकारले प्रशिक्षण र प्राविधिक सहयोग प्रदान गर्नुपर्दछ।

७.८.२.३ दिगो मौखिकता रणनीति

गण्डकी प्रदेशका साठीभन्दा बढी भाषाहरू नेपाली भाषासँग लामो र गहिरो सम्पर्कमा रहेका पाइन्छन्। त्यसै कारणले आफ्नो दिगो मौखिकता गुमाउँदै नेपाली भाषातिर अपसरित हुँदै छन्। धेरैजसो बालबालिकाहरूले आफ्नो मातृभाषाको रूपमा यी भाषाहरू सिक्दैनन्। यस्ता सङ्कटापन्न र अपसरणशील भाषालाई स्तरोन्नति गरी दिगो मौखिकताको तहमा लैजानुपर्दछ। यसका लागि भाषिक समूहलाई स्थानीय भाषा र संस्कृति जान्ने व्यक्तिको नेतृत्वमा सङ्गठित गर्नुपर्दछ र बालबालिकालाई खेल समूहमा विभाजन गरी मातृभाषामा संस्कृतिका कुरा सिकाउनु पर्दछ। यसबाहेक विद्यालयमा द्विभाषी प्रतियोगिता आयोजना गरी मातृभाषामा बोल्न प्रोत्साहित गर्नुपर्दछ। बालबालिकाहरू लामो छुट्टीमा घरमा आएको बेला स्थानीय रेडियोका माध्यमबाट मातृभाषामा आफ्ना संस्कृतिका बारेमा जानकारी दिन सकिन्छ। यसबाहेक घर र समुदायमा स्थानीय मातृभाषा र विद्यालयमा नेपाली भाषा प्रयोग गर्नका लागि स्थानीय सरकारको सहयोगमा विद्यालयले गुरुयोजना बनाउन सक्छ।

७.८.२.४ सामान्य मौखिकता रणनीति

गण्डकी प्रदेशमा थातथलो भएको बरामजस्तो मृतप्रायः भाषालाई पुनः जीवित गर्न सकिन्छ। यसका लागि बचेखुचेका शब्दहरू र परम्परागत कथाहरूका आधारमा भाषा प्रयोगको इतिहासको पुनर्निर्माण गर्नुपर्दछ। यसले समुदायलाई भाषाको संरक्षण वा पुनः जीवित गर्न उत्प्रेरित गर्दछ। यसबाहेक सहयोगी संस्था र समुदाय मिलेर पाठसङ्ग्रह (Corpus) को विकास र शिक्षक प्रशिक्षणजस्ता कामहरू सञ्चालन गर्नुपर्दछ। स्थानीय भाषाको प्रवर्धनमा लागेका विद्यालयले अभिभावकहरूलाई घरमा मातृभाषा प्रयोग गर्न प्रोत्साहित गर्नका लागि बैठकहरूको आयोजना गर्न सकिन्छ। समुदायमा जागरुक समूह गठन गरेर युवा पुस्तालाई भाषा सिक्न जागरुक बनाउनुपर्दछ। स्थानीय रेडियो कार्यक्रममार्फत् आफ्नै भाषा बोल्न प्रोत्साहित गर्नुपर्दछ। अनुभवी आमाहरूले भरखर बच्चा जन्माएका नवयुवती आमाहरूलाई आफ्ना भाषाका शब्दका साथसाथै परम्परागत कुराहरू सिकाएर बालबालिकाको हेरचाह गर्दा तिनीहरूलाई स्थानीय भाषाको प्रयोग गर्न प्रोत्साहित गर्नुपर्दछ।

गण्डकी प्रदेशमा भाषाको अभिलेखीकरणीय कार्य (शब्दकोश, व्याकरण लेखन) जस्ता कामबाहेक समुदायमा आधारित भाषाको स्तरोन्नति गर्ने काम भएका छैनन्। भाषा, भाषाका वक्ताको वितरण जस्ता भाषासम्बन्धी विवरण उपलब्ध नभएका गण्डकी प्रदेशमा प्रदेश तथा स्थानीय तहमा सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू तय गर्ने काम सजिलो छैन तैपनि समावेशिता र समानताका दृष्टिकोणबाट प्रदेश तथा स्थानीय तहले भाषा विकास तथा संरक्षण नीति बनाई भाषा

प्रयोगको व्यापकताको आधारमा सम्भव भएका क्षेत्रमा मातृभाषाको प्रयोग हुन सक्ने वातावरण सिर्जना गर्ने कार्यमा प्रदेश तथा स्थानीय तह लाग्नुपर्दछ। साक्षरताको तहबाट अगाडि बढेका गुरुङ र मगर भाषालाई विकसित गरी गण्डकी प्रदेशमा सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न सकिन्छ।

यस प्रदेशका स्थानीय तहमा सघन वक्ता भएका अरू भाषाहरूलाई पनि सरकारी कामकाजमा प्रयोगयोग्य बनाउनका लागि सबैभन्दा पहिले यी भाषाहरूलाई साक्षरताको तहमा स्तरोन्नति गर्नुपर्दछ। साक्षरताको तहमा स्तरोन्नति नगरिएसम्म सरकारी कार्यालयमा दोभासेको व्यवस्था गर्नुपर्दछ। यसरी प्रदेश, जिल्ला, पालिका, वडा तथा गाउँ विशेषमा नेपाली भाषाका अतिरिक्त निश्चित मातृभाषाको प्रयोगलाई सुनिश्चितता प्रदान गरी भाषिक समुदायलाई भाषिक समानताको अनुभूति प्राप्त गर्न सक्ने अवस्थाको सिर्जना गर्नेतर्फ सबै तह प्रभावकारी रूपमा लाग्नु पर्दछ। यस प्रदेशमा नेपाली भाषाका अतिरिक्त मगर, गुरुङ, भोजपुरी र थारू भाषालाई सरकारी कामकाजमा प्रयोग गर्ने गरी व्यवस्था गर्न सिफारिस गर्न सकिने देखिन्छ।

लुम्बिनी प्रदेशको भाषिक अध्ययन

विज्ञ समूह

प्रा.डा. हृदयरत्न वज्राचार्य - संयोजक

प्रा.डा. दुबिनन्द ढकाल

श्री अशोककुमार थारू

अध्याय - आठ

लुम्बिनी प्रदेशको भाषिक अध्ययन

८.१ विषय प्रवेश

लुम्बिनी प्रदेशमा दाङ, बाँके, बर्दिया, पाल्पा, अर्घाखाँची, गुल्मी, कपिलवस्तु, नवलपरासी (बर्दघाट-सुस्तापश्चिम), रूपन्देही, प्युठान, रोल्पा र रुकुम (पूर्वी भाग) गरी १२ वटा जिल्लाहरू पर्दछन्। यस प्रदेशमा बोलिने ८५ भाषाहरू मातृभाषाका रूपमा सूचीकृत गरिएका छन्। कुल १०९ गाउँपालिका र नगरपालिका रहेको यस प्रदेशमा मूलतः भारोपेली भाषा परिवारका भाषाहरू बोलिने गर्दछन्। कुल क्षेत्रफल २२,२८८ वर्गकिलोमिटर रहेको यस प्रदेशको जनसङ्ख्या ४८,९१,०२५ रहेको छ। यस प्रदेशमा तराई र पहाडी भूभाग पर्दछ।

८.२ प्रदेशमा बोलिने भाषाहरू

वि.सं.२०६८ को जनगणनाअनुसार लुम्बिनी प्रदेशमा ८५ भाषाहरू बोलिन्छन् (भाषा आयोग, २०७५ख)। सरकारी तथ्याङ्कका अतिरिक्त हामीले नेपालका भाषा सूचीकरण गरेका अन्य स्रोतहरू हेर्ने हो भने यहाँ अन्य केही भाषाहरूले समेत स्थान पाएको देख्न सकिन्छ। यस प्रदेशमा बोलिने भाषाहरूमध्ये जनसङ्ख्याका आधारमा १ देखि १० स्थानसम्म रहेका भाषाहरू तालिकामा दिइएका छन्:

तालिका ८.१: लुम्बिनी प्रदेशका दश स्थानसम्म रहेका भाषा

क्र.स.	भाषा	वक्ता सङ्ख्या	प्रतिशत
१	नेपाली	२३,६४,५४६	५४.७०
२	थारू	५,६८,३५७	१३.७०
३	अवधी	४,९८,१८०	११.५२
४	भोजपुरी	३,२६,२६०	७.५५
५	उर्दू	२,२८,४१०	५.२८
६	मगर	१,९६,३३३	४.५४
७	मैथिली	४३,९२७	१.१
८	नेवार	२६,४७१	०.६९
९	खाम	१७,६१४	०.४६
१०	गुरुङ	१५,९४५	०.४२

स्रोतः जनगणना प्रतिवेदन (२०६८), केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं।

नेपालको जनगणनामा एउटै भाषा भनेर सूचीकृत गरिएको थारू भाषाका नुनन (२००५ इ.) मा डङ्गौरा, कठरियाजस्ता भेदहरू अलग भाषाका रूपमा सूचीकृत छन्। यस प्रदेशमा बोलिने थारू भाषाका भेदहरूका बारेमा स्वतन्त्र अध्ययन हुन बाँकी छ तथापि दाङ जिल्लाको सेरोफेरोमा बोलिने थारूको भेदलाई भाषावैज्ञानिक अध्ययनमा डङ्गौरा थारू भनेर सूचीकृत गरिएको छ भने रूपन्देही, नवलपरासी र कपिलवस्तुका केही स्थानमा बोलिने थारू अलग्गै भेद हुन सक्छन्। एकल भाषा परिवारको कुसुन्डा भाषाका वक्ता पनि यसै प्रदेशमा बसोबास गर्दछन्। तालिका ८.१ मा समावेश भएका भाषाका अतिरिक्त केही भाषाहरू यस प्रदेशमा बोलिने गर्दछन्। खाम, बोटे, कुमाल, कुसुन्डा, राजी (पुर्बिया राजी) जस्ता कम वक्ता भएका भाषाहरू पनि यस प्रदेशमा बोलिने गर्दछन्। यस प्रदेशमा मूल रूपमा बोलिने मातृभाषाहरूको अवस्थिति र यस प्रदेशमा नेपाली, थारू, अवधी र मगर भाषाहरूको वितरण तलका नक्साहरूमा प्रस्तुत गरिएको छ।

लुम्बिनी प्रदेश
मातृभाषाहरूको अवस्थिति
कर्णाली प्रदेश
गण्डकी प्रदेश
लुम्बिनी प्रदेश
चीन
भारत
सोनाहा
मेहवा
मधुवन
होली (पूर्वी)
थवाङ
खाम
कुसुण्डा
लमही
घोराही
रानी
उदय
कृष्णनगर
कपिलवस्तु
अवधी
मगर
तिब्बती
अन्तर्राष्ट्रिय सीमा
प्रदेश
स्थानीय तह
भोट बर्मेली
भारोपेली
एकल भाषा परिवार
10 5 0 10 20 30 40
कि.मी.

लुम्बिनी प्रदेश
मातृभाषाहरूको सघनता
कर्णाली प्रदेश
गण्डकी प्रदेश
लुम्बिनी प्रदेश
भारत
अन्तर्राष्ट्रिय सीमा
प्रदेश
स्थानीय तह
अवधी
1 Dot = 100
नेपाली
1 Dot = 100
मगर
1 Dot = 100
थारू
1 Dot = 100
20 10 0 20 40 60 80
कि. मी.
28°40'30"N
27°30'0"N
82°1'30"E
83°12'0"E

८.३ भाषाहरूको जिल्लागत वितरण

यस प्रदेशका १२ जिल्लामध्ये नेपाली भाषा १० स्थानमा वक्ताका आधारमा पहिलो स्थानमा रहेको छ भने बर्दियामा थारू र कपिलवस्तु जिल्लामा अवधी प्रथम स्थानमा रहेका देखिन्छन्। अन्य जिल्लाका तुलनामा कपिलवस्तु जिल्लाको स्थिति भिन्न रहेको छ। यस जिल्लामा अवधी भाषा पहिलो स्थानमा, उर्दू भाषा दोस्रो स्थानमा र नेपाली भाषा तेस्रो स्थानमा रहेको छ। मगर भाषा कुनै पनि जिल्लामा पहिलो स्थानमा नभए पनि ६ जिल्लामा दोस्रो स्थानमा रहेको छ। यस प्रदेशका जिल्लाहरू र ती जिल्लाहरूमा वक्ताका आधारमा पहिलो र दोस्रो स्थानमा रहेका भाषालाई तालिकामा दिइएको छः

तालिका ८.२: लुम्बिनी प्रदेशका जिल्लाहरूमा बोलिने पहिलो र दोस्रो स्थानका भाषाहरू (जनसङ्ख्याका आधारमा)

क्र.स.	जिल्ला	पहिलो स्थानको भाषा	दोस्रो स्थानको भाषा
१	दाङ	नेपाली	थारू
२	बाँके	नेपाली	अवधी
३	बर्दिया	थारू	नेपाली
४	पाल्पा	नेपाली	मगर
५	अर्घाखाँची	नेपाली	मगर
६	गुल्मी	नेपाली	मगर
७	कपिलवस्तु	अवधी	उर्दू
८	परासी	नेपाली	भोजपुरी
९	रूपन्देही	नेपाली	भोजपुरी
१०	प्युठान	नेपाली	मगर
११	रोल्पा	नेपाली	मगर
१२	रुकुम (पूर्व भाग)	नेपाली	मगर

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग २०१३ इ.।

यस प्रदेशमा नेपालीइतरका भाषा बोल्ने वक्ताहरू के-कति तहसम्म बहुभाषिक छन् त्यसको स्वतन्त्र अध्ययन भएको छैन। यस प्रदेशका पहाडी जिल्लाहरूमा नेपाली भाषा मातृभाषा हुनेको सङ्ख्या अधिक रहेको छ। अर्कातिर मगर, खाम, बोटे र कुमालका वक्ता रहेका पाल्पा, गुल्मी र अर्घाखाँचीमा ती भाषाका वक्ताहरू नेपाली भाषामा पनि सक्षम देखिएकाले बहुभाषिक स्थिति देखिन्छ। प्रदेशमा बहुभाषिकताको स्थिति एउटा महत्त्वपूर्ण स्थिति हुन सक्छ (क्लोस, १९६६ इ.) र यसबाट सरकारी कामकाजको भाषा तोक्न सहज हुन सक्छ। यस प्रदेशमा बोलिने अन्य भाषाको विवरण अनुसूचीमा दिइएको छ।

८.४ स्थानीय पालिकामा भाषा

सरकारी कामकाजमा तथा शिक्षामा प्रयोगको सम्भावना हेर्नका लागि यस प्रदेशका स्थानीय पालिकामा भाषाको वितरणको स्थिति हेर्नुपर्ने हुन्छ। यसलाई तालिका ८.३ मा प्रस्तुत गरिएको छ। यस प्रदेशका कुल १०९ पालिकामध्येमा नेपाली-६७, भोजपुरी-१६, अवधी-११, थारू-१० र मगर-५ पालिकामा पहिलो स्थानमा रहेका छन्। नवलपरासी (बर्दघाट-सुस्तापश्चिम) र रूपन्देहीका स्थानीय पालिकाहरूमा भोजपुरी भाषा प्रथम स्थानमा रहेको छ। यस प्रदेशका स्थानीय पालिकामा पहिलो स्थानमा रहेका भाषाहरूको वितरण तालिकामा दिइएको छः-

तालिका ८.३: लुम्बिनी प्रदेशका स्थानीय पालिकामा बोलिने पहिलो स्थानका भाषाहरू

क्र.स.	पहिलो स्थानमा रहेको भाषा	स्थानीय तहको सङ्ख्या
१	नेपाली	६७
२	भोजपुरी	१६
३	अवधी	११
४	थारू	१०
५	मगर	५

८.५ स्थानीय भाषाहरूको अभिलेखीकरणको स्थिति

कुनै भाषा सरकारी कामकाजमा तथा शिक्षामा प्रयोग गर्नका लागि त्यस भाषामा सामग्रीहरूको उपलब्धता पनि एउटा महत्त्वपूर्ण पक्ष हो। भाषा योजनामा यसलाई पाठयोजना (Corpus Planning) भन्ने गरिन्छ। हामीले यस प्रदेशमा सरकारी कामकाजको भाषाको छनोट गर्दा यहाँका भाषामा उपलब्ध सामग्रीहरूको समेत चर्चा गर्नुपर्ने हुन्छ। प्रथमतः यस प्रदेशमा बोलिने भाषाको नाम विभिन्न सन्दर्भ ग्रन्थमा भिन्नभिन्न भएको अवस्था छ। जस्तो कि रोल्पामा बोलिने भाषालाई राष्ट्रिय जनगणनामा 'मगर' भाषा भनिएको छ भने केही सन्दर्भ सामग्रीमा 'खाम' भाषा भनेर उल्लेख गर्ने गरिन्छ। मगर भाषाका विभिन्न भेद र खाम भाषाका अलगअलग व्याकरण उपलब्ध छन्। अङ्ग्रेजी माध्यममा लेखिएको खाम भाषाको व्याकरण संसारकै उत्कृष्ट व्याकरणमा पर्ने गर्दछ (वाटर्स, २००२ इ.)। नवलपरासी (बर्दघाट-सुस्तापश्चिम) मा बोलिने बोटे भाषाको व्याकरण प्रकाशित छ (ढकाल, २०७५)। नेपाली माध्यमको यो व्याकरण यस क्षेत्रमा बोलिने बोटेसँग पनि मिल्दोजुल्दो भएका हुनाले सान्दर्भिक हुने निश्चित छ। कुमाल भाषाको अध्ययन भएको छ। मगर भाषाको व्याकरण प्रकाशन भएको छ (ग्रुनो ह्लास्टा,२००८ इ.)। मगर भाषाका नेपाली भाषामा प्रकाशित व्याकरण पनि उपलब्ध छन्। बर्दियामा बोलिने राजी भाषाको प्रारम्भिक व्याकरणको रूपरेखा तयार छ (ढकाल, २०७७)। त्यसैगरी शब्दकोश, शब्दसङ्ग्रह तथा अन्य उपलब्ध सामग्रीको विवरण दिइएको छ। लुम्बिनी प्रदेशका थप सामग्रीहरूको सूची (वज्राचार्य, ढकाल र थारू, २०७७) मा पाउन सकिन्छ। यस प्रदेशमा बोलिने भाषाका निम्नानुसारका सामग्री उपलब्ध छन्ः-

(क) समाज भाषावैज्ञानिक सर्वेक्षण-

बोटे, डङ्गौरा थारू, राजी, खाम, अवधी, कुमाल, कठरिया थारू।

(ख) व्याकरण-

खाम (वाटर्स, २००२ इ.), बोटे (ढकाल, २०७५), अवधी (पाठक, त्रिपाठी, वर्मा र यादव, २०७०), मगर (ग्रुनो ह्रास्टा २००८ इ.) र पुर्बिया राजी (ढकाल, २०७७)।

(ग) शब्दकोश (बहुभाषिक)

बोटे (ढकाल, २०२०), कुमाल (गौतम, २०१९ इ.), खाम (वाटर्स र वाटर्स, १९७७) आदि।

८.६ प्रादेशिक सङ्गोष्ठीका सुझावहरू

भाषा आयोगलाई नेपालको वर्तमान सन्दर्भमा भाषनीतिका बारेमा संवैधानिक दायित्व सुम्पिएको छ। आयोगले सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारको पहिचान गर्नु एउटा मुख्य काम रहेको छ। स्थानीय पालिकासँग गरिएको प्रादेशिक सङ्गोष्ठीको उद्देश्य सरकारी कामकाजमा भाषाका रूपमा मान्यता पाउनका लागि आधारहरू सम्बन्धमा द्वितीयक स्रोतमा मात्र आधारित भएर भाषानीति निर्धारण गर्नुभन्दा पनि स्थानीय सरकारका प्रमुख, उपप्रमुखसँगको प्रत्यक्ष अन्तर्क्रियाबाट सुझावहरू सङ्कलन गर्नु रहेको थियो। यसले स्थानीय तहमा बोलिने भाषाको स्थितिको यथार्थ जानकारीसमेत पाउन मद्दत पुग्ने विश्वास लिइएको छ। नेपालमा हुने गरेका भाषासम्बन्धी बहस राष्ट्रियस्तरका अतिरिक्त स्थानीय सरकारसम्म लैजानु र अभिमत सङ्कलन गर्नुसमेत यसको उद्देश्य रहेको थियो।

उल्लिखित सङ्गोष्ठीहरूमा स्थानीय सरकारका प्रमुख, उपप्रमुख, राजनीतिक दलका पदाधिकारी तथा प्रतिनिधिहरू, प्रादेशिक एवम् स्थानीय तहका पदाधिकारी, भाषाविद्, भाषिक संस्थाका प्रतिनिधिहरू, भाषाका वक्ता, प्राध्यापक, शिक्षक, राजनीतिक दलका पदाधिकारी तथा प्रतिनिधिहरू, पत्रकार, सरोकारवालाहरू एवम् भाषिक अभियन्ताका साथै भाषा आयोगका अध्यक्ष, सदस्यलगायत अन्य कर्मचारीहरूको सहभागिता रहेको थियो।

८.६.१ पहिलो सङ्गोष्ठी

२०७६ जेठ १७ गते पाल्पा, अर्घाखाँची र गुल्मी जिल्लाका प्रतिनिधिहरू सहभागी भई पाल्पा जिल्लाको तानसेनमा सम्पन्न भएको सङ्गोष्ठीमा विभिन्न सहभागीहरूबाट आआफ्ना जिल्लाको भाषागत अवस्थाका बारेमा जानकारी प्राप्त भयो। भाषा लोप हुँदै गएकामा स्थानीय भाषी चिन्तित रहेको र विभिन्न मातृभाषा बोल्नेहरूबाट आआफ्ना भाषाको संरक्षण आवश्यक रहेको जानकारी प्राप्त भयो। वक्ताहरूबाट भाषाको स्थानीय प्रयोगको स्थितिका बारेमा जानकारी गराइयो। भाषाका सम्बन्धमा स्थानीय पालिकाबाट केही विषय उठान भए।

८.६.२ दोस्रो सङ्गोष्ठी

२०७७ पुष २२ गते प्युठान, रोल्पा र रुकुम (पूर्वी भाग) का प्रतिनिधिहरू सहभागी भएको भर्चुअल सङ्गोष्ठीमा सहभागीहरूबाट भाषाको स्थानीय प्रयोगको स्थितिका बारेमा जानकारी प्राप्त भयो। खाम (मगर) बोलिने क्षेत्रमा केही आईएनजीओहरूको पहलमा पठनपाठनका लागि पाठ्यसामग्री निर्माण गरेको जानकारी प्राप्त भयो। मातृभाषामा पठनपाठनका लागि भुमे गाउँपालिकामा द्विभाषिक सामग्रीहरू तयार गरिएको जानकारी भयो। खाम मगर बोल्ने समुदायमा एकभाषिकता रहेको र सो भाषा स्थानीय विद्यालयहरूमा शिक्षणको माध्यम हुन सक्ने कुरा सहभागीबाट जानकारी प्राप्त भयो।

८.६.३ तेस्रो सङ्गोष्ठी

२०७७ माघ ५ गते दाङ, बाँके र बर्दिया जिल्लाका प्रतिनिधिहरूको सहभागितामा तेस्रो सङ्गोष्ठी भर्चुअल माध्यमबाट सम्पन्न भयो। यस सङ्गोष्ठीमा मूलतः वक्ताहरूले भाषाको स्थानीय प्रयोगको स्थितिका बारेमा प्रकाश पारेको पाइयो। छलफलका क्रममा स्थानीय पालिकाका प्रतिनिधिहरूबाट के-कस्ता अवस्थामा यी जिल्लाहरूमा कुन भाषाको प्रयोग गर्न सकिएला भन्ने केही सुझाव प्राप्त भए। बर्दियाको बाँसगढी नगरपालिकाको नगर सभाले थारू भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने प्रयासस्वरूप डेस्क राखिएको, बर्दियाकै बारबर्दिया नगरपालिकाले सरकारी कामकाजमा थारू भाषाको प्रयोग कार्यान्वयनका लागि कार्यविधि, बडापत्र र निवेदनका ढाँचा थारू भाषामा निर्माण गर्न सुरु गरेको, पठनपाठनका लागि पाठ्यसामग्री निर्माण गरेको, घोराही नगरसभाको पहिलो सभाबाट नै थारू भाषामा समेत कामकाज गर्ने निर्णय गरी प्रयोग भइरहेको जानकारी प्राप्त भयो।

८.६.४ चौथो सङ्गोष्ठी

नवलपरासी (बर्दघाट-सुस्तापश्चिम), रूपन्देही र कपिलवस्तु जिल्लाका प्रतिनिधिहरूको सहभागितामा चौथो सङ्गोष्ठी भर्चुअल माध्यमबाट वि.सं. २०७७ माघ १४ गते सम्पन्न भयो। यस सङ्गोष्ठीमा मूलतः वक्ताहरूद्वारा भाषाको स्थानीय प्रयोगको स्थितिका बारेमा जानकारी गराइयो। छलफलका क्रममा स्थानीय पालिकाका प्रतिनिधिहरूबाट के-कस्ता अवस्थामा यी जिल्लाहरूमा कुन भाषाको प्रयोग गर्न सकिएला भन्ने केही सुझाव प्राप्त भए। सरकारी कामकाजको भाषाका लागि स्थानीय जनघनत्वलाई पहिलो प्राथमिकता दिनुपर्ने धारणा व्यक्त भयो। केही संस्थाको पहलमा पठनपाठनका लागि पाठ्यसामग्री निर्माण गरिएको जानकारी प्राप्त भयो।

समग्रमा लुम्बिनी प्रदेशमा गरिएको सङ्गोष्ठीबाट यस प्रदेशका सन्दर्भमा सरकारी कामकाजको भाषा निर्धारणका निम्नानुसारका आधारहरू लिन सकिने सुझावहरू प्राप्त भएः

(क) प्रदेशमा सरकारी कामकाजको भाषा निर्धारण गर्दा नेपालको संविधानको मर्मअनुसार राष्ट्रिय अखण्डता र राष्ट्रिय स्वाधीनता जस्ता विषयमा मध्यनजर गर्नुपर्ने।

(ख) वक्ता सङ्ख्याको यकिन गरी न्यूनतम प्रतिशत जनसङ्ख्याका आधारमा निर्धारण गर्नुपर्ने।

(ग) प्रदेशभरमा कामकाजको भाषा तोक्दा सबै स्थानीय तहमा एउटै हुन नसक्ने।

(घ) पाल्पा जिल्लामा मगर जातिको बाहुल्य भएको र भाषा पनि मगर नै बोलिने हुँदा सरकारी कामकाजको भाषा मगर हुनुपर्ने।

(ङ) लुम्बिनी प्रदेशमा थारू, अवधी र मगर भाषाभाषी उल्लेख्य सङ्ख्यामा भएका कारणले ती भाषा जहाँ बोलिन्छन् ती ठाउँका सरकारी कार्यालयमा अलग भाषाको प्रयोग हुन सक्ने।

(च) मगर भाषाको बदलिँदो परिस्थितिका बारेमा विचार व्यक्त गर्दा मगर भाषा बोलिने क्षेत्रमा हालसम्म पनि मगर एकभाषी वक्ताहरू रहेको स्थिति नभएकाले कार्यालयहरूमा दोभासेहरूको व्यवस्था गरिनुपर्ने।

८.७ भाषा प्रयोगका क्षेत्र

८.७.१ सरकारी कार्यालयमा भाषा प्रयोगको स्थिति

नेपालको संविधान, २०७२ मा व्यवस्था गरिएका संवैधानिक व्यवस्था र अवसरहरूलाई प्रयोग गर्दै केही स्थानीय तहमा नेपाली भाषाबाहेकका भाषाहरूको प्रयोगलाई अवसर दिइएको छ।

(क) घोराही उपमहानगरपालिकाको सभाले पहिलो सभाबाट नै सरकारी कामकाजमा थारू भाषाको पनि प्रयोग गर्ने निर्णय गरिसकेको र थारू भाषामा आवश्यक पूर्वाधार निर्माणसम्बन्धी गृहकार्य गरेको छ।

(ख) बर्दिया जिल्ला बाँसगढी नगरपालिकामा सरकारी कामकाजमा स्थानीय भाषामध्ये थारू भाषाको प्रयोगको प्रयोजनार्थ थारू भाषामा डेस्क राखिसकेको र निवेदनको ढाँचा पनि तर्जुमा भइरहेको छ। त्यसैगरी उक्त जिल्लाको बारबर्दिया न.पा. ले सरकारी कामकाजमा थारू भाषाको प्रयोगका लागि कार्यविधि, बडापत्र र निवेदनका ढाँचा थारू भाषामा निर्माण गर्न सुरु गरेको छ।

८.७.२ शिक्षामा मातृभाषा प्रयोगको स्थिति

(क) नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रद्वारा डङ्गौरा थारू भाषा र अवधी भाषामा पाठ्यपुस्तक प्रकाशित छन्।

(ख) दाङ, तुलसीपुरको बालचेतना आधारभूत विद्यालयमा २०६७ सालदेखि थारू भाषाको पाठ्यक्रम पठनपाठन हुँदै आएको छ।

(ग) बर्दिया जिल्लाको किसान मा.वि.मा, गुलरिया न.पा.-१२ भैंसाहीमा अवस्थित ने.रा.मा. वि.मा र बढैयाताल गा.पा. मैनापोखरमा अवस्थित शारदा मा.वि.मा २०५६ सालदेखि हालसम्म निरन्तर रूपमा थारू भाषा विषयको पठनपाठन हुँदै आएको छ।

(घ) रुकुम (पूर्वी भाग) जिल्लाको भुमे गाउँपालिकामा करिब १३ वटा विद्यालयहरूमा खाम

मगर भाषाको पाठ्यपुस्तक ५-६ वर्षदेखि पठनपाठन हुँदै आएको छ।

(ङ) प्युठान जिल्लाको ऐरावती गा.पा.मा अवस्थित सिसेनीको पालुसिद्धि प्रा.वि. र सरुमारानी गा.पा.को शक्ति गोरखनाथ प्रा.वि.मा ढुट मगर भाषाको पाठ्यक्रम र प्युठान न.पा. ६, माझकोटको जगदम्बा प्रा.वि. र शक्तिचौरको बालशिक्षा आधारभूत विद्यालयमा गुरुङ भाषा विषय पठनपाठन गर्न सम्भाव्य तथा उपयुक्त रहेको छ।

८.७.३ सञ्चार माध्यममा भाषा प्रयोगको स्थिति

अन्तरक्रियाका क्रममा यस प्रदेशका स्थानीय मातृभाषाहरू सञ्चार माध्यममा प्रयोग गरेको पाइयो।

(क) बाँके जिल्ला एनटीभी कोहलपुरद्वारा प्रत्येक आइतबार साँझ ६ बजे अनुसन्धानमूलक थारू कार्यक्रम हप्तामा २ दिन र केन्द्रबाट अवधी भाषामा कार्यक्रम सञ्चालन भइरहेको छ।

(ख) बाँके जिल्ला बागेश्वरी एफएमबाट २०६१ सालदेखि हप्ताको ३ दिन अवधी भाषामा कार्यक्रम सञ्चालन भइरहेको छ।

(ग) दाङ जिल्लाबाट "अग्रासन" र "लौवा डगर" नामक थारू भाषिक पत्रिका प्रकाशन हुँदै आएका छन्।

(घ) देउखुरी गढवाको रेडियो साझा आवाजबाट हप्तामा २ दिन अवधी भाषामा कार्यक्रम सञ्चालन हुँदै आएको छ। देउखुरीको रेडियो राप्ती लालमटिया, रेडियो नयाँ युग र रेडियो हाइवे, रेडियो देउखुरीबाट हप्तामा २ दिन थारू तथा अवधी भाषामा कार्यक्रम सञ्चालन हुँदै आएका छन्।

(ङ) रुकुम जिल्लाका एफ.एम.हरूबाट खाम मगर भाषामा कार्यक्रम सञ्चालन भइरहेका छन्।

(च) रोल्पाको रेडियो जलजला, रेडियो रोल्पा र रेडियो मालश्रीबाट मगर भाषामा कार्यक्रम सञ्चालन हुनुका साथै थवाङ गाउँपालिकामा रहेका २१ वटा विद्यालयहरूमा मगरभाषी शिक्षकले मात्र नभएर गैरमगरभाषी शिक्षकहरूले समेत नेपाली पाठ्यपुस्तकलाई मगर भाषाका माध्यमबाट पठनपाठन गराइरहेका छन्।

(छ) नवलपरासी (बर्दघाट-सुस्तापश्चिम) को सामुदायिक रेडियो परासी र रेडियो दौंतरीबाट थारू र भोजपुरी भाषामा कार्यक्रम सञ्चालन हुँदै आएका छन्।

८.८ लुम्बिनी प्रदेशमा सरकारी कामकाजका भाषा निर्धारणका आधार

नेपालका सन्दर्भमा पनि सरकारी कामकाजका लागि भाषा छनोटका आधारहरूबारे केही चर्चा गरिएको पाइन्छ। त्यससम्बन्धी केही सुझावहरू रेग्मी (२०१८ इ.) तथा भाषा आयोग (२०७४, २०७५क) मा हेर्न सकिन्छ। भाषाको सङ्ख्या, भाषाको मानकीकरणको स्थिति, सरकारी कामकाजमा प्रयोग गरिने

भाषाप्रतिको धारणा, राजनीतिक निर्णय तथा चासोजस्ता आधारहरू खोज्नु निश्चय नै महत्त्वपूर्ण हुन्छ। माथि उल्लिखित सैद्धान्तिक आधारहरू र हाम्रो विशिष्ट समाजभाषिक स्थितिका आधारमा भाषिक नीति निर्धारण गरिनु पर्दछ। हामीले खोज्ने आधारहरू सङ्घ, प्रदेश र स्थानीय तहको समाजभाषिक स्थितिलाई सम्बोधन गर्ने किसिमका हुनु आवश्यक छ।

प्रदेशमा सरकारी कामकाजका भाषा निर्धारणका आधारहरूको चर्चा गर्दा यस प्रदेशमा केही आधारहरू महत्त्वपूर्ण छन्। नेपालको संविधानले नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेशको कानुनबमोजिम सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ (नेपालको संविधान २०७२, धारा ७.२)। संसारका कुनै पनि देशमा सरकारी भाषा निर्धारण गर्दा अवलम्बन गरिने मूल आधार भनेको नै वक्ताको सङ्ख्या हो। लुम्बिनी प्रदेशको भाषा योजनाका सन्दर्भमा समेत सरकारी कामकाजका लागि भाषा छनोट गर्ने आधार वक्ताका सङ्ख्याबाटै सुरु गर्नुपर्दछ। संविधानमा उल्लेख गरिएको यस आधारलाई केही थप व्याख्याको जरुरी पर्दछ। क्लोस (१९६८ इ.) मा औंल्याइएका यी २ वटा विषय कुल जनसङ्ख्यामा कुनै भाषाका वक्ताको अनुपात र भाषाको विकास सान्दर्भिक हुने देखिन्छन्।

८.८.१ भाषाको वितरण तथा सघनता

भाषा योजनामा र मूलतः भाषालाई सरकारी कामकाजमा प्रयोग गर्दा भाषाको वितरणलाई मूल आधार मानिएको हुन्छ। त्यसकारण दोस्रो स्थानमा रहेको भाषालाई सजिलै सरकारी कामकाजको भाषाका रूपमा अपनाउनुभन्दा थारू, अवधी र उर्दू भाषाहरूको वितरण तथा वितरणको सघनता हेर्नु आवश्यक हुन्छ। प्रदेश तहमा हेर्दा थारू भाषा बर्दियामा पहिलो स्थानको भाषा र दाङ जिल्लामा दोस्रो स्थानको भाषाका रूपमा रहेको छ। त्यसैगरी यस प्रदेशमा कुल जनसङ्ख्याको १० प्रतिशत ओगटेको अवधी भाषा कपिलवस्तु जिल्ला र यसका आसपासमा बोलिने गर्दछ। यस भाषाको वितरणको स्थिति हेर्दा लुम्बिनी प्रदेशका निश्चित प्रशासनिक एकाइमा मात्र यो भाषा बोलिने गर्दछ।

भाषा ऐनहरूमा यही तथ्याङ्कलाई आधार मानेर कुन भाषा कहाँ प्रयोग गर्ने भन्ने आधार मानिएको हुन्छ। कुल जनसङ्ख्यामा भाषाका वक्ताको उपस्थितिका साथै कुनै भाषाको केही क्षेत्रमा वितरण भएका अवस्थामा त्यस क्षेत्रमा सरकारी कामकाजका लागि भाषा प्रयोग गर्ने व्यवस्था मिलाउन सजिलो हुन्छ।

८.८.२ भाषाको संरचनागत स्थिति (भाषा विकास र लेखन पद्धति)

सरकारी कामकाजमा भाषा छनोट गर्दा हेरिने अर्को विषय भाषाको विकास हो। कुनै भाषालाई औपचारिक सन्दर्भमा प्रयोग गर्नका लागि त्यस भाषाको मानकीकरण हुनुपर्ने हुन्छ तथापि मानकीकरण क्रमशः हुँदै जाने प्रक्रिया हो। सबै भाषाहरू एकैपटक सरकारी कामकाजका रूपमा प्रयोग गर्नका लागि तयार नहुन सक्छन्। ती भाषाको लेखन पद्धतिको विकास नहुँदा तथा सन्दर्भ सामग्रीहरू उपलब्ध नहुँदा भाषालाई औपचारिक सन्दर्भमा प्रयोग गर्नका लागि कठिन हुन सक्छ।

८.९ प्रदेशमा भाषानीति

लुम्बिनी प्रदेशको भाषिक स्थिति र सरकारी कामकाजका भाषा छनोटका आधारहरूका सम्बन्धमा गरिएका सङ्गोष्ठीबाट प्राप्त सुझावहरूका बारेमा यसअगाडि छलफल गरियो। लुम्बिनी प्रदेशमा अवलम्बन गरिने भाषानीति बहुभाषिक मुलुकमा गरिएका अभ्यासहरू तथा संविधान तथा भाषा ऐनमा गरिएका व्यवस्थाका विविध पक्षको समीक्षा गरेर मात्र सरकारी कामकाजको भाषा छनोटको प्रक्रियाका लागि सिफारिस गरिनुपर्दछ।

कुनै प्रदेशको भाषानीति संविधानले निर्दिष्ट गरेको दिशामा निर्धारण गरिनुपर्दछ। संविधानमा व्यवस्था गरिएअनुसार भाषाका सम्बन्धमा गरिनुपर्ने थुप्रै निर्णयहरू लिन बाँकी रहेका छन्। यी विषयहरू भाषा ऐन वा अन्य सङ्घीय कानुन अथवा नियमका साथै विनियममार्फत् व्यवस्था गरिनुपर्दछ। यस्ता निर्णय लिनुपूर्व प्रदेशले नेपालीबाहेकका एकभन्दा बढी सरकारी कामकाजको भाषा छनोट गरेमा र नेपालीइतरको भाषा प्रयोग गरिएमा अभिलेख राख्न कुन भाषाको प्रयोग गर्नेजस्ता विषयमा विवाद आउन सक्ने भएकाले नेपाली भाषाबाहेकको भाषा प्रयोग गरिएमा नेपाली भाषामा अनुवाद गर्ने व्यवस्था कसरी मिलाउने, नेपाली भाषाबाहेकका भाषालाई सरकारी कामकाजमा प्रयोग गर्दा सङ्घसँग, अर्को प्रदेशसँग वा स्थानीय पालिकासँग पत्राचार गर्दा कुन भाषा प्रयोग गर्ने, एकभन्दा बढी सरकारी कामकाजका भाषा प्रयोग गरेको स्थितिमा प्रदेश सरकारमार्फत् जारी गरिने आदेश, नियम तथा उपनियमको आधिकारिक (मूल) पाठ (Authoritative Texts) कुन भाषामा राख्ने, अदालतमा कुन भाषा वा कुन-कुन भाषा प्रयोग गर्ने व्यवस्था मिलाउने, प्रदेश सभामा कुन-कुन भाषा प्रयोग गर्न पाइने, प्रदेश तहमा रहेका सरकारी निकायमा कुन-कुन भाषा प्रयोगको व्यवस्था मिलाउने आदि विषयहरूका सम्बन्धमा व्यवस्था गरिनु पर्दछ। नेपालको संविधानमा भाषा सम्बन्धमा केही व्यवस्था गरिएको भए पनि यी विषयमा स्पष्टता आवश्यक हुन्छ।

८.१० भाषा ऐन

बहुभाषिक मुलुकमा वा कुनै देशका बहुभाषिक प्रदेशहरूमा भाषा ऐनमार्फत् सरकारी कामकाजमा प्रयोग गर्ने भाषाबारेमा व्यवस्था मिलाइएको हुन्छ। क्यानडामा भएको भाषासम्बन्धी ऐन (१९६९ इ.) का केही प्रावधान हेर्दा सरकारी कामकाजका भाषाका जटिलता बुझ्न सहज हुन्छ।

नेपालको बहुभाषिकता भारतका केही राज्यसँग मिल्दोजुल्दो देखिन्छ। भारतको आसाम राज्यमा यही आधारमा सरकारी काममा एकभन्दा बढी भाषालाई प्रयोग गर्न मिल्ने व्यवस्था गरिएको छ। भारतको संविधान जारी भएको करिब १५ वर्षपछि आसाममा जारी गरिएको सरकारी कामकाजको भाषा ऐन (१९६३ इ.) ले सङ्घमा सरकारी भाषा प्रयोग गर्ने सवालमा प्रस्ट पारेको छ। त्यसैगरी राज्यहरूमा प्रयोग गरिने भाषाहरूलाई व्यवस्थित गर्न भारतका राज्यहरूमा भाषा ऐनको व्यवस्था गरिएको छ। अधिकांश राज्यहरू भाषाका आधारमा निर्माण भएका छन्।

पूर्वोत्तर भारत भाषिक बहुलता भएको क्षेत्र मानिन्छ। आसाममा असमियाका वक्ता ५८% (१२९

लाख), बङ्गाली भाषाका वक्ता ११% (करिब २५ लाख) र बोडो भाषाका वक्ता ५% (करिब ११ लाख) रहेका छन् (पाण्ढरी पान्डे, २००३ इ.)। यसका अतिरिक्त अन्य केही भाषाहरूसमेत यस राज्यमा बोलिन्छन्। त्यहाँको जनगणनामा अन्य केही भाषाहरू सूचीकृत छन्। जस्तै मिसिङ, कार्बी, डिमासा, राभा, टिवा, डेओरी। यसका अतिरिक्त जनगणनामा सूचीकृत नगरिएका भाषासमेत गर्दा त्यस राज्यमा करिब ५० भाषाहरू बोलिन्छन्। सरकारी कामकाजमा भाषालाई व्यवस्थित गर्नका लागि जारी गरिएको भाषा ऐन (१९६० इ.) मा असमिया भाषालाई सरकारी कामकाजको भाषा तोकिएको छ। ऐन जारी हुनुभन्दा पहिला प्रयोग गरिएका भाषालाई चाहिँ सरकारी कामकाजका भाषाका रूपमा प्रयोग हुनबाट बञ्चित गरिएको छैन। चाछार (Cachar) क्षेत्रका विभिन्न सरकारी कार्यालयमा प्रयोग हुँदै आएको बङ्गाली भाषालाई निरन्तरता दिइएको छ। विभिन्न प्रतिस्पर्धात्मक परीक्षामा प्रयोग हुँदै आएको अङ्ग्रेजी भाषालाई निरन्तरता दिइएको छ। भारतको संविधानमा व्यवस्थित गरिएको आफ्नो भाषामा पढ्न पाउने व्यवस्थालाई निरन्तरता दिइएको छ। भाषिक र सांस्कृतिक आधारमा यस राज्यमा बोलिने कुनै पनि भाषालाई विभेद नगरिने कुरा भाषा ऐनमा उल्लेख गरिएको छ। २०१६ (इ.) मा यस ऐनमा गरिएको संशोधनमा बोडो भाषालाई सरकारी कामकाजको सहायक भाषा (Co-official Language) को स्थान दिइएको छ भने बङ्गाली भाषालाई चाहिँ भिन्न व्यवस्था गरिएको छैन।

पूर्वोत्तर भारतकै मेघालय राज्यमा खासी भाषाका वक्ता ५९.५% (करिब ८ लाख), गारो भाषाका ३०% (करिब ५ लाख) र बङ्गाली भाषाका वक्ता ५% (करिब १.५ लाख) रहेका छन् (पाण्ढरीपान्डे २००३ इ.)। यस राज्यमा २००५ (इ.) मा जारी गरिएको भाषा ऐनमा अङ्ग्रेजी भाषा सरकारी कामकाजको भाषा रहेको छ र यसको प्रयोगलाई निरन्तरता दिइएको छ। यस प्रदेशमा बोलिने अन्य दुई भाषाहरू गारो र खासीलाई यी भाषा बोलिने क्षेत्रमा सरकारी कामकाजका लागि सहायक भाषाका रूपमा मान्यता दिइएको छ। अदालतमा चाहिँ अङ्ग्रेजी भाषाको प्रयोगलाई निरन्तरता दिने व्यवस्था गरिएको छ। अन्तरप्रदेशमा परिपत्र गर्दा अङ्ग्रेजी भाषाको प्रयोग गर्ने कुरासमेत यसमा उल्लेख गरिएको छ। बालबालिकाको मातृभाषामा पढ्न पाउने संवैधानिक व्यवस्थामा परिवर्तन गरिएको छैन। भाषाका आधारमा सरकारी सेवा (जागिर) मा विभेद नगरिने व्यवस्था छ। सरकारी कामकाजमा खटिने कर्मचारीले सरकारी कामकाजको सहायक भाषा प्रयोग गर्न असमर्थ भएमा अङ्ग्रेजी भाषा प्रयोग गर्ने व्यवस्था मिलाइएको छ।

८.११ निष्कर्ष

भाषा योजना बदलिइरहने प्रक्रिया भएका कारणले केही मूल भाषाबाहेक अन्य भाषाहरूको मानकीकरण तथा संरचनागत विकास (Corpus Development) मा ध्यान दिँदा ती भाषाहरूको संरक्षण तथा संवर्धन हुन सक्छ। लुम्बिनी प्रदेशमा बोलिने सबै भाषाहरू प्रदेशमा सरकारी कामकाजमा प्रयोग गर्न सम्भव नहुन सक्छ। कम जनसङ्ख्या भएका भाषा र मूल रूपमा यही प्रदेशमा मात्र बोलिने भाषाको मानकीकरण, तिनीहरूको प्रयोगमा विस्तार तथा भाषाको पुस्तान्तरण

गरी भाषाको संरक्षणमा जोड दिनुपर्ने देखिन्छ। तत्कालका लागि सङ्ख्यामा समेत भाषा ऐन जारी नभइसकेको सन्दर्भमा भाषा ऐनमार्फत् प्रदेशमा बोलिने मूल भाषाहरूलाई सरकारी कामकाजका भाषाका रूपमा प्रयोगमा ल्याउनुपर्ने स्थिति देखिन्छ।

लुम्बिनी प्रदेशमा सम्पन्न भएका सङ्गोष्ठीमा भएका छलफलका आधारमा प्रदेशमा सरकारी कामकाजको भाषा निर्धारणमा यी विषयहरू प्रमुख हुने देखिन्छन्:- (क) प्रदेशको कुल जनसङ्ख्यामा मातृभाषा बोल्नेको सङ्ख्या, (ख) भाषाको वितरण, (ग) भाषाका वक्ताको सघनता, (घ) स्वीकार्यता (राजनीतिक र भाषिक समुदायबाट) र (ङ) भाषाको मानकीकरण तथा विकास। त्यसका लागि प्रदेश सरकारका तर्फबाट नेपालीबाहेकका मातृभाषालाई सरकारी कामकाजमा प्रयोग गर्न सक्ने प्रकारको भाषा ऐन जारी गरी प्रदेशमा बोलिने भाषालाई सरकारी कामकाजमा प्रयोग गर्न सकिने वातावरण मिलाउन सकिन्छ। यस प्रक्रियामा प्रदेशको राजनीतिक नेतृत्वको अहम् भूमिका रहन्छ। त्यसले राजनीतिक तहबाट भाषानीतिको निर्णय मात्र गर्दैन, भाषिक समूहलाई आफ्नो निर्णयका बारेमा पैरवीसमेत गर्दछ। यस प्रदेशको भाषिक विविधता र भाषाका वक्ताको वितरणको स्थितिलाई विश्लेषण गर्दा नेपालीबाहेकका भाषाका वक्ताको वितरण तथा सघनता लुम्बिनी प्रदेशका निश्चित भूभागमा केन्द्रित भएकाले ती भाषाको वितरण सघन भएका क्षेत्रमा नेपाली भाषाका अतिरिक्त थप अन्य भाषा तत्कालका लागि सरकारी कामकाजका लागि तोक्न सक्ने देखिन्छ। यस प्रदेशमा थारू, अवधी र मगर भाषा बोलिने प्रस्ट क्षेत्रहरू भएका कारणले तत्तत् स्थानीय पालिकामा ती भाषाहरूलाई सरकारी कामकाजका भाषाका रूपमा प्रयोग गर्न सिफारिस गर्न सकिन्छ। त्यसैगरी थारू, अवधी र मगर अनि खाम भाषाका सन्दर्भमा भौगोलिक सीमामा फैलावट भएका पालिकाहरूको समूह बनाएर ती पालिकाहरूमा सरकारी कार्यालयमा निश्चित कार्यका लागि ती भाषाहरू प्रयोग गर्न सकिन्छ। नेपाली भाषाका अतिरिक्त यस प्रदेशमा थारू, अवधी, भोजपुरी, उर्दू र मगर भाषालाई सरकारी कामकाजमा प्रयोग गर्ने गरी तयारी गर्न उपयुक्त देखिन्छ।

कर्णाली प्रदेशको भाषिक अध्ययन

विज्ञ समूह

प्रा.डा. जीवेन्द्रदेव गिरी - संयोजक

श्री विमल आचार्य

श्री गोविन्द नेपाली

अध्याय - नौ

कर्णाली प्रदेशको भाषिक अध्ययन

९.१ विषय प्रवेश

नेपालको संविधानको धारा २८७ अनुसार सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गरी नेपाल सरकारसमक्ष भाषाको सिफारिस गर्नु भाषा आयोगको एक महत्त्वपूर्ण काम, कर्तव्य र अधिकार हो। संविधानतः नेपाली भाषा सरकारी कामकाजको भाषा रहेको छ। नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने र प्रदेशले सो काम सम्पन्न गर्न भाषा आयोगको सिफारिस चाहिने अवस्था छ। यही कुरालाई दृष्टिगत गरी कर्णाली प्रदेशको भाषिक स्थितिबारे यहाँ विवेचना गरिएको छ।

९.२ कर्णाली प्रदेशको भौगोलिक र भाषिक अवस्था

कर्णाली प्रदेशको पूर्वमा लुम्बिनी र गण्डकी प्रदेश, पश्चिममा सुदूरपश्चिम प्रदेश, उत्तरमा चीन र दक्षिणमा लुम्बिनी प्रदेश पर्दछन्। ३०,२११ वर्गकिलोमिटर क्षेत्रफल रहेको यस प्रदेशको पूर्वपश्चिम लम्बाइ २६५ कि.मि. र उत्तरदक्षिण अधिकतम चौडाइ २५० कि.मि. रहेको छ। यहाँ सुर्खेत, दैलेख, जाजरकोट, रुकुम (पश्चिमी भाग), सल्यान, जुम्ला, हुम्ला, कालिकोट, मुगु र डोल्पासहित १० जिल्ला रहेका छन्। यहाँ २५ नगरपालिका, ५४ गाउँपालिका र ७२९ वडा रहेका छन्।भाषिक स्थितिलाई प्रस्ट्याउन त्यहाँका भाषाहरूको भाषिक परिवार, वक्ताहरूको भाषागत अवस्था, भाषाहरूको लेख्य परम्परा, अभिलेखीकरण र लिपिहरू, मौखिक साहित्य र लोकवार्ता, भाषाहरूको जीवन्तता, विकास र स्तरीकरणबारे यहाँ विवेचना गरिएको छ।

९.२.१ भाषा परिवार

कर्णाली प्रदेशमा मातृभाषाका रूपमा विभिन्न भाषाहरू प्रचलित छन्। तीमध्ये केही भारोपेली परिवारसँग र केही चिनियाँ-तिब्बती परिवारसँग सम्बन्धित छन्। गिरी (२०७५) काअनुसार नेपाली भाषाका पुर्बेली, जुम्ली सिँजाली, दैलेख कालिकोटे, भेरी क्षेत्रीय र अछामी भेदहरू त्यहाँ प्रचलित छन्। त्यहाँ नेपाली भाषाबाट विकसितलगायत मातृभाषाका रूपमा भारोपेली परिवारका २२ वटा र चिनियाँ-तिब्बती परिवारका ३० वटा भाषा बोलिने कुरा २०६८ को जनगणनाले प्रकाशमा ल्याएको छ। यसरी नै उक्त दुई परिवारकै ३८ वटा भाषा दोस्रो भाषाका रूपमा वक्ताहरूले बोल्ने गरेको कुरा पनि केन्द्रीय तथ्याङ्क विभाग (२०१३ इ.) को उक्त जनगणनाबाट जानकारी हुन आएको छ। जनगणनाअनुसार यहाँका वक्ताहरूले बोल्ने मातृभाषाहरू निम्नलिखित भाषा परिवारसँग सम्बन्धित छन्:

९.२.१.१ भारोपेली परिवार

नेपाली, थारू, बोटे, मैथिली, हिन्दी, उर्दू, भोजपुरी, डोटयाली, अवधी, बैतडेली, बझाडी, अछामी, अङ्ग्रेजी, खस, जुम्ली, बाजुरेली, दरई, बङ्गला, राजस्थानी, कुमाल, पन्जाबी, संस्कृत र ताजपुरिया।

९.२.१.२ चिनियाँ-तिब्बती परिवार

मगर, तामाङ, गुरुङ, शेर्पा, खाम, डोल्पाली, राजी, नेवार, बेलहारे, छन्त्याल, राई, खाम्ची, थकाली, तिब्बती, बान्तावा, लिम्बू, काइके, याक्खा, थामी, चाम्लिङ, सुनुवार, दुरा, बराम, धिमाल, जिरेल, मेचे, पहरी, हायु र सुरेल।

उपर्युक्त ५२ भाषाका अतिरिक्त यहाँका वक्ताहरूले बोल्ने भाषालाई साङ्केतिक भाषाका साथै नखुलेको र अन्य भाषाका रूपमा पनि उल्लेख गरिएको छ। यसका साथै बोटे (भोटे) र बोटेलाई एउटै भाषाभित्र राखिएको पाइन्छ। त्यसैले यहाँ उल्लेख भएको भाषाको सङ्ख्या फरक पर्न सक्ने देखिएको छ। जुम्लामा आयोजना गरिएको प्रादेशिक सङ्गोष्ठीमा हिमाली क्षेत्रका तामाङ, शेर्पा, डोल्पाली, बोटे र तिब्बतीका वक्ताहरू एउटै भाषिक समुदायका भएको र भोटलामा भाषाका रूपमा त्यसलाई लिन सकिने जानकारी दिइएको थियो भने भर्चुअल सङ्गोष्ठीमा तिनका बिचमा सामान्य अन्तर रहेको कुरा पनि चर्चा भएको थियो।

९.३ वक्ताहरूको भाषागत अवस्था

कर्णाली प्रदेशमा बोलिने भाषाहरूमा मातृभाषाका रूपमा १५०० भन्दा बढी वक्ताले बोल्ने भाषामा नेपाली १३,४६,२०६(९५.१३%), मगर ३२,०२९(२.२६%), तामाङ ११,३२३(०.८%), थारू ६,६०३(०.४६%), गुरुङ ४,१०१(०.२८%), शेर्पा २,९११ (०.२%), खाम २,२११ (०.१५%) र डोल्पाली १,६१४ (०.११%) जनाले बोल्दछन्। उपर्युक्त तथ्याङ्कलाई दृष्टिगत गर्दा जम्मा वक्ता सङ्ख्या १४,१५,०३८ मध्ये नेपाली भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्ने वक्ता सङ्ख्या १३,४६,२०६ अर्थात् ९५.१३ प्रतिशत रहेको छ। थप भाषाहरू अनुसूची (६) मा दिइएको छ।

अरू सबै भाषाका वक्ता भन्दा धेरै वक्ता (१३,४६,२०६) ले पहिलो भाषाका रूपमा नेपाली बोल्ने कर्णाली प्रदेशमा दोस्रो भाषाका रूपमा पनि नेपाली बोल्नेको सङ्ख्या नै सबैभन्दा धेरै (६०,३७७) रहेको छ। दोस्रो भाषाका रूपमा बोलिने ३८ भाषाहरूमध्ये नेपालीका अतिरिक्त २ वटा भाषाका मात्र १,५०० भन्दा बढी वक्ताहरू छन् जसमा शेर्पा भाषाका वक्ताको सङ्ख्या १,६६१ र त्यसपछि मगर भाषाका वक्ताको सङ्ख्या १,५८९ रहेको छ। यस प्रदेशमा मूल रूपमा बोलिने मातृभाषाहरूको अवस्थिति र यस प्रदेशमा नेपाली, मगर र तामाङ भाषाहरूको वितरण तलका नक्सामा प्रस्तुत गरिएको छ।

कर्णाली प्रदेश
मातृभाषाहरूको अवस्थिति
चीन
मुगु कामारोग
मुगोम
खस
चन्दननाथ
डोल्पो बुद्ध
काइके
छार्का ताङसोङ
डोल्पो
सुदूरपश्चिम प्रदेश
कर्णाली प्रदेश
लुम्बिनी प्रदेश
पश्चपुरी
राजी
10 5 0 10 20 30 40
कि.मी.
अन्तर्राष्ट्रिय सीमा
प्रदेश
स्थानीय तह
भाषापेली
भोट बर्मेली

कर्णाली प्रदेश
मातृभाषाहरूको सघनता
चीन
सुदूरपश्चिम प्रदेश
कर्णाली प्रदेश
गण्डकी प्रदेश
लुम्बिनी प्रदेश
भारत
अन्तर्राष्ट्रिय सीमा
प्रदेश
स्थानीय तह
नेपाली 1 Dot = 100
मगर 1 Dot = 100
तामाङ 1 Dot = 100
25 12.5 0 25 50 75 100
कि. मी.
80°5'10"E
82°1'30"E
83°12'0"E
29°5'10"N
28°40'30"N

९.४ भाषाहरूको लेख्य परम्परा, अभिलेखीकरण र लिपिहरू

देवनागरी लिपिमा लेखिने नेपाली भाषाको मूलथलो कर्णाली प्रदेश हो। यस भाषाका सर्वप्राचीन ठानिएका विक्रमको एघारौँ शताब्दी (वि.सं. १०३८) को भूपाल दामुपालको समयको दुल्लु शिलालेख (पोखरेल, २०५०:१) देखि बाह्रौँ शताब्दी (वि.सं. ११५१) को वामु खँड्काको दुल्लु स्तम्भलेख (खनाल, २०६८:१७) प्रकाशित छन्। यी अभिलेखहरू देवनागरी लिपिमा उपलब्ध छन्। यसपछिका विभिन्न अभिलेख र ग्रन्थहरू प्राचीन नेपाली वाङ्मयमा फेला परेका छन्। आधुनिक समयमा पनि खस नेपाली वा जुम्ली नेपालीले प्राचीन नेपालीका कतिपय विशेषतालाई सुरक्षित राखेको छ। माध्यमिक कालीन र आधुनिक नेपालीमा पनि विभिन्न ग्रन्थ, शब्दकोश र व्याकरण लेखिएका छन्। यहाँ प्रचलित मगर, थारू, खाम, काइके, राजी र राउटेजस्ता रैथाने भाषामा पनि देवनागरी लिपिकै लेख्य परम्परालाई अँगालिएको छ। यीमध्ये कतिपयमा शब्दकोश, व्याकरण, विभिन्न पत्रपत्रिका र पुस्तकहरू प्रकाशित भएका छन्।

यहाँको तामाङ (भोट/लामा), शेर्पा, भोट र मुगाली भाषामा भने सम्भोटा लिपिको प्रयोग हुँदै आएको छ। शेर्पा र मुगाली भाषामा कक्षा १-५ का र तिब्बती भाषामा कक्षा १-१२ का पाठ्यपुस्तक प्रकाशित छन् (योन्जन-तामाङ २०७४:६४)।

यहाँ बोलिने भाषाहरूमध्ये खस (जुम्ली/केन्द्रीय) नेपाली, खाम, थारू, मगर, गुरुङ, भोट/लामा (तामाङ), नेवार र साङ्केतिक भाषाका शब्दकोशहरू प्रकाशित छन्। मगर, खाम, थारू, काइके, बोटे र नेवार भाषाका व्याकरणहरू उपलब्ध छन् भने भोट/लामा भाषाको व्याकरण तयार हुँदैछ। यहाँ प्रचलित नेपालीलगायत जुम्ली नेपाली, मगर (ढुट), मगर (खाम), मगर (काइके), गुरुङ, थारू (डङ्गौरा), नेवार, राजी, राउटे, शेर्पा, छन्त्याल, कुमाल र बोटे भाषामा समाज भाषावैज्ञानिक अध्ययन सम्पन्न भइसकेको छ। यहाँकै जुम्ली एवम् सिम्तालीजस्ता नेपाली भाषाका भाषिक भेदहरू तथा काइके भाषामा विद्यावारिधि तहमा वर्णनात्मक अध्ययन भएको छ।

९.५ मौखिक साहित्य र लोकवार्ता

कर्णाली प्रदेश लोकसाहित्यमा सम्पन्न छ। यहाँ मौखिक साहित्यका रूपमा विभिन्न प्रकारका लोकगीत, लोककविता, लोकगाथा, लोककाव्य, लोकनाटक, लोककथा, उखान, टुक्का, गाउँखाने कथा, मन्त्र आदि रहेका छन्। यहाँको मौखिक साहित्यबारे योगी नरहरिनाथ, प्रदीप रिमाल, पूर्णप्रकाश नेपाल 'यात्री', रत्नाकर देवकोटा, जीवेन्द्रदेव गिरी, मधुसूदन गिरी, गोविन्द आचार्य, पूर्णबहादुर भण्डारी, गोविन्द पाण्डे, मनोहर लामिछाने, खडानन्द चौलागाईं, मानबहादुर चौधरी आदिले विशेष कलम चलाएको पाइन्छ। यहाँकै लोकवार्तासँग सम्बन्धित रासीका लोकगीतका विषयमा गोविन्द आचार्यले र रासीकै उखानका विषयमा पूर्णबहादुर भण्डारीले विद्यावारिधि गरेका छन्। यसका साथै कर्णाली प्रदेशका लोकवार्तासँग सम्बन्धित विभिन्न विषयका शोधपत्रहरू स्नातकोत्तर तहमा लेखिएका छन्। यसरी नै डेउडा, पैंसरी, सिङारु, गर्रा, झाँप्रे नाच, थारू नाच, राउटे नाच आदि सम्पादनकारी कलाहरू यहाँ रहेका छन्। विभिन्न प्रकारका धातु, काठ, ढुङ्गा,

माटो, बाँस, निगालो, ढड्डी, बाबियो, पटुवा आदिबाट बनाइएका अनेक कलात्मक सामग्री यहाँ पाइन्छन्। जन्मदेखि मृत्युसम्मका अनेक संस्कार र परम्परा यहाँ विद्यमान छन्।

९.६ भाषाहरूको जीवन्तता, विकास र स्तरीकरण

कर्णाली प्रदेशमा बोलिने भाषाहरूको जीवन्ततावारे वैज्ञानिक अध्ययन हुन बाँकी नै छ तापनि केकुरा स्पष्ट छ भने यहाँका कतिपय भाषाहरूको प्रयोगमा क्रमशः ह्रास आइरहेको छ। पहिले यहाँ बोल्ने गरिएको कुसुन्डा भाषाको अस्तित्व समाप्त भइसकेको छ। राउटे, राजी र बोटे भाषा अत्यन्त सङ्कटग्रस्त छन्।

कर्णाली प्रदेशमा बोलिने खस नेपाली वा जुम्ली नेपालीसँग सम्बन्धित राजेन्द्रकुमार आचार्यको "केन्द्रीय नेपाली शब्दकोश" (२०६०) र रामविक्रम सिंजापतिको "प्रज्ञा जुम्ली-नेपाली शब्दकोश" (२०७३) यस प्रदेशसँग सम्बन्धित महत्त्वपूर्ण शब्दकोशका रूपमा रहेका छन्। योगी नरहरिनाथको "इतिहास प्रकाश" (२०१३), बालकृष्ण पोखरेलको "पाँच सय वर्ष" (२०२०) र राष्ट्रभाषा (२०२२), चूडामणि बन्धुका "नेपाली भाषाको उत्पत्ति" (२०२५) र "कर्णाली लोक संस्कृति" (२०२८) खण्ड ४ भाषा, रत्नाकर देवकोटाको "जुम्लेली शब्द र उखान सङ्ग्रह" (२०२७), पूर्णप्रकाश नेपाल 'यात्री'को "भेरी लोकसाहित्य" (२०४१), जीवेन्द्रदेव गिरीका "भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण" (२०५३), "भाषाविज्ञान, भाषा र भाषिका" (२०६३) र "नेपाली लोकसाहित्यमा जनजीवन" (२०६९) मा पनि कर्णाली प्रदेशका भाषासँग सम्बन्धित महत्त्वपूर्ण सामग्रीहरू रहेका छन्। यसै प्रदेशको जुम्ली नेपालीमा रामविक्रम सिंजापति (२०५०) द्वारा, भेरी क्षेत्रमा बोलिने सिम्ताली नेपालीमा जीवेन्द्रदेव गिरी (२०६५) द्वारा र काइके भाषामा अम्बिका रेग्मीद्वारा विद्यावारिधि तहका वर्णनात्मक अध्ययनहरू पनि भएको पाइन्छ। यस प्रदेशमा बोलिने मगर, काइके, खाम आदि भाषाहरूमा व्याकरण तथा शब्दकोश निर्माणका कामहरू भएका छन्।

९.७ भाषाको वितरण तथा सघनता

कर्णाली प्रदेशमा बोलिने विभिन्न भाषाहरू वक्ता सङ्ख्याको आधारमा वितरण र सघनताको अध्ययन गर्नु आवश्यक छ। यसबाट सरकारी कामकाजमा कुन भाषाले कस्तो स्थान पाउने भन्ने पक्षमा सहयोग पुऱ्याउनेछ।

९.७.१ स्थानीय तहमा वितरण

कर्णाली प्रदेशका ७९ पालिकाहरूमध्ये ७४ पालिकामा नेपाली भाषा पहिलो स्थानमा रहेको छ भने २ वटा पालिकामा तामाङ पहिलो स्थानमा रहेको छ। डोल्पाली, गुरुङ र शेर्पा १/१ वटा पालिकामा पहिलो स्थानमा छन्। दोस्रो स्थानका भाषाका रूपमा मगर, मैथिली, तामाङ, नेपाली साङ्केतिक भाषा, गुरुङ, खाम, नखुलेको, बोटे, शेर्पा, नेवार, नेपाली, अन्य, थारू, उर्दू, डोल्पाली र हिन्दी भाषाहरू बोलिने पालिकाहरूको सङ्ख्या तालिकामा प्रस्तुत छः-

तालिका ९.१: कर्णाली प्रदेशका स्थानीय तहमा बोलिने पहिलो र दोस्रो स्थानका भाषाहरू र पालिका सङ्ख्या

क्र.स.	पहिलो स्थानका भाषा र पालिका सङ्ख्या	दोस्रो स्थानका भाषा र पालिका सङ्ख्या
१	नेपाली- ७४	मगर- २६, मैथिली- १२, तामाङ- ८
२	तामाङ- २	नेपाली साङ्केतिक भाषा- ६
३	डोल्पाली, गुरुङ, शेर्पा १/१ पालिका (३ पालिका)	गुरुङ- ५, खाम - ५, नखुलेको- ३ बोटे- २, शेर्पा- २, नेवार- २, नेपाली- २, र अन्य- २

स्रोतः जनगणना प्रतिवेदन (२०६८), केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं।

उल्लिखित ७९ मध्ये ५ वटा गाउँपालिका (नाम्खा, मकार्मारोङ, छर्कातोङसोङ, डोल्पो बुद्ध र शे-फोक्सुन्डो) मा नेपाली नभई अरू भाषा पहिलो स्थानमा रहेका छन्। पालिकास्तरमा दोस्रो स्थानका भाषाका रूपमा रहेका भाषाहरूमध्ये ५०० भन्दा बढी वक्ता भएका भाषा १९ वटा पालिकामा र ५० भन्दा कम वक्ता भएका भाषा ३९ वटा पालिकामा छन् भने ५० देखि ५०० बिच वक्ता भएका भाषा ३९ वटा पालिकामा रहेका छन्।

९.७.२ जिल्लागत वितरण

कर्णाली प्रदेशअन्तर्गतका १० जिल्लाका विभिन्न भाषाको वक्ता सङ्ख्यालाई केलाउँदा सबै जिल्लामा नेपाली भाषा पहिलो स्थानमा छ भने ४ जिल्लामा मगर, ४ जिल्लामा तामाङ, १ जिल्लामा गुरुङ र १ जिल्लामा खाम भाषा दोस्रो स्थानमा रहेका छन्।

तालिका ९.२: कर्णाली प्रदेशमा वक्ता सङ्ख्याका आधारमा जिल्लागत रूपमा पहिलो र दोस्रो भाषा

क्र.स.	जिल्ला	पहिलो भाषा र वक्ता सङ्ख्या	दोस्रो भाषा र वक्ता सङ्ख्या
१	हुम्ला	नेपाली ४०,७३७	तामाङ ६,३६२
२	कालिकोट	नेपाली १,३६,२५२	तामाङ ११९
३	मुगु	नेपाली ५१,०५१	तामाङ ३,३३९
४	सल्यान	नेपाली १,५२,१५८	मगर ८६४
५	दैलेख	नेपाली २,५६,२६९	मगर ४,००१
६	डोल्पा	नेपाली ३१,२३०	गुरुङ २,४३५
७	जाजरकोट	नेपाली १,६९,८६६	खाम ९०८
८	जुम्ला	नेपाली १,३२,८५०	तामाङ ६२४
९	रुकुम	नेपाली १,५३,२६३	मगर ५९७
१०	सुर्खेत	नेपाली २,७२,५१९	मगर २४,४५६

स्रोतः भाषा आयोग (२०७५, ख)

९.७.३ सघनता

सघनताका दृष्टिले प्रदेशका सबै भागमा नेपाली भाषाका वक्ताहरू रहेका छन् भने सुर्खेत, दैलेख, सल्यान र रुकुम (पश्चिम भाग) का कतिपय पालिकामा मगरभाषी वक्ताहरूको सघनता रहेको देखिन्छ। यसरी नै हुम्ला र जुम्लाका केही पालिकामा तामाङ वक्ताहरूको सघन उपस्थिति रहेको छ भने डोल्पाका कुनै पालिकामा गुरुङ, कुनैमा डोल्पाली, कुनैमा खामको सघनता रहेको छ। जाजरकोट र रुकुम (पश्चिम भाग) का कुनैकुनै पालिकामा खाम र सुर्खेतको वीरेन्द्रनगरमा थारू भाषाका वक्ताहरूको सघनता रहेको पाइन्छ। यस्तै सुर्खेतको वीरेन्द्रनगर र सल्यानको शारदानगर नगरपालिकामा नेवार वक्ताहरूको केही मात्रामा सघनता देखिन्छ। सुर्खेतको वराह ताल, चौकुने, पञ्चपुरी र भेरी गङ्गामा राजी भाषाका वक्ताहरूको सघनता रहेको छ।

९.८ भाषाहरूका सबल पक्ष, भाषागत चुनौती र सम्भावनाहरू

कर्णाली प्रदेशका भाषाहरूमध्ये नेपाली भाषा संविधानतः नेपालको सरकारी कामकाजको भाषा हो। यस भाषालाई जन्माउने खस नेपाली अहिले पनि यहाँ बोलिँदै छ जसमा नेपाली भाषाका कैयन् प्राचीन विशेषता सुरक्षित रहेका छन्। त्यसमै अनेक ऐतिहासिक महत्त्वका प्राचीन अभिलेखहरू उपलब्ध छन्। यही भाषा नै यहाँको प्रमुख भाषाका रूपमा रहेको छ। ७९ पालिकामध्ये ७४ मा यो भाषा पहिलो भाषाका रूपमा रहेको छ। यस भाषामा शब्दकोश, व्याकरणलगायत वाङमयका विभिन्न सामग्रीहरू रहेका छन्। यहाँको दोस्रो स्थानमा रहेको भाषा मगर भाषा हो। यो भाषा कुनै पनि पालिकामा प्रथम भाषा बन्न नसके पनि २० भन्दा बढी पालिकामा दोस्रो भाषाका रूपमा रहेको छ। यस प्रदेशमा ढुट मगर, खाम मगर (यसलाई पाङ मगर पनि भनिन्छ) र काइके मगरसहित मगर भाषाका तीनओटै भेदहरू बोलिने भएकाले तिनका बिचको समानता र असमानता अध्ययन गर्न चाहनेका लागि यो प्रदेश महत्त्वपूर्ण थलोका रूपमा रहेको छ। मगर जातिले बोल्ने तीनओटै भाषामा अध्ययनहरू भएका छन्। ढुट मगर र खाम/पाङ मगरमा शब्दकोश र व्याकरणहरू पनि उपलब्ध छन् भने काइके मगरमा पनि विद्यावारिधि तहको अध्ययन सम्पन्न भई व्याकरण प्रकाशित छ। तेस्रो स्थानको भाषाका रूपमा रहेको तामाङ भाषा दुईवटा गाउँपालिकामा प्रथम भाषाका रूपमा र दुईवटा पालिकामा दोस्रो भाषाका रूपमा रहेको छ तापनि पूर्वीय तामाङभन्दा यो भिन्न रहेको जानकारी प्राप्त भएको छ। बरु शेर्पा, भोट र डोल्पालीजस्ता भाषाहरूसँग यसको निकटता रहेको भन्ने भनाइ छ।

९.९ सार्वजनिक सेवाका क्षेत्रमा भाषा प्रयोगको स्थिति

कर्णाली प्रदेशको सार्वजनिक क्षेत्रमा भाषा प्रयोगको सन्दर्भमा यहाँ सरकारी निकाय, शिक्षण संस्था र सञ्चार माध्यममा भएको भाषाको प्रयोगसम्बन्धी जानकारी प्रस्तुत छः-

९.९.१ सरकारी निकायमा भाषाको प्रयोग

कर्णाली प्रदेश सभामा मानक नेपाली भाषाको प्रयोग गरिएको छ र स्थानीय पालिकाहरूमा पनि

त्यसकै प्रयोग भएको अवस्था छ। कर्णाली प्रदेशका उच्च अदालत, जिल्ला अदालत, प्रदेश प्रशासन, सुरक्षा निकाय, स्थानीय तहको प्रशासन, प्रहरी प्रशासन र शिक्षासम्बन्धी कार्यालय सबैतिर हाल मानक नेपालीको नै प्रयोग गरिएको छ। स्वास्थ्य केन्द्र, अस्पताल, कृषि, पशुसेवा केन्द्र, यातायात सेवा, पर्यटन, धर्म, संस्कृति, व्यापार व्यवसाय सबैतिर प्रायः नेपाली भाषाको प्रयोग हुन्छ भने पर्यटन र यातायातमा अङ्ग्रेजी र धार्मिक कार्यमा संस्कृत भाषाको केही मात्रामा प्रयोग गरिएको पाइन्छ।

९.९.२ शिक्षामा मातृभाषाको प्रयोग स्थिति

कर्णाली प्रदेशअन्तर्गत शिक्षालयहरूमा प्रायः नेपाली भाषाको माध्यममा र केही निजी शिक्षालयमा अङ्ग्रेजी माध्यममा शिक्षा दिइने गरेको छ। उच्च शिक्षा र प्राविधिक शिक्षामा नेपाली र अङ्ग्रेजी माध्यम प्रयोग हुँदै आएको छ। सुर्खेतका लेकबँसी नगरपालिकाको साटाखानीस्थित एउटा विद्यालय र चौकुने गाउँपालिकाको बिजौरास्थित एउटा विद्यालयमा ऐच्छिक विषयका रूपमा मगर भाषाको पठनपाठन गराएको पाइन्छ। हुम्लाको नाम्खा गाउँपालिकाका विद्यालयहरूमा भोट/लामा भाषामा प्राथमिक तहमा शिक्षा दिने प्रयत्न भए पनि त्यसले शिक्षक र पाठ्यसामग्रीका अभावमा निरन्तरता पाउन सकेन। यसरी नै सुर्खेतको जनसेवा माध्यमिक विद्यालयमा प्राथमिक तहमा ऐच्छिक विषयका रूपमा थारू भाषा अध्यापन गर्ने प्रयत्न भए पनि त्यसले निरन्तरता पाउन सकेन। जुम्लाको सिँजा गाउँपालिकामा कक्षा १ देखि ५ सम्मको र तातोपानी गाउँपालिकामा कक्षा १ देखि ३ सम्मको खस भाषामा पाठ्यक्रम बनाई शिक्षा दिने प्रयत्न गर्दैछ। यसरी नै सल्यानको त्रिवेणी गाउँपालिकाले स्थानीय भाषा सिकाउन १०० पूर्णाङ्कको पाठ्यक्रम बनाउँदै छ।

९.९.३ सञ्चार माध्यममा भाषाको प्रयोग

कर्णाली प्रदेशका धेरैजसो छापा माध्यममा नेपाली भाषाको प्रयोग हुने गरेको छ। नेपाली भाषामा छापा माध्यमका २२ दैनिक र १३ साप्ताहिक पत्रिका कर्णाली प्रदेशबाट प्रकाशित हुने गरेका छन्। यसरी नै विद्युतीय माध्यमका अनलाइन १८ वटा पत्रिका यस प्रदेशबाट नेपाली भाषामा प्रकाशित हुन्छन्। यसअघि खस भाषामा 'सन्ध्याकालीन' नामको पत्रिका पनि प्रकाशित भएको थियो तर त्यो केही समयपश्चात् बन्द हुन गयो। सुर्खेतबाट थारू भाषामा वि.सं. २०५७ देखि २०६४ सम्म प्रकाशित भएको "डौना बेगरी" पत्रिका पहिलो अङ्क थारू युवा विद्यार्थी परिवारबाट र अरू ३ अङ्क थारू कल्याणकारी सभाबाट प्रकाशित भएको पाइन्छ तापनि त्यसले निरन्तरता पाउन सकेको छैन।

श्रव्यदृश्य माध्यममा रेडियो नेपालको सुर्खेत प्रसारण केन्द्र, ४२ वटा निजी एफ.एम. रेडियो स्टेसन र टेलिभिजन च्यानलहरू छन्। रेडियो नेपालले नेपालीलगायत खाम र थारू भाषामा पनि समाचार प्रसारण गरेको पाइन्छ। सुर्खेत एफ.एम, रेडियो भेरी कर्णाली एफ.एम., जागरण एफ.एम. र रेडियो भेरी एफ.एम.ले स्थानीय थारू भाषाका सामग्री पनि प्रसारण गर्ने गरेका छन् जसमा प्रदेशमा ४ वटा टेलिभिजन स्टेसनबाट प्रसारण गरिन्छ। तिनमा पनि कहिलेकाहीं नेपालीका अतिरिक्त अन्य भाषामा

प्रसारण गरिन्छ। अन्तर्समुदाय सम्पर्क र सार्वजनिक सूचना सम्प्रेषणका लागि सबैले नेपाली भाषाको प्रयोग गरेको देखिन्छ।

९.१० तथ्य सङ्कलन र तथ्याङ्क सङ्कलन विधि

प्रस्तुत कार्यका निम्ति कर्णाली प्रदेशका विभिन्न स्थानमा भाषा आयोगले सम्पन्न गरेका सङ्गोष्ठीका जानकारी, प्रकाशित सामग्री र कर्णाली प्रदेशका विभिन्न व्यक्तिहरूबाट शोधपुछका क्रममा प्राप्त जानकारीहरूको प्रयोग गरिएको छ। केन्द्रीय तथ्याङ्क विभागको वि.सं. २०६८ को भाषिक तथ्याङ्कलाई पनि आधार मानिएको छ।

९.११ प्रदेशमा सरकारी कामकाजको भाषासम्बन्धी भएका कार्यहरू

भाषा आयोगद्वारा सुर्खेतमा आयोजित सङ्गोष्ठीमा कर्णाली प्रदेश सरकारका तर्फबाट सहभागिता रहेको र सरकारी कामकाजमा भाषाको प्रयोग सम्बन्धमा काम अघि बढाउनुपर्ने महसुस सरकारले गरेको तर तत्सम्बन्धी कानुनको तर्जुमा भइनसकेको अवस्था छ। नेपालीका अतिरिक्त सेवा प्रवाहमा अन्य भाषाको प्रयोग सम्बन्धमा हालसम्म कुनै कार्य भएको पाइँदैन। शिक्षामा भाषाको प्रयोग सम्बन्धमा प्रायः नेपाली भाषाको माध्यममा नै पठनपाठन हुने गरेको छ। यसका साथै अङ्ग्रेजी पनि विभिन्न विद्यालयको शिक्षाको माध्यम भएको छ। संस्कृत पाठशालाहरूमा संस्कृत भाषाको पठनपाठन हुने गरेको छ। उच्च शिक्षा र विज्ञान शिक्षामा नेपाली र अङ्ग्रेजी दुवै भाषा माध्यमका रूपमा प्रयोग भएको पाइन्छ।

९.११.१ स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी भएका कार्यहरू

सरकारी कामकाजमा र सेवा प्रवाहमा नेपाली भाषाको नै प्रयोग भएको छ । शिक्षामा स्थानीय भाषा प्रयोगबारे सामान्य चासो बढ्न थाले पनि खास काम हुन सकेको छैन। मगर भाषामा दुईवटा विद्यालयमा र थारू भाषामा एउटा विद्यालयमा सुर्खेतमा तथा भोट/लामा भाषामा हुम्लामा प्राथमिक तहमा शिक्षा दिने प्रयत्न भए पनि शिक्षक, पाठ्यसामग्री आदिका अभावका कारण कार्यक्रम सञ्चालन गर्न कठिनाइ उत्पन्न भएको छ। जुम्लाका दुईवटा पालिकाका विद्यालयमा खस भाषामा र सल्यानको एउटा पालिकाको विद्यालयमा मगर ढुट भाषामा पठनपाठनका निम्ति स्थानीय तहको संलग्नतामा पाठ्यक्रम निर्माणका प्रयत्न भइरहेका छन्।

९.११.२ प्रदेशमा सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरू

सरकारी कामकाजको भाषाका निम्ति मान्यता पाउन भाषाको वक्ता सङ्ख्यालाई महत्त्वपूर्ण आधारका रूपमा सबैले लिएको पाइन्छ। यसका साथै सम्बन्धित भाषाका वक्ताहरूको चाहना र तत्परता, प्रयोगका लागि यथेष्ट सामग्रीको उपलब्धता, भाषाको स्तरीकरण, राज्यको आधिकारिक तहबाट प्रयोग गर्ने स्वीकृतिजस्ता कुराहरू यसका निम्ति आवश्यक पर्नु स्वाभाविक छ। रेग्मी (२०१८ इ.) ले सङ्घीय राज्य नेपालको विशेषतालाई ख्याल गर्दै वक्ता सङ्ख्या, भाषिक सक्षमता, जातिभाषिक

पहिचान, भाषिक अधिकार र पहुँच, व्यापक सञ्चारको भाषा, भाषिक उत्पत्ति, लेखन पद्धतिको विकास, भाषिक सामग्रीको विकास, संरचनात्मक विकास र वाङ्मयको उपलब्धता जस्ता कुराहरूको मूल्याङ्कन गरेर सरकारी कामकाजको भाषा निर्धारण हुनुपर्ने कुरा व्यक्त गरेका छन्। यी सबै कुरा भएर पनि राजनैतिक निर्णयको अभावमा सरकारी कामकाजको भाषा निर्धारण हुन सक्तैन। राजनैतिक निर्णयकै आधारमा नेपालमा पहिले एकभाषिक नीति लागु गरिएको थियो भने अहिले बहुभाषिक नीति लागु गरिएको छ।

वास्तवमा सरकारी कामकाजको भाषाका निम्ति सम्बन्धित भाषाको उल्लेखनीय वक्ता सङ्ख्या, प्रदेशमा त्यसको व्याप्ति र सघनता, सम्पर्क भाषाका रूपमा त्यसको प्रयोग, शब्दकोश, व्याकरण र पुस्तक पत्रिकाहरूको प्रकाशन, शिक्षा र सञ्चारमा प्रयोग, भाषाको स्तरीकरण आदिको आवश्यकता पर्दछ। यसका साथै भाषा आयोगको सिफारिस तथा सरकार र वक्ता दुवैको तत्परताको पनि त्यत्तिकै खाँचो पर्दछ। प्रदेश स्तरमा ऐन-नियम र यसलाई लागु गर्ने संयन्त्र पनि चाहिन्छन्। यिनै आधारहरू पूरा भए भने कुनै भाषा प्रदेशमा सरकारी कामकाजको भाषा बन्न सक्तछ।

९.१२ सङ्गोष्ठी र अन्तर्क्रियाबाट प्राप्त सुझावहरू

भाषा आयोगले कर्णाली प्रदेशको सरकारी कामकाजको भाषाका सम्बन्धमा काम गर्न तीन सदस्यीय विज्ञहरूको समूह निर्माण गरेको थियो। विज्ञ समूहको गठनपश्चात् तीनवटा सङ्गोष्ठीहरू कर्णाली प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण विषयमा सम्पन्न भएका थिए। तिनको सङ्क्षिप्त विवरण निम्नअनुसार छः-

९.१२.१ पहिलो सङ्गोष्ठी

जुम्ला जिल्लाको सदरमुकाम खलङ्गामा २०७५ जेठ १ गते जुम्ला, कालिकोट र मुगु जिल्लाका स्थानीय तहको सहभागितामा सम्पन्न गरिएको सङ्गोष्ठीमा अभिव्यक्त विचारहरूको सार निम्नानुसार रहेको छः-

(क) कर्णाली प्रदेशमा बसोबास गर्ने वक्ताहरू नभएका अङ्ग्रेजी जस्तो भाषा जनगणनाले सूचीकृत गरिनु उपयुक्त नभएको विचार व्यक्त भयो।

(ख) शेर्पा, तामाङ, भोट/लामा भाषा एकै भाषाका वक्ता हुन् भन्ने विचार व्यक्त गरियो।

(ग) सरकारी कामकाजको भाषाका निम्ति सर्वप्रथम खस भाषा त्यसपछि भोट/लामा, मगर र थारू भाषालाई प्राथमिकता दिन सकिने विचार व्यक्त भयो।

(घ) नेपाली भाषाको माउ भाषा पनि जुम्ली खस भाषा नै भएको हुँदा नेपाली भाषाभन्दा खस भाषा फरक हो भनेर व्यवहार गर्न जरुरी नभएको तर्क पनि प्रस्तुत भयो।

(ङ) सिँजा र तातोपानीलगायतका स्थानीय सरकारहरूले खस भाषामा अध्ययन अध्यापनका

लागि बनाउन थालेको पाठ्यक्रमको एकरूपीकरण र स्तरीकरणको आवश्यकता औँल्याइएको थियो।

९.१२.२ दोस्रो सङ्गोष्ठी

भाषा आयोगले सल्यानको सदरमुकाममा २०७६ मङ्सिर २३ गते सल्यान, रुकुम (पश्चिम भाग), जाजरकोट र सुर्खेत जिल्लाको पूर्वी भेकका स्थानीय तहको प्रतिनिधित्व हुने गरी सम्पन्न गरिएको सङ्गोष्ठीमा अभिव्यक्त विचारहरूको सार निम्नानुसार रहेको पाइयोः-

(क) कर्णाली प्रदेशमा बसोबास गर्ने वक्ताहरू नभएका कतिपय भाषाहरू जनगणनाले सूचीकृत गरिनु उपयुक्त नभएको विचार व्यक्त भयो।

(ख) नेपाली भाषा नै प्रमुख सरकारी कामकाजको भाषा हुनुपर्ने विचार व्यक्त भयो।

(ग) दोस्रो सरकारी कामकाजको भाषामा खाम-पाङ मगर भाषालाई स्थान दिन सुझाव प्राप्त भयो।

(घ) नेपाली भाषाको माउ भाषा पनि जुम्ली खस भाषा नै भएको हुँदा नेपाली भाषाभन्दा खस भाषा फरक हो भनेर व्यवहार गर्न जरुरी नभएको तर्क पनि प्रस्तुत भयो।

(ङ) स्थानीय सरकारहरूले नेपाली भाषाका स्थानीय भेद, खाम-पाङ मगर, ढुट मगर र नेवार भाषाको संरक्षण गर्नुपर्ने, तिनका शब्दकोश र व्याकरण निर्माण गर्नुपर्ने र पाठ्यक्रम बनाई अध्ययन अध्यापन गर्नुपर्ने धारणा व्यक्त भयो।

(च) कुनैकुनै स्थानीय तहले पाठ्यक्रम बनाई स्थानीय भाषामा पठनपाठन गर्न थालेको जानकारी दिइयो। पाठ्यक्रमको स्तरीकरणका लागि भाषा आयोगबाट सहयोगको अपेक्षा गरियो।

९.१२.३ तेस्रो सङ्गोष्ठी

भर्चुअल माध्यमबाट २०७७ मङ्सिर २९ गते सम्पन्न भएको सङ्गोष्ठीमा अभिव्यक्त विचारहरूलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छः

(क) कर्णाली प्रदेश नेपाली भाषाको उद्गम स्थल भएको र नेपाली भाषा नै यहाँको प्रमुख भाषा भएको विचार व्यक्त भयो।

(ख) नेपालीका अतिरिक्त खस भाषा, भोट/लामा र थारू भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्राथमिकता दिन सकिने विचार व्यक्त भयो।

(ग) भोटे लामाहरूले बोल्ने भाषाहरूलाई भोटे/लामा वा भोट/लामा भाषा पनि भन्न सकिने र यिनका लिम्याल, कार्मारोङ र डोल्पाली जस्ता भेदमा केही अन्तर रहेको जानकारी पनि त्यहाँ दिइएको थियो। यसका साथै मुगाली भाषा पनि त्यहाँ प्रचलित रहेको

जानकारी प्राप्त भएको थियो।

(घ) स्थानीय तहमा स्थानीय भाषालाई सरकारी कामकाजको भाषा बनाउन र सो भाषामा शिक्षा प्रदान गर्न उपयुक्त हुने राय प्राप्त भयो।

(ङ) उर्दूजस्ता मुस्लिम समुदायले बोल्ने भाषामा पनि विद्यालय सञ्चालन गर्नुपर्ने विचार व्यक्त भयो।

(च) कर्णाली प्रदेशमा भाषाका प्राचीन महत्त्वपूर्ण अभिलेखहरू ठाउँठाउँमा रहेको र ती हराउने खतरा भएकाले उचित संरक्षणको व्यवस्था हुनुपर्छ भन्ने भनाइ सहभागीहरूबाट व्यक्त भयो।

(छ) साङ्केतिक भाषाको यथोचित विकास हुनुपर्छ भन्ने कुरा पनि सङ्गोष्ठीमा व्यक्त गरियो।

९.१३ अन्य सुझाव र जानकारी

कर्णाली प्रदेशमा सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न खस भाषा, मगर भाषा, भोट/लामा भाषा, थारू भाषा र खाम भाषाका नाम लिने गरिएको छ। नेपाली भाषा जन्माउने खस भाषाको ऐतिहासिकतालाई ख्याल गरी यसलाई जीवन्त बनाउन सरकारी कामकाजको भाषाका रूपमा यसको प्रयोग गरिनुपर्छ भन्ने अभिमत सङ्गोष्ठीमा प्रकट भएको पाइयो। यसका साथै खस भाषालाई बेग्लै भाषाका रूपमा लिई नेपालीका वक्ता सङ्ख्या घटाउने काम गरिनु हुँदैन भन्ने अभिमत पनि रहेको छ। मगर बाहुल्य क्षेत्रमा मगर, हुम्लामा भोट/लामा, सुर्खेत उपत्यकामा थारू र हिमाली क्षेत्रका भाषामा त्यहाँको अवस्था हेरी सरकारी कामकाजको भाषा बनाउन सुझाव प्राप्त भएको छ। कर्णाली प्रदेश सरकार प्रज्ञा प्रतिष्ठान गठन गरेर यहाँका भाषाहरूको उत्थान गर्नुपर्छ भन्ने दृष्टिले काम गरिरहेको छ। सो काममा सघाउ पुऱ्याउने सन्दर्भमा नेपाल प्रज्ञा प्रतिष्ठान र सुर्खेती कल्याण समाजद्वारा संयुक्त रूपमा सुर्खेतको वीरेन्द्रनगरमा आयोजित सङ्गोष्ठीमा "कर्णाली प्रदेशमा प्रज्ञा प्रतिष्ठानः आवश्यकता र सम्भावना" शीर्षकमा कार्यपत्रसमेत प्रस्तुत भई आवश्यक छलफल भएको थियो।

९.१४ प्रदेशमा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस

(क) कर्णाली प्रदेशमा नेपालीका अतिरिक्त अन्य भाषा प्रदेशव्यापी रूपमा बोलिएको पाइँदैन तापनि सरकारी कामकाजको भाषा बनाउनका निम्ति खस भाषा, भोट/लामा भाषा (तामाङ, शेर्पा र भोट यसमै पर्छन् भनिएको), मगर भाषा, थारू भाषा र खाम भाषाका नाम सहभागीहरूबाट प्रस्ताव गरिएका छन्।

ख) कर्णाली प्रदेशमा सरकारी कामकाजका लागि खस नेपाली भाषा हुनुपर्ने भनी सहभागीहरूले विशेष रूपमा कुरा उठाएको पाइन्छ।

(ग) जनगणनाअनुसार मगर भाषाका वक्ताहरूको सङ्ख्या नेपाली भाषापछि सबैभन्दा बढी छ

तर यस भाषाका वक्ताहरूको खासखास ठाउँमा मात्र घनत्व रहेको छ। सिङ्गो प्रदेशमा व्याप्ति नरहेकाले यसलाई प्रदेशको भाषा बनाउन सकिने अवस्था छैन।

(घ) भोट/लामा भाषा जनगणनामा सूचीकृत छैन तर सङ्गोष्ठीका कतिपय सहभागीहरूबाट कर्णाली प्रदेशका शेर्पाहरू वा भोटे लामाहरूले बोल्ने भाषा एउटै भए पनि तामाङ, शेर्पा र भोट/लामाका रूपमा जनगणनामा उल्लिखित भएको कुरा जानकारी हुन आएको छ। कसैकसैले हिमाली जिल्लामा बोलिने सबै भाषा एउटै नभई मुगु र डोल्पामा मुगाली, डोल्पाली, कार्मारोङ भोटे र लिम्यालजस्ता अलग भेद पनि बोलिने कुरा औँल्याएका छन्। स्थानीय व्यक्तिबाट र जनगणनाका क्रममा विभिन्न नाम दिइएकाले यी भाषाको राम्रो अध्ययन गरी यथार्थ पत्ता लगाउनुपर्ने र सही नामकरण गर्नुपर्ने अवस्था रहेको छ। सोही आधारमा तिनको प्रयोगबारे निर्णय लिनुपर्ने अवस्था भएकाले प्रदेशको भाषाका रूपमा उपर्युक्त कुनै पनि भेदलाई लिन मिल्ने अवस्था छैन।

(ङ) थारू भाषाका वक्ताहरूको बसोबास प्रायः सुर्खेत उपत्यकामा मात्र सीमित रहेकाले यो भाषा पनि सिङ्गो प्रदेशको भाषा हुन सक्ने अवस्था छैन।

(च) गुरुङ भाषाका वक्ताहरूको सङ्ख्या उल्लेखनीय छ तर खासखास पालिकामा मात्र सीमित रहेकाले सो भाषा प्रदेशको भाषा बन्न सक्ने देखिँदैन।

(छ) खाम भाषाको क्षेत्र पनि सीमित रहेकाले प्रदेशको भाषा बन्न सक्ने अवस्था छैन।

(ज) उपर्युक्त भाषाहरूका अतिरिक्त राजी, नेवार, छन्त्याल, खाम्ची (राउटे), काइके, बोटेजस्ता केही अन्य रैथाने भाषाहरू पनि यहाँ प्रचलित छन्। ती भाषाहरू सीमित स्थानमा मात्र बोलिने भएकाले प्रदेशस्तरका भाषा बन्ने सम्भावना देखिँदैन।

यस परिप्रेक्ष्यमा उपर्युक्त भाषाहरूलाई सिङ्गो प्रदेशको कामकाजको भाषा बनाउनुभन्दा पनि यिनको संरचनात्मक विकास एवम् स्तरीकरण गरेर सामर्थ्य बढाउन आवश्यक देखिन्छ। त्यसनिम्ति अवस्थाअनुसार वर्ण निर्धारण, शब्दकोश र व्याकरण निर्माण, पत्रपत्रिका र पुस्तकहरूको प्रकाशनजस्ता कामहरू गरी यी भाषाहरूको स्तरीकरण गरिनुपर्छ। यसका साथै शिक्षा र सञ्चारमा तिनको प्रयोग गरी तिनको प्रकार्य विस्तार गरिनुपर्दछ। यी भाषाहरू बोलिने नगरपालिका, गाउँपालिका र वडाहरूमा मातृभाषा शिक्षाको व्यवस्था गर्न सकिन्छ। सञ्चार माध्यमहरूमा यिनको प्रयोग बढाउन पनि विशेष प्रयत्न अपेक्षित छ। स्थानीय सरकारले सम्भव भएसम्म सरकारी कामकाजका भाषाका रूपमा पनि यिनको प्रयोग गर्न सक्छ। स्थानीय तह, विद्यालय र सञ्चार माध्यममा प्रयोगको व्याप्ति बढ्दै गएमा भविष्यमा प्रादेशिक भाषाका रूपमा पनि यिनको विकास हुन सक्छ।

९.१५ स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस

कर्णाली प्रदेशमा बोलिने कैयन् भाषाहरू नगरपालिका, गाउँपालिका र वडाहरूमा सरकारी कामकाजको भाषा बन्न सक्ने अवस्था छ। खास गरी खस नेपाली, मगर, तामाङ (भोट/लामा), थारू, गुरुङ,

शेर्पा (भोटसमेत), खाम, डोल्पाली, काइके, राजी, नेवारजस्ता भाषाहरू वक्ताको घनत्व भएका स्थानमा स्थानीय तह सिङ्गैका वा वडाका सरकारी कामकाजका भाषा बन्न सक्तछन्। त्यस निम्ति तिनको विकास आवश्यक छ। यी भाषाहरूमा खासखास स्थानीय तहमा वा तिनका वडामा मातृभाषा शिक्षाको व्यवस्था गर्न सकिन्छ र सञ्चार माध्यमहरूमा यिनको प्रयोग बढाउन पनि विशेष प्रयत्न अपेक्षित छ। स्थानीय तह, विद्यालय र सञ्चार माध्यममा प्रयोगको व्याप्ति बढ्दै गएमा कतिपय भाषाहरूको भविष्यमा प्रादेशिक भाषाका रूपमा पनि विकास हुन सक्छ। राउटेहरूले बोल्ने खाम्ची भाषाको संरक्षणको काम यथाशीघ्र गर्न आवश्यक छ। घुमन्ते जाति राउटेहरूको समूह ज्यादै सानो भएको र कुनै प्राकृतिक वा मानवीय सङ्कट आएमा सिङ्गो जनसङ्ख्या खतरामा पर्न सक्ने वा नासिन सक्ने भएकाले त्यसको अध्ययन र संरक्षण अत्यावश्यक छ।

९.१६ सिफारिसहरूको कार्यान्वयन

प्रदेशमा सरकारी कामकाजको भाषासम्बन्धी सुझाव कार्यान्वयन गर्न प्रदेश सरकारले भाषाहरूको विकासका निम्ति भाषानीति बनाउनु पर्दछ। त्यसअनुसार कानुनको निर्माण गर्नुपर्दछ र त्यसलाई लागु गर्ने संयन्त्र बनाउनुपर्दछ। सरकारी कामकाज, शिक्षा र सञ्चारमा सम्भावित भाषाको प्रयोग बढाउँदै जानुपर्दछ। स्थानीय तहमा सरकारी कामकाजको भाषासम्बन्धी सुझावको कार्यान्वयनका निम्ति स्थानीय तहभित्रका भाषाहरूको सर्वेक्षण गरी तिनको अवस्थाअनुसार विकास गर्ने नीति तर्जुमा गर्नुपर्दछ। त्यसलाई कार्यान्वयन गर्न आवश्यक संयन्त्र र जनशक्तिको व्यवस्था गर्नुपर्दछ। स्थानीय प्रशासनको काममा सम्भावित भाषाको प्रयोग गर्नुका साथै शिक्षालय खोल्ने र पठनपाठनको व्यवस्था मिलाउने काम गर्नुपर्दछ। सञ्चार माध्यममा तिनको प्रयोग बढाउन प्रेरित गर्नुपर्दछ।

९.१७ निष्कर्ष

कर्णाली प्रदेशको सरकार र सम्बन्धित वक्ता दुवैले प्रदेशका भाषाहरूलाई सरकारी कामकाजमा प्रयोग गर्ने रुचि राखेको पाइन्छ तापनि हालसम्म सरकारी कामकाजका निम्ति नेपालीका अतिरिक्त अन्य कुनै पनि स्थानीय भाषाको प्रयोग भएको पाइँदैन। त्यसका निम्ति हालसम्म कुनै कानुन पनि बनेको छैन। स्थानीय भाषाको संरक्षण, उत्थान र संवर्धनका साथै तिनको प्रयोगबाट जनसमुदाय लाभान्वित हुनु स्वाभाविक छ। प्रदेश सरकार यहाँका भाषाहरूको विकास र संरक्षणलाई ख्याल गरेर प्रज्ञा प्रतिष्ठानको गठन गर्न प्रयत्नशील देखिन्छ। यसलाई सकारात्मक रूपमा लिँदै भविष्यमा थप कार्य हुँदै जाने विश्वास गर्न सकिन्छ।

कर्णाली प्रदेशका कतिपय स्थानीय तहमा प्रशासन, शिक्षा र सञ्चारमा स्थानीय भाषाको प्रयोग नहुँदा समस्या भोग्नुपरेको अवस्था छ। स्थानीय तहहरूमध्ये केहीका निवासीहरूले हालको सरकारी कामकाजको भाषाका रूपमा रहेको नेपाली पटक्कै बुझ्न नसकेर दोभासेको सहारा लिनुपर्ने स्थिति छ, पढाइमा बालबालिकाहरूले अप्ठ्यारो भोग्नुपरेको छ भने सञ्चार माध्यमको भाषा बुझ्न नसक्ता सन्देश ग्रहण गर्न नसक्ने अवस्था छ। त्यसैले स्थानीय तहहरूमध्ये केही स्थानीय विद्यालयहरूमा स्थानीय

भाषाको अध्ययन अध्यापन गराउन पाठ्यक्रम निर्माणका निम्ति उद्यत रहेको देखिन्छ। तिनले नेपाली भाषा नबुझ्ने सेवाग्राहीका निम्ति सेवा प्रदान गर्ने उपायको खोजी हुनुपर्ने विचार पनि राखेको देखिन्छ तर त्यसका निम्ति नीतिनियम बनिसकेको छैन। विस्तारै त्यसतर्फ प्रवृत्त हुँदै जाने सम्भावना छ। स्थानीय तहले आफ्नो अवस्थाअनुसार व्यावहारिक निर्णय गरेर स्थानीय भाषालाई सक्षम बनाउँदै सरकारी कामकाजमा प्रयोग गर्ने दृढता अँगाल्नु वर्तमान समयको आवश्यकता हो।

९.१८ भावी कार्य

नेपालको भाषानीतिबारे वर्तमान संविधान र ऐन-कानुनले महत्त्वपूर्ण कुराहरू अघि सारेको पाइन्छ। त्यसमा अझै पूर्णता ल्याउन आवश्यक छ। राष्ट्रियस्तरमा बन्ने भाषानीतिले नै प्रदेश र स्थानीय सरकारलाई समेत मार्गदर्शन गर्ने भएकाले भाषा आयोगका सिफारिसअनुसार नीतिनियम बनाई दृढतापूर्वक त्यसको कार्यान्वयन गरिनुपर्दछ। यसका साथै विभिन्न भाषिक समुदायमा चेतनाको अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनुपर्दछ। योजनाबद्ध रूपमा कार्यक्रमहरू सञ्चालन भएमा सकारात्मक परिणाम प्राप्त हुने अपेक्षा गर्न सकिन्छ।

सुदूरपश्चिम प्रदेशको भाषिक अध्ययन

विज्ञ समूह

प्रा.डा. अम्मराज जोशी - संयोजक

प्रा.डा. टेकराज पन्त

श्री अभिलाल शाह

अध्याय - दश

सुदूरपश्चिम प्रदेशको भाषिक अध्ययन

१०.१ परिचय

वि.सं. २०६८ को जनगणनामा सुदूरपश्चिम प्रदेशमा कुल ८५ भाषाहरू बोलिन्छन् (भाषा आयोग, २०७५)। नेपाली भाषाका अतिरिक्त यस प्रदेशमा रानाथारू, डोट्याली, अछामी, बैतडेली, गढवाली, डडेलधुरी, जुम्ली, दैलेखी, दार्चुलेली र बझाङीसहितका भारोपेली परिवारका करिब १० भाषा बोलिन्छन्। त्यसैगरी भोट-बर्मेली परिवारका राजी (बाह्रबन्डले र नौकुले), ब्याँसी, खाम्ची (राउटे) र धुलेली ४ वटा भाषा यस प्रदेशमा मूल रूपमा बोलिन्छन्। भाषाका वक्ताको सङ्ख्याका आधारमा १ लाखभन्दा बढी वक्ता भएका भाषाहरूमा क्रमशः डोट्याली, नेपाली, थारू र अछामी गरी ४ वटा रहेका छन्। त्यसैगरी १० हजारभन्दा माथि र १ लाखभन्दा कम वक्ता रहेका भाषाहरूमा क्रमशः बझाङी, बैतडेली, मगर र बाजुरेली गरी ४ वटा रहेका छन् भने १० हजारभन्दा कम वक्ता भएका भाषाहरूको सङ्ख्या ७७ रहेको छ। यसैअन्तर्गत ७७ वटा भाषामध्ये २५ वटा भाषाका वक्ताहरूको सङ्ख्या १० भन्दा कम रहेको देखिन्छ।

१०.२ प्रदेशका भाषाहरू

यस प्रदेशमा बोलिने भाषामध्ये डोट्याली भाषाका ३०.४५% र नेपाली भाषाका ३०.१७% वक्ताहरू रहेका छन्। दोस्रो भाषाका रूपमा नेपाली भाषाको प्रयोग गर्ने वक्ता ३४.५१% रहेका छन्। तेस्रो स्थानमा रहेको थारू भाषाका वक्ता १७.०१% रहेका छन्। यस थारू भाषाका मूलतः रानाथारू, डङ्गौरा थारू र कठरिया थारू जस्ता भेदहरू रहेका छन्। यस प्रदेशका प्रथम पाँच स्थानमा रहेका भाषालाई तालिकामा दिइएको छः

तालिका १०.१: सुदूरपश्चिम प्रदेशका प्रमुख ६ भाषाहरू

क्र.स.	भाषा	सङ्ख्या	प्रतिशत	दोस्रो भाषाका रूपमा
१	डोट्याली	७,७७,२४७	३०.४५%	-
२	नेपाली	७,७०,३२२	३०.१७%	१३१०७०७ (५१.३४%)
३	थारू	४,३४,३०४	१७.०१%	७९४० (०.३१%)
४	बैतडेली	१४,२५,१६	५.५८%	-
५	अछामी	६७,४४०	२.६४%	-
६	बझाङी	२७,८३८	१.०९%	-
	कुल	२५,५२,५१७		

भाषा आयोग २०७५, केन्द्रीय तथ्याङ्क विभाग २०१६ इ.

दोस्रो भाषाका रूपमा बोलिने डोटयाली भाषाका जम्मा ५ जना वक्ताको सूचीकरण गरिएको छ भने बैतडेली, अछामी र बझाङी जस्ता भाषा दोस्रो भाषाका रूपमा बोलिने वक्ताहरू सूचीकृत गरिएको छैन। यस प्रदेशमा मूल रूपमा बोलिने मातृभाषाहरूको अवस्थिति र यस प्रदेशमा नेपाली, डोटयाली, थारू भाषाहरूको वितरण तलको नक्सामा प्रस्तुत गरिएको छ।

सुदूरपश्चिम प्रदेश
मातृभाषाहरूको अवस्थिति
चीन
भारत
भारत
व्यासी
ब्याँस
धुर्पुली
साइपाल
बैतडेली
पुचौडी
बझाङ्गी
बित्थडचिर
अछामी
साँफेबगर
डोट्याली
खप्तड
परशुराम
बेदकोट
दार्चुलेली
राजी
गौरीगंगा
बाजुरली
चुमली
बर्दगोरिया
लम्कीचुहा
सुदूरपश्चिम प्रदेश
कर्णाली प्रदेश
लुम्बिनी प्रदेश
10 5 0 10 20 30 40
कि.मी.
सीमा
अन्तर्राष्ट्रिय
प्रदेश
स्थानीय तह
भाषापेली
भोट बर्मेली

सुदूरपश्चिम प्रदेश
मातृभाषाहरूको सघनता
चीन
भारत
सुदूरपश्चिम प्रदेश
कर्णाली प्रदेश
लुम्बिनी प्रदेश
अन्तर्राष्ट्रिय सीमा
प्रदेश
स्थानीय तह
डोटयाली
1 Dot = 100
नेपाली
1 Dot = 100
थारू
1 Dot = 100
25 12.5 0 25 50 75 100
कि. मी.
79°40'30"E
80°5'10"E
82°1'30"E
29°51'0"N
28°40'30"N

१०.३ जिल्लागत वितरण

जिल्लागत रूपमा यस प्रदेशमा फरक फरक स्थानमा बोलिने भाषाहरूको आआफ्नो क्षेत्र रहेको छ। थारू भाषा मूलत: कैलाली र कञ्चनपुर जिल्लामा सघन रूपमा बोलिने भए पनि यसका वक्ताहरूको सङ्ख्या ४१ प्रतिशत मात्र रहेको छ। बैतडी जिल्लामा बैतडेली भाषाका करिब ९८ प्रतिशत वक्ताहरू रहेका छन्। बाँकी ३ जिल्लामा नेपाली भाषाका वक्ताको बाहुल्य छ भने ४ जिल्लामा डोट्याली भाषाका वक्ताको बाहुल्यता रहेको छ। यस प्रदेशअन्तर्गतका जिल्लाहरूमा बोलिने पहिलो, दोस्रो र तेस्रो स्थानको तलको भाषाहरू तालिकामा प्रस्तुत गरिएको छः-

तालिका १०.२: सुदूरपश्चिम प्रदेशका जिल्लाहरूमा बोलिने पहिलो, दोस्रो र तेस्रो स्थानका भाषाहरू

क्र.स.	जिल्ला	पहिलो स्थानका भाषाहरू	दोस्रो स्थानका भाषाहरू	तेस्रो स्थानका भाषाहरू
१	अछाम	नेपाली	अछामी	मगर
२	बझाङ	नेपाली	बझाङी	डोट्याली
३	बाजुरा	नेपाली	शेर्पा	डोट्याली
४	बैतडी	बैतडेली	नेपाली	डोट्याली
५	डडेलधुरा	डोट्याली	नेपाली	मगर
६	दार्चुला	डोट्याली	नेपाली	लाप्चा
७	डोटी	डोट्याली	नेपाली	मगर
८	कञ्चनपुर	डोट्याली	थारू	नेपाली
९	कैलाली	थारू	डोट्याली	नेपाली

स्रोतः जनगणना प्रतिवेदन (२०६८), केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं।

माथिको तालिकामा जिल्लागत रूपमा भाषाहरूको सूची हेर्दा डोट्याली भाषा पहिलो स्थानमा छ। यो भाषा डोटी, दार्चुला, कञ्चनपुर र डडेलधुरा जिल्लामा पहिलो स्थानमा बोलिने गर्दछ। अछाम, बझाङ र बाजुरामा नेपाली, बैतडीमा बैतडेली र कैलालीमा थारू भाषा पहिलो स्थानमा रहेका छन्।

१०.४ स्थानीय तहमा भाषा

यस प्रदेशमा रहेका ८८ वटा स्थानीय तहमा बोलिने भाषामध्ये डोट्याली भाषा ३२ वटा स्थानीय तहमा र नेपाली ३१ वटा स्थानीय तहमा पहिलो भाषाका रूपमा बोलिन्छन्। दोस्रो स्थानमा रहेका भाषाका रूपमा नेपाली ४० पालिकामा बोलिन्छ भने डोट्याली १० पालिकामा मात्र बोलिने गर्दछ। दार्चुला जिल्लाको व्याँस गाउँपालिकामा बोलिने लाप्चा भाषाको सूचीकरणमा अन्योल भएको देखिन्छ किनभने लाप्चा मूलतः पूर्वी नेपाल र भारतको दार्जिलिङ सिक्किम क्षेत्रमा बोलिने भाषा हो। बझाङमा बोलिने धुलेली भाषा एक स्थानीय तहमा दोस्रो स्थानमा रहेको छ। सुदूरपश्चिम प्रदेशका स्थानीय तहमा बोलिने प्रथम र दोस्रो स्थान रहेका भाषाहरू तालिकामा दिइएका छन्:-

तालिका १०.३: सुदूरपश्चिम प्रदेशका स्थानीय तहमा बोलिने प्रथम र दोस्रो स्थानका भाषाहरू

क्र.स.	पहिलो स्थानमा रहेका भाषा र पालिका सङ्ख्या	दोस्रो स्थानमा रहेका भाषा र पालिका सङ्ख्या
१	नेपाली – ३१	नेपाली -४०
२	डोट्याली -३२	डोट्याली -१०
४	थारू -१०	अछामी -४, शेर्पा-४
३	बैतडेली -१०	बझाङी -८, थारू-८
५	अछामी -३	मगर -३
६	बझाङी -२	हिन्दी - २, मैथिली - २ धुलेली - १, लाप्चा - १, दार्चुलेली-१, खाम-१, साङ्केतिक भाषा-१, नखुलेको - १ अन्य- १।

स्रोतः जनगणना प्रतिवेदन (२०६८), केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं।

यस प्रदेशमा मूल बसोबास भएका राजी र ब्याँसी भाषा पालिकास्तरमा अग्र स्थानमा रहेका छैनन्।

१०.५ भाषा अभिलेखीकरण

यस प्रदेशमा बोलिने डोट्याली लगायतका भाषाहरूका समाज भाषावैज्ञानिक सर्वेक्षण प्रतिवेदनहरू उपलब्ध छन्। वि.सं. २०६८ को जनगणनामा सूचीकृत भएका बैतडेली, बझाङी र डोट्यालीजस्ता भारोपेली भाषाका विस्तृत व्याकरण तयार हुन बाँकी भए पनि व्याकरणका विभिन्न पक्षमा प्रारम्भिक कार्य भएका छन्। राजी र खाम्ची (राउटे) भाषाका शब्द सङ्कलन गरिएका छन्। ब्याँसी भाषाको प्रारम्भिक शब्दकोश प्रकाशित छ। ब्याँसी भाषाको प्रयोगक्षेत्र सम्बन्धमा समाजभाषावैज्ञानिक पक्षको मिहिन प्रकारको विश्लेषण उपलब्ध छ। यस प्रदेशमा बोलिने तिब्बती मूलका भाषा तथा ती भाषाका भेदहरूको विस्तृत अध्ययन हुन सकेको छैन। राउटे तथा राजी भाषामा विस्तृत अध्ययन हुन बाँकी छ। यस प्रदेशमा बोलिने भाषाहरूको अध्ययनको स्थिति निम्नानुसार रहेको छः

(क) **समाजभाषावैज्ञानिक सर्वेक्षण भएका भाषा-** रानाथारू, कठरिया थारू, बझाङी, बाजुरेली, ब्याँसी (ठोकर २०१३ इ.), डोट्याली (एइसेनटप २०१९ इ.), धुलेली, डोट्याली, अछामी, बैतडेली, दार्चुलेली, राउटे (बोटो बोली, खड्का २००६क इ., बन्धु र अन्य २०१२ इ.), राजी (खतिवडा र प्रसाईं २०१३ इ.)।

(ख) **प्रारम्भिक अभिलेखीकरण-** ब्याँसी (गौतम र अन्य, २००५ इ.), रानाथारू, (ढकाल,२०१३ इ.) राजी।

(ग) **व्याकरण-** रानाथारू (ढकाल २०१५क इ.), डोट्याली (२०७४), ब्याँसी (त्रिदेवी १९९१ इ.), दार्चुलेली (२०१७ इ.), राउटे/बोटो बोली (खडका, २००६ख इ.) आदि।

(घ) **शब्दकोश-** रानाथारू (ढकाल २०१५ग इ.), ब्याँसी (बोहोरा र प्रसाईं, २००८ इ.)। राजी र रावत (फोर्टिया, २०१९ इ.)

यसका अतिरिक्त प्रदेश तहमा भाषा अभिलेखीकरणका केही प्रयासहरू भएका छन्। यस प्रदेशमा बोलिने भाषाहरूका सम्बन्धमा केही स्वतन्त्र अध्ययनसमेत भएका छन्, जस्तै ब्याँसी भाषाका नातागोताको अध्ययन (एलेन, १९७५ इ.), रानाथारू भाषाको विश्लेषित पाठसङ्ग्रह (ढकाल, २०१५ख इ.), डोट्याली भाषासम्बन्धी अध्ययन (शर्मा २०६७)। थारू र रानाथारूको सन्दर्भमा केही सामग्रीहरू उल्लेख गर्न सान्दर्भिक देखिन्छ, जस्तै बोएम (१९९८ इ.), बोएम (१९९७ इ.) आदि।

१०.६ भाषा वितरण तथा सघनता

यस प्रदेशमा बोलिने मूल भाषाहरूको निश्चित स्थानमा वितरण रहेको छ। अछाम, बाजुरा र बझाङ जिल्लामा नेपाली भाषाका वक्ताहरूको उल्लेख्य उपस्थिति रहेको छ। त्यसैगरी थारू (मूलतः रानाथारू) भाषाका वक्ताहरू कैलाली र कञ्चनपुरमा बसोबास गर्दछन्। डोट्याली भाषाका वक्ताहरू मूलतः बैतडी, डडेलधुरा, दार्चुला र डोटी जिल्लामा सघन रूपमा बसोबास गरेको पाइन्छ। बैतडी जिल्लामा बैतडेली भाषाका वक्ताको बाक्लो उपस्थिति रहेको छ। यस प्रदेशमा बोलिने थारू, डोट्याली र नेपाली भाषाको निश्चित क्षेत्रमा बाहुल्यता भएको पाइन्छ।

१०.७ तथ्याङ्क तथा रायसुझाव सङ्कलन

यस प्रदेशमा सरकारी कामकाजको भाषा सिफारिसका आधारहरूका लागि विभिन्न माध्यम अपनाइएको छ। केन्द्रीय तथ्याङ्क विभागको २०६८ को भाषिक तथ्याङ्क तथा भाषा आयोगबाट प्राप्त सूचनाका साथै आयोगबाट सम्पन्न विभिन्न सङ्गोष्ठीका सुझावहरू यस सम्बन्धमा महत्त्वपूर्ण रहेका छन्।

१०.७.१ प्रादेशिक सङ्गोष्ठी

यस प्रदेशमा नेपाली भाषाका अतिरिक्त अन्य भाषाहरूलाई सरकारी कामकाजमा प्रयोग गर्न सकिने विषयमा छलफल गर्नका लागि तीनवटा सङ्गोष्ठी सम्पन्न गरिएका थिए। ती सङ्गोष्ठीहरूमा स्थानीय तहका प्रतिनिधि, पत्रकार, कर्मचारी, शिक्षक, प्राध्यापक, भाषाविद्, भाषाशास्त्री तथा भाषिक अभियन्ताहरूको सहभागिता रहेको थियो।

१०.७.१.१ पहिलो सङ्गोष्ठी

यस प्रदेशका डोटी, अछाम र बाजुरा जिल्लाका स्थानीय तहका प्रतिनिधिहरूको सहभागितामा मिति २०७६ साल आषाढ १८ गते पहिलो सङ्गोष्ठी अछाम जिल्लाको साँफेबगरमा सम्पन्न भयो। यस सङ्गोष्ठीमा सहभागीहरूबाट मूलतः प्रदेश र पालिकाहरूमा सरकारी कामकाजका भाषाका सम्बन्धमा विभिन्न रायसुझावहरू प्राप्त भए। यस क्रममा प्रदेशमा बोलिने भाषाहरूको सूक्ष्म अध्ययन गरिनुपर्ने सुझाव सहभागीहरूबाट प्राप्त भयो। केही सहभागीहरूले नेपाली भाषालाई नै सरकारी कामकाजको

भाषा बनाइनुपर्नेमा जोड दिएको पाइयो तथापि नेपालीबाहेकका भाषालाई पनि सरकारी कामकाजमा प्रयोग गर्नुपर्ने कुरा सहभागीहरूबाट उठाइयो। यस प्रदेशमा भाषिक विविधता रहे पनि सामाजिक सद्भावका साथ सरकारी कामकाजको भाषा छनोट गर्नुपर्ने रायसमेत व्यक्त भयो। सङ्गोष्ठीबाट प्राप्त सुझावहरू यहाँ प्रस्तुत छन्:

(क) डोट्याली भाषाको ऐतिहासिकता र विस्तारलाई विचार गर्दा यो भाषा पनि सरकारी कामकाजको भाषा हुनुपर्छ। गढवालदेखि सिँजासम्म डोट्याली भाषा बोलिने हुनाले यसलाई प्रादेशिक भाषाको मान्यता दिइनुपर्छ। त्यसैगरी जनसङ्ख्या, भाषाको मानकीकरण, भूगोल, शब्दकोश निर्माण, बोधगम्यता, राजनीति, भाषिक प्रबलता, विस्तार र सम्प्रेषणका आधारमा कामकाजको भाषा छानिनु पर्छ।

(ख) स्थानीय तहको शिक्षामा स्थानीय भाषालाई र प्रादेशिक सरकारी कामकाजको भाषामा नेपाली भाषालाई प्राथमिकता दिनुपर्छ। यसो गर्दा यस प्रदेशमा बोलिने थारूजस्ता भाषाहरूलाई स्थानीय तहमा प्रयोग गर्न सकिन्छ। यहाँका स्थानीय भाषालाई स्थानीय तहमा प्रयोग गरी संरक्षण गरिनु पर्दछ।

(ग) स्थानीय तहमा शिक्षाको माध्यम स्थानीय भाषा राखिनु पर्छ। यसरी यस प्रदेशमा बसोबास गर्ने विभिन्न भाषिक समुदायको पहिचान सुरक्षित गर्न सकिन्छ।

१०.७.१.२ दोस्रो सङ्गोष्ठी

यस प्रदेशको दोस्रो सङ्गोष्ठी मिति २०७६ साल भदौ २९ गते डडेलधुराको बागबजारमा बझाङ, डडेलधुरा र बैतडी जिल्लाका स्थानीय तहका प्रतिनिधिहरूका सहभागितामा सम्पन्न गरियो। यस कार्यक्रममा सहभागीहरूमध्ये ३० जना वक्ताले राय व्यक्त गर्नुभएको थियो र निम्नलिखित सुझावहरू प्राप्त भएका थिए:

(क) डोट्याली भाषा सरकारी कामकाजको भाषा हुनुपर्ने।
(ख) बहुसङ्ख्यक जनताले बोल्ने भाषा पहिलो प्राथमिकतामा राख्नुपर्ने।
(ग) भाषाको विकासको स्थिति मापन गरेर सरकारी कामकाजमा भाषा तोकिनुपर्ने, भाषासँगै जोडिएर आउने संस्कृतिलाई पनि आधार मान्नुपर्ने।
(द्ध) स्थानीय तहलाई कामकाजी भाषा प्रयोगको एकाइ मानी भाषा निर्धारण हुनुपर्छ। स्थानीय मातृभाषालाई प्राथमिकता दिनुपर्छ।
(ङ) बहुसङ्ख्यक मानिसहरूले बोल्ने र बुझ्ने भाषालाई विशेष महत्त्व दिनुपर्छ।
(च) अल्पसङ्ख्यक भाषाहरूलाई संरक्षण गर्नुपर्छ।
(छ) लोपोन्मुख भाषा संस्कृतिको जगेर्ना गर्नुपर्छ।
(ज) विद्यालय र शिक्षालयहरूमा सम्बन्धित भाषाका केही प्रभावकारी कक्षा सञ्चालन गरिनुपर्छ।

१०.७.१.३ तेस्रो सङ्गोष्ठी

यस प्रदेशको तेस्रो सङ्गोष्ठी मिति २०७७ साल मङ्सिर २२ गते भर्चुअल माध्यमबाट कैलाली, कञ्चनपुर र दार्चुला जिल्लाका स्थानीय तहका प्रतिनिधिहरूका सहभागितामामा सम्पन्न भयो। यस सङ्गोष्ठीमा राष्ट्रिय एकता, जातीय, धार्मिक र भाषिक सहिष्णुता, भाषागत बोधगम्यता र भाषाको ऐतिहासिकताजस्ता विषयलाई सरकारी भाषा छनोटमा आधारका रूपमा लिनुपर्ने साथै बहुसङ्ख्यक जनताले बुझ्ने भाषालाई सरकारी कामकाजको भाषा बनाइनुपर्ने कुरा व्यक्त गरी निम्नलिखित सुझावहरू दिइयोः

(क) डोट्याली भाषालाई सरकारी कामकाजमा प्रयोग गरिनुपर्ने।

ख) बहुभाषिक स्थितिको ख्याल गर्नुपर्ने, बहुभाषिक नीति अवलम्बन गर्नुपर्ने, नेपाल सरकारले रानाथारूलाई छुट्टै सूचीकरण गरिसकेको अवस्थामा भाषाले पनि छुट्टै मान्यता पाउनुपर्ने।

(ग) यस प्रदेशमा कठरिया समुदायको छुट्टै अस्तित्त्व रहेकाले यस समुदायको भाषाको विकास गरिनुपर्ने।

(घ) जुन पालिकामा जुन भाषाका वक्ताको सङ्ख्या बढी छ त्यही भाषाको प्रयोग गरिनुपर्ने र छरिएका भाषाको थप अनुसन्धान गर्नुपर्ने।

(ङ) सरकारी कामकाजमा भाषा छनोट गर्दा यस क्षेत्रका भाषाहरूको भाषावैज्ञानिक आधारमा निष्कर्ष निकाल्नुपर्ने।

(च) भाषाका सामग्रीहरूको स्थितिलाई हेरेर अतिरिक्त भाषालाई सरकारी कामकाजमा प्रयोग गर्नुपर्ने।

१०.७.२ राय सङ्कलन फारामबाट प्राप्त सुझाव

यसैगरी आयोगले तयार पारेको र विज्ञहरूले सहभागीको राय सङ्कलनका लागि वितरण गरेको राय अभिलेखन फारमबाट प्राप्त सूचनालाई आधार मान्दा सहभागीहरूले सरकारी कामकाजको भाषा तोक्दा बहुसङ्ख्यक वक्तालाई आधार लिइनुपर्ने सुझाव प्राप्त भयो। त्यसका अतिरिक्त भौगोलिक व्यापकता, सांस्कृतिक प्रभाव, यस प्रदेशका सबै जिल्लाको भाषिक विविधता, भाषामा उपलब्ध व्याकरण, शब्दकोशजस्ता भाषिक सामग्रीहरू, सम्बन्धित भाषामा भएका किंवदन्ती तथा शिलालेखहरू, भाषाको बोधगम्यता र सम्प्रेषण, भाषाको सूक्ष्म अध्ययन र स्थानीय शैक्षिक संस्थाहरूमा यसको प्रयोगजस्ता विषयलाई आधारका रूपमा लिइनुपर्ने विचार अभिव्यक्त भए। प्राप्त सुझावमा डोट्याली भाषालाई सरकारी कामकाजको भाषा बनाइनुपर्ने विचार सबैभन्दा बढी सहभागीहरूबाट प्राप्त भयो।

१०.७.३ अन्य सुझाव

यस प्रदेशमा सरकारी कामकाजको भाषा निर्धारणका लागि अन्य विकल्पका बारेमा सोधिएका प्रश्नमा सहभागीहरूबाट केही सुझावहरू प्राप्त भएका छन्। सहभागीहरूबाट राष्ट्रिय एकता, धार्मिक सहिष्णुता, भौगोलिकता, ऐतिहासिकता, बोधगम्यता, भाषिक ज्ञान आदिजस्ता विषयलाई मनन गरेर सरकारी कामकाजका लागि नेपालीबाहेकका भाषा छनोट गरिनुपर्ने विचार प्राप्त भयो। सहभागीहरूबाट प्राप्त

थप सुझावहरू तल प्रस्तुत गरिएको छः

(क) भाषा, कला, संस्कृति र साहित्यमा प्रकाशन, प्रसारण र प्रचारप्रसार पनि सरकारी कामकाजका लागि भाषा छनोटका अन्य आधार हुन सक्छन्।

ख) बहुसङ्ख्यक जनताले बोल्ने भाषा पहिलो प्राथमिकतामा राख्ने, उक्त भाषाको अन्य समुदायमा बोधगम्यता आधार हेर्ने, भाषाका सांस्कृतिक र परम्परागत वैभवको आधारहरू हेर्ने।

(ग) यस प्रदेशमा नेपाली भाषाका अतिरिक्त अन्य सरकारी कामकाजको भाषा निर्धारण गर्न ९ वटै जिल्लाका स्थानीय भाषाको समायोजन गरी निर्णय लिने।

(घ) यस प्रदेशका मातृभाषालाई अधिकतम प्राथमिकतामा राख्नुपर्छ।

(ङ) सरकारी कामकाजको निम्ति चयन गरिने भाषाको प्रयोगमा व्यापकता हुनुपर्छ। बहुसङ्ख्यकको बोलीचालीलाई सरकारी कामकाजको भाषा बनाउनुपर्छ। सरकारी कार्यालयमा कार्यरत कर्मचारीको भाषिक क्षमतालाई समेत ध्यान दिनु आवश्यक हुन्छ।

(च) वक्ता सङ्ख्या बढी भएको, अधिक वक्ताले बुझ्न सक्ने, अन्य प्रदेशका वक्ताले पनि सहज रूपमा बुझ्न सक्ने र बहुसङ्ख्यक वक्ताले प्रयोग गर्ने भाषाको छनोट गर्नुपर्दछ।

१०.८ निष्कर्ष

बहुभाषिक मुलुकहरूमा भूगोल, संस्कृति, जाति एवम् समुदायअनुसार भाषिक भिन्नता भएको पाइन्छ। यस्तो अवस्थामा सरकारी कामकाजको भाषा निर्धारण गर्नु एक कठिन कार्य हुन पुग्दछ तथापि देशको संविधान एवम् कानुनअनुसार कतिपय देशमा सरकारी कामकाजको भाषा तोकिएको हुन्छ र कतिपय देशमा परम्परागत रूपमा भाषिक प्रयोगका भौगोलिक, सामाजिक, राजनैतिक र आर्थिक आधारहरू लिइएका हुन्छन्। यस्ता प्रभावशाली आधारहरूले सरकारी कामकाजको भाषाको निर्क्योलमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन्।

नेपाल एक बहुभाषिक मुलुक भएकाले यहाँ पनि भाषिक प्रयोगमा कठिनाइहरू रहेका छन्। नेपालमा हाल विविध भौगोलिक क्षेत्रमा बसोबास गरिरहेका जनसमुदायले आआफ्ना मातृभाषा बोल्ने गरेको पाइन्छ। विविध भौगोलिक क्षेत्रमा बसेका बासिन्दाहरूले आफ्नो मातृभाषा बोल्नु र सरकारी कामकाजमा ल्याउन पाउनु पनि उनीहरूको अधिकारका साथै सांस्कृतिक संरक्षणको मूल आधार हो। सुदूरपश्चिम प्रदेशमा पनि भाषिक विविधता भएकाले प्रदेश एवम् स्थानीय तहमा सरकारी कामकाजका अतिरिक्त भाषाका रूपमा कुन भाषा लिन सकिन्छ भन्ने विषय विवादरहित छैन। कामकाजको वैकल्पिक भाषाका रूपमा कुनै भाषालाई तोक्ने आधार बनाउनु अनिवार्य छ। सुदूरपश्चिम प्रदेशमा दार्चुलाको टिङ्कर, छाङ्गुर, राम्ला र सितौलामा बोलिने ब्याँसी र बझाङको धुलीमा बोलिने धुलेलीजस्ता केही भाषाहरू भोट-बर्मेली परिवारका र पहाडका अन्य जिल्ला (बझाङ, बाजुरा, अछाम, डोटी, डडेल्धुरा, बैतडी, दार्चुला र तराईका दुई जिल्ला (कैलाली र

कञ्चनपुर) मा बोलिने डङ्गौरा, कठरिया र रानाथारूलगायत अन्य भाषिक स्वरूपहरू भारोपेली परिवारमा पर्दछन्। सुदूरपश्चिमका बासिन्दाले पहाडी जिल्लाहरूमा बोल्ने भाषाहरूलाई जिल्लाको नाममा नामाङ्कन गरी भिन्न भाषा भएको दाबी गर्दै आएका छन् भने डोट्याली भाषाका केही अभियन्ताहरूले सुदूरपश्चिमको पहाडी क्षेत्रका भाषिक स्वरूपलाई डोट्याली भाषा नामाङ्कन गरी सोहीअनुसार भाषिक अध्ययनसमेत गरेका छन् यद्यपि प्रदेशमा पहाडी क्षेत्रमा बोलिने भाषाहरूको माउभाषा नेपाली भएको अभिव्यक्ति भाषिक सङ्गोष्ठीका सहभागीहरूले अभिव्यक्त गरेको पाइयो। कतिपय अध्ययनले पनि यस कुरालाई थप पुष्टि गरेको छ।

भाषिक सङ्गोष्ठीहरूमा भएको भाषा आयोगको प्रस्तुति, छलफल तथा अन्तरक्रिया, राय वा विचार अभिलेखन फारममा प्राप्त सहभागीहरूका विचारहरूलाई आधार मानी गरिएको व्याख्या, विश्लेषणका आधारमा यस प्रतिवेदनको निष्कर्ष यस प्रकार छः (क) स्थानीय तहमा आधारभूत शिक्षा स्थानीय कथ्य भाषामा दिनु उपयुक्त हुने, (ख) भाषा संरक्षणका लागि त्यस क्षेत्रमा प्रचलित लोक साहित्यिक विधाहरू (लोकगीत, लोककथा, लोक नाटक, लोकगाथा आदि) को संरक्षण गरिनुपर्ने, (ग) भाषिक बोधगम्यता, भाषिक प्रबलता, विस्तार, सम्प्रेषण, जनसङ्ख्या, भौगोलिक विस्तार, ऐतिहासिकता, सांस्कृतिक परम्परा, मानकीकरण, भाषिक प्रकाशन एवम् सञ्चारमा त्यसको प्रयोग आदिलाई आधारका रूपमा लिन सकिने, (घ) भाषिक वक्ताको जनसङ्ख्या भाषा निर्धारणको मूल आधार भएकाले तथ्यगत रूपमा सो क्षेत्रमा बोलिने भाषा अध्ययन विश्लेषण गरी भाषिक वक्ताहरूको आँकडा वस्तुगत ढङ्गले निर्क्योल गर्नु उपयुक्त हुने, (ङ) सुदूरपश्चिम प्रदेशमा बोलिने स्थानीय कथ्य भाषाहरू भाषावैज्ञानिक अध्ययनका माध्यमबाट अन्तर्भाषिक वोधगम्यताका आधारमा भाषा वा भाषिका के हुन् भन्ने कुराको अध्ययन गरी यिनका बिचमा भएको तुलनात्मक अध्ययनका आधारमा निष्कर्षमा पुग्नु उपयुक्त हुने, (च) भाषावैज्ञानिक ढङ्गले अध्ययन गरी समभाषांश रेखाको निर्माण गरेर भाषिक भूगोल छुट्याउनुपर्ने, (छ) सुदूरपश्चिम प्रदेशमा प्रचलित भाषिक स्वरूपको प्रकृति लगभग मिल्दोजुल्दो भएकाले साझा भाषिक विशेषताहरूको निर्माण गरी त्यसको एउटा छुट्टै नाम दिएर उक्त भाषालाई यस प्रदेशको सरकारी कामकाजको अतिरिक्त भाषाका रूपमा सिफारिस गर्न सकिने, (ज) अभियन्तामुखी भाषिक क्रियाकलापका आधारमा प्रदेशको सरकारी कामकाजको अतिरिक्त भाषाको निर्धारण गर्नुको सट्टा यस प्रदेशमा बोलिने भाषाको ध्वन्यात्मक, शब्दात्मक, वाक्यात्मक तथा व्याकरणात्मक र अर्थगत भाषावैज्ञानिक वैशिष्ट्यहरूका आधारमा सरकारी कामकाजको अतिरिक्त भाषा निर्धारण गर्नु उपयुक्त हुने, (झ) भौगोलिक तथा जातीय विविधताका बिच भाषिक र सांस्कृतिक एकोन्मुखताका आधारमा एकत्रित भएको सिङ्गो प्रदेशमा विद्यमान सामाजिक सहिष्णुता र भाइचारालाई अरू बलियो पार्नुपर्ने अवस्थाको ख्याल गरी भाषा निर्धारणका आधार तयार गर्न उपयुक्त हुने, (ञ) धुलेली, खाम्ची (राउटे) र ब्याँसीजस्ता लोपोन्मुख भाषाहरूको अध्ययन अनुसन्धान एवम् संस्थागत संरक्षणका कार्यहरू गर्नुपर्ने।

माथिका विषयहरूलाई मनन गर्दा यस प्रदेशमा नेपाली भाषाका अतिरिक्त डोट्याली, थारू, बैतडेली र अछामी भाषालाई सरकारी कामकाजमा प्रयोगका लागि सिफारिस गर्न उपयुक्त हुन्छ।

खण्ड - ग

सिफारिसहरू

अध्याय - एघार

आयोगका सिफारिसहरू

११.१ पृष्ठभूमि

नेपालको संविधानको धारा २८७ मा भएको व्यवस्थाबमोजिम नेपाल सरकारले २०७३ साल भाद्र २३ गते भाषा आयोगको गठन गरेको हो। संविधानको धारा २८७ को उपधारा (६) मा भाषा आयोगको काम, कर्तव्य र अधिकारअन्तर्गत खण्ड (क) मा "सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गरी नेपाल सरकारसमक्ष भाषाको सिफारिस गर्ने" कुरा उल्लेख भएको र सोही धाराको उपधारा (७) मा "भाषा आयोगले उपधारा (६) को खण्ड (क) बमोजिमको कार्य आयोग गठन भएको मितिले पाँच वर्षभित्र सम्पन्न गर्नेछ" भनी समय सीमासमेत निर्धारण भएको छ।

संविधानको धारा ७ मा भएको व्यवस्थाअनुसार सरकारी कामकाजको भाषाअन्तर्गत उपधारा (१) मा "देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ" भन्ने कुरा उल्लेख छ भने सोही धाराको उपधारा (२) मा "नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ" भन्ने प्रावधान रहेको छ। यसका साथै धारा ७ को उपधारा (३) ले "भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ" भनी आयोगलाई थप अधिकार प्रदान गरेको छ।

आयोगलाई संविधानले प्रदान गरेको कार्य पूरा गर्न विगत ५ वर्षदेखि सङ्घ, प्रदेश र स्थानीय तहमा सरकारी कामकाजको भाषाका सम्बन्धमा भाषिक समुदाय, भाषावैज्ञानिक एवम् सम्बद्ध सरोकारवालाहरूसितको सघन परामर्श, देशव्यापी अन्तरक्रिया र राष्ट्रिय अन्तर्राष्ट्रिय अभ्यास एवम् अध्ययन, अनुसन्धानका आधारमा संविधानको धारा २८७ को उपधारा (६) को खण्ड (क) एवम् धारा ७ को उपधारा (३) बमोजिम सरकारी कामकाजको भाषाका सम्बन्धमा नेपाल सरकारसमक्ष आयोगले सिफारिसहरू पेस गरेको छ।

११.२ सरकारी कामकाजको भाषाका आधारहरूको निर्धारण

नेपालको संविधानको धारा २८७ को उपधारा (६) मा भाषा आयोगको काम, कर्तव्य र अधिकारअन्तर्गत खण्ड (क) मा "सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गरी नेपाल सरकारसमक्ष भाषाको सिफारिस गर्ने" कुरा उल्लेख भएको र सोही धाराको उपधारा (७) मा "भाषा आयोगले उपधारा (६) को खण्ड (क) बमोजिमको कार्य आयोग गठन भएको मितिले पाँच वर्षभित्र सम्पन्न गर्नेछ" भनी कार्यादेश दिइएको छ।

यसका साथै संविधानको धारा ७ मा भएको व्यवस्थाअनुसार सरकारी कामकाजको भाषाअन्तर्गत

उपधारा (१) मा "देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ" भन्ने कुरा उल्लेख भएको र सोही धाराको उपधारा (२) मा "नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ" भन्ने प्रावधान राखिएको छ र धारा ७ को उपधारा (३) मा "भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ" भनी आयोगको कार्यक्षेत्र तोकिएको छ।

सविधानको धारा ७ (१) ले " ... नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ" भनी नेपाली भाषालाई संवैधानिक मान्यता प्रदान गरिसकेको हुँदा नेपालको सरकारी कामकाजको भाषाका आधारहरूको निर्धारणका सम्बन्धमा आयोगले थप व्याख्या गरिरहनुपर्ने देखिएन। तर नेपालको संविधानको धारा ३२ (१) ले प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हकको प्रत्याभूति गरेको र धारा ५१ को (ग) (७) ले सामाजिक र सांस्कृतिक रूपान्तरणसम्बन्धी नीतिअन्तर्गत सङ्घ, प्रदेश र स्थानीय तहमा बहुभाषिक नीति अवलम्बन गर्ने कुरा सुनिश्चित गरेको सन्दर्भमा धारा ७ (१) मा उल्लेख भएको नेपालको सरकारी कामकाजको नेपाली भाषा र नेपालमा बोलिने अन्य राष्ट्रभाषाहरूलाई सङ्घ, प्रदेश र स्थानीय तहमा संविधानसम्मत स्थान प्रदान गरिनुपर्ने देखिन्छ।

११.३ प्रदेशको सरकारी कामकाजको भाषाका आधारहरूको निर्धारण

प्रदेशको सरकारी कामकाजको भाषाका सम्बन्धमा नेपालको संविधानको धारा ७ (२) बमोजिम प्रदेशले नेपाली भाषाका अतिरिक्त आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने गरी संविधानमा भएको व्यवस्थाको कार्यान्वयनका लागि सम्बन्धित प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गरी आयोगले नेपाल सरकारसमक्ष निम्नानुसार सिफारिस गरेको छः

११.३.१ अधिक जनसङ्ख्याको आधार

राष्ट्रिय जनगणनाको पछिल्लो आधिकारिक तथ्याङ्कलाई आधार मानी प्रदेशभित्र नेपाली भाषाबाहेक बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषामध्ये नेपाल उत्पत्तिका अधिक जनसङ्ख्याको शीर्ष क्रममा पर्ने भाषा प्रदेशको सरकारी कामकाजको भाषा हुनुपर्ने छ। अधिक जनसङ्ख्या भन्नाले प्रदेशमा बोलिने नेपाली भाषाबाहेकका अन्य राष्ट्रभाषामध्येबाट बढी वक्ता सङ्ख्या भएका भाषाहरू भन्ने बुझिन्छ।

११.३.२ स्तरगत भाषा योजनाको सैद्धान्तिक आधार

प्रदेशभित्र सरकारी कामकाजको भाषा योजना तयार गर्दा छनोट, स्तरीकरण, कार्यान्वयन र

कार्यविस्तारको प्रक्रिया अवलम्बन गरेको भाषा हुनुपर्ने छ। प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी भाषाको पहिचान एवम् छनोट गरी स्वरूप र कार्यका दृष्टिले ती भाषाका शब्द, वाक्य र उच्चारणका तहमा भेदहरूको समेत निर्धारण गर्ने प्रक्रियामा भाषा योजना अन्तर्निहित रहेको हुनुपर्ने छ। छनोट भएको भाषाको कार्यान्वयनका लागि प्रदेशभित्र चरणबद्ध रूपमा सरकारी कामकाजमा प्रयोग विस्तार गर्दै जानुपर्ने हुन्छ।

११.३.३ लेखन प्रणालीको आधार

लेखन प्रणाली विकास भएको र शब्दकोश एवम् व्याकरण प्रकाशित भई पठनसामग्री उपलब्ध भएको भाषा हुनुपर्ने छ। सम्बन्धित भाषाको साहित्य सिर्जना, अभिव्यक्ति, सञ्चार सम्प्रेषण तथा अभिलेखीकरणमा लेख्य परम्पराको विस्तार भएको हुनुपर्ने छ।

११.३.४ अभिलेखनको आधार

प्रदेशभित्र सरकारी कामकाजको अभिलेख राख्न र सूचना सम्प्रेषणको काममा प्रयोग गर्न सकिने भाषा हुनुपर्ने छ।

११.३.५ आधारभूत सेवामा प्रयोगको आधार

प्रदेशभित्र शिक्षा, स्वास्थ्य, सुरक्षा, संस्कृति, कानुन निर्माण, अड्डा अदालत, जनप्रशासन, जनजीविका, प्रविधि, कृषि, वातावरण, वित्तीय कारोबार, विपद् व्यवस्थापन, नागरिक सचेतनाजस्ता आधारभूत सेवा, सम्प्रेषण र कामकाजमा प्रयोग भइरहेको भाषा हुनुपर्ने छ।

११.३.६ शिक्षाको माध्यम भाषाको आधार

प्रदेशभित्र विद्यालय, विश्वविद्यालय एवम् शिक्षण संस्थाहरूमा शिक्षाको माध्यमका रूपमा प्रयोग भइरहेको भाषा हुनुपर्ने छ।

११.३.७ वक्ताहरूको सघनता र विस्तारको आधार

प्रदेशभित्र भाषाका वक्ताहरूको सघनता र फैलावट भएको भाषा हुनुपर्ने छ। सघनता भन्नाले कुनै निश्चित स्थानमा कुनै एक भाषिक समुदायका वक्ताहरूको बाक्लो बसोबासलाई जनाउँछ भने विस्तार भन्नाले एकभन्दा बढी स्थानमा कुनै एक भाषिक समुदायका वक्ताहरूको भौगोलिक फैलावट भएको भाषा भन्ने बुझाउँछ।

११.३.८ भाषाको जीवन्तताको आधार

प्रदेशभित्र भाषाका वक्ताहरूको पुरानो पुस्ताबाट नयाँ पुस्तामा भाषा सर्दै गएको हुनुपर्ने छ। सम्बन्धित भाषाहरू भाषिक समुदायमा मौखिक एवम् लेख्य परम्परामा जीवित रहेको हुनुपर्ने छ।

११.३.९ सञ्चारमा प्रयोगको आधार

प्रदेशभित्र विद्युतीय एवम् मुद्रण माध्यमबाट सञ्चारमा प्रयोग भइरहेको भाषा हुनुपर्ने छ।

११.३.१० प्रविधिउन्मुख भाषाको आधार

प्रदेशभित्र प्रविधिमा प्रयोग भइरहेको भाषा हुनुपर्ने छ। अन्तरभाषा अनुवाद प्रणाली विकासका लागि समेत सम्बन्धित भाषा प्रविधिउन्मुख भएको हुनुपर्ने छ।

११.३.११ भाषाका वक्ता र भाषिक समुदायको आधार

प्रदेशमा सरकारी कामकाजको भाषाका आधारहरू निर्धारण गर्दा सम्बन्धित भाषाका वक्ता र भाषिक समुदायको प्रतिबद्धता, सहभागिता र क्रियाशीलतालाई अन्योन्याश्रित आधारका रूपमा लिनुपर्ने हुन्छ।

११.४ प्रदेशको सरकारी कामकाजको भाषाको कार्यान्वयन

प्रदेशमा सरकारी कामकाजको भाषा कार्यान्वयनका निम्ति निम्नानुसारको प्रक्रिया आवश्यक छ -

११.४.१ कानुन निर्माण

सम्बन्धित प्रदेशले नेपालको संविधानको धारा ७ को उपधारा (२) बमोजिम कानुन निर्माण गरी सरकारी कामकाजको भाषाको कार्यान्वयन गर्नुपर्ने हुन्छ। नेपाली भाषाका अतिरिक्त प्रदेशले निर्धारण गरेको सरकारी कामकाजको भाषा प्रदेश र सोको क्षेत्रभित्रका स्थानीय तहमा समेत सरकारी कामकाजको भाषाको रूपमा मान्यताप्राप्त भाषा हुनेछ।

११.४.२ भाषाको पूर्ण वा निश्चित कार्य र क्षेत्रमा प्रयोग

आयोगले माथि सिफारिस गरेका आधारहरूलाई सन्दर्भमा लिई सरकारी कामकाजको पूर्ण प्रयोगको भाषा वा निश्चित कार्य र क्षेत्रका लागि मान्यता प्राप्त भाषाका रूपमा निर्धारण गर्नुपर्ने हुन्छ। सरकारी कामकाजको पूर्ण प्रयोगको भाषाको मान्यता पाउन व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकासित सम्बन्धित सबै कार्यहरू चरणबद्ध रूपमा सोही भाषामा सञ्चालन र सम्प्रेषण गर्नुपर्ने हुन्छ। निश्चित कार्य र क्षेत्रका लागि सरकारी कामकाजको भाषाका रूपमा मान्यताप्राप्त भाषा कानुनबमोजिम तोकिएको क्षेत्र र कार्यका लागि निर्धारण गर्नुपर्ने हुन्छ।

११.४.३ भाषाको चरणबद्ध विकास

प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन उपर्युक्त सबै आधारहरू एकसाथ पूरा नभएको स्थितिमा अधिक जनसङ्ख्याको आधारलाई अनिवार्य मानी अन्य आधारहरू पूरा गर्न स्तरगत भाषा योजनाको सैद्धान्तिक आधारलाई अवलम्बन गर्नुपर्ने हुन्छ। तोकिएका आधारहरू पूरा गर्दै जाँदा सरकारी कामकाजको भाषाका कार्यहरूको पनि विस्तार हुँदै जाने हुन्छ।

११.४.४ संस्थागत संरचना निर्माण तथा स्रोत, साधन र जनशक्ति

प्रदेशमा संस्थागत संरचना तयार गरी भाषाको योजना निर्माण र जनशक्ति विकासका लागि कार्य गर्नुपर्ने हुन्छ। संस्थागत संरचना, स्रोत, साधन र जनशक्तिको समुचित व्यवस्था नभई प्रदेशको सरकारी कामकाजको भाषा कार्यान्वयनमा आउने स्थिति रहँदैन। प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्दा प्रदेशबाट सम्बन्धित भाषाका लागि जनशक्तिको विकास र लगानीको प्रतिबद्धतासमेत आउनुपर्ने हुन्छ।

११.४.५ पुनरावलोकन तथा संशोधन

वि.सं. २०६८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्कका आधारमा आयोगले आफूले प्राप्त गरेको संविधानको धारा २८७ (६) को खण्ड (क) एवम् धारा ७ (३) बमोजिमको कार्यदिशको कार्यान्वयन गरेको छ। धारा ७ को उपधारा (२) मा "नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ" भनी गरिएको व्यवस्थाअनुसार प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्ने प्रयोजनका लागि निकट भविष्यमा प्राप्त हुने वि.सं. २०७८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्कका आधारमा सिफारिसहरूको पुनरावलोकन र संशोधन हुन सक्नेछ।

११.४.६ प्रदेशमा विशेष व्यवस्था

प्रदेशको सरकारी कामकाजको भाषाका अतिरिक्त प्रदेशभित्र बोलिने राष्ट्रभाषाहरूमध्ये प्रदेशको भूगोल, इतिहास र संस्कृतिको मौलिक पहिचान बोकेको भाषाको सम्मान, संरक्षण र विकासका लागि प्रदेशको भाषिक सम्पदाका रूपमा प्रदेश कानुनबमोजिम कुनै भाषालाई विशिष्ट पहिचान दिन सकिने छ।

११.५ स्थानीय तहको सरकारी कामकाजको भाषाका आधारहरूको निर्धारण

संविधानको धारा २८७ (६) को खण्ड (क) एवम् धारा ७ (३) बमोजिमको कार्यदिशको आधारमा स्थानीय तहमा सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गरी आयोगले नेपाल सरकारसमक्ष निम्नलिखित सिफारिसहरू गरेको छः

११.५.१ अधिक जनसङ्ख्याको आधार

राष्ट्रिय जनगणनाको पछिल्लो आधिकारिक तथ्याङ्कलाई आधार मानी नेपालको सरकारी कामकाजको भाषा एवम् सम्बन्धित प्रदेशले निर्धारण गरेको सरकारी कामकाजको भाषाका अतिरिक्त स्थानीय तहभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषामध्ये नेपाल उत्पत्तिको अधिक जनसङ्ख्याको शीर्ष क्रममा पर्ने भाषासमेत स्थानीय तहको सरकारी कामकाजको भाषा हुन सक्नेछ। अधिक जनसङ्ख्या भन्नाले स्थानीय तहभित्र बोलिने नेपाली भाषा र प्रदेशले निर्धारण

गरेको सरकारी कामकाजको भाषाबाहेकका अन्य राष्ट्रभाषामध्येबाट बढी वक्ता सङ्ख्या भएका भाषाहरू भन्ने बुझिन्छ।

११.५.२ स्तरगत भाषा योजनाको सैद्धान्तिक आधार

स्थानीय तहभित्र भाषा-योजना तयार गर्दा छनोट, स्तरीकरण, कार्यान्वयन र कार्य विस्तारको प्रक्रिया अवलम्बन गरेको भाषा हुनुपर्ने छ। स्थानीय तहको क्षेत्रभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी भाषाको पहिचान एवम् छनोट गरी स्वरूप र कार्यका दृष्टिले ती भाषाका शब्द, वाक्य र उच्चारणका तहमा भेदहरूको समेत निर्धारण गर्ने प्रक्रियामा भाषा योजना अन्तर्निहित रहेको हुनुपर्ने छ। छनोट भएको भाषाको कार्यान्वयनका लागि स्थानीय तहभित्र चरणबद्ध रूपमा सरकारी कामकाजमा प्रयोग विस्तार गर्दै जानुपर्ने हुन्छ।

११.५.३ लेखन प्रणालीको आधार

लेखन प्रणाली विकास भएको र शब्दकोश एवम् व्याकरण प्रकाशित भई पठनसामग्री उपलब्ध भएको भाषा हुनुपर्ने छ। सम्बन्धित भाषाको साहित्य सिर्जना, अभिव्यक्ति, सञ्चार सम्प्रेषण तथा अभिलेखीकरणमा लेखन प्रणाली विकास भएको हुनुपर्ने छ।

११.५.४ अभिलेखनको आधार

स्थानीय तहभित्र सरकारी कामकाजको अभिलेख राख्न र सूचना सम्प्रेषणको काममा प्रयोग गर्न सकिने भाषा हुनुपर्ने छ।

११.५.५ आधारभूत सेवामा प्रयोगको आधार

स्थानीय तहभित्र शिक्षा, स्वास्थ्य, सुरक्षा, संस्कृति, कानुन निर्माण, अड्डा अदालत, जनप्रशासन, जनजीविका, प्रविधि, कृषि, वातावरण, वित्तीय कारोबार, विपद् व्यवस्थापन, नागरिक सचेतनाजस्ता आधारभूत सेवा, सम्प्रेषण र कामकाजमा प्रयोग भइरहेको भाषा हुनुपर्ने छ।

११.५.६ शिक्षाको माध्यम भाषाको आधार

स्थानीय तहभित्र विद्यालय एवम् शिक्षण संस्थाहरूमा शिक्षाको माध्यमका रूपमा प्रयोग भइरहेको भाषा हुनुपर्ने छ।

११.५.७ वक्ताहरूको सघनता र विस्तारको आधार

स्थानीय तहभित्र भाषाका वक्ताहरूको सघनता र फैलावट भएको भाषा हुनुपर्ने छ। सघनता भन्नाले कुनै निश्चित स्थानमा कुनै एक भाषिक समुदायका वक्ताहरूको बाक्लो बसोबासलाई जनाउँछ भने विस्तार भन्नाले एकभन्दा बढी स्थानमा कुनै एक भाषिक समुदायका वक्ताहरूको भौगोलिक फैलावट भएको भाषा भन्ने बुझाउँछ।

११.५.८ भाषाको जीवन्तताको आधार

स्थानीय तहभित्र भाषाका वक्ताहरूको पुरानो पुस्ताबाट नयाँ पुस्तामा भाषा सर्दै गएको हुनुपर्ने छ। सम्बन्धित भाषा भाषिक समुदायमा मौखिक एवं लेख्य परम्परामा जीवित रहेको हुनुपर्ने छ।

११.५.९ सञ्चारमा प्रयोगको आधार

स्थानीय तहभित्र विद्युतीय एवम् मुद्रण माध्यमबाट सञ्चारमा प्रयोग भइरहेको भाषा हुनुपर्ने छ।

११.५.१० प्रविधिउन्मुख भाषाको आधार

स्थानीय तहभित्र प्रविधिमा प्रयोग भइरहेको भाषा हुनुपर्ने छ। अन्तरभाषा अनुवाद प्रणाली विकासका लागि समेत सम्बन्धित भाषा प्रविधिउन्मुख भएको हुनुपर्ने छ।

११.५.११ भाषाका वक्ता र भाषिक समुदायको आधार

स्थानीय तहमा सरकारी कामकाजको भाषाका आधारहरू निर्धारण गर्दा सम्बन्धित भाषाका वक्ता र भाषिक समुदायको प्रतिबद्धता, सहभागिता र क्रियाशीलतालाई अन्योन्याश्रित आधारका रूपमा लिनुपर्ने हुन्छ।

११.६ स्थानीय तहमा सरकारी कामकाजको भाषाको कार्यान्वयन

स्थानीय तहमा सरकारी कामकाजको भाषा कार्यान्वयनका निम्ति निम्नानुसारको प्रक्रिया आवश्यक हुनेछः

११.६.१ कानुन निर्माण

स्थानीय तहले कानुन निर्माण गरी सरकारी कामकाजको भाषाका आधारहरूको निर्धारण र भाषाको कार्यान्वयन गर्नुपर्ने हुन्छ। स्थानीय तहमा नेपालको सरकारी कामकाजको भाषा एवम् सम्बन्धित प्रदेशले निर्धारण गरेको सरकारी कामकाजको भाषाका अतिरिक्त स्थानीय तहभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषामध्ये नेपाल उत्पत्तिको अधिक जनसङ्ख्याको शीर्ष क्रममा पर्ने भाषासमेत स्थानीय तहको सरकारी कामकाजको भाषा हुन सक्नेछ।

११.६.२ भाषाको पूर्ण वा निश्चित क्षेत्र र कार्यका लागि प्रयोग

आयोगले सिफारिस गरेका आधारहरूलाई सन्दर्भमा लिई स्थानीय तहको सरकारी कामकाजको पूर्ण प्रयोगको भाषाका रूपमा वा निश्चित क्षेत्र र कार्यका लागि प्रयोग हुने भाषाका रूपमा सरकारी कामकाजको भाषा निर्धारण गर्नुपर्ने हुन्छ। स्थानीय तहको सरकारी कामकाजको पूर्ण प्रयोगको भाषाका रूपमा मान्यता पाउन व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकासित सम्बन्धित सबै कार्यहरू चरणबद्ध रूपमा सोही भाषामा सञ्चालन र सम्प्रेषण गर्नुपर्ने हुन्छ। स्थानीय तहले कानुनबमोजिम सरकारी कामकाजको भाषा निर्धारण गर्नुपर्ने हुन्छ।

११.६.३ भाषाको चरणबद्ध विकास

स्थानीय तहको सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन आयोगले सिफारिस गरेका सबै आधारहरू एकसाथ पूरा हुने स्थिति नदेखिएमा अधिक जनसङ्ख्याको आधारलाई अनिवार्य मानी अन्य आधारहरू चरणबद्ध रूपमा पूरा गर्न स्तरगत भाषा योजनाको सैद्धान्तिक आधारलाई अवलम्बन गर्नुपर्ने हुन्छ।

११.६.४ पूर्वआधारको रूपमा मातृभाषामा शिक्षाको कार्यान्चयन

स्थानीय तहको सरकारी कामकाजको भाषाको पूर्वाधारका रूपमा मातृभाषामा शिक्षालाई अङ्गीकार गरी सरकारी कामकाजको भाषाको प्रयोग विस्तार हुन सक्ने देखिन्छ। स्थानीय तहको सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन तोकिएका आधारहरू एकसाथ पूरा गर्न नसकिने स्थितिमा मातृभाषामा शिक्षाको कार्यक्रम विस्तार गरी सरकारी कामकाजको भाषाको जग निर्माण गर्न सकिने हुन्छ। यसबाट चरणबद्ध रूपमा सरकारी कामकाजको भाषाको कार्य विस्तारसमेत हुने देखिन्छ।

११.६.५ संस्थागत संरचना निर्माण तथा स्रोत, साधन र जनशक्ति

स्थानीय तहमा संस्थागत संरचना तयार गरी भाषाहरूको छनोट, योजना निर्माण र विकासका लागि काम गर्न जरुरी देखिन्छ। संस्थागत संरचना निर्माण तथा स्रोत, साधन र जनशक्तिको समुचित व्यवस्था नभई स्थानीय तहको सरकारी कामकाजको भाषा कार्यान्वयनमा आउन सक्ने स्थिति रहँदैन। सरकारी कामकाजको भाषा निर्धारण गर्दा स्थानीय तहबाट सम्बन्धित भाषाको जनशक्ति विकास तथा लगानीको प्रतिबद्धता आउनु आवश्यक हुन्छ।

११.६.६ पुनरावलोकन तथा संशोधन

वि.सं. २०६८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्कका आधारमा आयोगले आफूले प्राप्त गरेको संविधानको धारा २८७ (६) को खण्ड (क) एवम् धारा ७ (३) को कार्यदिशलाई आधार मानी स्थानीय तहको सरकारी कामकाजको भाषाका आधारहरूको निर्धारण गरेको छ। वि.सं. २०६८ सालको राष्ट्रिय जनगणनाको निकट भविष्यमा प्राप्त हुने तथ्याङ्कका आधारमा सिफारिसहरूको पुनरावलोकन र संशोधन हुन सक्नेछ।

११.६.७ स्थानीय तहमा लोपोन्मुख भाषिक समुदायका लागि विशेष व्यवस्था

स्थानीय तहमा लोपोन्मुख अवस्थामा रहेका आदिवासी अल्पसङ्ख्यक भाषिक समुदायको सघन उपस्थिति रहेका क्षेत्रमा शिक्षा, स्वास्थ्य, सुरक्षा, संस्कृति, न्यायनिसाफ, जनजीविका, प्रविधि, कृषि, वातावरण, जनप्रशासन, वित्तीय कारोबार, विपद् व्यवस्थापन, नागरिक सचेतनालगायतका आधारभूत सेवा प्रवाह एवम् कामकाजको भाषाका रूपमा समुदाय विशेषमा केन्द्रित रही निश्चित क्षेत्र र कार्यका लागि लोपोन्मुख भाषा निर्धारण गर्न सकिने छ।

११.७ सरकारी कामकाजको भाषाको परिभाषा र चरणबद्ध कार्यान्वयन

सरकारी कामकाजको भाषा भन्नाले राज्यले कानुनी मान्यता प्रदान गरेको र स्तरगत योजना भएको भाषा सम्झिनुपर्ने हुन्छ। सरकारी कामकाजको भाषा पूर्ण प्रयोगको स्थितिमा निम्नलिखित तीनओटै क्षेत्रमा लागु गरिनुपर्ने हुन्छः

क) व्यवस्थापिकाको कामकारबाहीसित सम्बन्धित क्षेत्रमा।

ख) न्यायपालिकाको अदालती कामकारबाहीको क्षेत्रमा।

ग) कार्यपालिकाको प्रशासन सञ्चालन, अभिलेखन तथा सेवा सम्प्रेषणको क्षेत्रमा।

तर प्रदेश र स्थानीय तहमा सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन भाषाको छनोट, स्तरीकरण, कार्यान्वयन र प्रयोग विस्तारका सबै प्रक्रिया एकसाथ पूरा हुने स्थिति नरहेमा व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाको कामकारबाहीमा प्रयुक्त हुने भाषाको विकास र स्तरीकरणको अवस्था हेरी चरणबद्ध रूपमा सरकारी कामकाजको भाषा विस्तार गर्दै लैजाने नीति लिनुपर्ने हुन्छ। प्रारम्भिक चरणमा सरकारी कामकाजको भाषालाई निश्चित कार्य र क्षेत्रका लागि मान्यता प्रदान गर्न सकिने गरी व्यावहारिक समाधान खोज्न सकिने हुन्छ। उदाहरणका लागि पहिलो चरणमा सरकारी कामकाजको भाषाको निश्चित कार्यअन्तर्गत शिक्षाको माध्यम भाषाका रूपमा कार्यान्वयन गरी भाषा सबल हुँदै जाँदा क्रमशः भाषाको स्तरगत योजनाका आधारमा सरकारी कामकाजको कार्य र क्षेत्र पनि विस्तार गर्न सकिने हुन्छ।

११.८ सरकारी कामकाजको भाषा, बहुभाषिकता र अङ्ग्रेजी भाषा

संविधानको धारा ७ को उपधारा (१) मा "...नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ" भनी उल्लेख भएका आधारमा नेपाली भाषा सङ्घ, प्रदेश र स्थानीय तहमा सरकारी कामकाजका लागि कानुनी मान्यता प्रदान गरिएको नेपालभरि प्रयोग हुने भाषाका रूपमा मान्नुपर्ने हुन्छ। यसका साथै संविधानको धारा ५१ मा राज्यका नीतिहरूअन्तर्गत (ग) को (७) मा "बहुभाषिक नीति अवलम्बन गर्ने" भनी राज्यको निर्देशक सिद्धान्त निर्माण गरिएको देखिन्छ। यस सन्दर्भमा सङ्घ, प्रदेश र स्थानीय तहमा नेपाली भाषा एकल भाषाका रूपमा प्रयोग हुने अवस्था रहँदैन। नेपालका तीनओटै तहका व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाका कार्यमा अन्य राष्ट्रभाषाहरूको प्रयोगलाई संविधानको धारा ५१ ले आत्मसात् गरेको देखिन्छ।

साथै सङ्घका व्यवस्थापिका, न्यायपालिका र कार्यपालिका तथा प्रदेश एवम् स्थानीय तहका व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाका कामकारबाहीका लागि संविधानको धारा ३२ ले भाषा तथा संस्कृतिको हकअन्तर्गत उपधारा (१) मा "प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ" भनी भाषाको हक स्थापित गरेको अवस्था छ। यस अर्थमा संविधानको प्रावधानअनुसार व्यक्ति र समुदायको आफ्नो भाषा प्रयोगको अवसर सुनिश्चित गर्नु सङ्घ, प्रदेश र स्थानीय तहको कानुनी दायित्व रहने देखिन्छ। धारा ३२ (१) मा प्रयुक्त "आफ्नो भाषा" भन्नाले

व्यक्ति र समुदायको मातृभाषा सम्झिनुपर्ने हुन्छ। यस सन्दर्भमा व्यक्ति र समुदायलाई मातृभाषामा भाषानुवादको सुविधासमेत उपलब्ध हुनुपर्ने हुन्छ।

सरकारी कामकाजको भाषाका रूपमा दृष्टिविहीन तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिका लागि नेपाली साङ्केतिक भाषा र ब्रेल एवम् स्पर्श सङ्केतका भाषालाई सङ्घ, प्रदेश र स्थानीय तहमा भाषिक मान्यता प्रदान गरी संविधानको धारा ३२ (१) को प्रावधानबमोजिम भाषामा समावेशिता सुनिश्चित गर्नुपर्ने देखिन्छ।

नेपालका सन्दर्भमा सरकारी कामकाजको भाषाका रूपमा संविधानले नचिनाएको अङ्ग्रेजी भाषालाई समकक्षी भाषाका रूपमा प्रयोग गरिँदै आएको अवस्था छ। संविधानको धारा ७ (१) ले नेपालको सरकारी कामकाजको भाषाका रूपमा नेपाली भाषालाई चिनाएको देखिन्छ भने सोही धाराको उपधारा (२) ले प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण हुन सक्ने अवस्था रहेको छ तर संवैधानिक आधार नभएको अङ्ग्रेजी भाषाको सरकारी कामकाजमा प्रयोग विस्तार संविधानले अङ्गीकार गरेको सरकारी कामकाजको भाषाको प्रावधानअनुकूल भएको पाइँदैन। उदाहरणका लागि यातायातका सवारी साधनमा अङ्ग्रेजी भाषाको माध्यमबाट विद्युतीय सङ्केत सङ्ख्या (एम्बस्ड नम्बर प्लेट) को अनिवार्य व्यवस्था गर्ने, सरकारी कामकाजमा अङ्ग्रेजी भाषालाई समकक्षी भाषाका रूपमा ग्रहण गर्ने र आधारभूत शिक्षामा अङ्ग्रेजी माध्यमलाई प्राथमिकता दिनेजस्ता कार्यहरू संविधानसम्मत भएको मान्ने अवस्था देखिँदैन।

११.९ प्रदेशको सरकारी कामकाजको भाषा

संविधानको धारा ७ को उपधारा (२) मा "नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ" भनी उल्लेख भएको हुँदा केन्द्रीय तथ्याङ्क विभागको वि.सं. २०६८ को राष्ट्रिय जनगणनाअनुसारको भाषिक तथ्याङ्कका आधारमा प्रदेशभित्रको जनसङ्ख्याको १ प्रतिशतभन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरूको पहिचान गरी माथि सिफारिस गरिएका सरकारी कामकाजको भाषा निर्धारणका आधारहरूको सन्दर्भमा आयोगले प्रदेशगत भाषाहरूको विश्लेषण गरेको छ। संविधानको धारा ७ (२) ले प्रदेशको सरकारी कामकाजको भाषा निर्धारणका लागि भाषाका वक्ताहरूको सङ्ख्या अनिवार्य आधारका रूपमा अङ्गीकार गरेको हुँदा प्रदेशका भाषाहरूमध्ये प्रदेशको जनसङ्ख्याको १ प्रतिशतभन्दा बढी वक्ता सङ्ख्या भएको भाषालाई प्रदेशको सरकारी कामकाजको सम्भाव्य भाषाका परिधिभित्र समावेश गरिएको छ। आयोगले नेपाल सरकारसमक्ष नेपाली भाषाका अतिरिक्त प्रदेशको सरकारी कामकाजको भाषाको निम्नानुसार प्रदेशगत सिफारिस गरेको छः

११.९.१ प्रदेश नं. १ को सरकारी कामकाजको भाषा

प्रदेश नं. १ मा प्रदेशभित्रको कुल जनसङ्ख्या ४५,३४,९४३ को १ प्रतिशतभन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरूको अवस्था निम्नानुसार रहेको देखिन्छः

तालिका ११.१: प्रदेश नं. १ मा १ प्रतिशत भन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरू

क्र.स.	भाषा	वक्ता सङ्ख्या	प्रतिशत
१	नेपाली	१९,५३,३९६	४३.०७
२	मैथिली	५,०७,२७५	११.१९
३	लिम्बू	३,३१,६८५	७.३१
४	थारू	१,७७,७८९	३.९२
५	तामाङ	१,७७,६१३	३.९२
६	मगर	१,४६,२५२	३.२३
७	बान्तावा	१,३०,९५८	२.८९
८	उर्दू	१२५६२५	२.७७
९	राजवंशी	१,२१,२९१	२.६७
१०	राई	१,२०,७९१	२.६६
११	नेवार	७७,५५९	१.७१
१२	चाम्लिङ	७५,०६१	१.६६
१३	शेर्पा	६७,३०५	१.४८
१४	सन्थाली	४८,९२१	१.०८

माथि प्रस्तुत प्रदेश नं. १ को भाषिक तथ्याङ्कको विश्लेषण गर्दा प्रदेशगत जनसङ्ख्याको १ प्रतिशतभन्दा अधिक वक्ता सङ्ख्या भएका भाषाहरूको शीर्ष क्रमका आधारमा प्रदेशको सरकारी कामकाजको सम्भाव्य भाषाको सूचीमा नेपाली भाषाबाहेक १३ वटा भाषाहरू परेका छन्। आयोगले स्थापित गरेको प्रदेशगत सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू पूरा गर्ने अवस्थामा रहेका मैथिली र लिम्बू भाषालाई प्रदेशका सरकारी कामकाजका भाषाका रूपमा कार्यान्वयनमा ल्याउन सिफारिस गरिएको छ।

मैथिली र लिम्बू भाषा लेख्य परम्परा स्थापित भएका भाषा हुन्। प्रदेश स्तरमा मैथिली र लिम्बू भाषालाई सरकारी कामकाजका भाषाका रूपमा विकास गर्न ती भाषाको स्तरीकरण र प्रयोग विस्तारमा विशेष ध्यान जानुपर्ने देखिन्छ।

यसका साथै प्रदेशमा भाषाको स्तरगत योजना निर्माणको क्रममा रहेका थारू, तामाङ, मगर, बान्तावा, उर्दू, राजवंशी, राई, नेवार, चाम्लिङ, शेर्पा र सन्थाली भाषालाई सरकारी कामकाजका

भाषाका रूपमा कार्य विस्तार गर्न निश्चित कार्य र क्षेत्रका लागि सरकारी कामकाजको भाषाको मान्यता पाउने गरी सिफारिस गरिएको छ।

प्रदेश नं. १ का भाषाहरूको सन्दर्भमा १,२०,७९१ (२.६६%) वक्ता सङ्ख्या रहेको राई भाषाभित्र बान्तावालगायतका राई परिवारका भाषाहरू परेको अनुमान छ। राई आफैंमा अलगै भाषा नभएको यथार्थ हुँदाहुँदै प्राविधिक जटिलताका कारण राईभित्रका वक्ताहरूको भाषिक पहिचान गर्न सक्ने अवस्था रहेन। संविधानको धारा ७ (२) को परिधिभित्र रहेर प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्दा "बहुसङ्ख्यक जनताले बोल्ने" भाषा हुनुपर्ने भनी संवैधानिक रूपमा नै अनिवार्य आधार निर्धारण भएको र आयोगले भाषाको तथ्याङ्क आफैं मिलान गर्न सक्ने अवस्थासमेत नरहेको स्थितिमा वि.सं. २०७८ को राष्ट्रिय जनगणनाको कार्य प्रारम्भ भएको छ। शीघ्रातिशीघ्र वि.सं. २०७८ सालको राष्ट्रिय जनगणनाको आधिकारिक तथ्याङ्क प्राप्त गर्ने कार्यमा आयोग अग्रसर रहने छ र प्रदेश १ को भाषिक तथ्याङ्क स्पष्ट हुनेछ भन्ने अपेक्षा आयोगले गरेको छ।

११.९.२ प्रदेश नं. २ को सरकारी कामकाजको भाषा

प्रदेश नं. २ मा प्रदेशभित्रको कुल जनसङ्ख्या ५४,०४,१४५ को १ प्रतिशतभन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरूको अवस्था निम्नानुसार रहेको देखिन्छः

तालिका ११.२: प्रदेश नं. २ मा १ प्रतिशत भन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरू

क्र.स.	भाषा	वक्ता सङ्ख्या	प्रतिशत
१	मैथिली	२४,४७,९७८	४५.३०
२	भोजपुरी	१०,०३,८७३	१८.५८
३	बज्जिका	७,९१,६४२	१४.६५
४	नेपाली	३,६०,२७६	६.६७
५	उर्दू	३,१७,०६०	५.८७
६	थारू	२,०३,५७५	३.७७
७	तामाङ	१,०४,९८४	१.९४

माथि प्रस्तुत प्रदेश नं. २ को भाषिक तथ्याङ्कको विश्लेषण गर्दा प्रदेशगत जनसङ्ख्याको १ प्रतिशतभन्दा अधिक वक्ता सङ्ख्या भएका भाषाहरूको शीर्ष क्रमका आधारमा प्रदेशको सरकारी कामकाजको भाषाको सम्भाव्य सूचीमा नेपालीबाहेक ६ वटा भाषाहरू परेका छन्। आयोगले स्थापित गरेको प्रदेशगत सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू पूरा गर्ने अवस्थामा रहेका मैथिली, भोजपुरी र बज्जिका भाषालाई प्रदेशका सरकारी कामकाजका भाषाका रूपमा कार्यान्वयनमा ल्याउन सिफारिस गरिएको छ।

प्रदेशभित्र भाषाको सघनता र विस्तारका दृष्टिले मैथिली सरकारी कामकाजको भाषाका रूपमा पूर्ण

प्रयोगमा आउन सक्ने अवस्थामा रहेको देखिन्छ। मैथिली भाषाको लौकिक पक्ष एवम् शास्त्रीय पक्ष दुवैमा सन्तुलित अवधारणा निर्माण गर्दै भाषाको जीवन्तता सुनिश्चित हुने आधार तयार गर्नुपर्ने देखिन्छ।

भोजपुरी भाषा लोक साहित्यमा अत्यन्त सम्पन्न छ र यसको लेख्य परम्परा पनि विस्तारित हुँदै गएको देखिन्छ। बज्जिका भाषाको लौकिक पक्ष सबल रहेको भए तापनि लेख्य परम्परालाई सुदृढ र विस्तार गर्दै लैजानुपर्ने आवश्यकता छ।

यसका साथै प्रदेशमा भाषाको स्तरगत योजनाको निर्माणको क्रममा रहेका उर्दू, थारू र तामाङ भाषालाई सरकारी कामकाजका भाषाका रूपमा कार्य विस्तार गर्न निश्चित कार्य र क्षेत्रका लागि सरकारी कामकाजको भाषाको मान्यता पाउने गरी सिफारिस गरिएको छ।

११.९.३ बागमती प्रदेशको सरकारी कामकाजको भाषा

बागमती प्रदेशमा प्रदेशभित्रको कुल जनसङ्ख्या ५५,२९,४५२ को १ प्रतिशतभन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरूको अवस्था निम्नानुसार रहेको देखिन्छः

तालिका ११.३: बागमती प्रदेशमा १ प्रतिशत भन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरू

क्र.स.	भाषा	वक्ता सङ्ख्या	प्रतिशत
१	नेपाली	३१,७५,२४६	५७.४२
२	तामाङ	१०,१२,८६२	१८.३२
३	नेवार (नेपाल भाषा)	६,८०,०२७	१२.३०
४	मगर	१,००,७९६	१.८२
५	थारू	७४,२७९	१.३४
६	मैथिली	६७,१४२	१.२१

माथि प्रस्तुत बागमती प्रदेशको भाषिक तथ्याङ्कको विश्लेषण गर्दा प्रदेशगत जनसङ्ख्याको १ प्रतिशतभन्दा अधिक वक्ता सङ्ख्या भएका भाषाहरूको शीर्ष क्रमका आधारमा प्रदेशको सरकारी कामकाजको भाषाको सम्भाव्य सूचीमा नेपालीबाहेक ५ वटा भाषाहरू परेका छन्। आयोगले स्थापित गरेको प्रदेशगत सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू पूरा गर्ने अवस्थामा रहेका तामाङ भाषा र नेवार भाषा (नेपाल भाषा) लाई प्रदेशका सरकारी कामकाजका भाषाका रूपमा कार्यान्वयनमा ल्याउन सिफारिस गरिएको छ।

तामाङ भाषाका वक्ताहरूको प्रदेशभित्रको फैलावट सबल रहेको छ र यसको जीवन्तता पनि सशक्त देखिन्छ। यसबाट सरकारी कामकाजको भाषाका रूपमा प्रयोग विस्तार गर्न तामाङ भाषालाई बलियो आधार मिलेको छ। मौखिक परम्परामा सम्पन्न रहेको तामाङ भाषाको लेख्य परम्परालाई समुदायस्तरसम्म सुदृढ र विस्तारित गर्दै लैजानुपर्ने देखिन्छ।

भाषाका वक्ताहरूको सघनता र भाषाको विकासका दृष्टिले नेवार भाषा (नेपाल भाषा) सरकारी कामकाजको भाषाका रूपमा सबल देखिन्छ। विगतको लामो लेख्य परम्पराले नेवार भाषालाई महत्त्वपूर्ण आधार प्रदान गरेको छ। नेवार भाषाको जीवन्तता सुनिश्चित गर्न पुस्तान्तरणमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।

यसका साथै प्रदेशमा भाषाको स्तरगत योजनाको निर्माणका क्रममा रहेका मगर, थारू र मैथिली भाषालाई सरकारी कामकाजका भाषाका रूपमा कार्य विस्तार गर्न निश्चित कार्य र क्षेत्रका लागि सरकारी कामकाजको भाषाको मान्यता पाउने गरी सिफारिस गरिएको छ।

११.९.४ गण्डकी प्रदेशको सरकारी कामकाजको भाषा

गण्डकी प्रदेशमा प्रदेशभित्रको कुल जनसङ्ख्या २४,०३,७५७ को १ प्रतिशतभन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरूको अवस्था निम्नानुसार रहेको देखिन्छः

तालिका ११.४: गण्डकी प्रदेशमा १ प्रतिशत भन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरू

क्र.स.	भाषा	वक्ता सङ्ख्या	प्रतिशत
१	नेपाली	१८,५६,९६१	६७.८८
२	मगर	२,४६,९४३	९.०३
३	गुरुङ	२,१४,८४५	७.८५
४	भोजपुरी	१,९३,४८७	७.०७
५	थारू	६४,९६८	२.३८
६	नेवार	४३,११२	१.५८
७	तामाङ	३६,०६९	१.३२

माथि प्रस्तुत गण्डकी प्रदेशको भाषिक तथ्याङ्कको विश्लेषण गर्दा प्रदेशगत जनसङ्ख्याको १ प्रतिशतभन्दा अधिक वक्ता सङ्ख्या भएका भाषाहरूको शीर्ष क्रमका आधारमा प्रदेशको सरकारी कामकाजको भाषाको सम्भाव्य सूचीमा नेपाली भाषाबाहेक ६ वटा भाषाहरू परेका छन्। आयोगले स्थापित गरेको प्रदेशगत सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू पूरा गर्ने अवस्थामा रहेका मगर, गुरुङ र भोजपुरी भाषालाई प्रदेशका सरकारी कामकाजका भाषाका रूपमा कार्यान्वयनमा ल्याउन सिफारिस गरिएको छ।

प्रदेशभित्र मगर र गुरुङ भाषाको फैलावट बढी देखिन्छ। प्राप्त तथ्याङ्कबाट गुरुङ भाषा र भोजपुरी भाषाको वक्ता सङ्ख्या निकै नजिक रहेको देखिन्छ। थारू र भोजपुरी भाषाका वक्ताहरूको सघनता निश्चित क्षेत्रमा रहेको देखिन्छ। प्रदेशस्तरमा मगर, गुरुङ र भोजपुरी भाषालाई सरकारी कामकाजको भाषाका रूपमा विकास गर्न भाषाको स्तरीकरण र प्रयोग विस्तारलाई प्राथमिकता दिनुपर्ने देखिन्छ।

यसका साथै प्रदेशमा भाषाको स्तरगत योजनाको निर्माणको क्रममा रहेका थारू, नेवार (नेपाल भाषा) र तामाङ भाषालाई सरकारी कामकाजका भाषाका रूपमा कार्य विस्तार गर्न निश्चित कार्य र क्षेत्रका लागि सरकारी कामकाजको भाषाको मान्यता पाउने गरी सिफारिस गरिएको छ।

यसै क्रममा वि.सं. २०७८ को राष्ट्रिय जनगणनाको कार्य प्रारम्भ भएको छ। शीघ्रातिशीघ्र जनगणनाको आधिकारिक तथ्याङ्क प्राप्त गर्ने कार्यमा आयोग अग्रसर रहने छ। गण्डकी प्रदेशको भाषिक तथ्याङ्क स्पष्ट भए पछि आवश्यक देखिएको अवस्थामा सिफारिसमा पुनरावलोकन र संशोधन हुन सक्नेछ।

११.९.५ लुम्बिनी प्रदेशको सरकारी कामकाजको भाषा

लुम्बिनी प्रदेशमा प्रदेशभित्रको कुल जनसङ्ख्या ४४,९९,२७२ को १ प्रतिशतभन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरूको अवस्था निम्नानुसार रहेको देखिन्छः

तालिका ११.५: लुम्बिनी प्रदेशमा १ प्रतिशत भन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरू

क्र.स.	भाषा	वक्ता सङ्ख्या	प्रतिशत
१	नेपाली	२३,६४,५४६	५४.७०
२	थारू	५,६८,३५७	१३.१५
३	अवधी	४,९८,१८०	११.५२
४	भोजपुरी	३,२६,२६०	७.५५
५	उर्दू	२,२८,४१०	५.२८
६	मगर	१,९६,३३३	४.५४
७	मैथिली	४३,९२७	१.०२

माथि प्रस्तुत लुम्बिनी प्रदेशको भाषिक तथ्याङ्कको विश्लेषण गर्दा प्रदेशगत जनसङ्ख्याको १ प्रतिशतभन्दा अधिक वक्ता सङ्ख्या भएका भाषाहरूको शीर्ष क्रमका आधारमा प्रदेशको सरकारी कामकाजको भाषाको सम्भाव्य सूचीमा नेपालीबाहेकका ६ वटा भाषाहरू परेका छन्। आयोगले स्थापित गरेको प्रदेशगत सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू पूरा गर्ने अवस्थामा रहेका थारू र अवधी भाषालाई प्रदेशका सरकारी कामकाजका भाषाका रूपमा कार्यान्वयनमा ल्याउन सिफारिस गरिएको छ।

प्रदेशमा वक्ताहरूको सघनता र विस्तारका दृष्टिले थारू भाषा सबल देखिन्छ। प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा विकास गर्न थारू भाषाको स्तरीकरण र प्रयोग विस्तारलाई प्राथमिकता दिनुपर्ने हुन्छ। विगतको लामो लेख्य परम्परा र भाषाको विकासका दृष्टिले अवधी भाषा सबल देखिन्छ। निश्चित क्षेत्रमा अवधी र भोजपुरी भाषाका वक्ताहरूको सघन उपस्थिति रहेको छ। निश्चित क्षेत्रमा उर्दूभाषी वक्ताहरूको उपस्थिति पनि सघन देखिन्छ। मगर भाषाका वक्ताहरूको

सघनता र फैलावट प्रदेशको पहाडी भेगमा बढी देखिन्छ। मैथिलीभाषी वक्ताहरूको समेत प्रदेशमा उपस्थिति छ।

यसका साथै प्रदेशमा भाषाको स्तरगत योजनाको निर्माणका क्रममा रहेका भोजपुरी, उर्दू, मगर र मैथिलीलाई सरकारी कामकाजका भाषाका रूपमा कार्य विस्तार गर्न निश्चित कार्य र क्षेत्रका लागि सरकारी कामकाजको भाषाको मान्यता पाउने गरी सिफारिस गरिएको छ।

यसै क्रममा वि.सं. २०७८ को राष्ट्रिय जनगणनाको कार्य सुरु भएको छ। शीघ्रातिशीघ्र जनगणनाको आधिकारिक तथ्याङ्क प्राप्त गर्ने कार्यमा आयोग अग्रसर रहने छ। लुम्बिनी प्रदेशको भाषिक तथ्याङ्क स्पष्ट भएपछि आवश्यक देखिएको अवस्थामा सिफारिसमा पुनरावलोकन र संशोधन हुन सक्नेछ।

११.९.६ कर्णाली प्रदेशको सरकारी कामकाजको भाषा

कर्णाली प्रदेशमा प्रदेशभित्रको कुल जनसङ्ख्या १५,७०,४१८ को १ प्रतिशतभन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरूको अवस्था निम्नानुसार रहेको देखिन्छः

तालिका ११.६: कर्णाली प्रदेशमा १ प्रतिशत भन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरू

क्र.स.	भाषा	वक्ता सङ्ख्या	प्रतिशत
१	नेपाली	१३,४६,२०६	९५.१४
२	मगर	३२,०२९	२.२६

माथि प्रस्तुत कर्णाली प्रदेशको भाषिक तथ्याङ्कको विश्लेषण गर्दा प्रदेशगत जनसङ्ख्याको १ प्रतिशतभन्दा अधिक वक्ता सङ्ख्या भएका भाषाहरूको शीर्ष क्रमका आधारमा प्रदेशको सरकारी कामकाजको भाषाको सम्भाव्य सूचीमा नेपालीबाहेक एउटा भाषामात्र परेको छ। आयोगले स्थापित गरेको प्रदेशगत सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू पूरा गर्ने अवस्थामा रहेको मगर भाषा प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयनमा ल्याउन सिफारिस गरिएको छ। सरकारी कामकाजको भाषाका रूपमा पूर्णता प्राप्त गर्न मगर भाषाको स्तरीकरण र प्रयोग विस्तार हुनु जरुरी देखिन्छ।

प्रदेशले निर्धारण गरेको सरकारी कामकाजको भाषाका अतिरिक्त प्रदेशभित्र बोलिने राष्ट्रभाषाहरूमध्ये प्रदेशको भूगोल, इतिहास र संस्कृतिको मौलिक पहिचान बोकेको भाषाको सम्मान, संरक्षण र विकासका लागि प्रदेशको भाषिक सम्पदाका रूपमा प्रदेश कानुनबमोजिम प्रदेशले सम्बन्धित भाषालाई विशिष्ट पहिचान दिन सक्नेछ।

११.९.७ सुदूरपश्चिम प्रदेशको सरकारी कामकाजको भाषा

सुदूरपश्चिम प्रदेशमा प्रदेशभित्रको कुल जनसङ्ख्या २५,५२,५१७ को १ प्रतिशतभन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरूको अवस्था निम्नानुसार रहेको देखिन्छः

तालिका ११.७: सुदूरपश्चिम प्रदेशमा १ प्रतिशत भन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरू

क्र.स.	भाषा	वक्ता सङ्ख्या	प्रतिशत
१	डोट्याली	७७,७,२४७	३०.४५
२	नेपाली	७७,०३२२	३०.१८
3	थारू	४,३४,३०४	१७.०१
४	बैतडेली	२,७१,८३८	१०.६५
५	अछामी	१,४२,५१६	५.५८
६	बझाङी	६७,४४०	२.६४

माथि प्रस्तुत सुदूरपश्चिम प्रदेशको भाषिक तथ्याङ्कको विश्लेषण गर्दा प्रदेशगत जनसङ्ख्याको १ प्रतिशतभन्दा अधिक वक्ता सङ्ख्या भएका भाषाहरूको शीर्ष क्रमका आधारमा प्रदेशको सरकारी कामकाजको भाषाको सम्भाव्य सूचीमा नेपाली भाषाबाहेक ५ वटा भाषाहरू परेको भए तापनि आयोगले स्थापित गरेको प्रदेशगत सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू पूरा गर्ने अवस्थामा रहेका डोट्याली र थारू भाषालाई प्रदेशका सरकारी कामकाजका भाषाका रूपमा कार्यान्वयनमा ल्याउन सिफारिस गरिएको छ।

सरकारी कामकाजको भाषाका रूपमा पूर्णता प्राप्त गर्न डोट्याली र थारू भाषाले थप कार्य गर्नुपर्ने हुन्छ। भाषाको विस्तार र विकासका दृष्टिले डोट्याली भाषा तुलनात्मक रूपमा सबल देखिन्छ। थारू भाषाको प्रदेशगत भाषा योजना निर्माण भई भाषाको छनोट, स्तरीकरण, कार्यान्वयन र कार्यविस्तारका लागि थप कार्य गर्नुपर्ने देखिन्छ।

यसका साथै प्रदेशमा भाषाको स्तरगत योजनाको निर्माणका क्रममा रहेका बैतडेली, अछामी र बझाङी भाषालाई सरकारी कामकाजका भाषाका रूपमा कार्य विस्तार गर्न निश्चित कार्य र क्षेत्रका लागि सरकारी कामकाजको भाषाको मान्यता पाउने गरी सिफारिस गरिएको छ।

सुदूरपश्चिम प्रदेशको सरकारी कामकाजको भाषाका सम्बन्धमा संविधानको धारा ७ को उपधारा (२) बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्दा "बहुसङ्ख्यक जनताले बोल्ने" भाषा हुनुपर्ने भनी संवैधानिक रूपमा नै अनिवार्य आधार निर्धारण भएको छ।

आयोगलाई प्राप्त वि.सं. २०६८ को राष्ट्रिय जनगणनाको तथ्याङ्कमा सुदूरपश्चिम प्रदेशअन्तर्गत ४,३४,३०४ वक्ता सङ्ख्या भएको १७.०१ प्रतिशतले बोल्ने थारू भाषा रहेको देखिन्छ। थारू भाषाभित्र रानाथारू भाषाका वक्तासमेत समावेश भएको हुन सक्ने अवस्था भए पनि प्राविधिक कारणले थारू भाषाभित्रका रानाथारू भाषाका वक्ताहरूको सङ्ख्या आयोगले यकिन गर्न सक्ने स्थिति देखिएन।

यसै क्रममा वि.सं. २०७८ को राष्ट्रिय जनगणनाको कार्य सुरु भएको छ। शीघ्रातिशीघ्र जनगणनाको

आधिकारिक तथ्याङ्क प्राप्त गर्ने कार्यमा आयोग अग्रसर रहने छ। सुदूरपश्चिम प्रदेशको भाषिक तथ्याङ्क स्पष्ट भएपछि आवश्यक देखिएको अवस्थामा भाषाको सिफारिसमा पुनरावलोकन र संशोधन हुन सक्नेछ।

११.१० स्थानीय तहको सरकारी कामकाजको भाषा

संविधानको धारा ७ को उपधारा (१) ले नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने गरी निर्धारण गरेको छ भने सोही धाराको उपधारा (२) मा "नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ" भन्ने व्यवस्था गरेको छ। तर स्थानीय तहको भाषाका बारेमा संविधानमा स्पष्ट उल्लेख नभए पनि संविधानको धारा ७ को उपधारा (३) मा "भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ" भनी राखिएको प्रावधानको आशय स्थानीय तहको सरकारी कामकाजको भाषाका सम्बन्धमा संविधानले आयोगलाई सिफारिस गर्ने दायित्वसमेत दिएको अर्थमा आयोगले बुझेको छ।

संविधानको धारा ७ (१) बमोजिमको नेपालको सरकारी कामकाजको नेपाली भाषा र धारा ७ (२) को प्रावधानबमोजिम प्रदेश कानुनअनुसार प्रदेशले निर्धारण गरेको बहुसङ्ख्यक जनताले बोल्ने सरकारी कामकाजको भाषाका अतिरिक्त धारा ७ (३) को आधारमा स्थानीय तहभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी भाषालाई स्थानीय तहको सरकारी कामकाजको भाषाका रूपमा मान्यता दिने गरी आयोगले नेपाल सरकारसमक्ष निम्नानुसार सिफारिस गरेको छः

११.१०.१ बहुसङ्ख्यक जनताले बोल्ने स्थानीय तहको सरकारी कामकाजको भाषा

राष्ट्रिय जनगणनाको पछिल्लो आधिकारिक तथ्याङ्कलाई आधार मानी स्थानीय तहभित्र नेपालको सरकारी कामकाजको भाषा र प्रदेश कानुनबमोजिम निर्धारण भएको प्रदेशको सरकारी कामकाजको भाषाका अतिरिक्त बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई स्थानीय तहको कानुनबमोजिम स्थानीय तहको सरकारी कामकाजको भाषाका रूपमा निर्धारण गर्न सकिने हुन्छ।

११.१०.२ स्थानीय तहको सरकारी कामकाजको भाषाको मान्यता

स्थानीय तहमा नेपालको सरकारी कामकाजको नेपाली भाषा एवम् सम्बन्धित प्रदेशले निर्धारण गरेको सरकारी कामकाजको भाषाका अतिरिक्त स्थानीय तहभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषामध्ये अधिक जनसङ्ख्याको शीर्ष क्रममा पर्ने भाषासमेत स्थानीय तहको सरकारी कामकाजको भाषा हुन सक्नेछ। स्थानीय तहमा सरकारी कामकाजको भाषाको मान्यता पाउन आयोगले नेपालको संविधानको धारा २८७ (६) (क) तथा धारा ७ (३) बमोजिम

सिफारिस गरेका निर्धारणका आधारहरू पूरा भएको भाषालाई सम्बन्धित नगरपालिका वा गाउँपालिकाले स्थानीय तहको कानुनबमोजिम सरकारी कामकाजको भाषाको मान्यता प्रदान गर्न नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउनुपर्ने छ। यसरी सिफारिस गरिएको भाषालाई मान्यता प्रदान गर्न नेपाल सरकारले आधिकार प्रत्यायोजनसमेत गर्न सक्नेछ।

११.१०.३ स्थानीय तहमा चरणबद्ध रूपमा सरकारी कामकाजको भाषाको विस्तार

स्थानीय तहमा सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन भाषाको छनोट, स्तरीकरण, कार्यान्वयन र प्रयोग विस्तारका सबै प्रक्रिया एकसाथ पूरा हुने स्थिति नरहेको सन्दर्भमा स्थानीय तहका व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाका कामकारबाहीमा प्रयुक्त हुने भाषाको विकास र स्तरीकरणको अवस्था हेरी चरणबद्ध रूपमा सरकारी कामकाजको भाषा विस्तार गर्दै लैजाने नीति लिनु उचित हुने देखिन्छ।

११.१०.४ मौखिक परम्परामा आधारित भाषालाई सरकारी कामकाजको भाषाको मान्यता

मौखिक परम्परामा आधारित भाषालाई सरकारी कामकाजको भाषाको रूपमा मान्यता दिनुपर्ने अवस्थामा शिक्षा, संस्कृति, स्वास्थ्य, सुरक्षा, न्याय निसाफ, जनजीविका, प्रविधि, कृषि, वातावरण, जनप्रशासन, वित्तीय कारोबार, विपद् व्यवस्थापन, नागरिक सचेतनालगायतका आधारभूत सेवा प्रवाहका लागि सम्भव देखिएको क्षेत्रमा मौखिक एवम् लेख्य परम्पराको पूर्ण उपयोग गरी निश्चित कार्य र क्षेत्रका लागि सरकारी कामकाजको भाषा निर्धारण गर्न सकिने देखिन्छ।

११.१०.५ मातृभाषामा शिक्षा र सरकारी कामकाजको भाषा

नेपालको भाषिक अवस्थाको विश्लेषण गर्दा स्थानीय तहमा सरकारी कामकाजको भाषाको सम्पूर्ण रूपमा एकसाथ प्रयोग विस्तार सम्भव नहुने हुँदा भाषा आयोगले मातृभाषालाई स्थानीय तहको सरकारी कामकाजको भाषाको प्रवेशबिन्दु र भाषाको जीवन्तताका आधारका रूपमा लिएको छ। नगरपालिका, गाउँपालिकादेखि वडासम्म विद्यालय तहको प्रारम्भिक चरणको शिक्षा मातृभाषाका माध्यमबाट उपलब्ध गराउने व्यवस्था नभएसम्म स्थानीय तहमा सरकारी कामकाजको भाषाको जग निर्माण नहुने र कार्यान्वयनसमेत निष्प्रभावी हुने स्थिति रहेकाले संविधानको अनुसूची - ८ (८) को कार्यान्वयनसित जोडिएको मातृभाषाका माध्यमबाट दिइने शिक्षा र स्थानीय तहको सरकारी कामकाजको भाषाको अन्तरसम्बन्ध अन्योन्याश्रित देखिएको हुँदा संविधानको धारा ३१ (५) र अनुसूची - ८ (८) को कार्यान्वयनलाई स्थानीय तहमा सरकारी कामकाजको भाषाको पूर्वाधारका रूपमा कार्यान्वयन गर्न सम्बन्धित वडाको सिफारिसमा नगरपालिका, गाउँपालिकाको व्यवस्थापिकाबाट सरकारी कामकाजको भाषाका रूपमा मातृभाषामा शिक्षा उपलब्ध गराउने प्रयोजनका लागि भाषाको निर्धारण हुनुपर्ने देखिन्छ।

११.१०.६ नगरपालिका, गाउँपालिका र वडाकेन्द्रित भाषाको स्तरगत योजना

भाषा आयोगले स्थानीय तहको प्रत्यक्ष संलग्नतामा ३४० भन्दा बढी नगरपालिका र गाउँपालिकाहरू तथा ती पालिकाअन्तर्गतका प्रत्येक वडाको भाषिक तथ्याङ्क सङ्कलन गरी भाषाको विवरण तयार गरेको छ। वडाहरूको विवरणका आधारमा स्थानीय तहमा बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी मातृभाषालाई शिक्षाको माध्यम भाषाका रूपमा लागु गर्न तथा स्थानीय तहमा तोकिएको निश्चित कार्य र क्षेत्रका लागि सरकारी कामकाजको भाषा निर्धारण गर्न सकिने देखिन्छ। यसका आधारमा स्थानीय तहमा सरकारी कामकाजको भाषाको चरणबद्ध विस्तार गर्न र भाषाको स्तरगत योजनाका आधारमा सरकारी कामकाजको पूर्ण प्रयोगको भाषाका रूपमा विकास गर्न सकिने हुन्छ।

११.१०.७ लोपोन्मुख आदिवासी समुदायका लागि भाषाको विशेष व्यवस्था

स्थानीय तहमा लोपोन्मुख अवस्थामा रहेका आदिवासी अल्पसङ्ख्यक भाषिक समुदायको सघन उपस्थिति रहेका क्षेत्र वा समुदायमा शिक्षा, स्वास्थ्य, सुरक्षा, संस्कृति, न्यायनिसाफ, जनजीविका, प्रविधि, कृषि, वातावरण, जनप्रशासन, वित्तीय कारोबार, विपद् व्यवस्थापन, नागरिक सचेतनालगायतका आधारभूत सेवा प्रवाह गर्न र समुदायस्तरमा कामकाजको भाषाका रूपमा निश्चित कार्य र क्षेत्रका लागि लोपोन्मुख भाषा निर्धारण गरी स्थानीय तहले कानुनबमोजिम विशेष व्यवस्था गर्नुपर्ने हुन्छ।

११.११ आयोगको अपेक्षा

नेपालको संविधानको धारा २८७ बमोजिम २०७३ साल भाद्र २३ गते गठन भएको भाषा आयोगले सोही धाराको उपधारा (६) को खण्ड (क) तथा धारा ७ को (३) मा भएको व्यवस्थाअनुसार सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गरी नेपाल सरकारसमक्ष भाषाको सिफारिस गरेको छ। संविधानको धारा २८७ को उपधारा (७) मा उल्लेख भएअनुरूप आयोग गठन भएको मितिले पाँच वर्षभित्र उपर्युक्त कार्य सम्पन्न गरी सक्नुपर्ने अनिवार्य प्रावधान रहेको सन्दर्भमा विश्वव्यापी कोरोना महामारीको प्रकोपका बीच निकै प्रतिकूल परिस्थितिमा तोकिएको समय सीमाभित्रै रहेर नेपाल सरकारसमक्ष यो प्रतिवेदन पेस गरिएको हो।

संविधानको धारा ७ को उपधारा (२) मा "नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ" भन्ने प्रावधान रहेको हुँदा आयोगको सिफारिस बहुसङ्ख्यक जनताले बोल्ने भाषाको आधिकारिक तथ्याङ्कका आधारमा गरिनु अनिवार्य थियो। केन्द्रीय तथ्याङ्क विभागको संवत् २०६८ सालको जनगणनाको प्रतिवेदनलाई आधार मानी भाषाको सिफारिस गर्नेबाहेक आयोगसँग अन्य विकल्प नरहेको र संवत् २०७८ सालको जनगणनाको तथ्याङ्क सार्वजनिक हुन केही समय लाग्ने देखिएको हुँदा प्रदेशमा बहुसङ्ख्यक जनताले बोल्ने

भाषाको नयाँ तथ्याङ्कमा तात्त्विक अन्तर देखिएको अवस्थामा पुनरावलोकन एवम् संशोधन हुन सक्ने प्रावधानसहित आयोगले सिफारिस गरेको छ। केन्द्रीय तथ्याङ्क विभागसित सहकार्य गरी २०७८ सालको जनगणनाको भाषिक तथ्याङ्क शीघ्रातिशीघ्र प्राप्त गर्ने प्रयास आयोगले गर्ने नै छ।

संविधानको धारा ५१ को (ग) (७) को पालना हुने गरी सङ्घ, प्रदेश र स्थानीय तहले बहुभाषिक नीति अवलम्बन गर्नुपर्ने कुरातर्फ आयोगको सिफारिसले नेपाल सरकारको ध्यान आकृष्ट गराएको छ। व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाको कार्यप्रणालीमा नेपाली भाषाका अतिरिक्त संविधानको धारा ३२ (१) को भावना प्रतिबिम्बित हुने गरी व्यक्ति र समुदायको भाषिक अधिकार सुनिश्चित गर्न आयोगले नेपाल सरकारसमक्ष सिफारिस गरेको छ। यसका साथै सङ्घ, प्रदेश र स्थानीय तहमा नेपाली साङ्केतिक भाषा र ब्रेल लिपिको प्रयोग विस्तार गर्न समेत आयोगले सिफारिस गरेको छ।

संविधानको धारा ७ (२) बमोजिम प्रदेशमा नेपाली भाषाका साथै बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा मान्यता प्रदान गर्न सक्ने गरी सिफारिस गरेको छ। साथै प्रदेशको कुल जनसङ्ख्याको १ प्रतिशतभन्दा अधिक वक्ता सङ्ख्या भएका भाषाहरूलाई तोकिएको क्षेत्र र निश्चित कार्यका लागि सरकारी कामकाजको भाषाको मान्यता प्रदान गर्न समेत आयोगले सिफारिस गरेको छ।

प्रदेशले निर्धारण गरेको सरकारी कामकाजको भाषाका अतिरिक्त प्रदेशभित्र बोलिने राष्ट्रभाषाहरूमध्ये प्रदेशको भूगोल, इतिहास र संस्कृतिको मौलिक पहिचान बोकेको भाषाको सम्मान, संरक्षण र विकासका लागि प्रदेशको भाषिक सम्पदाका रूपमा प्रदेश कानुनबमोजिम प्रदेशले सम्बन्धित भाषालाई विशिष्ट पहिचान दिन सक्ने गरी सिफारिस गरिएको छ।

संविधानको धारा ७ को (३) मा भाषा आयोगको कार्यक्षेत्रसित सम्बन्धित विशेष व्यवस्थाको आधारमा आयोगले स्थानीय तहमा नेपाली भाषाका अतिरिक्त बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई कानुनबमोजिम सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने गरी सिफारिस गरेको छ। यसका साथै आयोगले संविधानको धारा ३१ (५) को कार्यान्वयनलाई सरकारी कामकाजको भाषाको पूर्वआधारको रूपमा स्थापित गरी मातृभाषाको माध्यमबाट शिक्षाको सुनिश्चितता गर्न वडालाई भाषाको प्रयोग, सम्प्रेषण एवम् मातृभाषाको माध्यमबाट सेवा प्रवाह गर्न सरकारी कामकाजको भाषाको प्रारम्भ बिन्दुका रूपमा परिभाषित गरेको छ। आदिवासी, लोपोन्मुख समुदायको भाषालाई संरक्षण प्रदान गर्न समुदायस्तरमा भाषिक आरक्षणको अवधरणा आयोगको सिफारिसमा समावेश गरिएको छ। नेपालमा बोलिने प्रत्येक भाषालाई सम्मानजनक स्थान प्रदान गरी भाषिक समुदायको मौलिक अधिकारको प्रत्याभूति हुने गरी नेपाल सरकारसमक्ष आयोगले सिफारिस गरेको छ।

भाषाका वक्ताहरूको सघन उपस्थिति रहेका नगरपालिका, गाउँपालिका, वडा एवम् समुदायहरूमा

भाषाको स्तरगत योजनाका आधारमा आआफ्ना भाषालाई सरकारी कामकाजका भाषाका रूपमा प्रयोग विस्तार गर्न सकिने देखिन्छ। चरणबद्ध रूपमा स्थानीय भाषामा आधारभूत सेवा प्रवाह गर्ने र विद्यालय तहको आधारभूत शिक्षा मातृभाषाका माध्यमबाट उपलब्ध हुने व्यवस्था गर्दा सरकारी कामकाजको भाषा विस्तारित र पूर्ण विकसित हुने देखिन्छ।

लोपोन्मुख अवस्थामा रहेका आदिवासी अल्पसङ्ख्यक भाषिक समुदायको सघन उपस्थिति रहेका क्षेत्रमा आधारभूत सेवा प्रवाह एवम् कामकाजको भाषाका रूपमा समुदायमा केन्द्रित रही निश्चित क्षेत्र र कार्यका लागि स्थानीय तहबाट लोपोन्मुख भाषाका रूपमा मान्यता प्रदान गर्न सिफारिस गरिएको छ।

आयोगका सिफारिसहरूको कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबाट कानुनी आधार प्रदान गरिनु नितान्त जरुरी छ। संस्थागत रूपमा भाषिक समुदायको क्षमता विकास गर्न र भाषाको सक्षमता निर्माण गर्न अल्पकालीन, मध्यकालीन एवम् दीर्घकालीन कार्ययोजना निर्माण गरिनु जरुरी छ। सरकारी कामकाजको भाषाका सम्बन्धमा भएका सिफारिसहरूको कार्यान्वयनको पूर्ण अपेक्षा आयोगले गरेको छ। संविधानको सम्मान हुने गरी सबै तह, निकाय र व्यक्तिबाट नेपालका भाषाहरूको उन्नयन, संरक्षण, संवर्धन र विकासका लागि निरन्तर योगदान भइरहने अपेक्षा आयोगको छ। अन्तमा भाषाको शक्तिलाई नेपालको रूपान्तरणको आधारका रूपमा अङ्गीकार गर्ने कार्यमा नेपाल सरकार, सम्बद्ध निकाय, भाषिक समुदाय र व्यक्तिको पूर्ण प्रतिबद्धता रहिरहनेछ भन्ने अपेक्षा आयोगले गरेको छ।

सन्दर्भ सूची

सन्दर्भ सामग्री : प्रदेश नं. १

(क) देवनागरीमा

नेपाल सरकार, (२०७२), **नेपालको संविधान**, काठमाडौं : कानून किताब व्यवस्था समिति।

भाषा आयोग (२०७४), **भाषा आयोगको वार्षिक प्रतिवेदन**, काठमाडौं : भाषा आयोग, नेपाल।

भाषा आयोग (२०७५क), **भाषा आयोगको वार्षिक प्रतिवेदन**, काठमाडौं : भाषा आयोग, नेपाल।

भाषा आयोग (२०७५ख), **प्रदेश तथा स्थानीय तहको भाषिक तथ्याङ्क (प्रदेश १)**, काठमाडौं : भाषा आयोग, नेपाल।

ढकाल, दुबिनन्द र कर्णाखर खतिवडा (२०७५), "सरकारी कामकाजमा मातृभाषाको प्रयोग", नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी काठमाडौंमा २०७५ फागुन ८ गते प्रस्तुत कार्यपत्र।

(ख) रोमनमा

Central Bureau of Statistics (2013A.D.), **National Population and Housing Census 2011**, Kathmandu: Central Bureau of Statistics.

Cooper, Robet L. (1989 A.D.), **Language Planning and Social Change**, Oxford: Oxford University Press.

Fishman, Joshua A. (1973), **Language and Nationalism**, Cambridge MA: Newbury House.

Regmi, Dan Raj (2018 A.D.), "Determining Official language in the Federal States in Nepal", **Nepalese Linguistics,** 33.1, 42-51.

Yadava, Yogendra P. (2014), "Language use in Nepal", **Population Monograph of Nepal**, Vol II., Kathmandu: CBS, 51-72.

सन्दर्भ सामग्री : प्रदेश नं. २

(क) देवनागरीमा

ठाकुर, गोपाल, गोपाल अस्क, दिनेश गुप्ता (सम्पा.) (इ. २०१७) **प्रज्ञा भोजपुरी-नेपाली-अङ्ग्रेजी शब्दकोश.** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

भाषा आयोग, (२०७७) भाषा आयोगको वार्षिक प्रतिवेदन (चौथो) काठमाडौं : लेखक।

भाषा आयोग, (२०७६), मातृभाषाहरूको शिक्षामा प्रयोगको सम्भाव्यता अध्ययन प्रतिवेदनहरूको सारांश, आ.व २०७३/७४-२०७४/७५, काठमाडौं : भाषा आयोग।

भाषा आयोग, (२०७६), भाषा आयोगको वार्षिक प्रतिवेदन तेस्रो, काठमाडौं : लेखक।

भाषा आयोग, (२०७५), प्रदेश तथा स्थानीय तहको भाषिक तथ्याङ्क २०७५, काठमाडौं : लेखक।

भाषा आयोग, (२०७५), भाषा आयोगको वार्षिक प्रतिवेदन दोस्रो, काठमाडौं : लेखक।

भाषा आयोग, (२०७४), भाषा आयोगको वार्षिक प्रतिवेदन पहिलो, काठमाडौं : लेखक।

नेपाल सरकार, (२०७२), नेपालको संविधान, काठमाडौं : कानुन किताब व्यवस्था समिति।

यादव, योगेन्द्रप्रसाद, (२०७३), **प्रज्ञा मैथिली-नेपाली-अङ्ग्रेजी शब्दकोश.** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

(ख) रोमनमा

Central Bureau of Statistics, (2014) *Population Monograph of Nepal, vol 2 (Social Demography),* Kathmandu: Central Bureau of statistics.

Kashyap, Abhishek Kumar. (2012) "The Pragmatics Principles of Agreement in Bajjika Verbs". Journal of Pragmatics. 44.13. 1868-1887.

Kashyap, Abhishek Kumar. (2014) "The Bajjika language and speech community". International Journal of the Sociology of Language. 227. 209-224.

Jha, S.K. (2001) *Maithili: Some Aspects of itsPphonetics and Phonology.* New Delhi: Motilal Banarsidass.

Thakur, Gopal. (2021) *A grammar of Bhojpuri.* Munchen: Lincom Europa.

Thakur, Indresh and Gopal Thakur. (2016) "A sociolinguistic survey of Magahi". LinSun Report. Kathmandu: Central Department of Linguistics.

Yadav, Ramawatar. (1979) Maithili phonetics and phonology. PhD diss, The University of Kansas, USA.

Yadav, Ramawatar. (1996) *A Reference Grammar of Maithili.* Berlin, New York and Amsterdam: Mounton de Gruyter.

Yadav, Surya Kumar. (2021) *A Sociolinguistic Study of Maithili.* Ph.D. dissertation, Tribhuvan University, Kathmandu.

Yadava, Yogendra P. (1999) *Readings on Maithili Language, Literature and Culture.* Kathmandu: Nepal Academy.

सन्दर्भ सामग्री : बागमती प्रदेश

(क) देवनागरीमा

कंसाकार, तेजरत्न, माधवप्रसाद पोखरेल र अमृत योन्जन तामाङ (२०७६), **नेपाल सरकार, भाषा आयोगसमक्ष प्रस्तुत प्रदेश नं. ३ मा कामकाजको भाषा निर्धारणका आधारसम्बन्धी प्रतिवेदन**, भाषा आयोग, नेपाल।

कंसाकार, तेजरत्न, माधवप्रसाद पोखरेल, चुन्दा बज्राचार्य र अमृत योन्जन तामाङ (२०७८), **बागमती प्रदेशमा कामकाजको भाषा निर्धारणका आधारसम्बन्धी प्रतिवेदन,** भाषा आयोग, नेपाल।

गुरुङ, मनबहादुर (२०६८), **गुरुङ (तमू) खे प्ह्री वर्णमाला,** पोखराः तमू (गुरुङ) भाषा-लिपि तथा संस्कृति विकास प्रतिष्ठान, नेपाल।

नेपाल सरकार (२०७२), **नेपालको संविधान,** काठमाडौंः कानून किताब व्यवस्था समिति।

नेपाल सरकार (२०७४), **भाषा आयोग ऐन, २०७४,** काठमाडौं : कानुन, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय।

बन्धु, चूडामणि, दानराज रेग्मी र प्रेम फ्याक (२०७४), "सरकारी कामकाजको भाषाका निर्धारणका आधारहरू", २०७४ साल आषाढ २८ गते भाषा आयोगद्वारा काठमाडौं आयोजित भाषा आयोगको संवैधानिक दायित्व र भावी मार्गचित्र विषयक सङ्गोष्ठीमा प्रस्तुत कार्यपत्र।

भट्टराई, गणेशप्रसाद (२०७५), "भाषा आयोग प्रादेशिक सङ्गोष्ठी २०७५: कार्यप्रक्रिया र कार्यान्वयनसम्बन्धी छलफल", २०७५ चैत्र १० गते बुधबार।

भाषा आयोग (२०७५), **प्रदेश तथा स्थानीय तहको भाषिक तथ्याङ्क २०७५,** काठमाडौं : भाषा आयोग।

भाषा आयोग (२०७४), **भाषा आयोगको वार्षिक प्रतिवेदन (पहिलो),** काठमाडौं : भाषा आयोग।

भाषा आयोग (२०७५), **भाषा आयोगको वार्षिक प्रतिवेदन (दोस्रो),** काठमाडौं : भाषा आयोग।

भाषा आयोग (२०७६), **भाषा आयोगको वार्षिक प्रतिवेदन (तेस्रो),** काठमाडौं : भाषा आयोग।

भाषा आयोग (२०७७), **भाषा आयोगको वार्षिक प्रतिवेदन (चौथो),** काठमाडौं : भाषा आयोग।

योञ्जन-तामाङ, अमृत (२०७४), "सरकारी कामकाजको भाषा निर्धारण", २०७४ साल श्रावण २७ गते आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा ललितपुरमा आयोजित नेपालको संविधानमा भाषिक नीति र अबको बाटो विषयक अन्तरक्रिया कार्यक्रममा प्रस्तुत कार्यपत्र।

योञ्जन-तामाङ, अमृत (२०७८), "बागमती प्रदेशमा सरकारी कामकाजको भाषा" भाषा आयोगमा बुझाइएको।

रेग्मी, दानराज (२०७८), "भाषा आयोगद्वारा बागमती प्रदेशमा आयोजित सरकारी कामकाजको

भाषा निर्धारणका आधार विषयक सङ्गोष्ठीको अन्तिम प्रतिवेदन", भाषा आयोग, शङ्खमूल।

(ख) रोमनमा

Central Bureau of Statistics (2012 A.D.), **National Population and Housing Census: National Report**. Kathmandu: Central Bureau of Statistics.

Lewis, M. Paul and Gary F. Simons (2010 A.D.), "Assessing Endangerment Expanding Fishman's GIDS". **Revue Roumaine de Linguistique**, 55-103-120.

Regmi, Dan Raj (2018 A.D.), "Determining Official language in the Federal States in Nepal", **Nepalese Linguistics,** 33.1, 42-51.

Regmi, Dan Raj (2021 A.D.), **A Sociolinguistic Survey of the Languages of Nepal: A Synopsis, Volume I: Tibeto-Burman Languages** (Including a sociolinguistic typology of the Tibeto-Burman languages spoken in Nepal). München: Lincom Europa.

Regmi, Dan Raj (2021 A.D.), **A Sociolinguistic Survey of the Languages of Nepal: A Synopsis, Volume II: Indo-Aryan, Dravidian and Austro-Asiatic Languages** (Including a sociolinguistic typology of the Tibeto-Burman languages spoken in Nepal). München: Lincom Europa.

सन्दर्भ सामग्री : गण्डकी प्रदेश

गुरुङ, मनबहादुर (२०६८), **गुरुङ (तमु) खे प्ह्री वर्णमाला,** पोखराः तमु (गुरुङ) भाषा-लिपि तथा संस्कृति विकास प्रतिष्ठान, नेपाल।

नेपाल सरकार (२०७२), **नेपालको संविधान,** काठमाडौंः कानून किताब व्यवस्था समिति।

नेपाल सरकार (२०७४), **भाषा आयोग ऐन, २०७४,** काठमाडौं : कानुन, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय।

बन्धु, चूडामणि, दानराज रेग्मी र प्रेम फ्याक (२०७४), "सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू", २०७४ साल आषाढ २८ गते भाषा आयोगद्वारा काठमाडौंमा आयोजित भाषा आयोगको संवैधानिक दायित्व र भावी मार्गचित्र विषयक सङ्गोष्ठीमा प्रस्तुत कार्यपत्र।

भट्टराई, गणेशप्रसाद (२०७५), "भाषा आयोग प्रादेशिक सङ्गोष्ठी २०७५ः कार्यप्रक्रिया र कार्यान्वयनसम्बन्धी छलफल", २०७५ चैत्र १० गते बुधबार।

भाषा आयोग (२०७५), **प्रदेश तथा स्थानीय तहको भाषिक तथ्याङ्क २०७५,** काठमाडौं : भाषा आयोग।

भाषा आयोग (२०७४), **भाषा आयोगको वार्षिक प्रतिवेदन (पहिलो),** काठमाडौं : भाषा आयोग।

भाषा आयोग (२०७५), **भाषा आयोगको वार्षिक प्रतिवेदन (दोस्रो),** काठमाडौं : भाषा आयोग।

भाषा आयोग (२०७६), **भाषा आयोगको वार्षिक प्रतिवेदन (तेस्रो),** काठमाडौं : भाषा आयोग।

भाषा आयोग (२०७७), **भाषा आयोगको वार्षिक प्रतिवेदन (चौथो),** काठमाडौं : भाषा आयोग।

योञ्जन-तामाङ, अमृत (२०७४), सरकारी कामकाजको भाषा निर्धारण, २०७४ साल श्रावण २७ गते आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा ललितपुरमा आयोजित नेपालको संविधानमा भाषिक नीति र अबको बाटो विषयक अन्तरक्रिया कार्यक्रममा प्रस्तुत कार्यपत्र।

रेग्मी, दानराज (२०७६), "गण्डकी प्रदेशको लमजुङमा आयोजित सरकारी कामकाजको भाषा निर्धारणका आधार विषयक सङ्गोष्ठीको प्रतिवेदन", भाषा आयोग, नेपाल।

रेग्मी, दानराज (२०७७), "गण्डकी प्रदेशको म्याग्दीमा आयोजित सरकारी कामकाजको भाषा निर्धारणका आधार विषयक सङ्गोष्ठीको प्रतिवेदन", भाषा आयोग, नेपाल।

रेग्मी, दानराज (२०७८), "भाषा आयोगद्वारा गण्डकी प्रदेशमा आयोजित सरकारी कामकाजको भाषा निर्धारणका आधार विषयक सङ्गोष्ठीहरूको संयुक्त प्रतिवेदन", भाषा आयोग, नेपाल।

सन्दर्भ सामग्री : लुम्बिनी प्रदेश

(क) देवनागरीमा

ढकाल, दुबिनन्द (२०७५), **बोटे भाषाको व्याकरण,** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

ढकाल, दुबिनन्द (२०७७), **राजी भाषाको व्याकरण,** काठमाडौं : भाषा आयोगमा प्रस्तुत अनुसन्धान प्रतिवेदन।

नेपाल सरकार (२०७२), **नेपालको संविधान**, काठमाडौं : कानून किताब व्यवस्था समिति।

पाठक, विश्वनाथ, विक्रममणि त्रिपाठी, राम फेरन वर्मा र भगवानलाल यादव (२०७०), **अवधी व्याकरण,** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

वज्राचार्य, हृदयरत्न, दुबिनन्द ढकाल र अशोक थारू (२०७७), "लुम्बिनी प्रदेशमा सरकारी कामकाजको भाषा निर्धारण विषयक प्रादेशिक सङ्गोष्ठीको प्रतिवेदन २०७७". भाषा आयोग, शङ्खमूल काठमाडौंमा प्रस्तुत प्रतिवेदन।

भाषा आयोग (२०७४), **भाषा आयोगको वार्षिक प्रतिवेदन २०७४**, काठमाडौं : भाषा आयोग।

भाषा आयोग (२०७५क), **भाषा आयोगको वार्षिक प्रतिवेदन २०७५,** काठमाडौं : भाषा आयोग।

भाषा आयोग (२०७५ख), **प्रदेश तथा स्थानीय तहको भाषिक तथ्याङ्क (प्रदेश ५)**, काठमाडौं : भाषा आयोग।

(ख) रोमनमा

Benedicter, Thomas (2013 A.D.). **Language Development and Planning in India. Minority Languages in India: An Appraisal of the Linguistic Minorities in India**, European Academy of Bolzano, ms. <http file:///C:/Users /ThinkPad /Downloads /2013% 20Minority% 20 Languages%20India%20(1).pdf>.

CBS. 2013. **National Population and Housing Census (2011 A.D.)**. Kathmandu: Central Bureau of Statistics.

Dhakal, Dubi Nanda (2019 A.D.), **A Raji-English Lexicon,** München: Lincom Europa.

Dhakal, Dubi Nanda (2020 A.D.), **Community-Based Dictionary of Bote**, Report Submitted to Society for Endangered Languages (GbS Gesellschaft für bedrohte Sprachen (Germany).

Gautam, Bhim Lal (2019 A.D.), **Kumal-Nepali-English Dictionary**, München: Lincom Europa.

Government of India. (1963 A.D.), **The official language act (India), 1963**.

Government of India. (1969 A.D.), **Assam Official language act (India), 1969**.

Grunow-Hårsta, Karen. (2008 A.D.), **A descriptive grammar of two Magar dialects of Nepal: Tanahun and Syngja Magar**. PhD dissertation, the University of Wisonsin-Milwauki.

Jayaram, B.D and K. S. Rajyashree (2000 A.D.), **State Official Language Policy Implementation.** Mysore: Central Institute of Indian Languages.

Kloss, Heinz (1966), "Types of Multilingual Communities: A Discussion of Ten Variables", **Sociological Inquiry,** 36, 135-145.

Kloss, Heinz (1968 A.D.), "Notes Concerning a Language-Nation Typology". **Language Problems in Developing Nations**. J. A. Fishman, C.A. Ferguson, and J. Das Gupta (eds.). New York:Willey, 69-85.

Noonan, Michael N. (2005 A.D.), "Language documentation and language endangerment in Nepal", ms.

Pandharipande, Rajeshwari V. (2003). "Minority Matters: Issues in Minority Languages in India". **International Journal on Multicultural Societies,** 4.2: 1-30.

Regmi, Dan Raj (2018 A.D.), "Determining Official language in the Federal States in Nepal", **Nepalese Linguistics,** 33.1, 42-51.

Watters, David E. (2002 A.D.), **A Grammar of Kham**, Cambridge: Cambridge University Press.

सन्दर्भ सामग्री : कर्णाली प्रदेश

अधिकारी, सूर्यमणि (२०६०), **बाइसे राज्यको इतिहास,** काठमाडौं : भुँडीपूराण प्रकाशन।

आचार्य, राजेन्द्रकुमार (२०६०), **केन्द्रीय नेपाली शब्दकोश** (२०६०), काठमाडौं : विवेक सिर्जनशील प्रकाशन।

खनाल, मोहनप्रसाद (२०६८), **नेपाली भाषाका हजार वर्ष,** काठमाडौः राइनो पब्लिकेसन प्रा.लि.।

गिरी, गोमा (२०५९), "नेपाली भाषा र राजी भाषाको तुलनात्मक अध्ययन", त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र।

गिरी, जीवेन्द्रदेव (२०४०), "पश्चिमी तराईका थारू उखानहरू", **रश्मि,** वर्ष २, अङ्क १, पूर्णाङ्क ४, पृ.३९-६५।

गिरी, जीवेन्द्रदेव (२०५१), "कर्णाली प्रदेशका लोकगीतमा यथार्थको खोज", **साहित्य सौगात,** चौथो साहित्यिक सँगालो, पृ.५५-७०।

गिरी, जीवेन्द्रदेव (२०५३), **भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण,** काठमाडौंः पार्वती गिरी।

गिरी, जीवेन्द्रदेव (२०५७), "राजी भाषाको खोज खबर", **मुक्तिमोर्चा,** वर्ष २७, अङ्क १६,पृ. ५८-६१।

गिरी, जीवेन्द्रदेव (२०६३), **भाषाविज्ञान, भाषा र भाषिका,** काठमाडौः एकता बुक्स।

गिरी, जीवेन्द्रदेव (२०६५), "सिम्तालीको भाषावैज्ञानिक अध्ययन", त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित विद्यावारिधि शोध-प्रबन्ध।

गिरी, जीवेन्द्रदेव (२०६७), **नेपाली लोक साहित्यमा जनजीवन,** काठमाडौं : एकता प्रकाशन।

गिरी, जीवेन्द्रदेव (२०७५), "मध्यपश्चिम क्षेत्रमा प्रचलित भाषा-भाषिकाको वर्तमान अवस्था र तिनको संरक्षण संवर्धनका उपायहरू", मध्यपश्चिमाञ्चल विश्वविद्यालयको मानविकी सङ्कायद्वारा सुर्खेतको वीरेन्द्रनगरमा आयोजित सङ्गोष्ठीमा प्रस्तुत कार्यपत्र।

गिरी, जीवेन्द्रदेव (२०७६), "कर्णाली वाङ्मय प्रतिष्ठानः आवश्यकता र सम्भावना", नेपाल प्रज्ञा प्रतिष्ठान र सुर्खेती कल्याण समाजको संयुक्त आयोजनामा सुर्खेतको वीरेन्द्रनगरमा आयोजित कर्णाली प्रदेश स्तरीय सङ्गोष्ठीमा प्रस्तुत कार्यपत्र।

गिरी, जीवेन्द्रदेव र अन्य (२०७६), "कर्णाली प्रदेशमा सरकारी कामकाजमा भाषा निर्धारणका आधार तयारी" विषयक जुम्लामा आयोजित सङ्गोष्ठीको भाषा आयोगमा प्रस्तुत प्रतिवेदन।

गिरी, जीवेन्द्रदेव र अन्य (२०७७), "कर्णाली प्रदेशमा सरकारी कामकाजको भाषा निर्धारण" विषयक सल्यानमा आयोजित सङ्गोष्ठीको भाषा आयोगमा प्रस्तुत प्रतिवेदन।

गिरी, जीवेन्द्रदेव र अन्य (२०७८), "कर्णाली प्रदेशमा सरकारी कामकाजको भाषा निर्धारणका आधार तयारी" विषयक भर्चुअल रूपमा आयोजित सङ्गोष्ठीको भाषा आयोगमा प्रस्तुत प्रतिवेदन।

चौधरी, महेश (२०५६), **थारू भाषक् लिरौसी व्याकरण,** दाङः ब्याकवार्ड सोसाइटी एजुकेसन (बेस)।

थापा मगर, लोकबहादुर (२०६४), **मगर ढुट भाषाको मानक लेखन,** काठमाडौं : आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान।

थापा मगर, लोकबहादुर (२०६८), **मगर भाषा ढुट व्याकरण,** काठमाडौः नेपाल प्रज्ञा-प्रतिष्ठान। ... . (२०६८), **मगर भाषा ढुट सिकौं** (२०६८), लेखक स्वयम्।

थापा मगर, लोकबहादुर (२०६८), **मगर भाषा ढुटको क्षेत्रीय भेद** (२०७०), ललितपुरः साझा प्रकाशन।

थापा, हिरासिंह र अन्य (२०६६), **मगर (ढूट)-खस-अङ्ग्रेजी शब्दकोश,** काठमाडौं : नेपाल मगर सङ्घ।

देवकोटा, रत्नाकर (२०२७), **जुम्लेली शब्द र उखान सङ्ग्रह,** जुम्लाः रत्नावती देवकोटा।

पाण्डे, गोविन्दप्रसाद (२०६०), **देउडा विगतदेखि वर्तमानसम्म,** जुम्लाः लेखक स्वयम्।

नेपाल 'यात्री', पूर्णप्रकाश (२०३९), "हालसम्म प्राप्त भएकामध्ये सर्वप्राचीन नेपाली अभिलेख", **पच्चिस वर्षका भाषिक चर्चा,** काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्र तिष्ठान।

नेपाल 'यात्री', पूर्णप्रकाश (२०४०), **राउटे लोकजीवन,** काठमाडौं : श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग।

नेपाल 'यात्री', पूर्णप्रकाश (२०४१), **भेरी लोकसाहित्य,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

नेपाल र एसियाली अनुसन्धान केन्द्र तथा सामाजिक समावेशीकरण कोष (२०६५), **राज्य पुनःसंरचनाको सन्दर्भमा नेपालको वर्तमान भाषिक स्थिति र समावेशी भाषानीति,** काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र तथा सामाजिक समावेशीकरण कोष।

नेपाल सरकार, (२०७२), **नेपालको संविधान,** काठमाडौं : कानून किताब व्यवस्था समिति।

पुन, जुक्तिप्रसाद (२०६१), **खाम मगर पाङ-नेपाली अङ्ग्रेजी शब्दकोष,** काठमाडौं : मगर अध्ययन केन्द्र।

पोखरेल, बालकृष्ण (२०२२), **राष्ट्रभाषा,** काठमाडौं : एडुकेसनल इन्टरप्राइजेज।

पोखरेल, बालकृष्ण (२०२०), **पाँच सय वर्ष,** काठमाडौं : जगदम्बा प्रकाशन।

प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, कर्णाली प्रदेश (?), **तथ्याङ्कमा कर्णाली प्रदेश, https://drive.google.com/file/d/१tpLtGYaKC६r_SBVIriZd६६I६२ Gm-ACFV/view**

बगाले मगर, मानबहादुर (२०६१), **मगर ढुट लवजखाट** (मगर भाषाको व्याकरण), सुर्खेतः लेखक आफैं।

बन्धु (उपाध्याय रेग्मी), चूडामणि (२०२५), **नेपाली भाषाको उत्पत्ति,** ललितपुरः जगदम्बा प्रकाशन।

बन्धु, चूडामणि (२०२८), **कर्णाली लोक संस्कृति** (खण्ड ४) भाषा, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

बन्धु, चूडामणि र अन्य (इ.सं.२०११), "ए स्टडी अफ राजी कल्चर एन्ड ल्याङ्ग्वेज", युनेस्कोका लागि राष्ट्रिय आयोग नेपालमा प्रस्तुत प्रतिवेदन।

भाषा आयोग (२०७५), **भाषा आयोगको वार्षिक प्रतिवेदन** (दोस्रो,२०७४ श्रावणदेखि २०७५ आषाढ मसान्तसम्म), काठमाडौं: भाषा आयोग, नेपाल।

भाषा आयोग (२०७५), **प्रदेश तथा स्थानीय तहको भाषिक तथ्याङ्क कर्णाली प्रदेश,** काठमाडौं: भाषा आयोग।

भाषा आयोग (२०७६), **भाषा आयोगको वार्षिक प्रतिवेदन** (दोस्रो), काठमाडौं : भाषा आयोग, नेपाल।

योगी, नरहरिनाथ, **इतिहास प्रकाश** (२०१३), काठमाडौं : इतिहास प्रकाश सङ्घ।

योन्जन तामाङ, अमृत (२०७४), "सम्भोटा लिपि", **नेपालमा प्रचलित प्रमुख लिपिहरू: स्थिति, समस्या र सम्भावनाहरू,** सम्पा. चूडामणि बन्धु, काठमाडौं : अक्षर सदन।

रेग्मी, भीमनारायण (२०६८), **नेपाली र मगर भाषा (ढुट) मा प्रेरणार्थक संरचना,** काठमाडौं : नेपाल मगर सङ्घ केन्द्रीय समिति।

लामा, कन्जोक (२०७०), **नेपाली-भोटलामा शब्दकोश** (२०७०), हुम्लाः जिल्ला शिक्षा कार्यालय।

लामा, कन्जोक (२०७१), **भोटलामा भाषा शब्द सङ्ग्रह,** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

लामिछाने, मनोहर (२०६५), **लोक साहित्य र संस्कृतिका केही पाटाहरू,** ललितपुरः साझा प्रकाशन।

शाही, कृष्णबहादुर (२०५७), **राउटे जाति एक छोटो चिनारी,** काठमाडौं : ग्रामीण उत्थान समाज नेपाल।

सर्वहारी, कृष्णराज (२०७३), **थारू साहित्यको इतिहास,** काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान।

... ... (२०७३), **प्रज्ञा जुम्ली-नेपाली शब्दकोश,** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

(ख) रोमनमा

Bandhu, Chura Mani, Jivendra Deo Giri, Karnakhar Khatiwada, Bhim Narayan Regmi; Jamuna Khatri, Ramesh Khatri, Padam Raji, Janga Bahadur Raji (2011 A.D.), **A Study of the Raji Language and Culture**, A report submitted to Nepal National Commission for UNESCO, Kathmandu Nepal.

Central Bureau of Statistics (2013 A.D.), **National Population and Housing Census 2011**. Kathmandu: Central Bureau of Statistics.

Mustafa, Delican (?). "The Language Policy of India" . https://dergipark.org.tr/tr/download /article-file/101067 (Accessed to August 30, 2021).

Regmi, Ambika (2013 A.D.), **A Grammar of Kaike**. Kathmandu: Central Bureau of Statistics.

Regmi, Dan Raj (2018 A.D.), "Determining Official language in the Federal States in Nepal", **Nepalese Linguistics,** 33.1, 42-51.

सन्दर्भ सामग्री : सुदूरपश्चिम प्रदेश

(क) देवनागरीमा

तामाङ, अमृत योञ्जन र प्रतिज्ञा रेग्मी (२०१७), **डोट्याली भाषाको आधारभूत व्याकरण,** कञ्चनपुरः महाकाली साहित्य सदन।

भाषा आयोग (२०७५), **प्रदेश तथा स्थानीय तहको भाषिक तथ्याङ्क, २०७५ (प्रदेश ७),** काठमाडौं : भाषा आयोग।

शर्मा, देवराज (२०१०), **डोट्याली भाषा विवेचना,** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

(ख) रोमनमा

Allen, N.J. (1975 A.D.), "Byansi Kinship Terminology: A study in symmetry", **Man**, 10.1, 80-94.

Bandhu, Chura Mani, Lekhnath Sharma Pathak and Tara Mani Rai (2012 A.D.), "A sociolinguistic Survey of Raute: a Tibeto-Burman Language". Linguistic Survey of Nepal Report. Kathamandu: Central Department of Linguistics.

Boehm, Edward Daniel (1998 A.D.), **A Phonological Reconstruction of Proto-Tharu**, The University of Texas at Arlington.

Boehm, Kelly K. (1997 A.D.), **Language use and maintenance among the Tharu of Indo-Nepal Tarai**, Arlington, Texas: The University of Texas, Master's thesis.

Bohora, Gopal, and Balaram Prasain (2008 A.D.), **Byansi (Rong) -Nepali -English Basic Dictionary**. Lalitpur: Gopal Singh Bohora.

Dhakal, Dubi Nanda (2015a A.D.), **Rana Tharu Grammar**, Kathmandu: Nepal Academy.

Dhakal, Dubi Nanda. (2015b A.D.), **Analyzed texts in Rana Tharu (with a grammatical sketch),** unchen:Lincom Europa.

Dhakal, Dubi Nanda (2015c A.D.), **Rana Tharu-English-Nepali Basic Dictionary**, Munchen: Lincom Europa.

Eichentopf, S. (2019 A.D.), **A Sociolinguistic Study of Dotyali**, Kathmandu: Tribhuvan University and Summer Institute of Linguistics International.

Gautam, Bhim Lal, Yogendra P Yadava, Kishor Rai. (2005 A.D.), A Documentation of Byansi Language (Grammar and wordlist)", Report submitted to NFDIN.

Karki, Hari Singh. (2017 A.D.), A Sketch Grammar of Darchuleli, MA Thesis, Tribhuvan University:

Khadka, Bir Bahadur (2006a A.D.), **The documentation of the Boto Boli (Khamchi)**, Kathmandu: Central Department of Linguistics.

Khadka, Bir Bahadur (2006b A.D.), A Sketch Grammar of Boto Boli (Khamchi), MA Thesis, Tribhuvan University.

Khatiwada, Karnakhar and Balaram Prasain (2013 A.D.), A sociolinguistic survey of Raji, LinSuN Report.Kathamandu:Central Department of Linguistics, TU.

Thokar, Rajendra (2013 A.D.), A sociolinguistic Survey of Byansi (Rang), Linguistic Survey of Nepal Report, Kathmandu: Central Department of Linguistics.

Trivedi, G.M. (1991 A.D.), **Descriptive Grammar of Byansi: A Bhotiya language**, Calcutta: Anthropological survey of India.

सन्दर्भ सामग्री : समग्र

क) देवनागरीमा

नेपाल र एसियाली अनुसन्धान केन्द्र र सामाजिक समावेशीकरण अनुसन्धान कोष (२०६५), **राज्य पुनःसंरचनाको सन्दर्भमा नेपालको वर्तमान भाषिक स्थिति र समावेशी भाषानीति,** सेमिनार प्रतिवेदन, काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र र सामाजिक समावेशीकरण अनुसन्धान कोष।

भाषा आयोग (२०७५), **प्रदेश तथा स्थानीय तहको भाषिक तथ्याङ्क** (प्रदेश १ देखि प्रदेश ७ सम्म), काठमाडौं : भाषा आयोग।

नेपाल सरकार (२०७२), **नेपालको संविधान,** काठमाडौं : कानून किताब व्यवस्था समिति।

राष्ट्रिय भाषानीति सुझाव आयोग (२०५२), **राष्ट्रिय भाषानीति सुझाव आयोगको प्रतिवेदन,** काठमाडौं।

